# व्यवसाय करको दररेट

| | | |
|---|---|---|
| १ | मुख्य कारोबार बचत तथा ऋण गर्ने सहकारी संस्थाहरू (सम्पत्ति र दायित्वको आधारमा) | व्यवसाय करको दर रू. |
| क | पचहत्तर करोड भन्दा माथि | ५००००।- |
| ख | पचास करोडदेखि पचहत्तर करोडसम्म | २००००।- |
| ग | तीस करोडदेखि पचास करोडसम्म | १२०००।- |
| घ | दश करोडदेखि तीस करोडसम्म | ८०००।- |
| ङ | एक करोडदेखि दश करोडसम्म | ५,०००।- |
| च | एक करोडसम्म | १,०००।- |
| २ | मुख्य कारोबार बचत तथा ऋण नगर्ने सहकारी संस्थाहरू | २०००।- |
| ३ | सहकारी सेवा केन्द्र (मुख्य कार्यालय महानगर भन्दा बाहिर भएको ) | १००००।- |
| ४ | नेफ्स्कून सेवा केन्द्र | १५०००।- |
| ५ | जिल्ला सहकारी संघ लि. | १००००।- |
| ६ | चितवन जिल्ला वचत तथा ऋण सहकारी संघ लि. | ५०००।- |
| ७ | गैर वित्तीय विषयगत सहकारी संघहरु | ३०००।- |
| ८ | सहकारी बैंक शाखा कार्यालय | २००००।- |
| ९ | घरबहाल कर | १० प्रतिशत |

नोटः आर्थिक वर्ष २०७४/७५ देखिको मात्र कर लिने ।

यस "महानगर सहकारी गतिविधि" मा प्रकाशित लेखमा व्यक्त गरिएका विचार लेखकका स्वतन्त्र एवम् निजी हुन् । यसप्रति प्रकाशक जवाफदेही हुने छैन । साथै, प्रतिक्रिया तथा सुझावहरू cooperativebmc@gmail.com मा पठाउनुहुन अनुरोध छ ।

**भरतपुर महानगरपालिका**
फोनः ०५६२०१६७, ५२५७७१, (सहकारीः ५३२७२१), फ्याक्सः ०५६ ५२००१४
Email-: bmc@ntc.net.np
Website:www.bharatpurmun.gov.np

"मध्ये नेपालको सुन्दर शहर, संमृद्ध र सु-संस्कृत भरतपुर महानगर"

'दिगो विकास लक्ष्य प्राप्तिको लागि सहकारी'

# महानगर सहकारी गतिविधी




२०७६/०७७

अङ्क १

प्रकाशकः
भरतपुर महानगरपालिका
सहकारी तथा रोजगार प्रवर्द्धन शाखा
भरतपुर, चितवन

## भरतपुर महानगरपालिका, नगर कार्यपालिकाको कार्यालय, सहकारी तथा रोजगार प्रवर्द्धन शाखाको सहकारी संस्था, सर्वसाधारण नागरिक र सम्बन्धित सरोकारवालाहरूलाई अत्यन्त जरुरी सूचना

- २०७७ कार्तिक एक गतेबाट एउटै व्यक्ति उस्तै विषय मुख्य कारोवार भएको एक भन्दा धेरै सहकारी संस्थाको शेयर सदस्य बन्नु/बनाउनु गैर कानुनी हो। दोहोरो सदस्यता व्यवस्थापनको उत्तम विकल्प सहकारी संस्थाहरूको एकीकरण हो।
- सहकारी संस्थाको शेयर सदस्य नभईकन/नबनाईकनै कारोबारी सदस्य बनाई बचत तथा ऋणको कारोवार गर्नु/गराउनु गैर कानुनी र कानुनतः दण्डनीय हुन्छ।
- सहकारी संस्थासंग कारोवार गर्दा सो संस्थाले आफू बसोबास गर्ने क्षेत्रमा कारोवार गर्ने स्वीकृति पाएको छ वा छैन ? सञ्चालकहरु संस्थाको कार्यक्षेत्रभित्र बसोबास गर्ने स्थानीयवासी हुन् वा होईनन् ? राम्रो संग एकिन गरि आफ्नो ईच्छा अनुसार शेयर सदस्य भै शेयर सदस्यताको प्रमाणपत्र प्राप्त गरेपछि मात्र कारोवार गर्न सकिने। बचत जम्मा गरेपछि बचत जम्मा गरेको प्रमाण लिन तथा आफ्नो बचतको अभिलेख संस्थामा भए नभएको बारेमा सँधै चनाखो रहनु पर्दछ।
- सहकारी संस्थाले सदस्य सेवा केन्द्र वा बचत संकलन केन्द्र सञ्चालन गर्नुभन्दा पहिले भरतपुर महानगरपालिका वा सम्बन्धित निकायको स्वीकृति लिनुपर्ने कानुनी व्यवस्था भएकोले सम्बन्धित् संस्थालाई सहकारी तथा रोजगार प्रवर्द्धन शाखामा स्वागत छ। तर स्वीकृति नलिईकन संस्थाले सदस्य सेवा केन्द्र वा बचत संकलन केन्द्र सञ्चालन गरी बचत तथा ऋणको कारोवार गर्नु/गराउनु गैर कानुनी भएकोले कारोवार गर्ने स्वीकृति पाएको भएमात्र आफ्नो ईच्छा अनुसार शेयर सदस्य भै शेयर सदस्यताको प्रमाणपत्र प्राप्त गरेपछि कारोवार गर्न सकिन्छ।
- सहकारी संस्था संग कारोवार गर्नुभन्दा पहिले संस्थाको लोभलाग्दो एवं आकर्षक अफिस र मिठो बोली भएका कर्मचारी भन्दा संस्थाको आर्थिक अवस्था, सञ्चालकहरुको बिश्वसनीयता, इमान्दारिता, जवाफदेहीता तथा सामाजिक प्रतिष्ठालाई ख्याल गर्नुपर्दछ।
- सहकारी संस्था आफैमा एउटा व्यावसायिक ईकाई भएकाले यस्को नाफा-नोक्सान, आम्दानी-खर्च, सम्पत्ति-दायित्व जे जति हुन्छ त्यो सबै संस्थाकै हुन्छ। त्यसैले संस्थाको हरेक काम कारबाहीको दायित्व र जिम्मेवारी सम्बन्धित् संस्था, पदाधिकारी र सदस्यहरु कै हुन्छ, अरुको हुदैन।
- सहकारी संस्थाको सञ्चालन तथा नियन्त्रण लोकतान्त्रिक नियन्त्रण पद्दति अनुसार सदस्यहरूबाट नै हुने भएकाले संस्थाका हरेक क्रियाकलापमा सदस्यहरुको सक्रिय सहभागिता र नियन्त्रण हुनुपर्दछ। सदस्यले संस्थाको कारोबार र हिसाब किताबको नियमित जानकारी लिनु पर्दछ। शेयर सदस्य आफु निस्कृय रही एजेन्ट / प्रतिनिधिहरू मार्फत संस्थासंग कारोवार गर्नुहुदैन।
- सहकारी संस्थाले सम्पादन गरेको आर्थिक, सामाजिक तथा अन्य कार्यहरुको प्रगति तथा उपलब्धि बारे आफ्ना सदस्यहरु र सम्बन्धित सरोकारवालाहरूलाई सञ्चालकहरूले नियमित जानकारी दिने व्यवस्था मिलाउनु पर्दछ। सदस्यको बचत, शेयर तथा अन्य रकम सुरक्षितरूपमा लगानी गर्ने दायीत्व सञ्चालकहरूको हो।
- बचत तथा ऋणको मुख्य कारोबार गरेका बहुउद्देश्यीय तथा अन्य विषयगत सहकारी संस्थाहरूले बचत तथा ऋणको मुख्य कारोबार गर्न नपाउने र त्यस्ता विषयगत वा बहुउद्देश्यीय संस्थाले संघिय सहकारी ऐन प्रारम्भ हुनुअघि बचत तथा ऋणको मुख्य कारोबार गर्दै आएको भए तीन वर्षभित्रमा बचत तथा ऋणको मुख्य कारोबार नहुने गरी दर्ता हुँदाका बखतमा उल्लेख गरिएको मुख्य कारोबार गर्नुपर्ने व्यवस्था रहेको बेहोरा विदितै छ। कुनै सहकारी संस्थाले संघिय सहकारी ऐनको दफा २ को खण्ड (ज) मा दिइएको मुख्य कारोबारको परिभाषाअनुसार आर्थिक वर्ष २०७४/७५ को लेखापरीक्षण प्रतिवेदनका आधारमा उक्त आर्थिक वर्षसम्ममा परिचालित बचतको दायित्वको रकम र उक्त आर्थिक वर्षको सदस्यतर्फको खरिद वा बिक्री कारोबारको रकम जोडी हुने जम्मा रकममा बचत दायित्वको रकम तीस प्रतिशतभन्दा बढी रहेको भए २०७७ साल असोज मसान्तसम्ममा बचत दायित्वको रकम आर्थिक वर्ष २०७६/७७ को सदस्यतर्फको खरिद वा बिक्री कारोबारसमेत गर्दा हुने रकमको तीस प्रतिशत कायम गराउन यथाशीघ्र कार्ययोजना बनाएर कार्यान्वयन गर्ने व्यवस्था मिलाउनु हुन सूचित गरिन्छ।
- संघिय सहकारी नियमावलीअनुसार प्रतिनिधिको व्यवस्था गरेकोमा बाहेक संस्थाको साधारणसभामा सम्पूर्ण सदस्यलाई सहभागी गराउन संस्थाले सूचना गर्नुपर्नेछ। साधारणसभामा सहभागीहुने र छलफलमा भागलिने दायित्व सबै शेयर सदस्यहरुको हुनेछ | संस्थाको साधारणसभा, सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति र अन्य उप समितिहरूको बैठक नियमित र प्रभावकारी हुनुपर्दछ।

सहकारी संस्थाहरुको सञ्चालन र नियन्त्रण प्रक्रिया, शेयर सदस्य, साधारण सभा, संचालक समिति, लेखा सुपरिवेक्षण समितिको भूमिका तथा संस्थाबाट फाइदा लिन सदस्यहरुले गर्नुपर्ने कार्यको वारेमा जानकारी लिन चाहने महानुभावहरुलाई भरतपुर महानगरपालिका, सहकारी तथा रोजगार प्रवर्द्धन शाखामा हार्दिक स्वागत छ।

## सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी सहकारी संघ संस्थालाई जारी गरेको निर्देशन, २०७४ (पहिलो संशोधन समेत) पालना सम्बन्धी भरतपुर महानगरपालिका, नगर कार्यपालिकाको कार्यालय, सहकारी तथा रोजगार प्रवर्द्धन शाखाको सूचना

सहकारी संस्थाहरूले सम्पत्ति शुद्धीकरण निवारण ऐन, २०६४ र सो ऐन अन्तर्गत सहकारी विभागले जारी गरेको "सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी सहकारी संघ संस्थालाई जारी गरेको निर्देशन, २०७४ (पहिलो संशोधन समेत)"मा भएका सबै व्यवस्थाहरू अनिवार्य रुपमा पालना गर्न तथा तपसिलमा उल्लेखित विषयहरू तत्काल कार्यान्वयनको व्यवस्था तत्काल मिलाउन अनुरोध छ |

**तपसिल**

१. निर्देशनको दफा २४ बमोजिम कार्यान्वयन अधिकारी (कम्प्लायन्स अफिसर) नियुक्त गर्ने र निजको नाम, ठेगाना, योग्यता र सम्पर्क नम्बर, इमेल लगायतको विवरण सहितको नियुक्तिको जानकारी वित्तिय जानकारी इकाई तथा बिभाग र भरतपुर महानगरपालिका, सहकारी तथा रोजगार प्रवर्द्धन शाखा, भरतपुर, चितवनमा गराउने।

२. निर्देशनको दफा २७ बमोजिम सम्पत्ति शुद्धीकरण ऐन, नियमावली र जारी निर्देशन बमोजिम सम्पादन गर्नुपर्ने कार्यहरूको प्रभावकारी सम्पादनका लागि प्रत्येक सहकारी संघ संस्थाले आन्तरिक नीति तथा कार्यविधि तर्जुमा गरी साधारणसभाबाट पारित गराई लागु गर्ने।

३. निर्देशनको दफा १९ बमोजिम सीमा कारोवारको प्रतिवेदन (TTR) कारोवार सम्पन्न भएको मितिले १५ दिन भित्र निर्देशनको अनुसूची-४ को ढाँचामा नेपाल राष्ट्र बैंक, वित्तिय जानकारी इकाईमा पठाउने गर्नुपर्ने।

४. निर्देशनको दफा २० बमोजिम शंकास्पद कारोवार सम्बन्धी प्रतिवेदन (STR) अनुसूची-५ को ढाँचामा तयार गरी कारोवार भएको तिन दिन भित्र वित्तिय जानकारी इकाईमा पठाउने गर्नुपर्ने।

५. निर्देशनको दफा ३ बमोजिम सदस्य पहिचान तथा सम्पुष्टि (KYM) अद्यावधिक गरीराख्ने।

६. निर्देशनको दफा १३ बमोजिम जोखिम पहिचान, मूल्यांकन, वर्गीकरण तथा व्यवस्थापन गर्ने।

७. निर्देशनको दफा ८ बमोजिम उच्च पदस्थ व्यक्तिको पहिचान तथा जोखिम व्यवस्थापन गर्ने।

८. निर्देशनको दफा १० बमोजिम वास्तविक धनीको पहिचान गर्ने उपाय अवलम्बन गर्ने।

९. निर्देशनको दफा १५ बमोजिम सिमा कारोवारको स्रोत खुलासा लिने गर्नु पर्ने।

१०. निर्देशनको दफा २८ बमोजिम सम्पादन गरेका कार्यहरूको चौमासिक प्रतिवेदन अनुसूची-६ को ढाँचामा चौमासिक अवधि व्यतित भएको ७ दिन भित्र भरतपुर महानगरपालिका, सहकारी तथा रोजगार प्रवर्द्धन शाखा, भरतपुर, चितवनमा अनिवार्य पठाउनु पर्नेमा, यस्तो प्रतिवेदन हालसम्म प्राप्त नभएको हुँदा नित्य नियमित रुपमा तयार गरी पठाउने व्यवस्थाका लागि अनुरोध छ।

पुनश्च: सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी सहकारी संघ संस्थालाई जारी गरेको निर्देशन, २०७४ (पहिलो संशोधन समेत) सहकारी विभागको वेबसाइट www.deoc.gov.np बाट हेर्न र डाउनलोड गर्न सकिन्छ। अन्य जानकारी तथा थप सहजीकरणको लागि भरतपुर महानगरपालिका, सहकारी तथा रोजगार प्रवर्द्धन शाखा, भरतपुर, चितवनमा सम्पर्क राख्नुहुन अनुरोध छ।

## MAP OF NEPAL
**ADMINISTRATIVE DIVISION**
77 Districts, 7 Province




## राष्ट्रिय गान

सयौं थुँगा फूलका हामी एउटै माला नेपाली
सार्वभौम भई फैलिएका मेची महाकाली।
प्रकृतिका कोटीकोटी सम्पदाको आँचल
वीरहरूका रगतले स्वतन्त्र र अटल।
ज्ञानभूमि, शान्तिभूमि, तराई, पहाड, हिमाल
अखण्ड यो प्यारो हाम्रो मातृभूमि नेपाल।
बहुल जाति भाषा धर्म संस्कृति छन् विशाल
अग्रगामी राष्ट्र हाम्रो जय-जय नेपाल।

# भरतपुर महानगरपालिका



संरक्षक : **रेनु दाहाल**, महानगर प्रमुख
सल्लाहकार : **पार्वती शाह ठकुरी**, उप–प्रमुख
सल्लाहकार : प्रेमराज जोशी, प्रमुख प्रशासकीय अधिकृत

**प्रकाशन समिति** :
संयोजक : राजेन्द्रमणि काफ्ले
सदस्य : आशबहादुर कुमाल
सदस्य : शान्ति पराजुली
सदस्य : राधा क्षेत्री
सदस्य : सिर्जना अधिकारी
सदस्य सचिव : रामबाबु पौडेल

सर्वाधिकार : प्रकाशकमा
प्रकाशन मिति : आषाढ, २०७७
प्रकाशन प्रति : १,००१

मुद्रण : सिद्धबाबा अफसेट प्रेस, भरतपुर, हाकिमचोक, चितवन

# महानगर सहकारी गतिविधी प्रकाशन समिति



**रेनु दाहाल**
संरक्षक



**पार्वती शाह ठकुरी**
सल्लाहकार



**प्रेमराज जोशी**
सल्लाहकार



**राजेन्द्रमणि काफ्ले**
संयोजक



**आशबहादुर कुमाल**
सदस्य



**शान्ति पराजुली**
सदस्य



**राधा क्षेत्री**
सदस्य



**सिर्जना अधिकारी**
सदस्य



**रामबाबु पौडेल**
सदस्य सचिव

# भरतपुर महानगरपालिका - जनप्रतिनिधिहरूको सम्पर्क माध्यम

| | | | | |
|---|---|---|---|---|
| १ | नगर प्रमुख श्री रेनु दाहाल | ९८५११६६००३ | ९८५५०११३११ | dahalrenu33@gmail.com |
| २ | उपप्रमुख श्री पार्वती शाह ठकुरी | ९८५५०६१३५० | ९८५५०११४११ | parbati.shah2017@gmail.com |
| ३ | प्रमुख प्रशासकीय अधिकृत प्रेमराज जोशी | ९८५५०५८०६६ | | premrjoshi@gmail.com |

| वडा नं. | वडा अध्यक्षहरू | सम्पर्क नम्बर | | इमेल |
|---|---|---|---|---|
| १ | श्री जयराम श्रेष्ठ | ९८४५०२६६७८ | ९८५५०१३१४१ | shresthajayram97@gmail.com |
| २ | श्री पूर्णबहादुर श्रेष्ठ | ९८५५०५७८९७ | ९८५५०१३१४२ | purnabahadurshrestha234@gmail.com |
| ३ | श्री चन्द्रमित्र पण्डित | ९८५५०६०३९३ | ९८५५०१३१४३ | chandrapandit67@yahoo.com |
| ४ | श्री हरिप्रसाद आचार्य | ९८५५०६१३८८ | ९८५५०१३१४४ | acharyahari.wc@gmail.com |
| ५ | श्री पदमपाणी सुवेदी | ९८५५०६१५५७ | ९८५५०१३१४५ | padampani557@gmail.com |
| ६ | श्री हरिबिलास कोइराला | ९८५५०८१८३४ | ९८५५०१३१४६ | haribilaskoirala7@gmail.com |
| ७ | श्री राजेन्द्रमणि काफ्ले | ९८५५०५७५२८ | ९८५५०१३१४७ | kafle.rajendrawardno7@gmail.com |
| ८ | श्री दामोदर न्यौपाने | ९८५५०५७८६३ | ९८५५०१३१४८ | damodarneupane098@gmail.com |
| ९ | श्री यमलाल कंडेल | ९८४५०४८२७४ | ९८५५०१३१४९ | yamlalkandel09@gmail.com |
| १० | श्री अरुण पीडित भण्डारी | ९८५५०५५०५१ | ९८५५०१३१५१ | arunpidit@gmail.com |
| ११ | श्री बाबुराम अधिकारी | ९८४५०८१५२१ | ९८५५०१३१५० | baburamadhikari098@gmail.com |
| १२ | श्री नरेन्द्र कुमार कनदङ्वा | ९८५५०४६०८३ | ९८५५०१३१५२ | kandangwanarendrakumar75@gmail.com |
| १३ | श्री प्रकाश दवाडी | ९८४५७०३५८९ | ९८५५०१३१५३ | prakashdawadi6@gmail.com<br>prakashdawadi1974@gmail.com |
| १४ | श्री ओमप्रसाद पोखे्रल | ९८५५०५२८०१ | ९८५५०१३१५४ | bharatpurward14@gmail.com |
| १५ | श्री शम्भु बहादुर भण्डारी | ९८४५०६६१२३ | ९८५५०१३१५५ | shambhubhandari123@gmail.com |
| १६ | श्री अमृतराज हमाल | ९८५५०५५००० | ९८५५०१३१५६ | amhamal2036@gmail.com |
| १७ | श्री ललितमान तामाङ | ९८४५१७९०२४ | ९८५५०१३१५७ | wardchairman17@gmail.com |
| १८ | श्री दीपक लामा | ९८५५०५५२३४ | ९८५५०१३१५८ | deepaklama55234@gmail.com |
| १९ | श्री कर्ण बहादुर गुरुङ | ९८५५०५६३११ | ९८५५०१३१५९ | |
| २० | श्री मणिलाल तमाङ | ९८४५०५२६२४ | ९८५५०१३१६० | |
| २१ | श्री चित्रसेन अधिकारी | ९८५५०५०९६२ | ९८५५०१३१६१ | chitrasen2022@gmail.com |
| २२ | श्री बिष्णुराज महतो | ९८५१०११४६४ | ९८५५०१३१६२ | mbishnuraj@gmail.com |
| २३ | श्री नरिनारायण पौड्याल | ९८५५०६०४६८ | ९८५५०१३१६३ | narinarayan.poudel23@gmail.com |
| २४ | श्री कान्छा मल्ल | ९८५५०६१९०५ | ९८५५०१३१६४ | kanchhamalla24@gmail.com |
| २५ | श्री विजय कुमार भुजेल | ९८५५०६१४५५ | ९८५५०१३१६५ | bijayabhujel@gmail.com |
| २६ | श्री ज्ञानप्रसाद खनाल | ९८५५०५४२०२ | ९८५५०१३१६६ | gyan26@gmail.com<br>gyanprasad2020@gmail.com |
| २७ | श्री गोविन्द तामाङ | ९८४५०५६५५२ | ९८५५०१३१६७ | govindatamang552@gmail.com<br>govindatamang110@gmail.com |
| २८ | श्री आश बहादुर कुमाल | ९८४५३३३८३९ | ९८५५०१३१६८ | |
| २९ | श्री मन बहादुर मगर | ९८५५०६५५१० | ९८५५०१३१६९ | bahadurmagarman544@gmail.com |
| **नगरकार्यपालिकाको सदस्यहरु** | | | | |
| १ | श्री चक्र रुचाल | ९८५५०५६५३९ | | |
| २ | श्री टेक लाल वि.क. | ९८५५०६००६८ | | |
| ३ | श्री मन बहादुर वि.क. | ९८०२०७०४२६ | | |
| ४ | श्री धनकुमारी वि.क. | ९८४५२००५२१ | | bkdhankumari6@gmail.com |
| ५ | श्री विना गुरुङ | ९८५५०५५०१६ | | |
| ६ | श्री पार्वती वि.क. | ९८४५२७७९८१ | | |
| ७ | श्री पवित्रा के.सी. | ९८४५०५०९५५ | | |
| ८ | श्री गीता कुमारी शर्मा | ९८५५०५०३५९ | | |

**सहकारी उप–समिति**

| | | | |
|---|---|---|---|
| १. | श्री राजेन्द्रमणि काफ्ले | संयोजक | ९८५५०५७५२८ |
| २. | श्री आश बहादुर कुमाल | सदस्य | ९८४५३३३८३९ |
| ३. | श्री शान्ति पराजुली | सदस्य | ९८४५१४१३८७ |
| ४. | श्री राधा क्षेत्री | सदस्य | ९८४५९४८३४७ |
| ५. | श्री सिर्जना अधिकारी | सदस्य | ९८४५०७८८११ |
| ६. | श्री रामबाबु पौडेल | सदस्य सचिव | ९८५५०६३२२४ |

**भरतपुर महानगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
भरतपुर, चितवन, नेपाल
**BHARATPUR METROPOLITAN CITY**
**Office of Municipal Executive**

# शुभकामना



भरतपुर महानगरपालिका, सहकारी तथा रोजगार प्रवर्द्धन शाखाले **महानगर सहकारी गतिविधि**को पहिलो अङ्क प्रकाशन गर्न लागेकोमा खुसी व्यक्त गर्दछु । सहकारीको बारेमा ज्ञानसीप एवं धारणा विकास गर्न र अध्ययन, अनुसन्धानकर्ताहरुलाई यो पुस्तक उपयोगी पाठ्यपुस्तक हुने विश्वास लिएको छु ।

नेपालको संबिधानले सहकारी क्षेत्रलाई राष्ट्रिय अर्थतन्त्रको महत्वपूर्ण खम्बाको रूपमा मान्यता दिएको छ । राष्ट्रिय सहकारी नीतिको मार्गदर्शन समेतको आधारमा सुशासनयुक्त सहकारी संस्कृतिको विकास गर्नका लागि सहकारी, सहकारिता र सहकारी प्रणाली एवं सहकारीका मूल्य, मान्यता र सिद्धान्तहरूको अनुशरणप्रति प्रतिवद्ध भए मात्र "समृद्ध नेपाल र सुखी नेपाली" को राष्ट्रिय अभिष्ट पूरा गर्दै समाजवादउन्मुख स्वतन्त्र र समृद्ध राष्ट्रिय अर्थतन्त्र निर्माणमा योगदान गर्न सकिन्छ । वित्तीय कारोवार गर्ने सहकारी संस्थाहरूको वित्त परिचालनमा निहीत जोखिम न्यूनीकरणको लागि वित्तीय सुशासन कायम राख्न जरूरी छ । सहकारीतालाई जीवनपद्धति, संस्कार, शैली र सुसंस्कृत अभ्यासको कसी बनाउन सके संस्थाहरूलाई साहुकारी बन्नबाट रोक्न सकिनेछ । यो अभियान हामी सबैको सार्थक पहलबाट मात्र सम्भव छ । जनस्तरबाट सहकारी अभियानको प्रारम्भ भएको ऐतिहासिक भूमि भरतपुर महानगरपालिकामा उत्पादनका साधनहरुको सामुहिकीकरण, स्थानीय स्रोतको परिचालन र आर्थिक, सामाजिक रुपान्तरणबाट सामाजिक न्याय सहितको द्रुत विकास गर्न सहकारी क्षेत्रलाई परिचालन गर्दै घरेलु तथा साना उद्यमको प्रवर्द्धन, कृषि उत्पादन, भण्डारण तथा प्रशोधन एवं गरिवी निवारण सम्बन्धी कार्यक्रममा सहकारी संस्थाहरूलाई महानगरबाट प्रोत्साहित गर्ने नीति लिएका छौं । सहकारी अभियानलाई अघि बढाउन सहकारी शिक्षा, संस्थागत क्षमता वृद्धि, स्व-नियमन, सुशासन प्रवर्द्धन, एकीकरणलाई प्रोत्साहित गरेका छौं । सहकारीको माध्यमबाट कृषि सामग्री, पुंजी, प्रविधि र बजारमा कृषकको सहज पहुँच सुनिश्चित गरी सबै प्रकारका उत्पादन, संकलन, भण्डारण र वितरणसम्मका श्रृङ्खला विकास गर्न सहकारी क्षेत्रलाई उपयोग गरिनेछ ।

सहकारी मार्फत राष्ट्रिय अर्थतन्त्रको विकास गरी राष्ट्र निर्माणमा लाग्ने सबै सहकारीकर्मीहरू प्रति कृतज्ञता व्यक्त गर्दै आगामी दिनमा सबै सहकारीले महानगरबासीहरुको साथ र सेवामा रहने दृढ विश्वासका साथ यो प्रकाशनको निरन्तरताका साथै सम्पूर्ण लेखरचना उपलब्ध गराउनुहुँने महानुभावहरू एवम् कर्मचारीहरू प्रति धन्यवाद व्यक्त गर्दछु ।

मितिः- २०७७।०२।२९

............................
(रेनु दाहाल)
नगर प्रमुख

भरतपुर महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भरतपुर, चितवन, नेपाल
BHARATPUR METROPOLITAN CITY
Office of Municipal Executive

# शुभकामना



भरतपुर महानगरपालिका सहकारी तथा रोजगार पर्वद्धन शाखाबाट पहिलो पटक **'महानगर सहकारी गतिविधि'** प्रकाशन गर्न लागेको खवरले मलाई अत्यन्त खुसी लागेको छ । सर्वप्रथम म यसको पूर्ण सफलताको कामना गर्दै सम्पूर्ण सहकारीकर्मीहरूलाई हार्दिक बधाई ज्ञापन व्यक्त गर्दै अभिनन्दन गर्दछु । यस प्रकाशनले महानगरको सहकारी अभियानको सिङ्गो तस्बीर देखिनेमा विश्वस्त छु ।

सहकारीको इतिहासमा चितवन जिल्ला आफैमा ऐतिहासिक जिल्ला हो । यहाँको बखान सहकारी संस्थाले नेपालकै पहिलो सहकारीकोरुपमा गर्विलो इतिहास बोकेको छानेपालमा प्रजातान्त्रिक प्रणालीको शासन व्यवस्थालाई मजबुत बनाउन सहकारी संस्कारले पनि ठूलो भूमिका खेलेको हुन्छ। **' एकको लागि सबै र सबैको लागि एक'** भन्ने मूल नाराका साथ सहकारी संस्थाहरु चलेका छन् । लोकतान्त्रिक नेतृत्वमा सञ्चालित सहकारीले समुदायको विकासमा महत्वपूर्ण भूमिका खेलेको छ । यहाको आर्थिक समृद्धि, रोजगारी सिर्जना र समुदायको विविध समस्यासंग जुध्न सहकारीले लिएको नेतृत्व प्रशंसनीय छ ।

सहकारीहरुका गतिविधिले आर्थिक, सामाजिक विकासमा पनि महत्वपूर्ण भूमिका खेलेको छ । सहकारी अभियान हो, आन्दोलन हो, यो बिकास पथमा लम्कने मार्गचित्र पनि हो । दक्ष जनशक्तिको परिचालन, समुदायको आवश्यकतालाई सम्बोधन, सूचना र प्रविधिको यथोचित सदुपयोग गर्दै सहकारी अभियानलाई अझै सशक्त ढङ्गमा अगाडि बढाउनु पर्ने चुनौति पनि हामीसामु छ । यसको सञ्चालनमा सबै सहकारी सदस्यहरुको अपनत्व रहने, लोकतान्त्रिक नियन्त्रण रहने र स्थानीय सरकारको रुपमा रहेको महानगरपालिकाजस्ता संस्थाहरुको नियमनले यसको गति अझै बढ्ला भन्ने विश्वास लिएको छु ।

स्थानीय तहमा सहकारी संस्थाहरू हस्तान्तरण भए पछि महानगरले सहकारी ऐन २०७५, यसैबमोजिम मापदण्ड, निर्देशिका जारी गरेर सहकारी अभियानलाई मर्यादित बनाउन प्रयासरत रहेको समेत जानकारी गराउँछु ।

अन्त्यमा सहकारीको मूल मर्मबमोजिम एकता, जवाफदेहिता, विश्वसनीयता कायम गर्दै सहकारी अभियानमा अगाडि बढ्न हामी सबैमा प्रेरणा मिलोस भन्ने कामना गर्दै **'महानगर सहकारी गतिविधि'** प्रकाशनमा लागि पर्नुहुने सम्पूर्ण सहकर्मीहरुप्रति हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

मितिः- २०७७।०२।२९

.....................................
(पार्वती शाह ठकुरी)
नगर उप-प्रमुख

# भरतपुर महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
भरतपुर, चितवन, नेपाल

**BHARATPUR METROPOLITAN CITY**
**Office of Municipal Executive**

# शुभकामना



सहकारी तथा रोजगार प्रवर्द्धन शाखाले सहकारीका समकालीन विषयहरूलाई समावेश गरी **महानगर सहकारी गतिविधि**को पहिलो अङ्क प्रकाशन गर्न लागेकोमा खुसी लागेको छ । सहकारिताको संस्कृतिले ओतप्रोत नेपाली समाजमा सहयोग र स्वावलम्वन संस्कतिको विकास गर्ने माध्यम सहकारी हो भन्ने बुझाई छिपेर रहेको छ। नेपालको संविधानले सहकारी क्षेत्रलाई आर्थिक समृद्धि र सामाजिक रूपान्तरणको महत्वपूर्ण माध्यम मानेको छ । तीन खम्वे अर्थनीतिको एक वहाक सहकारी क्षेत्रले मुलुकको कुल ग्राहस्थ उत्पादनमा योगदान पुर्याउनुका साथै ठूलो जनसंख्यालाई रोजगारी, आर्थिक सुविधा लगायतका लाभ पुऱ्याएकोछ। नेपाल जस्तो फरक र विशिष्टीकृत भुगोल, समाज र मूल्य मान्यता रहेको मुलुकका लागि सहकारी आर्थिक, सामाजिक रूपान्तरण र गरिबी निवारणको अचुक अस्त्र हुनसक्ने विश्वास लिएको छु।

सहकारीको गुणात्मक विकास गरी स्थानीय संभावनाकै उपयोगबाट गरिबी निवारण, सामाजिक समावेशिता र स्वावलम्बन संस्कृतिको विस्तार गरी सहकारीलाई महानगरबासिको जीवन पद्धति बनाउन प्रयत्नशील रहनुपर्ने देखिन्छ। सहकारी क्षेत्रमा विकास भएका नविन आयाम, सहकारी ऐन, नियमावली, विभिन्न निर्देशिका, कार्यविधि र मापदण्डहरूमा भएका नयाँ व्यवस्थाहरू महानगर सहकारी गतिविधिमा समावेस भएका छन् । महानगर सहकारी गतिविधि सहकारी अभियन्ता, सहकारी क्षेत्रमा काम गर्ने र सहकारी प्रति चासो राख्ने सहकारी संस्थाका आम सदस्यहरू, सहकारी क्षेत्रका सरोकारवालाहरूका लागि पुस्तक धेरै अर्थमा उपयोगी हुनेछ | महानगर सहकारी गतिविधिको यस अंकमा आ-आफ्ना अमूल्य विचार तथा दृष्टिकोण राख्ने सवै लेखकहरूप्रति आभार व्यक्त गर्दै प्रकाशन तथा सम्पादन कार्यमा संलग्न कर्मचारी साथीहरूप्रति धन्यवाद व्यक्त गर्दछु ।

मिति:२०७७/०२/२९

(प्रेमराज जोशी)
प्रमुख प्रशासकीय अधिकृत



# संयोजकको कलमबाट.......

भरतपुर महानगरपालिकाले पहिलो पटक **महानगर सहकारी गतिविधि** नामक पुस्तक प्रकाशन गर्न लागेको र त्यसको संयोजकको रुपमा सहकारी गतिविधिमा संलग्न हुन पाउँदा मलाई खुशी लागेको छ ।

सहकारीको क्षेत्रमानै पहिलो सहकारीको रुपमा वखान सहकारीको स्थापना गरी कार्यान्यिन गर्ने स्थानको रुपमा छुटै पहिचान बनाउन सफल रहेको यस महानगरको आर्थिक सामाजिक रुपान्तरणमा धेरै महत्वपूर्ण भुमिका रहेको कुरा सवैमा सर्वविधितै छ।“दिगो विकासको लक्ष्य प्राप्तीका लागी सहकारी” भन्ने नारालाई आत्मसाथ गर्दै २०३० लाई हासील गर्न सरकारी, निजी क्षेत्र तथा सहकारी समेतको तिन खम्वे अर्थनीतिलाई अवलम्वन गरी उत्पादन, सेवा र वितरणका माध्यमवाट आय आर्जन, रोजगार सिर्जना, गरीवी न्यूनीकरण गर्दै देशको अर्थतन्त्र सृदृढ बनाउन प्रतिवद्ध हुने समय आएको छ। सहकारीको मुल्य, मान्यता एवं सिद्धान्तहरु तथा राष्ट्रिय कानुन संस्थाको विनियम नीति कार्यविधिले तोकोको परिधि भित्र रही सदस्यको स्वामित्व र नियन्त्रणमा आफ्ना सदस्यहरुले सेवा पाउने गरि सञ्चालन हुने संगठन भएको हुदाँ सहकारी संस्था र सदस्यवीचमा अन्योन्याश्रित सम्वन्ध रहेको हुन्छ ।

वास्तवमै भन्ने हो भने अवको सहकारी संस्थाहरु वचत तथा ऋणमा मात्र सिमित नभई देशमा रहेका उर्जावान युवा जनशक्तिलाई परिचालन गर्ने गरि अर्गानीक खाद्यय सामाग्री उत्पादन गरि आफैमा आत्म निर्भर हुने वेला आएको छ । अव साना साना पूँजी मात्र होइन साना ठुला पूँजी एकिकृत गरी सहकारीले ठुला ठुला व्यवासाय संचालन गर्नु पर्दछ । वचत तथा ऋण सहकारीहरुले आफ्ना शेयर सदस्यहरुको वचतको सुरक्षा कसरी गर्ने कृषि सहकारीहरुले उत्पादित वस्तुको मुल्य कृषकहरुलाई कसरी उपलव्ध गराउने, दुग्ध उत्पादक सहकारीले पनि कृषकको लगानी र वजारको कसरी व्यवस्था गर्ने यि कुरा हरुमा महानगरको पनि महत्वपूर्ण भूमिका हुनु पर्दछ ।

“एक का लागि सवै र सवैका लागि एक” भन्ने नारालाई मुल मत्र वनाएर सामाजिक सेवाको भावना संगै संस्थागत विकाश र सम्वृद्ध समाज निर्माणमा सहकारीको योगदानलाई नकार्न सकिदैन भने भरतपुर महानगरपालिकाले पनि उल्लेखित सहकारीहरुलाई नीति, नियम र विधि भित्र रहेर महानगरको विकासको लागि महत्वपूर्ण भुमिका निभाउनु पर्दछ ।

जय सहकारी !

मितिः २०७७।०३।०३



**राजेन्द्रमणि काफ्ले**
संयोजक
महानगर सहकारी गतिविधी प्रकाशन समिति

# विषयसूची


| क्र.सं. | शीर्षक | लेखक | पेज नं. |
|---|---|---|---|
| १. | सहकारिताका आधारभूत कुराहरू | | १ |
| २. | सहकारी प्रर्वद्धनमा युवाको भूमिका | डा. टोकराज पाण्डे | ८ |
| ३. | दक्षिण कोरियाको नयाँ गाउँ अभियान: सेमौल उन्दोंग | प्रद्युम्नप्रसाद उपाध्याय | १० |
| ४. | सहकारी संस्थामा कोष व्यवस्थापन | उपेन्द्रबहादुर ढुंगाना | १२ |
| ५. | सहकारी संस्था गठन र सञ्चालन - एक चर्चा | सुरेन्द्रराज पौडेल | १९ |
| ६. | सहकारी संस्थाको पुनर्गठनः एकीकरण र विभाजन | कृष्ण पुडासैनी | २५ |
| ७. | वित्तीय संघीयतामा सहकारीको कार्यदिशा | परितोष पौड्याल | ३१ |
| ८. | सहकारी क्षेत्रको सुदृढिकरणका आधारहरू | चन्द्रबहादुर ठकुरी | ३७ |
| ९. | संमृद्ध नेपाल सुखी नेपाली बनाउने अभियान सहकारी मार्फत सम्भव छः | राजेन्द्रमणि काफ्ले | ४१ |
| १०. | अस्ट्रेलियाको सहकारी अभियानबाट नेपालले के सिक्ने ? | नवराज सापकोटा | ४३ |
| ११. | सहकारिता | रामबाबु पौडेल | ४६ |
| १२. | बचत तथा ऋण सहकारीका जोखिम व्यवस्थापन | तेजेन्द्रबहादुर खड्का | ४७ |
| १३. | भरतपुर महानगरपालिका सहकारी ऐन, २०७५ | | ५१ |
| १४. | भरतपुर महानगरपालिकाको सहकारी संस्था सञ्चालन, अनुगमन तथा नियमन सम्बन्धी मापदण्ड, २०७५ | | ८० |
| १५. | भरतपुर महानगरपालिकाको सहकारी संस्था दर्ता निर्देशिका, २०७५ | | ९८ |
| १६. | भरतपुर महानगरपालिका – कार्यालय प्रमुख/महाशाखा/शाखा सम्पर्क माध्यम | | १३७ |
| १७. | भरतपुर महानगरपालिका – वडा कार्यालयमा कार्यरत वडा सचिव/ईन्जिनियर/कम्प्यूटर अपरेटरहरू | | १३८ |
| १८. | भरतपुर महानगरपालिकामा वडा अनुसार सहकारी संघ/संस्थाहरूको संख्यात्मक विवरण (आ.व. २०७६।०७७) | | १४१ |
| १९. | भरतपुर महानगरपालिकामा वडा अनुसार सहकारी संस्थाहरूको विवरण (आ.व. २०७६।०७७) | | १४२ |

# सहकारिताका आधारभूत कुराहरू

**क. उत्पत्ति तथा विकासक्रम** (Evolution & Historical Background)

सहकारीताको उत्पत्ति औद्योगिक क्रान्तिसंगै भएकोले यसलाई औद्योगिकरणको उपज मान्न सकिन्छ। अठारौं शताब्दीको उत्तरार्द्धतिर आएको औद्योगिक क्रन्तिको प्रभावबाट वेलायतको आर्थिक तथा सामाजिक क्षेत्रमा भएको परिवर्तनको उपलब्धिस्वरुप सहकारी आन्दोलनको उदय भएको हो। औद्योगिक क्रन्तिबाट पीडित केही व्यक्तिहरुले (श्रमिक, किसान तथा ज्यालादारी कामदारहरु) आफूलाई परेको समस्या (शोषण) निराकरणका (उन्मुक्ति) लागि पहिल्याएको बाटो (व्यवसाय) नै आजको सहकारी आन्दोलनको विकसित रुप हो।

समान आर्थिक एवं सामाजिक स्तर र समान भावना भएका निम्नस्तरीय किसान एवं श्रमिकहरुले आफूहरु बीचको सम्वन्ध समन्वय गर्न नैतिकता र इमान्दारीको नियममा बाँधिई संगठित भए। सन्१८४४ मा बेलायको रोच्डेल समूहका श्रमिकहरुले पाउरोटी सहकारी भण्डारको स्थापना गरी सहकारी आन्दोलनको सूत्रपात गरे, जुन आन्दोलन क्रमशः समाजवादी तथा पूँजीवादी अर्थव्यवस्था अंगालेका देशहरुमा समेत भित्रिंदै गयो। सन् १८४४ बाट सहकारी आन्दोलनको शुरुवात भएको भए पनि यसको आठ वर्ष पछि सन् १८५२ मा मात्र बेलायतमा पहिलो सहकारी कानून बन्यो र सहकारीले विश्व सहकारीताको इतिहासमा कानूनी मान्यता प्राप्त गर्‍यो।

खास गरी विकासोन्मुख राष्ट्रहरुको आर्थिक विकासमा सहकारीताको महत्वपूर्ण स्थान हुने भनिएतापनि अमेरिका, क्यानाडा, जापान जस्ता पश्चिमी युरोपिय देशहरु जस्ता विकसित मुलुकहरुको अर्थतन्त्रमा समेत सहकारीताको प्रयोग भएको पाइन्छ भने उत्पादनका साधनहरु उपर राज्यको स्वामित्व रहने समाजवादी अर्थतन्त्र अँगालेका मुलुकहरुमा समेत सहकारीतालाई मान्यता दिएको पाइन्छ, जसबाट सहकारी जुनसुकै अर्थतन्त्रमा पनि अट्न सक्ने आर्थिक तथा सामाजिक आन्दोलन हो भन्ने स्पष्ट हुन्छ। सन् १८४४ मा बेलायतमा श्रमिक एकतामा आधारित उपभोक्ता सहकारीको जन्म भै सन् १८५२ मा कानूनी मान्यता प्राप्त सहकारी आन्दोलन सन् १८५४ मा जर्मनीमा बचत तथा ऋण सहकारी, सन् १८६६ मा डेनमार्कमा दुग्ध सहकारी, सन् १९१२ मा चीनमा कृषि सहकारी, सन् १९०४ मा भारतमा कृषि तथा सेवा व्यवसायमा आधारित सहकारीको विकास भयो भने यसको प्रयोग नेपालमा ढिकुरी, अर्मपर्म, गुठी, धर्मभकारी आदि जस्ता सामाजिक सांस्कृतिक सहकारीहरु परापूर्वकाल देखि नै प्रचलनमा आएको भएतापनि व्यवसायिक र सांगठित रुपमा वि.सं. २०१० मा सहकारी विभागको गठन र २०१३ सालमा चितवन जिल्लामा ऋण सहकारी समितिहरु तत्कालिन कार्यकारिणी आदेशद्वारा दर्ता भएपश्चात् मात्र आधुनिक नेपाली सहकारी आन्दोलनको प्रादुर्भाव भएको पाइन्छ।

**ख. परिभाषाः (Defination)**

अन्तर्राष्ट्रिय सहकारी महासंघ **(International Cooperative Alliance):**

A cooperative is an autonomous association of persons united voluntarily to meet their common economic, social and cultural needs and aspirations through a jointly owned and democratically controlled enterprise.

(आफ्ना समान आर्थिक सामाजिक तथा सांस्कृतिक आवश्यकता तथा आकांक्षाहरु संयुक्त स्वामित्व र प्रजातान्त्रिक तरीकाले नियन्त्रित उद्यमको माध्यमबाट पुरा गर्न स्वेच्छापूर्वक संगठित व्यक्तिहरुको स्वायत्त संगठन नै सहकारी हो।)

अन्तराष्ट्रिय श्रम संगठन **(International Labour Organisation):**

A cooperative is an association of persons usually of limited means who have voluntarily joined together to achieve a common economic end through the formation of a democratically controlled business organization making equitable contributions to the capital required and acceptiong a fair share of the risks and benefits of the undrertaking.

संक्षेपमा सदस्यहरुको श्रम, सीप र पूँजी लगानी गरी सदस्यद्वारा नै व्यवस्थित र नियन्त्रित व्यवसाय नै सहकारी हो।

**ग. अवधारणा (Concept):**

One for all, All for one (एकका लागि सबै, सबैका लागि एक)

Not for Charily, not for Profit, But for Sevice (परोपकार हैन, नाफा हैन, सेवाका लागि)

To Eliminate the middlemen (मध्यस्थ हटाउन)

Service at Cost (लागत मूल्यमा सेवा दिन)
People in Business for Themselves (जनताद्वारा आफ्नै लागि व्यवसाय गर्न)
Brotherhood Social Economics (भाईचारा सामाजिक अर्थशास्त्र)

**घ. विशेषताहरू (Features) :**

१. मानव प्रधान
२. सेवापक्षलाई प्राथमिकता
३. खुला र ऐच्छिक सदस्यता
४. समानताको व्यवहार या कारोवार
५. पारस्परिक सहयोगमा आधारित
६. सदस्यको सामाजिक तथा आर्थिक उन्नतिमा जोड
७. नैतिक व्यवसाय

सहकारी मुख्यरुपले निम्न विशेषता भएको एउटा संगठन हो :

- व्यावसायिक,
- सामाजिक,
- प्रजातानित्रक संरचना भएको,
- नाफाकै लागि मात्र नभएको,
- आफू र एक अर्कालाई सहयोग गर्ने,
- शैक्षिक र
- अधार्मिक तथा अराजनीतिक

**ङ . सहकारी मूल्य, मान्यता र सिद्धान्तहरू** (Coopratine Norms, Values & Principles)

सहकारीमा आबद्ध हुने व्यक्तिहरु आफ्नो काम आफै गर्ने, आफ्नो जिम्मेवारी आफै पूरा गर्ने, प्रजातन्त्र, समानता, समन्वय र एकबद्धता जस्ता आधार मूल्यहरुमा विश्वास गर्ने र इमान्दारिता, खुलापन, समाज प्रतिको उत्तरदायित्व र अरुको हेरचाह गर्ने नैतिक मूल्य पालना गरी सोही अनुरुप व्यहार र आचरण गर्दछन ।

अन्तराष्ट्रिय सहकारी महासंघद्वारा प्रतिपादित सहकारी सिद्धान्तहरु देहाय बमोजिम रहेका छन् :

| | |
|---|---|
| १. ऐच्छिक तथा खुला सदस्यता | (Open & Voluntary Membership) |
| २. सदस्यद्वारा प्रजातान्त्रिक नियन्त्रण | (Members Democratice Control) |
| ३. सदस्यहरुको आर्थिक सहभागिता | (Member Economic Participation) |
| ४. स्वायत्तता तथा स्वतन्त्रता | (Autonomy & depencience) |
| ५. शिक्षा तालिम तथा सूचना | (Education Training & communication) |
| ६. सहकारीहरु बीच सहयोग | (Cooperation among cooperatives) |
| ७. समुदायप्रति चासो | (Concern to community) |

**च. सहकारी संस्था दर्ता प्रक्रिया** (Registration Procedure) :

समान उद्देश्य र आकांक्षा रही उस्तै आर्थिक सामाजिक स्तर भएका गैर वित्तीय संस्थाको लागि कम्तीमा ३० जना र वित्तीय सहकारी संस्थाको लागि कम्तीमा १०० जना स्थानीय नेपाली नागरिकहरुले आफूले उत्पादन वा उपभोग गर्ने वस्तु वा सेवाको व्यवस्था सामुहिक व्यवसायको माध्यमबाट गर्ने कुरामा सहमत र प्रतिवद्ध सबै जना भेला भई यस सम्बन्धमा बिभिन्न निर्णयहरु लिनु पर्दछ। यस्तो निर्णयको साथै तोकिएको ढाँचामा निवेदन, विनियम र कार्ययोजना सहित नेपाली नागरिकताको प्रमाणपत्र तथा कार्यक्षेत्र भित्र आफू बसोवास गरेको प्रमाणको प्रतिलिपीहरु राखी महानगरपालिकाको कार्यालयमा निवेदन दिएपछि आवश्यक जाँचबुझ भई गैर वित्तीय सहकारी संस्था दर्ता हुन्छ।

छ. **संचालन प्रक्रिया** (Operation Procedure) :
सदस्यहरुको आफ्नै क्षमता अनुरुपको आफै व्यवस्थित गर्न सकिने व्यवसाय गर्नु पर्दछ। आफै मध्येबाट प्रजातान्त्रिक तरीकाले संस्था संचालन गर्न संचालक समिति र संस्था नियमित रुपले संचालन भइराखेको छ, छैन भन्ने जाँच्न लेखा स'परिवेक्षण समिति को चुनाव गरी प्रत्येक सदस्य तथा  पदाधिकारीले समेत संस्था आफ्नै नियन्त्रणमा रहने गरी संचालन गर्न आ–आफूलाई तोकिएको कर्तव्य, दायित्व पुरा गर्नु पर्दछ।

**ज. सहकारी संस्थाले के के गर्नु पर्दछ ?**

- सदस्यहरुमा बचत गर्ने बानी बसाल्नु पर्दछ।
- आयमूलक, उत्पादनमूलक र सामाजिक कामहरुका लागि ऋण दिनु पर्दछ।
- संस्थाको आर्थिक सामाजिक कार्यहरुको प्रगति तथा उपलब्धी बारे आफ्ना सदस्यहरु र सम्बन्धित कार्यालय वा निकायहरुलाई समय समयमा नियमित लेखापरीक्षण, साधारण सभा गराई जानकारी दिनु पर्दछ।
- संस्थाको पूँजी ऋणको रुपमा या कुनै व्यवसायमा लगानी गर्दा सुरक्षित तरीकाबाट गर्नु पर्दछ।
- ऋण लगानीको सदुपयोग भईराखेको छ, छैन बेला बेलामा जानकारी लिई राख्नु पर्दछ।
- संचालक समिति, लेखा सुपरिवेक्षण समिति तथा उप–समितिहरु एवं साधारण सभाहरुको नियमित बैठक बसाली निर्णय लिने गर्नु पर्दछ।

**झ. सहकारी संस्थाले के के गर्नु हुँदैन :**

कार्य क्षेत्र भन्दा बाहिरको र कार्यक्षेत्र भित्र बसोवास गरेको भएपनि राम्रो चरित्र नभएका र सदस्य हुन योग्यता नपुगेका व्यक्तिलाई सदस्य बनाउनु हुँदैन।
सदस्य नबनेका व्यक्ति र कर्मचारीलाई ऋण सापटी र उधारो दिन हुँदैन।
सदस्यहरुको सेवा र सुविधालाई बिक्री नगरी नाफा कमाउने काममा मात्र लाग्न हुँदैन।
सहकारी ऐन, नियम र विनियम बिपरित काम गर्न हुँदैन।
संस्थाको छाप, प्रमाणपत्र, विनियम, माइन्यूट बुक र अरु सबै हिसाव किताबहरु बैंङ्कको चेक र पासबुक तथा अन्य सम्पत्तिहरु नासिने र हराउने किसिमले राख्नु हुदैन।
मिसावट गरेको सामान खरीद गर्न नहुने र तौल भराई नपाईमा घटीबढी पारी लिन दिन हुँदैन।
सामान लुकाउन र कालो बजार गर्न हुँदैन।
आफूसंग भएको सम्झौता उल्लंघन गर्न हुदैन।
कुनै राजनीतिक दल वा धर्म वा सम्प्रदायका लागि काम गर्ने संघ/संस्थालाई चन्दा दिन वा कुनै प्रकारको आर्थिक सहयोग गर्नु हुँदैन।
संस्थालाई कुनै दलको राजनैतिक स्वार्थ अनुरुप चल्ने अखडाको रुपमा प्रयोग गर्नु हुँदैन र सामाजिक मूल्य र मान्यता खलबल्याउने किसिमले सामाजिक आचरण प्रतिकूल हुने काम कारबाही गर्नु हुदैन।

**ञ). सहकारी सदस्य भएपछि के गर्नु हुन्छ ? के के गर्नु पर्दछ ?**

- आफुलाई चाहिने बस्तु वा सेवा पाएसम्म आफ्नै सहकारीबाट लिने,
- संस्थाको चुनावमा मत दिने र आवश्य योग्य सम्झे उम्मेदवार समेत हुने,
- संस्थाका पदाधिकारी छान्दा योग्य र इमान्दार सदस्य मध्येबाट छान्ने,
- आफूले कवोल गरेकै समयमा नियमित बचत गर्ने र  ऋणको साँवाव्याज बुझाउने,
- जुन कामको लागि संस्थाबाट ऋण लिएको हो साही काममा लगाउने,
- साधारण सभामा नियमित रुपले भागलिई छलफल गरी निर्णयमा पुग्ने,
- संस्थाको विनियम र निर्णय मान्ने।

**ट. सहकारी सदस्यले के के गर्नु हुँदैन ?**

- आफु निष्कृय रही अरु (दलाल एजेण्टहरु) मार्फत कारोवार गर्नु हुँदैन।

- जे सेवा पाउन सहकारी खोलिएको हो त्यो सेवा आफ्नो सहकारीबाट पाइएसम्म अन्यत्रबाट नलिने।
- शेयर सदस्य नभईकन बचत तथा ऋणको कारोवार नगर्ने,
- संस्थाको आम्दानीले धान्न नसक्ने गरी खर्च नगर्ने,
- संचालक समितिका सदस्यहरुले संस्था डुवाउने गरी कारोवार संचालन गरेका छन् कि भनि चनखो भई जानकारी लिई रहनु पर्छ निष्कृय हुनु हुँदैन।
- आफू बसोवास गर्ने कार्यक्षेत्र बाहिरको सहकारी संग कारोवार गर्नु हुँदैन।

**ठ. हाल बचत तथा ऋणको काम गरिरहेका सहकारी संस्थाहरूसंग कारोवार गर्दा बिचार पुऱ्याउनु पर्ने कुराहरू :**

- आफुलाई पायक पर्ने संस्थाको शेयर सदस्य भै सदस्यताको प्रमाण–पत्र प्राप्त गरेपछि मात्र बचत गर्ने,
- सस्तो, लोभलाग्दो एवं आकर्षक विज्ञापनमात्रको भर नपरी संस्थाको आर्थिक स्थिति, संचालकहरुको विश्वसनीयता, इमान्दारिता एवं लगानीको बारेमा समेत जानकारी लिने।
- आफूले जम्मा गर्ने वा गरेको बचत रकमको सुरक्षित रुपले लगानी वा खर्च भए गरेको छ, छैन भन्ने कुराहरुमा समेत सजग रहेन।

**ड. दायित्व र जिम्मेवारी संस्था र सदस्यको नै हुने :**

महानगरपालिकाको कार्यालयमा दर्ता गरेपछि मात्र सहकारी संस्थाले  कानूनी अस्तित्व प्राप्त गर्दछ। सहकारी आफैमा एउटा व्यवसाय भएकोले यसको नाफा–नोक्सान, आम्दानी–खर्च जे जति हुन्छ त्यो सबै संस्थाकै हुन्छ। त्यसैले लगानी गर्दा, उद्योग व्यवसाय संचालन गर्दा हुने हरेक काम कारवाहीको दायित्व र जिम्मेवारी सम्बन्धित संस्था, पदाधिकारी र सदस्यहरुकै हुन्छ, अरुको हुँदैन।

सहकारीमा सदस्य भै कारोवार गर्नाका १० फाइदाहरु

(Why you should join Co-operative?)

1. You will be the OWNER. तपाईं मालिक हुनुहुनेछ।
2. You will have opportunity to be in the Community. तपाईंले समुदायमा रहने अवसर प्राप्त गर्नुहुनेछ।
3. You will be able to help your Community. तपाईंले आफ्नो समुदायलाई सहयोग गर्न सक्नु हुनेछ।
4. You will be respected by your Community. तपाईंलाई समुदायले आदर गर्नेछन्।
5. You will develop self-confidence on Development. विकासको बारेमा आत्मविश्वास बढाउनु हुनेछ।
6. You will earn highest interest for your savings. आफ्नो बचतमा अधिकतम व्याज प्राप्त गर्नुहुनेछ।
7. You will have personal attention to your requirements. तपाईंको आवश्यकताहरुको बारेमा व्यक्तिगत चासो राखिएको पाउनु हुनेछ।
8. Your need will be taken care by the Co-operative. तपाईंको आवश्यकता सहकारीले परिपूर्ति गर्नेछ।
9. You will have opportunity to manage your Co-operative. आफ्नो सहकारीको व्यवस्थापन गर्ने मौका पाउनुहुनेछ।
10. You will practise Co-operative Life-style. सहकारी जीवनशैलीको अभ्यास गर्नुहुनेछ।

चितवन जिल्लाका एक वटा महानगरपालिका पाँच वटा नगरपालिका र एक वटा गाउपालीकामा संचालित सहकारी संस्थामध्ये सवै भन्दा बढि अर्थात  ३५४ संस्थाहरु भरतपुर महानगरपालिका रहेका छन्।  जसमध्ये ३६ वटा प्रदेश सरकारको नियमन क्षेत्राधिकारमा रहेका प्रारम्भिक संस्था छन्। यस अतिरिक्त एक जिल्ला सहकारी संघ, सात वटा बिषयगत संघ  महानगरपालिका भित्र रहेका छन्। हाल महानगरपालिकामा १६६ बचत तथा ऋण सहकारी संस्थाहरु संचालनमा छन्। त्यसै गरी दूग्ध उत्पादक सहकारी संस्थाहरु ७४,  कृषि सहकारी संस्थाहरु ४९, बहुमुखी सहकारी संस्थाहरु ३७ र अन्य सहकारी संस्थाहरु २८ वटा छन्।

**सहकारी कारोवार परिचयः**

सहकारी संस्थाहरुको कारोबारतर्फ हेर्दा उत्पादनतर्फ दुग्ध उत्पादक, मह उत्पादक, पशु आहार उत्पादक, जैविक तथा गैर जैविक तरकारी उत्पादन, जैविक विषादि उत्पादन र प्रयोग, तेल उत्पादन, विज बृद्धि कार्यक्रम, माछा उत्पादन, हस्तकलाका सामानहरु उत्पादन जस्ता विभिन्न वस्तु उत्पादनमा संलग्न रहेको पाइएको छ।

आपूर्तिका हिसावले कृषि सामाग्रीहरु (वीउ, रासायनिक मल, कीटनाशक औषधी, स्प्रेयर आदि) दुग्ध पदार्थ आपूर्ति, दाना चोकर आपूर्ति, दैनिक उपभोग्यलाई आवश्यक उपभोक्ता सामाग्रीहरुको आपूर्ति जस्ता सेवा प्रदान गर्दै आएका छन्। सेवाका हिसावले बचत संकलन, ऋण लगानी तथा ऋण असुली, तालीम संचालन, सामाजिक विकासका लागि वातावरण संरक्षण, रक्तदान, बृद्धबृद्धाहरुको सम्मान, प्रतिभावान विद्यार्थीहरुलाई प्रोत्साहन जस्ता कार्यक्रमहरु संचालन गर्दै आएका छन्।

आ.ब.०७६।०७७ को अन्त्य सम्ममा भरतपुर महानगरपालिकामा संचालित विभिन्न सहकारी संस्थाहरुमा कूल शेयर पूँजी रु. ९ अर्ब ४३ करोड ६५ लाख ७६ हजार, बचत निक्षेप ३० अर्ब ४६ करोड ७४ लाख ४५ हजार, ऋण लगानी ३५ अर्ब ४७ करोड ९१ लाख ८० हजार र संस्थागत पुंजी १ अर्ब ९३ करोड २१ लाख ९७ हजार रहेको छ। सहकारी संस्थामा ४ लाख ५२ हजार ३ सय ६६ जना शेयर सदस्यहरू आवद्ध छन्। त्यसै गरी महानगरको सहकारी क्षेत्रले करिव ३ हजार जनशक्तिलाई प्रत्यक्ष रोजगारीको अवसर दिलाएकोछ।

**आ.ब. ०७५/०७६ सम्मानित सहकारी संस्थाहरू र सहकारी अभियन्ताहरुको विवरण**

भरतपुर महानगरपालिकामा संचालित सहकारी संस्थाहरु, संचालक समितिका पदाधिकारीहरु, राम्रो कार्य गर्ने व्यवस्थापकहरु र कर्मचारीहरु, सहकारी तथा रोजगार प्रवर्द्धन शाखाका कर्मचारीहरु तथा सहकारी अभियानलाई विकास गर्न सहयोग गर्ने व्यक्तित्वहरुलाई पुरस्कार तथा प्रशंसा-पत्र दिन सकिने व्यवस्था रहेको छ। यसरी सम्मान प्रदान गर्दा सहकारी संस्थाको हकमा नियमित रुपले प्रगति विवरण कार्यालयमा पठाउने, लेखापरीक्षण गराई प्रतिवेदन पठाउने, वार्षिक साधारणसभा नियमित रुपले सम्पन्न गर्ने, संचालक समितिको बैठक नियमित बस्ने, लेखा सुपरिवेक्षण समितिले नियमित हिसाव जाँच गरी संचालक समितिमा पेश गर्ने व्यवसायिक कारोवार संचालन गर्ने उदाहरणीय कार्य गर्ने, कार्यालयसंग निरन्तर सम्पर्क स्थापित गर्ने संस्थाकै लगानीमा सदस्य शिक्षा संचालन गर्ने जस्ता आधारहरु तोकी त्यसैको आधारेवाट छनौट गरिएको थियो।

**सम्मान पाउनेको विवरण**

| क्र.सं. | पुरस्कार तथा सम्मान पाउने | सम्मान |
|---|---|---|
| १ | सहकारी संस्थातर्फ<br>१ श्री सर्वशक्ति बचत तथा ऋण सहकारी संस्था लिमिटेड, भ.म.न.पा.-२<br>२ श्री अमरदिप महिला उत्थान बचत तथा ऋण सहकारी संस्था लिमिटेड, भ.म.न.पा.-२<br>३ श्री लोककल्याणकारी बचत तथा ऋण सहकारी संस्था लिमिटेड, भ.म.न.पा.-४<br>४ श्री अन्नपुर्ण दुग्ध उत्पादक सहकारी संस्था लिमिटेड, भ.म.न.पा.-६<br>५ श्री चित्रवन बचत तथा ऋण सहकारी संस्था लिमिटेड, भ.म.न.पा.-७<br>६ श्री भरतपुर बचत तथा ऋण सहकारी संस्था लिमिटेड, भ.म.न.पा.-१२<br>७ श्री जनज्योति महिला बचत तथा ऋण सहकारी संस्था लिमिटेड, भ.म.न.पा.-१४<br>८ श्री शिवनगर गरिविनिवारण सानाकिसान कृषि सहकारी संस्था लिमिटेड, भ.म.न.पा.-१४<br>९ श्री पञ्चज्योति महिला बचत तथा ऋण सहकारी संस्था लिमिटेड, भ.म.न.पा.-२१<br>१० श्री कालिका कृषि सहकारी संस्था लिमिटेड, भ.म.न.पा.- २४<br>११ श्री शिवालय महिला बचत तथा ऋण सहकारी संस्था लिमिटेड, भ.म.न.पा.-२७<br>१२ श्री लौखरी कृषि सहकारी संस्था लिमिटेड, भ.म.न.पा.-२८<br>१३ श्री सफल सामाजिक उद्यमी महिला सहकारी संस्था लिमिटेड, भ.म.न.पा.-२९ | प्रशंसा-पत्र |

| | | | |
|---|---|---|---|
| २ | २०७५/१२/२० गते प्रभातफेरी प्रस्तुतीतर्फ<br>१ श्री अमरदिप महिला उत्थान बचत तथा ऋण सहकारी संस्था लिमिटेड, भ.म.न.पा.-२ | | प्रशंसा-पत्र |
| ३ | सहकारीकर्मी तर्फ<br>१) श्री शान्ति अधिकारी —सञ्चालक सदस्य, नेफ्सकुन<br>२) श्री भागिरथ तिमल्सेना —सञ्चालक सदस्य, केन्द्रिय दुग्ध उत्पदक सहकारी संघ लिमिटेड<br>३) श्री टिकाराम भट्टराई —अध्यक्ष, जिल्ला सहकारी संघ लि., चितवन<br>४) श्री नवराज सापकोटा —पूर्व सञ्चालक सदस्य, नेफ्सकुन<br>५) श्री सोमराज खनिया—पूर्व अध्यक्ष, चितवन जिल्ला बचत तथा ऋण सहकारी संघ लि.<br>६) श्री धनप्रसाद श्रेष्ठ —पूर्व अध्यक्ष, चितवन जिल्ला बचत तथा ऋण सहकारी संघ लि.<br>७) श्री तेजेन्द्रबहादुर खड्का—पूर्व अध्यक्ष, चितवन जिल्ला बचत तथा ऋण सहकारी संघ लि. | | प्रशंसा-पत्र र दोसल्ला |

**आ.व. २०७५/०७६ मा भरतपुर महानगरपालिका, नगर कार्यपालिकाको कार्यालय, सहकारी तथा रोजगार प्रवर्द्धन शाखाबाट सञ्चालित तालिम तथा अन्तरक्रिया कार्यक्रमहरू**

| क्र.सं. | तालिम तथा अन्तरक्रिया कार्यक्रमको नाम | संख्या | सहभागी संख्या | | |
|---|---|---|---|---|---|
| | | | महिला | पुरुष | जम्मा |
| १ | सहभागितात्मक आधारभूत सहकारी व्यवस्थापन तालिम | १ | १८ | १२ | ३० |
| २ | सहभागितात्मक आधारभूत सहकारी लेखापालन तालिम | १ | १८ | १२ | ३० |
| ३ | सहकारी सचेतना तालिम | ५ | ७५ | ५० | १२५ |
| ४ | सहकारीमा आन्तरिक नियन्त्रण प्रणाली सम्बन्धी अन्तरक्रिया | ८ | ३५८ | २१० | ५६८ |
| ५ | प्रभावकारी सहकारी व्यवस्थापनको लागि सहकारिकर्मिहरू बीच अन्तरक्रिया | ३ | ६१ | १४९ | २१० |
| | जम्मा | १८ | ५३० | ४३३ | ९६३ |

**स्थानीय तहमा हस्तान्तरण भए पश्चात आ.व. २०७६/०७७ को आषाढ मसान्त सम्मको सहकारी संस्था एकीकरण**

| क्र.सं. | सहकारी संस्था | एकीकृत संस्था | एकीकरण मिति | निर्णय गर्ने निकाय |
|---|---|---|---|---|
| १ | स्याउली बजार साकोस, भरतपुर- १०<br>गतिशील साकोस, भरतपुर- १० | एकीकृत चितवन साकोस, भरतपुर-१० | २०७६/३/११ | सहकारी बिभाग |
| २ | लोककल्याणकारी साकोस<br>स्वास्थ महिला साकोस | लोककल्याणकारी साकोस, भरतपुर-४ | २०७६/४/१९ | भरतपुर महानगरपालिका |
| ३ | भरतपुर साकोस, भरतपुर- १२<br>नौरंगे साकोस, भरतपुर- १२ | भरतपुर साकोस, भरतपुर-१२ | २०७६/४/१९ | भरतपुर महानगरपालिका |
| ४ | समझदारी साकोस, भरतपुर-११<br>आविष्कार साकोस, भरतपुर- ११ | समझदारी साकोस, भरतपुर-११ | २०७६/६/१७ | भरतपुर महानगरपालिका |
| ५ | किसान साकोस, नवलपुर<br>समद्धी बहु. स.संस्था लि., भरतपुर-११ | किसान साकोस, नवलपुर | २०७६/७/५ | सहकारी बिभाग |
| ६ | किसान साकोस, नवलपुर<br>सप्तरंगी साकोस, भरतपुर-१० | किसान साकोस, नवलपुर | २०७६/८/११ | सहकारी बिभाग |

| | | | | |
|---|---|---|---|---|
| ७ | दीपज्योति साकोस, भरतपुर-११<br>गौरवमय साकोस, भरतपुर-११<br>अभिवृद्धि साकोस, भरतपुर-१० | दीपज्योति अभिवृद्धि साकोस, भरतपुर-११ | २०७६/९/९ | सहकारी बिभाग |
| ८ | बिकु साकोस, नवलपुर<br>दियालो साकोस, भरतपुर-१ | बिकु साकोस, नवलपुर | २०७६/९/१० | सहकारी बिभाग |
| ९ | मालिका साकोस, भरतपुर-१०<br>चिनारी साकोस, भरतपुर-०९ | एकीकृत सामुदायिक साकोस, भरतपुर-१० | २०७६/९/२१ | सहकारी बिभाग |
| १० | समझदारी साकोस, भरतपुर- ११<br>भोजाड साकोस, भरतपुर- ११ | समझदारी भोजाड साकोस, भरतपुर-११ | २०७६/९/२३ | भरतपुर महानगरपालिका |
| ११ | भरतपुर साकोस, भरतपुर–१२<br>जनसेवा साकोस, भरतपुर-१० | भरतपुर जनसेवा साकोस, भरतपुर–१२ | २०७७/२/२२ | भरतपुर महानगरपालिका |

आ.व. २०७६/०७७ को आषाढ मसान्तसम्म रुपान्तरण(विषय परिवर्तन) भएका सहकारी संस्थाहरू

| क्र.सं. | संस्थाको नाम र ठेगाना | साविकको विषय | रुपान्तरण भएको विषय | निर्णय मिति |
|---|---|---|---|---|
| १ | श्री केन्द्रदिप कृषि सहकारी संस्था लि., भरतपुर-१८, चितवन | कारोवार बचत मात्र गरेको उत्पादक (कृषि) | वित्तीय (बचत तथा ऋण) | मिति २०७७/०२/०५ |
| २ | श्री महानगर कृषि सहकारी संस्था लि., भरतपुर-०१, चितवन | कारोवार बचत मात्र गरेको उत्पादक (कृषि) | वित्तीय (बचत तथा ऋण) | मिति २०७७/०२/०५ |
| ३ | श्री आयुष महिला विकास बचत तथा ऋण सहकारी संस्था लि., भरतपुर-२३, चितवन | वित्तीय (बचत तथा ऋण) | उत्पादक (कृषि) | मिति २०७७/०२/०५ |
| ४ | श्री नव चन्द्रमा उपभोक्ता सहकारी संस्था लि. भरतपुर-५, चितवन | उपभोक्ता | उत्पादक (कृषि) | मिति २०७७/०२/०५ |
| ५ | श्री अमृत महिला बचत तथा ऋण सहकारी संस्था लि. भरतपुर-२५, चितवन | वित्तीय (बचत तथा ऋण) | उत्पादक (कृषि) | मिति २०७७/०२/२५ |

# सहकारी प्रर्वद्धनमा युवाको भूमिका

**डा. टोकराज पाण्डे**
रजिष्ट्रार, सहकारी विभाग

सहकार्यका लागि हुने समझदारी सहकारी हो । यसलाई सहकार्य, समझदारी र सहयोग जुनसुकै शव्दवाट संवोधन गर्दा पनि हुन्छ। समुदायको साझा हितका लागि सदस्यहरुको साझा सम्झौताको योग नै सहकारी हो । यो सदस्यको स्वाबलम्वन र पारस्पारिकताको जगमा अडेको हुन्छ । एक अर्काबीचको सहकार्यलाई समेत सहकारीता भनेर वुझिन्छ । संसारमै पहिलो पटक सहकारीको अवधारणा १८४४ मा बेलायतवाट आएको हो। नेपालमा सहकारीको विकास २०१३ सालमा वखान ऋण सहकारी संस्था चितवनमा स्थापना भएपछि शुरु भएको हो। सहकारी विभागको तथ्यांक अनुसार नेपालमा ३४ हजार ५ सय १२ सहकारी संस्था दर्ता भएका छन। संघीयताको कार्यान्वयनसंगै मुलुकमा ३ सय २५ सहकारी स्थानीय तहवाट दर्ता भइ संचालनमा समेत थपिएका छन। सहकारी ऐन २०७४ तथा सहकारी नियमावली २०७५ अनुसार मुलुकमा सहकारी प्रशासनमा संघ, प्रदेश र स्थानीय तह गरी ७ सय ६१ वटा सरकार क्रियाशिल रहेका छन।

**आर्थिक विकासमा सहकारी क्षेत्रको भूमिका**

नेपालको संविधानले अर्थतन्त्रको खम्वाका रुपमा सार्वजनिक, निजी र सहकारी क्षेत्रलाई उल्लेख गरेको छ। संविधानको धारा ५१ को राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरुमा सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता र स्वतन्त्र विकास मार्फत राष्ट्रिय अर्थतन्त्र सुदृढ गर्ने सपष्ट गरिएको छ । अर्थतन्त्रमा निजी क्षेत्रको भूमिकालाई महत्व दिदै उपलब्ध साधन र स्रोतको अधिकतम परिचालन गरी आर्थिक समृद्धि हासिल गर्ने र सो का लागि सहकारी क्षेत्रलाई प्रवर्धन गर्दै राष्ट्रिय विकासमा अत्यधिक परिचालन गर्ने कुरालाई संविधानले जोड दिएको छ। सहकारीले विशेषत समुदायको आर्थिक, सामाजिक र सास्कृतिक उन्नयन गर्न भर मग्दुर प्रयास गर्दछ। सहकारीले आर्थिक वृछिका लागि समुदायमा छरिएको बचत शंकलन गर्न,सदस्यहरुवाट संकलित बचत सदस्यकै हितका लागि परिचालन गर्न एवं मुलुकमा लगानीको वातावरण निर्माण गर्न समेत उल्लेख्य योगदान पुऱ्याउदछ।

राजनैतिक स्थायीत्वले मात्र समृद्धि हासिल नहुने भएकाले आर्थिक विकास र वृद्धि त्यसकालागि प्रमुख सर्त हुन। यसको लागि आवस्यक पर्ने लगानी प्रर्वद्धन गर्न एवं नागरिकलाई रोजगारीका अवसरहरु सिर्जना गर्न समेत सहकारी कृयाशिल हुन्छ। समुदायको सशक्तीकरण गर्न र सामुहिक भावनाको जागरण गराउन समेत सहकारीहरु माध्यम वन्दछन। मुलुकको आर्थिक वृद्धि र विकास हासिल गर्न आर्थिक सामाजिक रुपान्तरण गर्न तथा आर्थिक असमानता हटाई सामाजिक न्याय कायम गर्न सहकारी सहयोगी हुने कुरामा कसैको दुईमत हुन सक्दैन।

समुदायको श्रोतमा पंहुच सुनिश्चित गर्न र स्वरोजगारको सिर्जना गर्न सहकारीलाई नेपाल सरकारलेपनि उपयोग गर्दै आएको छ। नेपाल जस्तो कृषि प्रधान मुलुककालागि कृषिमा आधुनिकिकरण व्यवसायीकरण र विविधिकरण गर्न समेत यसको महत्वपूर्ण हात रहन्छ।

सहकारीकै माध्यमवाट नेतृत्व र सिप विकास गर्न एवं चेतना अभिवृद्धि गर्न सकन्छि। निमुखालाई आवाज दिने काम सहकारीवाट भएको पाइन्छ।

वढ्दै गएको प्रतिभा पलयान रोक्न एवं समुदायको सामूहिक हीत विकास गर्न समेत सहकारी माध्यम वन्दछ। सह अस्तित्व र सेवा भावको प्रर्वद्धन गर्ने सहकारीको प्रमुख काम हो । आयात प्रतिष्थापन तथा निर्यात प्रर्वद्धन गरी व्यापार घाटा कम गर्न समेत सहकारी सहायक हुन्छ। जसले सहकारीलाई उत्पादनसंग प्रत्यक्ष जोडी व्यापार घाटा कमगर्न सहज हुन्छ।

**सहकारीमा युवा संलग्नता**

सहकारी क्षेत्रमा ६० हजार मानिस प्रत्यक्ष रोजगारीमा संलग्न छन। यही क्षेत्रवाट प्रत्यक्ष रुपमा झन्डै दश हजार मानिस लाभान्वित छन भने। अप्रत्यक्ष रुपमा अरु लाखौ मानिसकहरु लाभान्वित भएका छन। यस क्षेत्रमा युवा सहभागीता उत्साह जनक छ। संचालक

तहमा करिव ६० प्रतिशत युवा सक्रिय छन । यसैगरी व्यवस्थापनको क्षेत्रमा ८० प्रतिशत युवाको सहभागीता छ। कर्मचारीका रुपमा युवा जनशक्तीको  हस्तक्षेपकारी भूमिका रहेकालेपनि यस क्षेत्रले परिवर्तनको आभाष दिलाएको छ।

५० माथिको जनशक्ती नीति निर्देशन तहमा रहेको छ। जसले गर्दा युवालै जोखिम मोल्ने, परिवर्तनलाई संस्थागत गर्ने र सहकारी सुशासन कायम गर्न मद्दत मिलेको आभभाष हुन्छ। जनसांख्यीक वितरणका आधारमा हाल मुलुक जनसांख्यीक लाभ लिने चरणमा छ। आर्कि समृद्धिका अन्य क्षेत्रमा युवाले जे जस्तो भूमिका पाएपनि सहकारी क्षेत्रमा भने युवाले महत्वपूर्ण भूमिका पाएकालेपनि सहकारी अर्थतन्त्रका तीन खम्वा मध्ये महत्वपूर्ण खम्वाको रुपमा अगाडी वढेको छ। युवा पहल र प्रयासका कारण कुल ग्राहस्थ उत्पादनमा झन्डै ४ प्रतिशत योगदान पुर्याएको सहकारी क्षेत्रले वित्तिय सेवामा २० प्रतिशत जनसंख्याको पंहुच  वढाएको छ।

**युवा संलग्नताका उपलव्धी**

संघ, प्रदेश र स्थानीय तहमा दर्ता र संचालनमा रहेका सहकारी संस्थाले मुलुकको आर्थिक विकास र वित्तिय पंहुच विकासमा उल्लेख्य योगदान पुर्याएका छन । मुलुकभर सहकारी संस्थाका झन्डै ६३ लाख शेयर सदस्य रहेका छन र यो वढ्ने क्रम जारी छ। शेयर सदस्य मध्ये पुरुषको तुलनामा महिलाको संख्या वढि छ। जसले निर्णायक तहमा महिलाको उपस्थिति र वित्तिय स्रोतमा पंहुच वढाउने देखिन्छ।

यद्यपि निर्णायक तहमा भने पुरुष ६० प्रतिशत र मलिा ४० प्रतिशत मात्रै हुनुले पुरषको हैकमवादी सोचले महत्व पाउने देखिन्छ। यस्तो अवस्थाका बीच महिला सहभागीता वढ्दै जानुले आगामी दिनमा निर्णायक तहमा महिलाको उपस्थिति वढ्ने कुरामा ढुक्क हुन सकिन्छ।

युवा महिला सहभागीता वढाउदा अझ यसले अपेक्षीत नतिजा वढाउने कुरामा दुई मत हुन सक्दैन। संचालक समितिमा सम्रग युवा सहभागीता वढाउनु र महिलाको अनुपात विस्तार गर्नु आजको आवस्यकता हो। युवा संलग्नतावाट छिटो निर्णय हुने, मोलाहिजा र अनियमितता नियन्त्रण हुने एवं सहकारी सुशासनमा वल पुग्ने हुन्छ।

युवाको हस्तक्षेपकारी भूमिकाले वचत र लगानीको सुरक्षा हुने, उत्पादनशिल क्षेत्रमा सहकारीलाई जोड्न पाइने हुन्छ। समस्याग्रस्त सहकारीको संख्या वढ्दै जानु यस क्षेत्रकैलागि नराम्रो सूचक हो। साको अन्त्य गर्दै सहकारीलाई नागरिक मैत्री, सेवा मैत्री वनाई आर्थीक सामाजिक रुपान्तरण र गरिबी निवारण गर्न पनि युवाको अपरिहार्य भूमिका रहन्छ।

वहुस्तरीय शासनको अवधारणा अनुसार संयुक्त राष्टसंघले २०३० मा पुरा हुने गरी तय गरेको १७ वटा दिगो विकासका लक्ष्यहरु हासिल गर्नपनि सहकारीको महत्वपूर्ण भूमिका रहन्छ। नेपालले समेत आन्तरिकीकरण गरेका त्यस्ता विषयहरुवाट लाभ हासिल गर्न युवाको सहकारी क्षेत्रमा अपरिहार्य भूमिका रहन्छ। हाल चुनौतिको रुपमा देखा परेका यी विषयहरु भविष्यमा उपलव्धीको रुपमा अघी वढ्ने छन।

**निष्कर्षमा,**

सहकार्यको माध्यमवाट एक अर्कामा संगठित भई सदस्यको हित प्रर्वद्धन गर्ने कार्यलाई सहकारी भनिन्छ। नेपालको संविधानले मार्गदर्शन गरेको ३ खम्वे नीतिको एक खम्वा सहकारीको प्रर्वद्धन गर्दै आर्थिक सामाजिक रुपान्तरण र गरीबी निवारण गर्नु आजको आवस्यकता हो। सहकारी कारोवारको वृद्धिमा भन्दा शेयर सदस्यको हित अभिवृद्धिमा लाग्नु पर्दछ। त्यसकालागि युवा र शिक्षित जनशक्तीको यस क्षेत्रमा खांचो रहेको छ। सहकारीको माध्यमवाट रोजगारी सिर्जना, गरिवी निवारण र मुलुकको अग्रगामी रुपान्तरण संभव हुने भएकाले यस विषयमा ध्यान दिनु आजको प्रमुख आवस्यकता हो।

# दक्षिण कोरियाको नयाँ गाउँ अभियान: सेमौल उन्दोंग (Saemaul Undong)

■ **प्रद्युम्नप्रसाद उपाध्याय**
उपसचिव
भरतपुर महानगरपालिका

दक्षिण कोरियामा १९७० तिर प्रयोगमा आएको सेमौल उन्दोंग अर्थात् नयाँ गाउँ अभियान समुदायलाई परिचालित गरी गाउँहरुको तीव्र विकास गर्ने मोडेल हो। कोरियाको दीर्घकालीन विकासको एक महत्वपूर्ण मेरुदण्डका रूपमा यो कार्यक्रम अघि सारिएको थियो र अझैपनि यसको महत्व कायम छ। यो नै त्यहाँको पहिलो गाउँ समुदाय केन्द्रित अभियान थियो। यस अभियानलाई कोरियाको सरकारले नै प्रत्यक्ष सहयोग गरी अघि बढाएको थियो। कोरियाका तत्कालीन राष्ट्रपति पार्क चुंग हीले पुसान सहरमा एक भाषण गर्दै प्रान्तीय सरकारका प्रमुखहरुलाई यस अवधारणाबारे पहिलो पटक भनेका थिए। यसले तीनप्रकारका  सेमौल गुणहरु समेट्छ: १) लगनशीलता (diligence), २) स्व-सहयोग (self-help), ३) सहकार्य (co-operation)।

यस अभियानको मुख्य उद्देश्य भनेको त्यतिबेलाको ग्रामीण कोरियालाई गरीबीबाट मुक्ति गराउनु थियो। १९७० को प्रारम्भमा ३३,२६७ वटा "मौल" अर्थात् परम्परागत गाउँहरु यसमा सामेल भए र लोकतान्त्रिक तरिकाले निर्वाचनद्वारा महिला र पुरुष नेतृत्वको चयन भयो।

यस अभियानबाट प्रत्यक्ष देखिएका सफलताहरुमा ग्रामीण पूर्वाधारहरुको पुनर्स्थापना भएको, ग्रामीण जीवनको सम्पूर्ण पक्षहरुमा धेरै सुधार भएको र घरपरिवारको आम्दानीमा उल्लेख्य सुधार भएको रहेका छन्। सेमौल उन्दोंग अभियानको कार्यान्वयन तीन चरणमा गरिएको थियो: १) पहिलोले आधारभूत पूर्वाधारतर्फ ध्यान दियो, २) दोस्रो चरणमा विकासलाई ध्यान दिईयो र ३) तेस्रो चरणमा यस अभियानबाट प्राप्त उपलब्धिहरुलाई सबैतिर फैलाउने र प्रचार गर्ने गरी धेरैभन्दा धेरै जनसंख्या समेट्न खोजिएको थियो।

अभियान अन्तर्गत भएको प्रयासस्वरूप कृषि उत्पादन पूर्वाधारको विकास र उच्च प्रतिफल दिने हाईब्रीड धानले गर्दा ग्रामीण घरपरिवारको आय ह्वात्त बढेर सहरी घरपरिवारको दाँजोमा पुग्न अभियानको पहिलो चरणमै सफलता प्राप्त भयो। दोस्रो चरणमा आइपुग्दा ग्रामीण घरहरुको रुप फेरिन थाल्यो। अब टिनका छाना, टायल र स्लेट छाना लाग्न थाले, विद्युतीकरण भयो र गाउँस्तरमा संचार प्रविधि विस्तार भयो। १९७० को अन्त्यसम्म आइपुग्दा, ग्रामीण क्षेत्रको खाद्यान्न संकट पनि हटेर गयो।

सेमौल उन्दोंग अभियानले ल्याएको सबैभन्दा महत्वपूर्ण परिवर्तन भनेको बाहिरी विकास भन्दा पनि मानिसको आन्तरिक विकास नै रह्यो। मानिसको सोचमा परिवर्तन ल्याउन यो अभियान सफल भयो। यसले एक "हामी गर्न सक्छौं।" भन्ने राष्ट्रिय विश्वास र भावना पैदा गर्यो र कोरियाली जनतामा रहेको "हारेको मानसिकता" र "केही गर्न सकिन्न" भन्ने सोचलाई हटाएर "हामीले मिलेर जे पनि गर्न सक्छौं" भन्ने भावना जागृत गर्यो। यसले दक्षिण कोरियाली नागरिकमा एक नयाँ आशाको संचार गर्यो, उन्नत जीवन जिउन र समुदाय तहमा स्वयंसेवी कार्य गर्न उत्प्रेरित गर्यो।

समुदायमा आधारित नेटवर्किंग, सेमौलका ग्रामीण फोरम तथा ग्रामीण बैठकहरुद्वारा यस अभियानमा सामाजिक पूँजी स्थापित हुन पुग्यो र १९७२ देखि १९८० सम्ममा ३७,००० सामुदायिक भवनहरु निर्माण भए र प्रति समुदायमा एक सामुदायिक भवन बन्यो। त्यस्तै, निर्णय निर्माणमा पनि सामुदायिक संस्थाहरु थप प्रभावकारी र क्रियाशील हुन पुगे। पुरानो पुरुषप्रधान सोचमा परिवर्तन गर्दै नारीहरुको नेतृत्वमा पहुँच यस अभियानले सुनिश्चित गर्न सफल भयो। महिलाहरुले सेमौल अभियानमा प्रारम्भ गरिएका फेक्टरीहरुमा रोजगारी प्राप्त गरी थप आय आर्जन गर्न थाले।

यो अभियानलाई थप ऊर्जा दिने कार्य स्वयम् राष्ट्रपति पार्क चुंग हीले गरे। समुदाय आधारित विकासलाई प्रेरित गरी आफ्नो शक्ति बढाउने कार्यलाई तत्कालीन कर्मचारीतन्त्रले पनि राम्रो साथ दियो।

यो अभियानमा धेरै मानिसको सहभागिता सुनिश्चित हुनुमा एक पक्ष सेमौलको शिक्षा पनि थियो। अभियानको तेस्रो चरणमा

ग्रामीण तहका सेमौलका नेतालाई तालिमदेखि स्थानीय तहका कर्मचारीहरु, शहरी नागरिक, उच्च तहका प्रशासक, ठूला व्यवसायीहरु, उद्योगपतिहरु, विश्वविद्यालयका प्राध्यापकहरु, विद्यार्थी नेताहरु वकिल तथा चिकित्सकहरुमा सेमौलबारे राम्ररी ज्ञान, सूचना तथा संचार प्रवाह गरियो। अभियानका सफल कथाहरुको राज्य नियन्त्रित मीडियाबाट राम्रो प्रचार प्रसार भयो।

अभियानमा संचालित परियोजनाहरुलाई तिनमा गरिएको स्रोत परिचालन र वित्त व्यवस्थाले सफल बनाउन मद्दत गरे। अभियानका लागि प्राप्त हुने स्रोतको ठूलो हिस्सा समुदायकै लगानी, स्थानीय जनताको सहभागिता तथा ऋण हुने गर्थ्यो। यी स्रोत जोड्दा केन्द्रीय तथा स्थानीय सरकारबाट प्राप्त हुने सीधा अनुदान रकमभन्दा बढी हुने गरेको थियो।

समग्रमा, यस अभियानले ग्रामीण आय वृद्धि गरी गरीबी घटाउन प्रभावकारी भूमिका खेल्यो, कृषि यन्त्रको प्रयोग बढायो, विद्युतीकरण, गुणस्तरीय घर तथा स्वास्थ्य सेवा जस्ता आधुनिक पूर्वाधार र सेवा विस्तार भए, समुदायको सशक्तिकरण भयो, नेतृत्वको विकास भयो र महिलाहरुको उन्नतिमा सार्थक कार्य भए। दक्षिण कोरियामा यस अभियानले प्राप्त गरेको सफलतालाई नेपालजस्तो समाजमा पनि लगनशीलता, स्व-सहयोग र सहकार्यमार्फत अगाडि बढाउन सकिन्छ। अहिले नेपालको संविधानले प्रत्याभूत गरेको समावेशिताले नेपाली महिला वर्गलाई नेतृत्व र प्रतिनिधित्व सुनिश्चित गरेकोले यो विषय थप सान्दर्भिक भएको छ। नेपालमा फैलिएको बचत तथा ऋण सहकारी संस्थाहरुको व्यापकताले हाल साना बचत जम्मा गरी साना निजी स्रोतको उपयोग गरी आयस्तर वृद्धि गर्ने वातावरण बनेको अवस्था छ। त्यस्तै, हाम्रा सामाजिक मूल्य र मान्यताले पनि समुदाय परिचालनलाई सहज बनाउने गर्छन्।

समुदायमा आधारित परियोजनाहरुमा राज्यको प्रत्यक्ष नियन्त्रणले भने यिनको फैलावटमा नकारात्मक असर पर्ने गर्छ। तसर्थ, यसतर्फ संघीय र प्रादेशिक सरकारले विशेष ध्यान दिनुपर्ने हुन्छ। त्यस्तै, सामुदायिक परियोजनाहरुले गरेका कार्यहरुको अनुगमनको कार्यलाई पनि सरकारी संयन्त्रले गर्ने विषयलाई नियन्त्रित गरिनुपर्छ किनभने यसले स्थानीय समुदायको सशक्तिकरणमा व्यवधान सिर्जना गर्छ। दह्रो समुदाय विकासका लागि राष्ट्रियस्तरको नेतृत्वको पूर्ण समर्थन पनि उत्तिकै आवश्यक रहन्छ। समुदायले संचालन गरेका परियोजनाहरुको नेतृत्वका गतिविधिबारे बुझ्न विशेष परीक्षण भने आवश्यक रहन्छ।

Twitter: @pradyumna7

■

## दोहोरो सदस्यता लिएका सहकारी संस्थाका सदस्यहरूलाई भरतपुर महानगरपालिका, नगर कार्यपालिकाको कार्यालय, सहकारी तथा रोजगार प्रवर्द्धन शाखाको सूचना

सहकारी ऐन, २०७४ को दफा ३२ को उपदफा (१) मा कुनै व्यक्ति एक स्थानीय तहको एकै प्रकृतिका एकभन्दा बढी संस्थाको सदस्य हुन नपाउने र ऐन प्रारम्भ हुनुअघि त्यसरी एकभन्दा बढी संस्थाको सदस्य रहेको भए तीन वर्षभित्र कुनै एक संस्थाको मात्र सदस्यता कायम राख्नुपर्ने व्यवस्था भएको बेहोरा विदितै छ।

सहकारी ऐन, २०७४ मिति २०७४ साल कात्तिक १ गतेदेखि जारी भएकाले कसैले एकै स्थानीय तहभित्र कार्यसञ्चालन गरिरहेका एकै प्रकृतिका एकभन्दा बढी सहकारी संस्थाहरूको सदस्यता लिनुभएको भए २०७७ साल असोज मसान्तभित्रै आफूले छनौट गरेको कुनै एकमात्र सहकारी संस्थाको सदस्यता कायम राखी अन्य सहकारी संस्था वा संस्थाहरूको सदस्यता अन्त्य गर्नुहुन अनुरोध छ। सहकारी संस्थाहरूले पनि आफ्ना सदस्यहरूलाई अवगत गराएर तदनुसार गर्ने, गराउने व्यवस्था मिलाउनु हुन सूचित गरिन्छ। अन्यथा कानुनबमोजिम कारबाई गरिने बेहोरासमेत जानकारी गराइन्छ।

# सहकारी संस्थामा कोष व्यवस्थापन

■ **उपेन्द्रबहादुर ढुंगाना**
प्राचार्य
सहकारी प्रशिक्षण तथा अनुसन्धान केन्द्र

१. **परिचय**

व्यवसाय सञ्चालनको लागि वित्तिय श्रोतको अधिक महत्व रहन्छ । सहकारी संस्था सञ्चालनका लागि कुन कुन श्रोतबाट रकम प्राप्त हुन्छ ? प्राप्त रकमहरुलाई संस्थाले के कस्ता कार्यहरुमा परिचालन गर्दछ ? रकम परिचालनबाट संस्थाले वार्षिक रुपमा गरेको आम्दानीलाई कसरी र कुन प्रयोजनका लागि खर्च गर्नुपर्दछ भन्ने सम्बन्धमा गरिएको व्यवस्थालाई सहकारी कोष व्यवस्थापन भनिन्छ। प्रस्तूत लेखमा सहकारी ऐन २०७४ र सहकारी नियमावली २०७५ मा भएको सहकारी संस्था ( सहकारी संस्था, सहकारी संघ तथा सहकारी बैंक समेत) का  कोषहरुको आबश्यकता, त्यसको महत्व र उपयोगको विधि  सन्दर्भमा चर्चा गरिन्छ।

२. **सहकारीमा कोष व्यवस्थापनः**

सहकारी नाफालाई गौण तथा सहज, सस्तो र गुणस्तरीय सेवालाई प्राथमिकता दिने व्यवसाय हो । नाफा व्यापारीहरु (Investors) ले खोज्दछन्, सहकारी सदस्यहरुको नियन्त्रणमा सदस्य हितमा काम गर्ने आर्थिक सामाजिक स्वरुपको व्यवसाय भएकाले सदस्यहरुले व्यवसाय धान्न पुग्नेगरी सेवाको मूल्य स्वयं निर्धारण गर्दछन्। सेवा विक्रीबाट प्राप्त आयलाई कानून अनुसारको संस्थागत दायित्वहरु चुक्ता गरी बांकी रहने रकम उवार (Surplus), जसलाई शुद्ध बचत पनि भनिन्छ, लाई विद्यमान कानून तथा संस्थाको विनियम अनुसार सदस्यहरुलाई प्रतिफल वितरण गर्न तथा संस्थाको संरक्षण र विकासका लागि विभिन्न कोषहरुमा बाँडफाँड गरी कोषहरुको उदेश्य अनुसार खर्च गर्दछन् ।

सहकारी ऐन २०७४ को दफा (६७) अनुसार सहकारी संस्थाहरुले संस्थामा प्राप्त हुने देहायअनुसारको रकम एक कोषखडा गरी जम्मा गर्नुपर्दछ।

(क) आफ्ना सदस्यहरुलाई शेयर विक्रीबाट प्राप्त गरेको रकम,
(ख) सदस्यहरुबाट बचतको रुपमा प्राप्त गरेको रकम,
(ग) संस्थाले व्यक्ति वा निकायहरुबाट ऋणको रुपमा प्राप्त गरेको रकम,
(घ) नेपाल सरकारबाट अनुदानको रुपमा प्राप्त रकम,
(ङ) बिदेशी सरकार वा अन्तर्राष्ट्रिय संघसंस्थाहरुबाट प्राप्त गरेको अनुदान वा सहायताको रकम,
(च) व्यावसायिक कार्यबाट आर्जन गरेको  रकम,
(छ) सदस्यता प्रबेश शुल्क वापत प्राप्त गरेको रकम

**कोष परिचालन**

संस्थामा प्राप्त माथि उल्लेखित रकम  आफ्नो कार्यालय सञ्चालन, व्यवस्थापन तथा व्यवसाय सञ्चालन सम्बन्धी कार्य लागि खर्च गर्दछन्। संस्थाले गरेको कारोबारको लेखा दोहोरो लेखा प्रणालीमा आधारित र कारोबारको यथार्थ स्थिति स्पष्ट देखिने गरी तोकिएको लेखामानबमोजिम राख्नुपर्दछ।  संस्थाले आफ्नो व्यवसाय सञ्चालन गर्दा गरेको  कूल आम्दानी बाट खर्चगरी खुद बचत कायम रह्यो भने उक्त बचतलाई देहायका कोषहरुमा बाँडफाँड गरी ती कोषको उदेश्य अनुसारको कार्यमा खर्चगर्नु पर्दछ।

| सि.नं | कोषको नाम | प्रयोजन |
|---|---|---|
| १ | जगेडा कोष | संस्थागत विकास तथा उन्नयन |
| २ | सहकारी प्रवर्धन कोष | सहकारी क्षेत्रको विकास तथा प्रवर्द्धन |
| ३. | संरक्षित पूँजी फिर्ता कोष | सदस्य कारोवारको अनुपातमा प्रतिफल वितरण। |
| ४. | शेयर लाभांश कोष | सदस्य शेयरको क्षतिपूर्ति उपलब्ध गराउन। |

| | | |
|---|---|---|
| ५. | सहकारी शिक्षा कोष | सहकारी शिक्षा मार्फत सहकारीको प्रवर्द्धन गर्न। |
| ६. | कर्मचारी बोनस कोष | कर्मचारीलाई काममा अभिप्रेरित गर्न। |
| ७. | घाटापूर्ति कोष | व्यवसायिक कारोबारबाट हुने घाटाको पूर्ति गर्न। |
| ८. | स्थिरीकरण कोष | संस्थालाई वित्तिय संकटबाट बचाउन। |
| ९. | सहकारी विकास कोष | समुदायमा सहकारीको विकास गर्न। |
| १०. | सामुदायिक विकास कोष | सहकारीले समुदाय प्रतिको सामाजिक दायित्व पुरा गर्न। |
| ११. | अन्य जोखिम कोष | तत्काल आइपर्ने जोखिमको भरथेग गर्न। |

यी कोषहरुको उदेश्य र प्रयोगबारे संछेपमा चर्चा गरिन्छ।

(१) **जगेडा कोष :**

सदस्यहरुले संस्थाको व्यवसायिक कार्यबाट आर्जित उबार मध्ये एक भाग अभिभाज्य रहने किसिमको जगेडा कोष खडागरी आफ्नो संस्थाको विकास गर्न छुट्याउँदछन्। अविभाज्यको मतलव यो कोषको रकम सदस्यहरुलाई वितरण गरिदैन। सदस्यले सदस्यता त्याग गरेपनि निजको यसमा कुनै हक लाग्दैन। जगेडा कोषमा रकम जति बढी हुन्छ संस्था वित्तिय रुपमा त्यतिनै सबल छ भन्ने बुझिन्छ। यो लागत रहित कोष हो, यसमा रहेको रकमको उपयोग गर्दा संस्थाले कसैलाई व्याज,हर्जाना, सेवा शुल्क,वा अन्य कुनैकिसिमको क्षेतिपूर्ति तिर्नुबुझाउनु पर्दैन। त्यसैले जगेडा कोषको उपयोगबाट सदस्यहरुले पाउने सेवा स्वाभाविक रुपमा सस्तो हुनेनै भयो। मानौ कुनै बचत तथा ऋण सहकारी संस्थाको जगेडा कोषमा भएको रकम सदस्यहरुलाई ऋण लगानी योग्य रकमको २० प्रतिशत छ भने उसले सदस्यहरुलाई लगानी गर्ने ऋणको व्याजदर सोही अनुपातमा कम गरे तापनि संस्था नोक्सानमा जाँदैन। संस्थालाई वित्तियरुपमा मजबुत बनाउन बढीभन्दा बढी रकम यो कोषमा छुट्याउनु सर्वथा राम्रो मानिन्छ।

**जगेडा कोषमा देहायबमोजिमका रकमहरू राखिन्छ।**

- बार्षिक रुपमा वर्षको खुद वचत (सुद्ध नाफा) रकमको घटीमा २५ प्रतिशत रकम,
- संस्थाको स्थिर सम्पत्ति विक्रीबाट प्राप्त रकम (सम्पत्ति सामानको लिलाम वा विक्री गर्दा कायम गरेको मूल्य भन्दा वढी रकम प्राप्त भएको रकम),
- कुनै संस्था, संघ वा निकायले प्रदान गरेको पूंजीगत अनुदान रकम (चल अचल सम्पत्ति खरिद वा निर्माण गर्न प्राप्त भएको पूंजीगत अनुदान),
- वितरण गरी बांकी हुन आएको शेयर लाभांश कोष, संरक्षित पूँजी फिर्ताकोष र कर्मचारी बोनस कोषको रकम।
- सदस्यहरुको निर्णयले आम्दानी नमानी जगेडा कोषमा राख्ने भनि निर्णय गरेका रकमहरु, जस्तै सदस्य सेवा शुल्क।

**जगेडा कोषको रकम निम्न कार्यको लागि उपयोग गर्न सकिन्छ।**

- संस्थाको पूजी निर्माण र व्यवसायमा प्रयोग,
- संस्थाको आन्तरिक क्षमताको विकास र विस्तार,
- संस्थाको भौतिक पूर्वाधार सृजना र विकास,
- संस्थागत व्यवसायिक इकाईको स्थापना तथा विकास,

(२) **सहकारी प्रबर्धन कोष :**

सहकारी संस्थाले खुद बचत रकममध्ये जगेडा कोषमा छुट्याई बांकी रहेको रकमलाई सय प्रतिशत मानि यो कोषमा ०.५ प्रतिशत रकम वार्षिक रुपमा छुट्याउनु पर्दछ। यो कोष सहकारी हेर्ने संघीय मन्त्रालयमा रहने व्यवस्था सहकारी ऐनले गरेको छ। कोष स्थापनाको मुख्य उदेश्य सहकारी व्यवसायको प्रवर्द्धनात्मक कार्यका लागि दिगो रुपमा रकमको व्यवस्था गर्नु हो। सहकारी संस्थाहरुको योगदानको अतिरिक्त नेपाल सरकारको योगदान रहने गरी मन्त्रालयले समेत कोषमा जम्मा भएको रकमको अनुपातमा

वार्षिक बजेटमा समावेश गरी आवश्यक रकम उपलब्ध गराउने व्यवस्था गरिएको छ। कोषको सञ्चालन व्यवस्थाका लागि सहकारी हेर्ने संघीय मन्त्रालयका मन्त्रीको संयोजकत्वमा राष्ट्रिय सहकारी विकास बोर्डको सह अध्यक्ष, मन्त्रालयका सचिव,अर्थमन्त्रालयका सह सचिव, सहकारी महासंघका अध्यक्ष, केन्द्रीय बचत तथा ऋण सहकारी संघका अध्यक्ष, र रजिष्टार भएको एक समिति रहनेछ। समितिले आफ्नो कार्य शुरुगरेपछि सहकारी संघसंस्थाहरुबाट उक्तरकम प्राप्त गरी सहकारी संघहरुमार्फत परिचालन गर्नेछ। कोषको रकम मध्ये ७५ प्रतिशत सहकारी व्यवसायको पूर्वाधारमा र वांकी रकम व्यवसाय प्रवर्धन, शिक्षा, तालिम, बजार प्रवर्धन, संघसंस्थाको अनुगमन लगायतका कार्यमा खर्च गर्नुपर्ने व्यवस्था ऐनमा गरिएको छ। कोष सञ्चालन समितिले संघहरुलाई रकम उपलब्ध गराउँदा देहायको अनुपातमा उपलव्ध गराउनुपर्ने व्यवस्था सहकारी नियमावली २०७५ ले गरेको छ।

- राष्ट्रिय सहकारी महासङ्घलाई जम्मा स्रोतको तीस प्रतिशतसम्म,
- केन्द्रीय विषयगत सहकारी सङ्घहरूलाई जम्मा स्रोतको पच्चीस प्रतिशतसम्म,
- प्रदेश सहकारी सङ्घहरुलाई जम्मा स्रोतको दस प्रतिशतसम्म,
- प्रदेश विषयगत सङ्घहरूलाई जम्मा स्रोतको दश प्रतिशतसम्म
- जिल्ला सहकारी सङ्घहरूलाई जम्मा स्रोतको पन्ध्र प्रतिशतसम्म,
- जिल्ला विषयगत सहकारी सङ्घहरूलाई जम्मा स्रोतको दस प्रतिशतसम्म।
- केन्द्रीय विषयगत सहकारी सङ्घहरूबीच बाँडफाँड गर्दा सङ्घको सदस्य सङ्ख्या, वार्षिक कारोबार र कोषमा गरेको योगदान समेतलाई आधार लिइनेछ।
- कोषबाट रकम उपलब्ध गराउँदा बहुउद्देश्यीय सङ्घलाई समेत उपलब्ध गराउनु पर्नेछ। प्राप्त रकमको उपयोग महासंघले संघहरु मार्फत र अन्य संघहरुले प्रारम्भिक संस्थाहरुलाई प्रवर्धानात्मक कार्यका लागि रकम उपलव्ध गराउनु पर्नेछ। यसबाट सहकारी क्षेत्रको समानुपातिक विका;मा योगदान पुग्ने देखिन्छ।

**३. संरक्षित पूँजी फिर्ता कोष**

US Department of Agriculture का अनुसार सहकारी भनेको सेवा उपयोगकर्ताहरु मिलि उनिहरुकै स्वामित्व र नियन्त्रणमा सञ्चालन गरिने व्यवसाय हो र यसबाट हुने लाभ सेवा उपयोगका अनुपातका आधारमा आफुहरु बीच बांडफांड गर्दछन्। (A cooperative is a user-owned, user-controlled business that distributes benefits on the basis of use). यसको मतलव सदस्यहरुले संस्थामा गरेको कारोवारको अनुपातमा प्रतिफल प्राप्त गर्नुपर्दछ भन्ने नै हो।

सहकारी संस्थाको व्यवसायिक कृयाकलापमा संलग्न सदस्यलेनै संस्थाको सेवा खरिद वा उपयोग गरी आम्दानी वढाउन र व्यवसायलाई फष्टाउन सहयोग पुर्‍याइरहेका हुन्छन्। संस्थाको कारोवार फष्टाउन सहयोग पुर्‍याउने यी सदस्यहरु वास्तविक रुपमा संस्थाको संरक्षक हुन् र त्यस्ता सदस्यहरु संस्थाले आर्जन गरेको बचत (Surplus) रकमबाट बढी भन्दा बढी प्रतिफल पाउन योग्य हुन्छन्। यसमा शेयर पूँजीकोको जस्तो सिमित लाभांश नभई कारोवारको अनुपातमा असिमित प्रतिफल (लाभांश) दिनुपर्दछ भन्ने नियम रोचडेलीहरुले लगाएका थिए। त्यसैले सदस्यहरुलाई संस्थासँग गरेको कारोबारको अनुपातमा उनीहरुलाई लाभान्वि गराउन यो कोषको सृजना रोचडेलीहरुलेनै गरेका हुन्। रोचडेलीहरुले प्रारम्भमा सञ्चालनमा ल्याएको सहकारी उपभोक्ता भण्डारबाट हुने आयलाई शेयरको अनुपातमा असिमित लाभांश दिने नियम बनाएका थिए। यसको परिणति सदस्यहरुले लाभांश प्राप्त भै हाल्दछ भनि भण्डारबाट सामान खरिद नगरिदिंदा भण्डार बन्दहुने अबस्थामा पुग्यो र सदस्यहरुको चिन्तनले उनीहरुले शेयरवापतको सिमित व्याज र कारोवारको असिमित लाभांश प्रदान गर्दा सदस्यहरु संस्थाबाट सामान किन्न प्रोत्साहित हुन्छन् भन्ने तथ्य पत्ता लगाए। जुन पूँजीलाई श्रमको अधिनमा राख्ने सहकारी दर्शनको महत्वपूर्ण औजार समेत थियो। यो कोषको शुरुआत भएबाट उनीहरुको उपभोक्ता भण्डारमा सदस्यहरुले सामान खरिद बढाए र संस्था असफल हुनबाट बच्यो। यसरी उपभोक्ता भण्डारको सफलताले युरोपभर सहकारीको विविधिकरण एबं विस्तारमा सहयोग पुग्यो।

सहकारी ऐन २०७४ को दफा ६९ अनुसार सहकारी संस्थाले वार्षिक शुद्ध बचतरकमबाट जगेडा कोषमा छुट्याई बांकी रहन आएको रकमलाई सय प्रतिशत मानि यो कोषमा कम्तिमा २५ प्रतिशत रकम छुट्याई सदस्यहरुलाई उनिहरुले गरेको बार्षिक कारोवारको गणना गरी लाभांश वितरण गर्नुपर्दछ। सदस्यले लाभांश प्राप्त गर्दा कारोवारको अनुपातमा संस्थाभित्र समता कायम

हुनेगरी वा वढी कारोवार गर्नेले वढी र कम कारोवार गर्नेले कम प्राप्त गर्दछन्। कारोवार नगर्नेले प्राप्त गर्दैनन्। कुनै आर्थिक वर्षमा वितरण गरी बाँकी रहेको रकम सोही आर्थिक वर्षको अन्त्यमा जगेडा कोषमा सार्नुपर्नेछ।

संरक्षित पूँजी फिर्ता कोषबाट सदस्यलाई रकम वितरण गर्दा सदस्यको वार्षिक कारोबारको आधारमा गरिने भएकाले कारोवार के हो भन्ने बुझ्ने जरुरी छ।

(क) उत्पादक संस्थामा सदस्यले संस्थालाई बिक्री गरेको उपजको खरिद मूल्य,

(ख) वित्तीय संस्थामा सदस्यले जम्मा गरेको बचत र लिएको ऋण रकममा तिरेको ब्याज,

(ग) उपभोक्ता सम्बन्धी संस्थामा सदस्यले संस्थासँग खरिद गरेको वस्तु वा सेवाको मूल्य,

(घ) श्रमिक सम्बन्धी संस्थामा सदस्यले संस्थाबाट प्राप्त गरेको ज्याला,

(ङ) बहुउद्देश्यीय संस्थामा खण्ड (क), (ख), (ग) र (घ) मा उल्लिखित आधार।

- उत्पादक संस्थाले सदस्यलाई आवश्यक सामग्री बिक्री गरेकोमा त्यस्तो कारोबारलाई समेत गणना गर्न सकिनेछ।
- ऋणको भाखा नघाएको सदस्यलाई त्यस्तो ऋणमा तिरेको ब्याजको आधारमा संरक्षित पूँजी फिर्ता दिइनेछैन।
- कोषको रकम वितरण गर्न बचत रकमको लागि चालीस प्रतिशत र ऋणमा तिरेको ब्याज रकमको लागि साठी प्रतिशत भार दिई गणना गरिनेछ।

**संरक्षित पूँजी फिर्ताकोषको रकम वितरण तरिका :**

**सूत्र**

$$\text{सदस्यले संरक्षित कोषबाट पाउने लाभांश} = \frac{\text{संरक्षित पूजीकोष रकम}}{\text{संस्थाको जम्मा कारोवार रकम}} \times \text{सदस्यकोकूल कारोवार}$$

कारोवारको गणना कसरी गर्ने ?

**उत्पादक सहकारीमा**

- **सदस्यको कारोबार :** सदस्यले वर्ष भरिमा संस्थालाई वेचेको सामान बापत प्राप्त गरेको मूल्य +संस्थाबाट सामान खरिद गर्दा संस्थालाई तिरेको मूल्य ।
- **संस्थाको कारोवार :** संस्थाले वर्ष भरिमा सदस्यहरुसंग खरिद गरेको + सदस्यलाई विक्री गरेको सामानको कूल मूल्य संस्थाको कूल कारोवार हो।

सहकारी नियमावली २०७५ ले उत्पादक संस्थाले सदस्यहरुलाई कुनै सामान विक्री गरेको भए सोबाट समेत संस्थाको आयमा सदस्य खरिदको योगदान हुने भएकाले कारोबारमा गणना गर्न सकिने भन्ने व्यवस्था गरेको छ। जस्तै दुग्ध उत्पादक सहकारी संस्थामा सदस्यहरुले पशु आहार, औषधि मुलो, घाँसको विउ आदि खरिद गरेका हुन सक्दछन्। संस्थाले सदस्यको कारोवार गणना गर्दा संस्थाको सदस्य तर्फको विक्रीमूल्य गणना नगर्ने भन्ने नीति बनाउने हो भने संस्थाको कारोबारमा पनि सदस्य तर्फको विक्रीलाई पनि गणना गर्नुहुँदैन।

**उपभोक्ता सहकारीमा कारोवार:**

- सदस्यले वर्ष भरिमा संस्थाबाट कति रकमको सामान खरिद गर्‍यो त्यो सदस्यको कारोवार हो
- संस्थाले आफ्ना सदस्यहरुलाई वर्ष भरिमा कति रकमको सामान विक्री गर्‍यो त्यो संस्थाको कूल कारोवार हो।

**श्रमिक सहकारीमा**

- सदस्यले बर्षभरिमा संस्थाबाट प्राप्त गरेको कूल ज्याला रकम सदस्यको कारोवार हो।
- संस्थाले वर्षभरिमा सदस्यहरुलाई भुक्तानी गरेको ज्याला रकम संस्थाको कूल कारोवार हो।

**वित्तीय कारोवार गर्ने सहकारीमा**

- **सदस्यको कारोवार** : सदस्यले वचतमा पाएको जम्मा व्याज रकम + ऋणमा तिरेको व्याज रकम।

- **संस्थाको कारोवार** : संस्थाले सदस्यहरुको वचतमा तिरेको जम्मा व्याज + ऋणमा लिएको जम्मा व्याज रकम।
- सहकारी नियमावलीमा भएको व्यवस्था अनुसार संरक्षित पूँजी फिर्ता कोषमा रहेको रकमलाई ऋण तर्फको कारोवारका लागि ६० प्रतिशत र वचत तर्फको कारोवारका लागि ४० प्रतिशत छुट्टयाई अलग अलग हिसाब गर्नुपर्दछ।

(क) **बचत कारोवार तर्फको:**

$$\frac{\text{संरक्षित पूँजी फिर्ता कोषको रकम(४०\%)}}{\text{संस्थाको सदस्य तर्फको कूल व्याज खर्च}} \times \text{सदस्यले बचतमा प्राप्त गरेको कूल व्याज रकम}$$

(ख) **ऋण कारोवार तर्फको :**

$$\frac{\text{संरक्षित पूँजी फिर्ता कोषको रकम (६०\%)}}{\text{संस्थाको सदस्य तर्फको कूल व्याज आम्दानी}} \times \text{सदस्यले संस्थालाई भुक्तानी गरेको ऋणको कूल व्याज रकम}$$

(४) **अन्य कोषहरू**

सहकारी संस्थाको कुनै वर्षको खुद बचतको रकमबाट कम्तीमा पच्चीस प्रतिशत रकम जगेडा कोषमा जम्मा गरी बाँकी रहेको रकमलाई शत प्रतिशत मानी सोबाट कम्तीमा पच्चीस प्रतिशत रकम संरक्षित पूँजी फिर्ता कोष र शून्य दशमलव पाँच प्रतिशतले हुन आउने रकम सहकारी प्रवर्द्धन कोषमा छुट्ट्याएर बाँकी रहेको रकमलाई शतप्रतिशत मानी देहायबमोजिमका कोषहरूमा कम्तीमा पाँच प्रतिशत रकमको दरले छुट्याई वितरण गर्नुपर्नेछ :–

(क) सहकारी शिक्षा कोष,
(ख) शेयर लाभांश कोष,
(ग) कर्मचारी बोनस कोष,
(घ) सहकारी विकास कोष,
(ङ) घाटापूर्ति कोष,
(च) सामुदायिक विकास कोष,
(छ) साधारण सभाले स्वीकृत गरेको स्थिरीकरण कोष
(ज) अन्य जोखिम व्यवस्थापन कोष।

(क) **शेयर लाभांश कोषः**

सहकारीको सिद्धान्त अनुसार सदस्यताको सर्त स्वरुप चुक्ता गरेको पूँजीमा सदस्यहरुले कुनै क्षतिपूर्ति पाउने भए सामान्यतया सीमित मात्रामा पाउँदछन्। शेयर खरिद लाभांशको लागि भन्दा सदस्यता वा अपनत्वको लागि हो भन्ने बुझिन्छ। संस्थाले जारी गरेको कम्तिमा एक अंश शेयर खरिद गरेपछि मात्र सदस्य बन्न सकिन्छ। सदस्यहरुले संस्थाको पूंजी निर्माणको लागि अरु बढी शेयर पनि खरिद गरेका हुन्छन्। शेयर रकम संस्थाको व्यवसायिक लगानीको महत्वपूर्ण श्रोत हो। अझ उत्पादन, उपभोक्ता तथा श्रमिक र बहुउदेश्यीय सहकारी संस्थाले सञ्चालन गर्ने व्यवसायकोलागि संस्थागत पूँजी अपर्याप्त हुँदा शेयर रकमनै जुटाउनु पर्दछ। तसर्थ सदस्यले शेयरमा गरेको लगानीको प्रतिफल दिन यो कोष खडा गरिएको हो । सहकारी ऐन २०४८ ले शेयरको क्षेतिपूर्ति वापत पन्द्र प्रतिशत लाभांशको सीमा तोकिएकोमा सहकारी ऐन २०७४ ले बार्षिकअठार प्रतिशत सम्म उपलब्ध गराउन सकिने व्यवस्था गरेको छ। यो कोषमा रहेको रकमबाट बार्षिक अठार प्रतिशत भन्दा बढी पाउने अबस्था भए तापनि सदस्यलाई उपलब्ध नगराई जगेडा कोषमा जम्मा गर्नुपर्ने व्यवस्था गरेको छ। सदस्यले शेयर लाभांश प्राप्त गर्दा लगानीको अनुपातमा सदस्यहरुबीच समता कायम हुनेगरी निम्न अनुसार वितरण गर्नु पर्दछ।

$$\text{शेयर लाभांश रकम} = \frac{\text{शेयर लाभांश कोषको रकम}}{\text{जम्मा शेयर पूंजी}} \times \text{सदस्यको शेयर पूजी}$$

- कुनै सदस्यको शेयर रकम १ वर्ष भन्दा कम रहेको देखिएमा जति अवधीको छ त्यतिनै अवधीको हिसाव गरी दिनुपर्दछ।

**(ख) सहकारी शिक्षा कोषः**

सहकारी संस्थाका सदस्य, कर्मचारी, पदाधिकारीहरुलाई शिक्षा, तालिम, सूचना सम्बन्धी कार्यक्रम गरी सदस्य सशक्तिकरण, क्षेमता विकास लगायतका कार्यगर्नु सहकारीको पाँचौ सिद्धान्त हो। यस सिद्धान्त अनुसार कार्य गर्नका लागि संस्थाले गरेको आर्जनबाट केही रकम विनियोजन गरी खर्च गर्नेगरी यो कोषको स्थापना गरिएको हो । संस्थाले यो कोषको रकम बार्षिक कार्यक्रम बनाई सदस्यको स्वीकृतिमा खर्च गर्नुपर्दछ। हिजो आज कोषको रकम खर्च नगर्ने तर सोफै खर्च देखाई खर्च गर्ने प्रबृत्ति बढेको छ। यसबाट संस्थाको आयमा कमी आई जगेडा लगायतका कोषहरुमा सोफो असर पर्दछ। यो कोष वर्षेनी सञ्चित गर्दै पर्याप्त भएपछि कार्यक्रम गर्न सकिन्छ ।

**(ग) कर्मचारी वोनस कोषः**

कर्मचारीहरुको पनि संस्थाको आय आर्जनमा महत्वपूर्ण भूमिका रहेको हुन्छ। संस्थाका कर्मचारीहरुलाई काम प्रति अभिप्रेरित नगर्ने हो भने संस्थाको व्यवसाय फष्टाउन सक्दैन। त्यसैले कर्मचारीहरुलाई कमाएको समयमा केहि रकम छुट्याई बोनस वितरण गर्नेगरी यो कोषको स्थापना गरिएको हो। यो कोषको रकमबाट बर्षेनी कर्मचारीहरुलाई वढीमा ३ महिना वरावरको बोनस वितरण गर्नुपर्दछ र त्यसरी वितरण गरेपछि वांकी हुन आउने रकम जगेडा कोषमा सार्नुपर्दछ।

**(घ) स्थिरीकरण कोषः**

बचत तथा ऋण विषयगत संस्थालाई सम्भावित जोखिमबाट तत्काल संरक्षण गर्न बचत तथा ऋणको कारोवार गर्ने संस्थाहरु मिली यो कोष खडा गर्नसक्ने व्यवस्था सहकारी ऐन तथा नियमावलीमा उल्लेख गरिएको छ । यो कोष बचत तथा ऋण विषयगत केन्द्रीय संघमा रहन्छ। कोषमा सहकारी संस्थाहरुको ऐच्छिक सहभागिता रहन्छ।

**कोषको रकम देहायबमोजिमको उदेश्यमा उपयोग गर्न सकिनेछ ।**

- सहभागी संस्थाको तरलता कायम राख्न र समस्याग्रस्त सहकारीको बचाउका् लागि सापटि दिन,
- सहभागी संस्था समस्याग्रस्त भै व्यवस्थापन समिति गठन गर्नुपर्दाको खर्च व्यहोर्न तथा सो को सञ्चालन गर्नेगरी महासंघले जिम्मा लिएमा सो संस्थाको दायित्व भक्तानी लगायत पुनः सञ्चालमा उपयोग गर्न,
- स्थिरीकरण कोष सञ्चालक समितिको खर्च व्यहोर्न,
- कोषमा सहकारी संस्थाको अतिरिक्त राष्ट्रिय सहकारी महासंघ, राष्ट्रिय सहकारी विकास बोर्ड, राष्ट्रिय सहकारी बैंक,अन्तर राष्ट्रिय सहकारी संघ, नेपाल सरकारका निकायहरुको योगदान रहनसक्ने छ।
- कोष सञ्चालनका लागि सहकारी हेर्ने संघीय मन्त्रालय, अर्थ मन्त्रालय, राष्टिय सहकारी महासंघ, राष्ट्रिय सहकारी विकास बोर्ड,नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ. , राष्ट्रिय सहकारी बैंक, नेपाल राष्ट्र बैंक, सहकारी विभागको प्रतिनिधि भएको एक सञ्चालक समिति रहनेछ ।

**(ङ) घाटा पूर्ति कोषः**

संस्थाको व्यवसायिक कारोवारवाट हुने सम्भावित घाटाको भरथेगका लागि यो कोषको व्यवस्था गरिएको हो। यस कोषको रकम सञ्चित गर्दैलान सकिन्छ। यसलाई संस्थागत पूँजीको रुपमा गणना गर्ने व्यवस्था नियमावलीले गरेको छ।

**(च) सहकारी विकास कोषः**

सहकारी प्रति सकारात्मक भावनाको विकास गराउन र सहकारीहरु प्रतिस्पर्धी होइनन् आपसी सहयोगी निकायहरु हुन् भन्ने मान्यताका साथ समुदायमा स्थापना भएका तर रुग्ण अवस्थामा रहेका सहकारीहरुलाई वित्तिय भौतिक रुपमा सहयोग पुर्याई सहकारी आन्दोलनलाई टेवा पुर्याउन यो कोषको मुख्य उदेश्य हो। संस्थाले बार्षिक कार्यक्रममा समावेश गरी सदस्यहरुको स्वीकृतिमा यसको उपयोग गर्नुपर्दछ। यो कोष बर्षेनि सञ्चित गर्दै लान सकिन्छ।

**(छ) सामुदायिक विकास कोषः**

सहकारी संस्थाहरुले सहकारीको सातौ सिद्धान्त परिपालना गर्नेक्रममा सामुदायिक चासोको विषयहरुलाई यथाशक्य सम्बोधन गर्नुपर्दछ। त्यसैले समुदायमा गर्नुपर्ने कार्यहरु गर्नका लागि रकमको जोहो होस भनि यो कोषको स्थापना गरिएको हो। समुदायमा गर्ने कार्यहरु सदस्य तथा गैह्र सदस्य दुवैको हितमा होस भन्ने कुरामा सहकारी संस्थाले ध्यान पुर्‍याउनु पर्दछ। समुदायमा गरिने कार्यहरु खासगरी बृक्षा रोपन,स्वास्थ्य शिविरहरु, पाटिपौवा, धर्मशाला, विद्यालय भवन निर्माण आदि जस्ता कार्यहरु गर्ने प्रचलन बढी देखिन्छ। यसबाट समुदायले सहकारी संस्थाप्रति सकारात्मक दृष्टिकोण राख्दछन् र संस्थामा सदस्य संख्या बढ्न समेत योगदान पुग्दछ।

**(ज) अन्य जोखिम कोष**ः

संस्थालाई मानवीय त्रुटीबाट वा प्राकृतिक विपत्तिको अबस्थाबाट हुने क्षेती वा नोक्सानीको परिपूर्तिका लागि यो कोषको व्यवस्था गरिएको हो। यो कोषको रकम पनि बर्षेनी सञ्चित गर्दै लानुपर्दछ।

यसरी माथि उल्लेख भएबमोजिम सहकारी संस्थाहरुले आर्जन गरेको खुद बचत रकम संस्थाका सदस्यहरुलाई पूँजी लगानी वापतको क्षेतिपूर्तिको रुपमा —शेयर लाभांश, संस्थासग कारोवार गरेको आधारमा प्रतिफल दिन —संरक्षित पूँजीफिर्ताकोष लाभांश र कर्मचारीहरुलाई बोनस उपलब्ध गराउनका लागि —कर्मचारी बोनस कोषमा बाँडफाँड गरिन्छ । संस्थाले साधारण सभाबाट वार्षिक लेखा परीक्षण तथा लाभांश एबं बोनस वितरण योजना पारित गरेपछि अनिवार्य रुपमा यी कोषको रकम वितरण गर्नपर्दछ । सदस्यको मञ्जुरी विना रकम वितरण नगर्ने कार्य गर्नु हुँदैन। यदि सदस्यको मञ्जुरी भएमा यी कोषको रकमलाई वितरण नगरी संस्थागत पूँजी बढाउने कार्य (जगेडा कोषमा राख्न) गर्न सकिन्छ। गत आर्थिक वर्षको लाभांश वितरण कार्य चालु आर्थिक वर्षको अन्तमा सम्पन्न गरी खर्च नभएका रकमहरुलाई जगेडा कोषमा सारेर यी कोषहरुलाई सुन्यमा लैजानु पर्दछ। वितरण नगरी सञ्चित गरेमा यसको उपयोग अन्य वा भावि सदस्यले गर्ने र आय आर्जनमा संलग्न सदस्य मर्कामा पर्दछन्।

यी बाहेक सहकारी शिक्षा कोष, सहकारी विकास कोष, सामुदायिक विकास कोषका रकमहरु साधारण सभाको स्वीकृति अनुसार सञ्चालक समितिले कार्यक्रम बनाई खर्च गर्दै जानु पर्दछ र खर्च नभएका रकमहरु तत् कोषमा सञ्चित गर्दै लैजानु पर्दछ। सहकारी प्रवर्द्धन कोष र स्थिरीकरण कोषको रकम कोष सञ्चालन समितिले माग गरेपछि खर्चलेखि हस्तान्तरण गर्नुपर्दछ। घाटा पूर्तिकोष, अन्य जोखिम व्यवस्थापन कोषका रकमहरु तत् उदेश्य अनुसार परिपूर्ति गर्नेगरी सञ्चित गर्दै लैजानु पर्दछ। सहकारी संस्थाहरुमा यी कोषको व्यवस्थापन गर्नु भनेको संस्थाले सदस्यले प्राप्त गर्ने प्रतिफलमा कमि नआओस भन्ने र किफायति रुपमा आर्जन गरेको रकमबाटै तत् कार्यमा खर्चगर्ने परिपाटि बसाउनका लागि हो। अन्यथा सोभै खर्चलेख्ने परिपाटिले संस्थाको वार्षिक आयमा कमी आई सदस्यले प्रतिफल नपाउने वा कम पाउने तथा संस्थाको अभिभाज्य कोषमा पनि रकम विभाजन कम हुने वा हुँदै नहुने अवस्था आउँदछ। अन्तमा सहकारीले किफायति खर्चगरी बचत गर्न सिकाउने भएकाले कोषमा रहेको रकमको यथोचित सदुपयोग गर्न र देखासिकी रुपमा खर्चको दिगो बन्दोबस्त नगरी सोभै खर्चलेख्ने परिपाटिलाई निरुत्साहित गर्नुपर्दछ।

**सन्दर्भ सामाग्रीहरू**

सहकारी ऐन, २०७४

नियमावली, २०७५

सहकारिता, प्रकाशक श्री सहकारी विभाग, २०७३

■

# सहकारी संस्था गठन र सञ्चालन - एक चर्चा

■ **सुरेन्द्रराज पौडेल**
उप रजिष्ट्रार, सहकारी विभाग

**विषय प्रवेश**

सामान्य बोलीचालीको भाषमा मिलिजुली रहने, बस्ने, कार्य गर्ने जस्ता कृयाकलापलाई सहकारिता भनिन्छ । शब्दकोषमा हेर्दा सहकारिता एउटा भावना हो जहाँ धैरै व्यक्ति मिलेर एउटै प्रयोजनको लागि काम गरिएको हुन्छ । अझ अगाडि गएर बुझ्दा सहकारितामा व्यवसायीक विधि र सिपको प्रयोग हुने भएकाले People in business for themselves भनिएको हो, जहाँ स्वावलम्बन र सामुहिक जवाफदेहिता पनि संगसंगै रहेको हुन्छ । सायद यही भएर होला सहकारिकतामा श्रमको मूल्य पूँजीको भन्दा बढी रहेको मानिन्छ । सहकारितालाई अगाडि बढाउने एजेन्सीको रुपमा प्राकृति व्यक्ति वा संस्थाहरू रहेका हुन्छन् । सहकारीमा व्यक्तिको ज्ञान (knowledge) को साथमा विवेक (wisdom) पनि संगसगै लगानी भएको हुन्छ । अर्को शब्दमा भन्दा सहकारिमा प्रयोग हुने ज्ञान र विवेक भनेका सहकारीका मूल्य,मान्यता र सिद्यान्तहरु हुन् र यिनको अक्षरस पालना गर्नु सकेमा सहकारीमा सहकारीता सदैव अक्षुण रहने छ । तसर्थ सदस्यहरूको लोकतान्त्रिक नियन्त्रण प्रणालीमा आधारित सदस्य केन्द्रित व्यवसाय नै सहकारी हो ।

**गठन**

वैचारिकरुपमा प्रष्टता भएर पनि व्यवहारमा प्रशस्त विचलन भएको क्षेत्र हो सहकारी । सहकारी राजनीतिबाट तटस्थ हुनु पर्दछ । सहकारी संस्थाको शेयर किन्नु भनेको कम्पनी वा कुनै बैंकको शेयर किनेजस्तो होइन । यसका सदस्यहरूले सहकारीलाई बचत बैंकको रुपमा नसम्झेर सक्रीय रुपमा आफुहरूले नै सञ्चालकीय जिम्मा लिने गरी संस्था दर्ता गर्नुपर्दछ । दर्ता सहकारी संस्थाको विजारोपणको प्रथम खुट्किलो हो । हुनत संस्था दर्ता गर्नुभन्दा अगाडि नै स्वेच्छिक सदस्य बन्न चाहानेहरूविचमा धैरै चरणमा भेटघाट,छलफल तथा अन्तरक्रिया भैसकेको हुन्छ । त्यहाँ सहकारीका मूल्य मान्यता र सिद्यान्तहरूको वारेमा पनि विचारविमर्श भएको हुनु पर्दछ । यसको अर्थ संस्था गठन गर्नेभन्ने कुरो चल्दै गर्दा पूर्व-सदस्य कक्षा सञ्चालन गर्नु अनिवार्य हुन्छ । यसले सही अर्थमा सहकारी सदस्यहरूलाई सहकारिताको मर्म बुझ्न सघाउ पुर्‍याउंछ । पूर्व-शिक्षाले सहकारी भनेको अन्य कम्पनि तथा गैह्रसरकारी संस्थाभन्दा फरक साझा बन्धनमा आधारित स्वनियन्त्रित स्वावलम्बी व्यवसाय हो भन्ने कुरा सदस्यहरूले बुझ्न सके भने संस्था सहजरुपमा सञ्चालन हुन सक्छ र पूर्व-शिक्षाको औचित्य पनि स्थापित हुन्छ ।

सहकारी संस्था गठन अनी दर्ता गर्दा कस्तो प्रकारको सहकारी संस्था गठन गर्ने भन्नेमा पनि पहिल्यै विचार गर्नुपर्दछ । मुख्यरुपमा सहकारी संस्थालाई ३ समूहका वर्गिकरण गर्ने गरिन्छ- उत्पादनमूलक,उपभोक्ता र श्रमिक । एकल उद्येश्यका आधारमा उत्पादक संस्था, उपभोक्ता संस्था र श्रमिक संस्था गरेर ३ भागमा बर्गिकरण गरेपनि उत्पादन, उपभोग र शीप वा श्रमको विशेषता एवं स्व-रोजगारीका सेवा समेत सञ्चालन गर्नेगरी बहुउद्येशीय संस्था समेत गठन गर्न सकिन्छ ।

पूर्व-सहकारी शिक्षा र सहकारीको किसिमको वारेमा निर्क्योल गरेपछि संस्थाको विनियमको बारेमा पनि छलफल गर्नुपर्दछ । विनियमको साथमा व्यावसायीक योजनाको बारेमा पनि टुङ्गोमा पुग्नु उपयुक्त हुनेछ । विनियम सहकारी संस्थाको विधान त हो नै यसको अलावा यसमा सदस्यहरूको आकाङ्क्षाको झल्को समेत दिनेगरी बडापत्रको रूपमा तयार गरिएको हुनुपर्दछ । संस्थाको विनियममा सहकारी दर्शन र सुशासनका मानकहरू झल्किने हुनु पर्दछ अनि दर्तागर्ने अधिकारीले पनि विनियममा सदस्य केन्द्रीयताको मर्म समेटिएको छ छैन हेर्ने र नभएमा सो समावेश गर्न लगाएर मात्र दर्ता गर्नु पर्दछ । निचोडमा भन्दा सहकारी संस्थाको कारोवारले सदस्यहरूलाई कुनै न कुनै रुपमा छुनुपर्दछ र सहकारी संस्था सेवा उपयोगकर्ताहरूको संस्था हुनुपर्दछ ।

**कानूनी व्यवस्था**

मुलुको शासकीय स्वरुप एकात्मकताबाट संघीयतातर्फ रुपान्तरित भएपछि सहकारी संस्थाहरूको नियमनको क्षेत्राधिकार पनि ३ तहमा विभाजन भएको छ । नेपालको संविधानको अनुसूची ५, ६ र ८ मा क्रमश संघ, प्रदेश र स्थानीय तहका एकल अधिकार सूचिको व्यवस्था

गरिएको छ । उल्लेखित अनुसूचिहरूमा सहकारीसंग सम्बन्धित दर्ता,खारेजी, नियमन लगायत नीति नियम देखि समग्र पक्षहरूको वारेमा तत् तत् निकायको कार्यबिस्तृतिकरणमा उल्लेख गरिएको छ ।

दर्ता, अनुमति,खारेजी र विघटन समेतका सहकारी नियामक निकायहरूमा संघ, प्रदेश र स्थानीय तहको क्षेत्राधिकारको सीमाङ्कन गर्दा स्थानीय तहसम्म कार्यक्षेत्र भएका सहकारी संघ संस्थाहरूको नियामक निकाय स्थानीय तह, एक स्थानीय तहभन्दा बढी प्रदेशसम्म कार्यक्षेत्र भएकाको हकमा प्रदेश सरकार र एक प्रदेशभन्दा बढी कार्यक्षेत्र भउका संघस्स्थाको नियामक निकाय संघीय सरकार हुनेगरी कार्यक्षेत्र विभाजन गरिएको छ । मौजुदा सहकारी ऐन,२०७४ र सहकारी नियमावली,२०७५ले गरेको संयुक्त अनुगमनको व्यवस्था र वार्षिक ५० करोडभन्दा बढी वित्तीय दायित्व भएका सहकारी संस्थाहरूको सघन अनुगमन सहकारी विभागले गर्नसक्ने वेहोरालाई समेत यहाँ स्मरण गर्नुपर्ने हुन्छ ।

नेपालको संविधानको धारा ५७ (४) मा स्थानीय तहको अधिकार अनुसूची ८ मा उल्लेखित विषयमा निहित रहनेछ र त्यस्तो अधिकारको प्रयोग यो संविधान र गाँउ सभा वा नगर सभाले बनाएको कानून बमोजिम हुनेछ भन्ने वेहोरा उल्लेख भएको छ भने धारा ५७(५) मा संघ,प्रदेश र स्थानीय तहको साझा अधिकार अनुसूची ९ मा उल्लेखित विषयमा निहित रहनेछ र त्यस्तो अधिकारको प्रयोग यो संविधान र संघीय कानून, प्रदेश कानून, गाँउ सभा वा नगर सभाले बनाएको कानून बमोजिम हुनेछ भन्ने वेहोरा उल्लेख भएकाले सहकारी संबन्धी कानून बनाउंदा वा सो संबन्धी अधिकार प्रयोग गर्दा यही कानूनी व्यवस्था आकर्षित हुने देखिन्छ ।

त्यसैगरी "यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश र स्थानीय तहको कानून नबनेसम्म स्थानीय तहसम्म कार्यक्षेत्र भएका सहकारी संस्थाको दर्ता तथा नियमनका सम्पूर्ण कार्यहरू सम्बन्धित स्थानीय तहबाट र एक स्थानीय तहभन्दा बढी प्रदेशसम्मको कार्यक्षेत्र भएका सहकारी संस्थाको दर्ता तथा नियमनका सम्पूर्ण कार्षहरू प्रदेश सरकारले गाउँ वा नगर सभा वा प्रदेश सभाद्वारा निर्णय गरी यसै ऐन बमोजिम सम्पादन गर्ने व्यवस्था मिलाउन सक्नेछ" भन्न् वेहोरा सहकारी ऐन,२०७४ को दफा १५० मा उल्लेख भएकाले दर्ता, नियमन लगायतका काम सहकारी ऐन,२०७४ बमोजिम गर्न सक्नेछन् । तर स्थानीय तह वा प्रदेश सरकारले आ-आफ्नो कानून बनाउदा संबिधानको धारा ५७(६) लाई सदैव ख्याल गरिरहनु पर्दछ किनभने सो धारामा लेखिएको छ "उपधारा (३) वा (५) बमोजिम प्रदेश सभा, गाँउ सभा वा नगर सभाले कानून बनाउँदा संघीय कानूनसंग नबाझिने गरी बनाउनुपर्नेछ र प्रदेश सभा, गाँउ सभा वा नगर सभाले बनाएको त्यस्तो कानून संघीय कानूनसंग बाझिएमा बाझिएको हदसम्म अमान्य हुनेछ" ।

**सञ्चालन र व्यवस्थापनका आधारहरू**

सस्थालाई कुशल रुपमा सञ्चालन गर्नु भनेको एउटा व्यवस्थापकीय कला हो र संस्थागत अनुशासनमा यसको सफलता निर्भर गर्दछ । प्रदेश सरकार र स्थानीय तहले समेत संघीय ऐनलाई सन्दर्भ कानूनको रुपमा लिएर दर्ता,नियमन लगायतका कार्यहरू गर्न सक्ने र आ-आफ्नो कानून तर्जुमा गर्दा संबिधानको धारा ५७(६) सदैव गर्धनमा झुण्डिएको तरवार जस्तो रूपमा रहिरहने भएकाले कुनैपनि सहकारी संस्था सञ्चालन गर्दा तल उल्लेखित केही बुँदाहरूलाई सान्दर्भिक सामाग्रीको रुपमा लिएमा अन्यथा नहोला । यी आधारको श्रोत भने सहकारी संबन्धी ऐन, नियमावली, कार्यविधि एवं संस्थाले आन्तरिक नियन्त्रणका लागि जारी गरेका विनियमावलीहरू हुन् । त्यी आधारहरूलाई बुँदागत रुपमा निम्नानुसार उल्लेख गर्न सकिन्छ ।

- संस्था सञ्चालनको स्वीकृति लिएर (दर्ता संबन्धी सबै काम सकेर) मात्र सञ्चालन गर्ने,
- संस्था सहकारी ऐन,२०७४ को दफा १८ वा स्थानीय वा प्रादेशिक कानूनले तोकेबमोजिमको कार्यक्षेत्र भित्र रही सञ्चालन गर्ने,
- आफ्नो सस्थाले उत्पादन गरेको वस्तु र सेवाको ब्राण्डप्रति सदैव चनाखो रहने,
- संस्था सञ्चालन गर्दा सहकारीको मूल्य, मान्यता र सिद्यान्तलाई पालना गर्ने गराउने कुरामा सदैव चनाखो रहने,
- सदस्य र संस्थाले सञ्चालन गरेको व्यवसायको हित प्रबर्द्धन र वजारिकरणमा सदैव लागिरहने,
- सदस्यलाई समय सापेक्ष शिक्षा,तालीम प्रदान गर्ने तथा संस्थामा सुशासन प्रवर्द्धन गर्ने कुरामा सदैव क्रियाशील रहने,
- संस्थाले गर्ने उत्पादन तथा सेवाको मापदण्ड निर्धारण गर्ने, संपूर्ण गुणस्तर व्यवस्थापनमा ध्यान दिने, आर्थिक स्थायित्व र जोखिम व्यवस्थापन संबन्धी काममा विशेष सजगता अपनाउने

- आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने । विभिन्न विनियम तथा संस्था सञ्चालन संबन्धी आन्तरिक कार्यविधीहरु बनाई साधारण सभाबाट पारित गराई आवस्यकतानुसार नियामक निकायबाट स्वीकृति लिई लागू गर्ने/गराउने,
- संस्थाको व्यावसायीक प्रवर्द्धन र विकासको क्षेत्रमा निरन्तर लागिरहने,
- आफ्नो संस्थालाई अबउपरान्त विषयगतरुपमा उत्पादक वा उपभोक्ता (वित्तीय समेत) वा श्रमिक अथवा एकभन्दा बढी उद्येश्य रहेको बहुउद्धेशीय संस्थाको रुपम (किसिम) रहने गरी विषयगत क्षेत्रको किटानी एवं रुपान्तरण गरी विषयक्षेत्र निश्चित गर्ने,
- सहकारी ऐनको दफा ३० वा स्थानीय वा प्रादेशिक कानूनले तोकेबमोजिमका व्यक्ति र संस्थालाई मात्र सदस्य बनाउने,
- संस्थाको प्रारम्भिक साधारण सभा संस्था दर्ता भएको मितिले ३ महिनाभित्र र वार्षिक साधारण सभा आ.ब. समाप्त भएको मितिले ६ महिनाभित्र संपन्न गर्ने । विशेष साधारण सभाको हकमा ऐनको दफा ३९(३) वा स्थानीय वा प्रादेशिक कानूनले तोके बमोजिम गर्ने ,
- आफू संलग्न सहकारी संस्थाको कारोवार र व्यवसायसँग प्रतिष्पर्धा हुने गरी समान प्रकृतिको कारोवार वा व्यवसाय नगर्ने,
- आर्थिक हिनामिना गरी संबन्धित सहकारी संस्थालाई हानी नोक्सानी नपुर्‍याउने र सो संस्थाको अहित हुने कुनै काम नगर्नुको साथै निजी स्वार्थ समावेश भएको कुनै पनि निर्णय प्रकृयामा समावेश नहुने,
- प्रत्येक चौमासिकमा संस्थाको आन्तरिक लेखा परिक्षण गराउने,
- सदस्य केन्द्रित भई बचत तथा ऋणको कारोवार गर्ने गराउने । आफ्ना सदस्यहरुसँग मात्र कारावार गर्ने,
- ऐनको दफा ५१ वा स्थानीय वा प्रादेशिक कानूनले तोकेबमोजिम भन्दा बढी नहुने गरी अर्थात १६ प्रतिसतभन्दा बढी नहुने गरी ऋण लगानीमा ब्याज नलिने । बचत र ऋण लगानीको ब्याजदर (स्प्रेडदर) मा ६ प्रतिसत भन्दा बढी अन्तर हुन नपाउने, कूल शेयर पूँजीको २० प्रतिसत भन्दा बढी नहुने गरी एकै शेयर सदस्यलाई शेयर बिक्री नगर्ने तथा प्राथमिक पूँजी कोषको १५ गुणा भन्दा बढी हुने गरी बचत सङ्कलन नगर्ने नगराउने तर्फ सदैव चनाखो रहनु पर्ने,
- कानूनमा व्यवस्था भए बमोजिम राख्नुपर्ने जगेडा कोष,संरक्षित पूँजी फिर्ता कोष,सहकारी प्रबर्द्धन कोष, शेयर लाभांश कोष, घाटा पूर्ति कोष, कर्मचारी बोनस कोष, सहकारी शिक्षा कोष,कर्जा जोखिम कोष आदिको व्यवस्था गर्ने,
- संरक्षित पूजी फिर्ता कोष, कर्मचारी बोनस कोष र शेयर लाभांश कोषको रकम चालू बर्षमा वितरण भै बाँकी रहेमा बाँकी रहेजति रकम जगेडा कोषमा सारी त्यी कोषमा शुन्य रकम बनाउने,
- सबै शेयर सदस्यहरुको फोटो सहितको शेयर दर्ता किताव तथा सदस्यता दर्ता किताब, नगदी वही, ऋण लेनदेन दर्ता किताब, मालसामान मौज्दात किताब, आम्दानी खर्च, संपति र दायित्व संबन्धी अलग अलग खाता र सहायक खाताहरू, हिसाब परिक्षण सूची, आय व्यय र स्थिति विवरण पत्र लगायतका खाता राखी नियामक निकायले तोके बमोजिम अभिलेखिकरण तथा लेखा पालन गर्ने,
- नगद सुरक्षाको भरपर्दो व्यवस्था र जिम्मेवारी किटान गर्ने,
- एउटा प्रारम्भिक संस्थाले अर्को संस्थामा खाता खोल्ने, बचत सङ्कलन गर्ने, शेयर खरिद बिक्री गर्ने जस्ता कार्य नगर्ने,
- संस्थाको अल्पकालीन, मध्यकालीन तथा दिर्घकालीन रणनीतिक योजना बनाई साधारण सभाबाट पास गराई लागू गर्ने
- संस्था दर्ता गर्दाका बखतका सदस्य बाहेक अन्य सदस्यलाई सदस्य प्राप्त गरेको ३ महिना व्यतित नभैकन ऋण लगानी नगर्ने,
- शेयर पूँजीको बढीमा १८ प्रतिसत सम्म मात्र लाभांश वितरण गर्ने,
- सबै सदस्यहरुले नियमित बचत गर्ने,आवस्कतानुसार आवधिक बचत गर्ने व्यवस्था समेत मिलाउने,
- सबै सदस्यले बुझ्ने र देख्ने गरी नागरिक बडापत्र राख्ने र सकभर विद्युतीय बडापत्र राख्न प्रयासरत रहने,
- विभिन्न समिति तथा उप-समितिहरुका निर्णयहरुको अलग अलग माइन्यूट गरी सुरक्षित रुपमा राख्ने/राख्न लगाउने,
- सहकारी ऐन वा स्थानीय वा प्रादेशिक कानूनले तोके बमोजिमका महत्वपूर्ण विवरणहरु जस्तै कारोवारको चौमासिक तथा वार्षिक प्रतिवेदन तथा लेखा परिक्षण प्रतिवेदन,वार्षिक योजना तथा कार्यक्रम,साधारण सभाको बैठक संबन्धी जानकारी, शेयर सदस्य संख्या तथा शेयर पूँजी, सञ्चालकले लिएको ऋण र तिर्न बाँकी रकम तथा अन्य तोकिए बमोजिमका विवरणहरु समयमै नियामक निकायमा पठाउने,

- संस्थाले प्रदान गरेको सेवा र सन्तुष्टीको स्तर निर्धारण गरी सदस्यहरुको आर्थिक, सामाजिक, सास्कृतिक र वातावरणीय पक्षमा पारेको प्रभावको सामाजिक परिक्षण गर्ने गराउने,
- संस्थाको सञ्चालक वा लेखा सुपरिवेक्षण समितिको संयोजक वा सदस्य वा कर्मचारीलाई आफ्नै संस्थाको कुनै प्रकारको ठेक्का नदिने,
- नियमानुसार धितो लिलाम गर्ने। कुनै कारणले लिएको ऋण धितोले नखाम्ने भएमा थप धितो सुरक्षण राख्न लगाउने लगायतका कार्य गरी ऋण असुलीमा प्राथमिकता दिने,
- बिमा समितिको शर्त बन्देजको अधिनमा रही शेयर सदस्यका कृषि, पशुपालन लगायतका उद्यम र सेवामा सुरक्षण प्रदान गर्ने,
- आफ्नो वित्तीय कारोवारको नियमित रुपमा पर्ल्स (PEARLS) प्रणालीद्वारा लेखाजोखा गरिरहने र आवस्यकतानुसार सुधार कार्यक्रमलाई नियमितता दिने। त्यसैगरी आफ्नो संस्थाको सदस्य केन्द्रियता सूचकाङ्कक (MCI) को आधारमा नियमित लेखजोखा गरिरहने,ङ्क
- नेपाल सरकारले स्वीकृत गरी प्रचलनमा ल्याएको सहकारी र गरिबी निवारण संबन्धी ब्यवस्थापन सूचना प्रणाली (Co-operative and poverty related management information system (COPOMIS) मा आफ्नो संस्थालाई आबद्ध गराई सबै कारोबारको अभिलेखिकरण तथा लेखापालन सोही सफ्टवेयरमा गराइ पारदर्शिता तथा एकिकृत सूचना प्रणाली तयार गर्न सहयोग पुऱ्याउने आदि

**लेखा परिक्षण**

सहकारी संस्थाहरुको लेखा परिक्षणका लागि सहकारी ऐन, नियमावली एवं सहकारी विभागले जारी गरेको सहकारी संस्थाको लेखापरिक्षण निर्देशिका, २०७५ वा स्थानीय वा प्रादेशिक कानूनले तोके बमोजिम स्वीकृत प्राप्त लेखा परिक्षकबाट तोकिए बमोजमको accounting standards अबलम्बन गरेको हुनु पर्दछ। सस्थाले आगामी आ.व. को कारोवारको लेखा परिक्षणका गराउदा तल उल्लेखित प्रक्रिया (चक्र) अवलम्बन गरेको हुनु पर्ने देखिन्छ।

- सञ्चालक समितिले आगामी आर्थिक वर्षको लागि लेखा परिक्षकको नियुक्ति र निजको पारिश्रमिक तोक्नका लागि साधारण सभा समक्ष प्रस्ताव प्रस्तुत गर्ने,
- साधारण सभाले आगामी आ.व.को लागि लेखा परिक्षकको नियुक्ति गरी निजको पारिश्रमिक तोक्ने,
- साधारण सभाले नियुक्त गरेको लेखा परिक्षकबाट सञ्चालक समितिले लेखा परिक्षण गराउने,
- लेखा परिक्षकको प्रतिवेदन सञ्चालक समितिले छलफल तथा अनुमोदनका लागि साधारण सभा समक्ष प्रस्तुत गर्ने,
- साधारण सभाले लेखा परिक्षण प्रतिवेदन माथि छलफल गरी अनुमोदन गर्ने वा आफ्नो कैफियत सहित सञ्चालक समितिमा फिर्ता पठाउने,
- लेखा परिक्षण प्रतिवेदन अनुमोदन सहित समितिमा फिर्ता प्राप्त भएमा माइन्युट सहितको प्रतिवेदन तोकिएको समयभित्र नियमक निकाय समक्ष पेश गर्ने। तर साधारण सभाले सो प्रतिवेदन माथि कैफियत जनाई फिर्ता पठाएमा कैफियत माथि केन्द्रित भई पुन: परिक्षण गराई संस्थाले आफ्नो वार्षिक प्रतिवेदनको साथमा लेखा परिक्षण प्रतिवेदन समेत प्रकाशित गर्ने।

लेखा परिक्षणको सन्दर्भमा संस्थाले विचार पुऱ्याउनु पर्ने मुख्य विषयमा संस्थासंग स्वार्थ गासिकएको वा ऐनको दफा ७७ वा स्थानीय वा प्रादेशिक कानूनले निषेध गरे बमोजिमको अवस्था विद्यमान भएको व्यक्ति/फर्म/कम्पनि लाई लेखा परिक्षक नियुक्त गर्न हुदैन भने एउटै व्यक्ति, फर्म वा कम्पनिलाई लगातार ३ आर्थिक बर्ष भन्दा बढी हुने गरी लेखा परिक्षक नियुक्त गर्न समेत मिल्दैन।

**निरीक्षण तथा अनुगमन**

नियामक निकायको एउटा प्रमुख कार्य निरीक्षण र अनुगमन हो। निरीक्षण र अनुगमन नियामक निकायको नियमित र स्वाभाविक कार्य भएकाले संस्थाहरु पनि तयारी अवस्थामा रहेका हुन्छन् र हुनु पर्दछ। निरीक्षण र अनुगमनले उत्तरदायित्व र जवाफदेहितालाई

अभिबृद्धि गर्ने भएकाले यसले सुशासनलाई प्रवर्द्धन गर्दछ । यस सन्दर्भमा सहकारी संस्थाहरुले निम्न बुँदाहरुलाई ख्याल गर्नुपर्ने देखिन्छ । जस्तै;

- नियामक निकाय (विभाग,प्रदेश सरकार,स्थानीय तह,नेपाल राष्ट्र बैंक)बाट हुन सक्ने निरीक्षण र अनुगमन (मन्त्रालयले ऐनको दफा ९६ र ९८ बमोजिम गर्ने छानविन/निरीक्षण/अनुगमन समेत) को लागि संस्था तयारी अवस्थामा रहनु पर्ने (यसमा संघले कानुन बमोजिम मातहतका निकायमा गर्ने निरीक्षण तथा अनुगमन समेतलाई राख्न सकिन्छ),
- संस्थाका अभिलेखहरू अद्याबधिक गरी राख्ने र नियामक निकायले मागेको बखत तत्काल उपलब्ध गराउने,
- नियामक निकायबाट गरिएको निरीक्षण तथा अनुगमन पश्चात प्राप्त निर्देशनहरुको अक्षरस पालना गर्ने,
- निरीक्षण तथा अनुगमनबाट औल्याइएका कैफियतहरुलाई साधारण सभामा प्रस्तावकै रुपमा लगेर छलफल गर्ने,
- तोकिएको समयाबधिभित्र सुधार गर्नुपर्ने विषयहरुमा सुधार गरी सक्ने,
- सहकारी संस्थाहरुले सुरक्षण, वित्तीय संरचना, संपत्तिको स्तर, तरलता, लगानीका क्षेत्रहरू लगायतमा सहकारी विभागले तोकेका मानकहरुको पूर्ण पालना गर्नु पर्दछ ।

**सम्पत्ति शुद्धीकरण**

सहकारी संस्थाहरुमा हुने वित्तीय कारोवारमा स्वच्छता एवं पारदर्शिता कायम गरी सहकारी वित्तीय प्रणालीलाई संरक्षण गर्ने हेतुले सहकारी विभागले तालुक मन्त्रालयको स्वीकृतिमा संपत्ति शद्धिकरण ( Money laundering ) निवारण ऐन, २०६४ को दफा ७प को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी संपत्ति शुद्धिकरण निवारण संबन्धी सहकारी संघसंस्थालाई जारी गरिएको निर्देशन, (सं.स.)२०७४ जारी गरेको छ । सो निर्देशिका अनुसार बचत तथा ऋणको कारोवार गर्ने सहकारी संस्थाहरुले संपत्ति शुद्धिकरणको संबन्धमा देहाय बमोजिमका काम गर्नु पर्दछ;

- सहकारी संस्थाले आफ्नो संस्थाका सदस्य र सदस्य हुन इच्छुक व्यक्तिको पहिचान तथा सम्पुष्टी गर्ने र नयाँ व्यक्तिलाई विस्तृत रुपमा पहिचान नगरी सदस्यता नदिने,
- संस्थाले नियमित रुपमा जोखिम पहिचान, मूल्याङ्कन तथा व्यवस्थापन गरिरहने र जोखिम वर्गिकरण गर्दा उच्च, मध्यम र न्युन स्तरमा गरी नियमित अनुगमन गर्ने र अनुगमन गर्दा उच्च जोखिममा वर्गिकृत कारोवारलाई प्राथमिकता दिने,
- विश्वासनीय आधार भएको अवस्थामा बाहेक एकैपल्ट वा पटक-पटक गरी वार्षिक३० लाखभन्दा बढिको बचत जम्मा, कर्जा भुक्तानी, रेमिट्यान्स वा रकम स्थानतरण, शेयर खरिद लगायतको कारोवार भएको देखिएमा असामान्य/शङ्कास्पद कारोवार मानी जोखिम मूल्याङ्कन गर्ने । त्यसैगरी १० लाखभन्दा बढी (सीमा कारोवार) को माथि उल्लेखित कारोवार गर्दा संबन्धित सदस्य वा व्यक्तिबाट श्रोत खुलाएर मात्र लिने गर्ने,
- सञ्चालक समितिले कुन कुन सञ्चालकको के कस्तो भूमिका हुने हो सो निर्धारण गरी आ-आफ्नो भूमिका निर्वाह गर्ने गर्नु पर्दछ र संपत्ति शुद्धिकरणको काम कुनै सञ्चालक वा सदस्यलाई नतोकिएको भएमा प्रमुख कार्यकारी अधिकृत वा व्यवस्थापकको हुने,
- संपत्ति शुद्धिकरणको संबन्धमा सञ्चालक समितिले आन्तरिक नीति तथा कार्यविधी निर्माण गरी साधारण सभाबाट पारित गराई लागू गर्ने,
- संपत्ति शुद्धिकरण संबन्धी ऐन, नियमावली तथा निर्देशन मुताविकको दायित्व पूरा गर्नका लागि व्यवस्थापन स्तरको कार्यान्वयन अधिकारी (Comp lance officer) नियुक्त गर्ने र सो अधिकारीले सम्पर्क बिन्दु (focal point) को रुपमा समेत काम गर्नेछ,
- संस्थाले विवरण पठाउदा शङ्कास्पद कारोवारको हकमा सो कारोवार भएको ३ दिनभित्र र सीमा कारोवारको १५ दिनभित्र तोकिएको ढाँचामा वित्तीय जानकारी इकाईमा अनिवार्यरुपले पठाउने व्यवस्था मिलाउने,
- संस्थाको सञ्चालक समितिले कम्तिमा ६ महिनामा १ पटक ऐन, नियमावली तथा निर्देशन बमोजिम भए गरेका काम कारवाईको समिक्षा गर्नु पर्ने,

- संस्थाले आफुले संपादन गरेको कार्यहरुको चौमासिक प्रतिवेदन सो अबधी समाप्त भएको ७ दिनभित्र नियमक निकायमा तोकिएको ढाँचामा पठाउने,
- रु ५ करोड वा बढी जायजेथा भएको संस्था १ बर्षभित्र र अन्य संस्था ३ बर्षभित्र मन्त्रालयले स्विकृत गरेको एकिकृत व्यवस्थापन सूचना प्रणालीमा आवद्धता भइसक्ने,
- संपत्ति शुद्धिकरण संबन्धी अभिलेख, प्रतिवेदन तथा विवरण सहितका कागजातहरू ५ वर्षसम्म सुरक्षित राख्ने व्यवस्था मिलाउने।

यसप्रकार सहकारी संस्थाले विभागबाट जारी गरिएको निर्देशनको पालना र कार्यान्विन सहज रुपमा हुने प्रणालीको विकास अनिवार्य रुपमा गराउनु पर्दछ। संस्थाले आन्तरिक कार्यविधी बनाउदा सपत्ति शुद्धिकरण, आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी तथा सम्वद्ध अपराध निवारण प्रणालीको प्रभावकारी कार्यान्वयनको लागि संस्थागत संरचना तथा प्रभावकारितासंबन्धी व्यवस्था र रणनीतिको तर्जुमा गरेको हुनु पर्दछ। संपत्ति शुद्धिकरण संबन्धी ऐन, नियमावली र निर्देशनको पालना नगर्ने अर्थात उलङ्घन गर्ने व्यक्ति वा सस्थालाई कसूरको मात्रानुसार स्पष्टिकरण देखि ५ करोडसम्म जरिवाना र संस्थाको दर्ता खारेजीसम्मको जरिवाना/ सजाय हुने कानूनी व्यवस्था रहेको छ।

**पुछारमा;**

२०७२ सालमा जारी भएको नेपालको संविधानको आर्थिक उद्येश्य हेर्ने हो भने “सार्वजनिक,निजी तथा सहकारी क्षेत्रको सहभागिता तथा विकास मार्फत उपलब्ध साधन र श्रोतको अधिकतम परिचालनद्वारा तीव्र आर्थिक बृद्धि हासिल गर्दै दिगो आर्थिक विकास प्राप्त गर्ने तथा उपलब्धीहरूको न्यायोचित वितरण गरी आर्थिक असमानताको अन्त्य गर्दै शोषणरहित समाजको निर्माण गर्न राष्ट्रिय अर्थतन्त्रलाई आत्मनिर्भर,स्वतन्त्र तथा उन्नतिशील बनाउँदै समाजवाद उन्मुख स्वतन्त्र र समृद्ध अर्थतन्त्रको विकास गर्ने राज्यको आर्थिक उद्येश्य हुनेछ” भन्ने वेहोरा उल्लेख भएबाट समाजबाद उन्मुख आत्मनिर्भर राष्ट्रिय अर्थतन्त्रको विकासमा सहकारीको योगदान महत्वपूर्ण हुने देखिन्छ। त्रिखुट्टे अर्थनीतिको एउटा दर्ह्रो खुट्टाको रुपमा सहकारीलाई हाम्रो संविधानले नै ग्रहण गरेकाले जनताको भरोसाको केन्द्रको रुपमा सहकारी अभियानलाई अगाडि बढाउनु आजको आवस्यकता हो। जबसम्म स्थानीय पूँजी, प्रतिभा र प्रविधीको समुचित प्रयोग गरी सहकारीतालाई अभियानको रुपमा अगाडि बढाउन सकिन्न तबसम्म स्ववालम्बी अर्थव्यवस्था निर्माण गर्ने कुरा कोरा कल्पनामात्र हुनेछ।

**सन्दर्भ सामाग्री**


१. सहकारी ऐन (सं.स),२०७४

२. सहकारी नियमावली, २०७५

३. संपत्ति शुद्धिकरण निवारण संबन्धी सहकारी संघसंस्थालाई जारी गरिएको निर्देशन, २०७४

४. सहकारी संस्थाको लेखापरिक्षण निर्देशिका, २०७५

५. सहकारी संस्था दर्ता दिग्दर्शन, २०७४

६. सहकारिता – सहकारी विभागको प्रकाशन

# सहकारी संस्थाको पुनर्गठनः एकीकरण र विभाजन

**कृष्ण पुडासैनी**
उपसचिव, सहकारी विभाग

**परिचय**

सहकारी संस्थाको कार्यक्षेत्र र कार्यसञ्चालनको अवस्थामा तात्विक परिवर्तन गर्दा संस्थाको पुनर्गठन हुन्छ। पुनर्गठन सहकारी संस्थाको कार्यप्रणालीलाई प्रभावकारी तुल्याउने कार्य हो। पुनर्गठनको कार्यले सहकारी प्रयासलाई उचो पार्दछ। अर्को अर्थमा सहकारी संस्थाको साङ्गठनिक समायोजन पुनर्गठन हो।

**पुनर्गठनका स्वरुप**

सहकारी संस्थाका पुनर्गठनका रूप विभन्न छन्। देहायका कार्यहरूले संस्था पुनर्गठन गर्ने गरिन्छ :–

क) विभाजन (स्थानीयकरण): यससम्बन्धमा तल छुट्टै व्याख्या गरिएको छ।

ख) रूपान्तरण : सहकारी संस्थाको विषय परिवर्तन गर्ने कार्य नै रूपान्तरण हो।

ग) एकीकरण : यससम्बन्धमा तल छुट्टै व्याख्या गरिएको छ।

घ) कार्यक्षेत्र विस्तार : दर्ता भएको अवस्थाको भौगोलिक कार्यक्षेत्र बढाउने कार्य नै कार्यक्षेत्र विस्तार हो।

ङ) पुनःसंरचना : संस्थाको आन्तरिक साङ्गठनिक गतिशीलता कायम गर्न सदस्य सहभागिताका मञ्चहरूको सिर्जना, स्वनियमका प्रक्रिया तथा संयन्त्रको स्थापना तथा सुदृढीकरण, सहकारी सिद्धान्तको प्रचलन लगायत संस्थागत सुदृढीकरणका कार्यहरू नै पुनःसंरचना हो।

उपरोक्त स्वरूपमध्ये एकीकरण र विभाजनको कार्य ज्यादै सम्वेदनशील र महत्वपूर्ण हुन्छ। सहकारी ऐन, २०७४ र नियमावली, २०७५ ले एकीकरण र विभाजनको व्यवस्था गरेको छ। यस लेखमा सहकारी संस्थाको एकीकरण र विभाजनको चर्चा गरिएको छ।

**सङ्गठनात्मक संस्कृति र सहकारी संस्थाको एकीकरण**

सङ्गठनका साहित्य अध्ययन गर्ने हो भने सङ्ठनात्मक कार्य प्रणालीमा साङ्गठनिक संस्कृतिले ठूलो प्रभाव पारिरहेको हुन्छ। सङ्गठनात्मक संस्कृति भन्नाले सङ्गठनमाआवद्ध सदस्यका सामूहिक मूल्य, विश्वास, व्यवहार र सिद्धान्तहरू हुन् यो सङ्गठनको इतिहास, बजार, प्रविधि, योजना तथा रणनीति, कार्यरत मानवस्रोत, व्यवस्थापकीय शैली र समग्र राष्ट्रिय संस्कृति जस्ता तत्वहरूको उपज हो ७। भिन्न–भिन्न संस्कार र परिस्थितिमा हुर्केका सहकारी संस्थाहरू र विविध मूल्य, विश्वासमा आधारित व्यवहारमाअभ्यस्त सदस्यहरूलाई एकाकार गरी एउटै संस्थामा परिणत गर्ने कार्य ज्यादै जटिल हुनजान्छ। एउटा सहकारी संस्थाले अधिकार केन्द्रीत हिसाबले संस्था चलाइरहेको हुनसक्छ भने अर्कोले अधिकारको बढी सहभागितात्मक ढङ्गले चलन गरेको हुनसक्छ। सङ्गठनात्मक कार्य शैली, विधि, नीतिहरू फरक–फरक अभ्यासमा हुन्छन्। तसर्थ, सहकारी संस्थाको एकीकरण सङ्गठनात्मक मात्र होइन, यो त सदस्यहरूबीच ग्रहणशीलता ल्याउने गरी गरिने एकता हो। सङ्गठनको कागजी एकीकरणले मात्र वास्तविक समाधान दिन सक्दैन उल्टो धेरै जटिलताहरू निम्तीन सक्छ।

Charls Handy ले सङ्गठनात्मक संस्कृति बारे तल भनेको भनाइ सहकारी संस्था एकीकरणको सन्दर्भमा मननीय छ :
सङ्गठनात्मक संरचनालाई सङ्गठनात्मक संस्कृतिमा जोड्नु पर्दछ।[१]

सहकारी संस्थाहरूलाई एक बनाउने प्रक्रिया नै एकीकरण हो। सहकारी ऐन, २०७४ को दफा ८७ (१) अनुसार दुई वा दुईभन्दा बढी सहकारी संस्थाहरू एक आपसमा गाभी एकीकरण गर्न सकिने व्यवस्था रहेको छ। दुई सहकारी संस्थाहरूको एकै साङ्गठनिक एकाइ बनाउनु नै एकीकरण हो (a merger is a consolidation of two cooperatives into one entity)। [२]

सहकारी संस्थामा साङ्गठनिक गतिशीलता, व्यावसायिक क्षमता अभिबृद्धि, र समग्र संस्थागत प्रभावकारिता हासिल गर्न एकीकरण आवश्यक पर्दछ। खासगरी शहरी क्षेत्रमा अनावश्यक संख्याका संस्थाहरू जसका कारणले हुने दोहोरो सदस्यता, फजुल सञ्चालन खर्चले असङ्गति देखा परेकै छ। यस्ता नमिलेका विषयलाई समाधान गर्न मिल्दाजुल्दा संस्थाहरूलाई मिलाएर मजबुत सहकारी

संस्था निर्माण गर्न एकीकरण जरूरी छ।

**एकीकरणका सर्तहरु**

सहकारी संस्थाहरूको एकीकरण कार्य जहिलेसुकै सफल हुन्छ भन्ने हुँदैन। यसको आवश्यकता जतिबेला पनि रहन्छ भन्ने अवस्था रहन्न। कुनै सहकारी संस्थाले ठूलो कारोबार गरेको छ र अर्काले सानो कारोबार गरेको छ भन्दैमा संस्था वा कार्यक्षेत्र ठूलो पार्ने मनसुवाले सहकारी संस्थाको एकीकरण गर्नु वाञ्छनीय हुँदैन। यस्तो मनसायको एकीकरणले सदस्य सहभागिता र लोकतान्त्रिक नियन्त्रण कमजोर हुन पुग्दछ। खासगरी देहायका अवस्थामा मात्र एकीकरणको आवश्यकता पर्दछ र त्यो प्रभावकारी सिद्ध हुन्छ भनिएको छ :–[३]

- कार्यक्षेत्र एक–अर्काको भित्रै पर्दछ,
- साझा बन्धन एकैनास छ,
- संस्थाहरू एकै विषय वा प्रकृतिका छन्,
- फरक विषय वा प्रकृतिका संस्था भए पनि खासमा एकै व्यवसायमा प्रतिष्पर्धा भइरहेको छ र
- कम्तीमा एक–तिहाइ सदस्यतामा दोहोरो परेको देखिन्छ।

सहकारी संस्था एकीकरण गर्न सहकारी नियमावली, २०७५ को नियम ३९ (१)ले निम्नानुसारका एकीकरणका सर्तहरू पूरा भएको हुनुपर्ने गरी तोकेको छ :–

क) कार्यक्षेत्र एक–अर्कासँग खप्टिएको वा जोडिएको हुनुपर्ने,
ख) एकै विषय वा प्रकृतिका संस्था हुनुपर्ने वा फरक विषय वा प्रकृतिका भए तापनि मूलतः एकै विषयमा प्रतिष्पर्धा भएको हुनुपर्ने,
ग) सदस्यको प्रत्यक्ष सहभागिता एवं लोकतान्त्रिक नियन्त्रण कायम रहनुपर्ने।

उक्त नियम ३९ को उपनियम (२) मा एकीकरण गर्दा मौजुदा संस्थाको कार्यक्षेत्रको आधारमा स्थानीय तहको वडा, स्थानीय तह, जिल्ला वा प्रदेशको क्षेत्रभित्र पर्ने गरी गर्नु पर्नेछ भन्ने अर्को प्रावधान समावेश गरेको छ। नियमावलीको यो व्यवस्थाले सहकारी संस्थालाई समुदायमा आधारित बनाउन खोजेको प्रतीत हुन्छ। साथै सहकारी संस्थाको एकीकरण पश्चातको कार्यक्षेत्र प्रदेश तहसम्म सीमित पारेको छ। यसमा सहकारी ऐनको दफा १८ (१) को खण्ड (ख) (१) मा भएको व्यवस्था अनुरूप सदस्यहरूबीच स्वाबलम्बनको पारस्परिक अभ्यासको लागि आपसी साझा बन्धनको आधारलाई सम्झेको देखिन्छ।

नियमावलीको उपरोक्त खण्ड (क) अनुसार कार्यक्षेत्र एकापसमा खप्टिएको हुनुपर्ने व्यवस्थाले सदस्यहरूको चिनजान, साझा बन्धन (Common bond) कमजोर नहुने, दोहोरो सदस्यता परेको हुनजाने हुँदा एकीकरण कार्य सहज बन्न जाने हेतु देखिएको छ। कार्यक्षेत्र जोडिएको भन्ने समेत व्यवस्थाको हकमा खण्ड (ग) को व्यवस्था अबलम्बन गर्नु पर्दछ। साथै सदस्यमाझ साझा बन्धन कायमै राख्न र अनावश्यक कार्यक्षेत्रको फैलावट हुनसक्नेतर्फ नियामक निकायले थप विचार गर्नु पर्दछ।

नियमावलीको उपरोक्त खण्ड (ख) अनुसार सहकारी संस्था एकै विषय वा प्रकृतिका वा फरक विषय भएतापनि मूलतः एकै विषयमा प्रतिष्पर्धा भएको हुनुपर्ने भन्ने सर्त व्यवस्थाले सदस्यको आवश्यकता र चरित्र मिल्न गई संस्था गाभिई एकीकरण हुन सहज हुनजाने मनसाय देखिन्छ। मुख्यतः सदस्य धैरै दोहोरो परेको अवस्थामा एकीकरणको कार्य सहज र सफल हुन जान्छ।

नियमावलीको उपरोक्त खण्ड (ग) अनुसार सदस्यको सहभागितालाई सुगम तुल्याउने गरी मात्र संस्था एकीकरणको कार्य गर्नुपर्ने देखाएको छ। संस्थाको कार्यक्षेत्र ठूलो पार्ने र कारोबार बढाउन मात्र एकीकरण हुनु हुँदैन बरू लोकतान्त्रिक नियन्त्रणका सदस्य–मैत्री सङ्गठनात्मक प्रक्रियालाई जीवन्त राख्नु पर्ने गरी बन्देज लगाएको छ। यसका लागि सदस्य सहभागिताका विस्तारित मञ्चहरू (Extended forums for participation) को सिर्जना गरिएको हुनुपर्ने अवस्थालाई दर्शाएको छ।

उक्त नियमको उपनियम (३) मा मन्त्रालयको पूर्व–स्वीकृति बिना पुराना साझा (सहकारी) संस्थाहरूलाई अर्को संस्थामा एकीकरण गर्न नपाइने गरि सुरक्षित गरिएको छ। यसमा नेपाल सरकारकोसमेत स्रोत परेको, कतिपय साझा संस्थाहरू निष्क्रिय रहेका र त्यस्ता संस्थाका जायजेथा धेरै भएका कारण नेपाल सरकारको पूर्व–स्वीकृतिको प्रावधान राखिएको बुझ्न सकिन्छ। महिलामात्र सदस्य रहने संस्था महिलामात्र सदस्य रहने संस्थामा एकीकरण गर्न प्राथमिकता दिनुपर्ने भन्ने अर्को व्यवस्थाले लैङ्गिक विभेद

हुँदा हुँदै महिलामात्रको प्रयासमा गठन भएका महिलामात्र सदस्य रहने संस्था अर्को संस्थामा एकीकरण गर्दा सहकारीता मार्फत महिला सशक्तिकरणको अभियानमा असन्तुलन पैदा नहोस् भन्ने अर्थ स्पष्ट हुन्छ। साथ साथै विशेष रूपमा पिछडिएका समुदायको पहलकदमीमा स्थापित सहकारी संस्थाको साङ्गठनिक गतिशीलतामा असर पर्ने गरी अर्को संस्थामा गाभी एकीकरण गरिने छैन भन्ने व्यवस्थाले दलीत समुदाय, अपाङ्गता भएका व्यक्तिहरू र सीमान्तकृत अन्य समुदायको सशक्तिकरणमा नियमावलीले जोड दिएको छ।

नियमावलीको नियम ७ (१) र (२) को मा तोकिएको मापदण्ड महानगरपालिका वा उपमहानगरपालिकाको हकमा प्रत्येक पाँच हजार जनसङ्ख्यामा एउटा संस्था, नगरपालिकाको हकमा प्रत्येक दुई हजार जनसङ्ख्यामा एउटा संस्था र गाउँपालिकाको हकमा प्रत्येक पाँच सय जनसङ्ख्यामा एउटा संस्था भन्दा बढी भएका बचत तथा ऋणको मुख्य कारोबार गर्ने संस्थाहरूले तीन वषभित्र नियम ३९ बमोजिम एकीकरण भइसक्नु पर्ने गरी एकीकरणको अर्को व्यवस्था गरिएको छ।

एकीकरण गर्ने संस्थामा सरकारी, वित्तीय निकाय वा दातृ निकायको ऋण, अनुदान वा अन्य सहयोग रकम वा सम्पत्ति रहेछ भने सम्बन्धित निकायको पूर्व–सहमति लिनु पर्ने सर्त नियम ४१ ले तोकेको छ।

**सङ्घहरुको एकीकरण**

सहकारी नियमावलीले सङ्घहरूको समेत एकीकरण गर्न सकिने व्यवस्था गरेको छ। कतिपय सङ्घहरू निष्क्रियजस्तै र प्रयोजनहीन पनि देखिएको परिप्रेक्ष्यमा यो व्यवस्थाले सङ्घहरूको संख्या घटाउने र सशक्त बनाउने देखिएको छ। विषयगत कार्य मिल्ने गरी सङ्घहरूको एकीकरण गर्नुपर्ने व्यवस्था अनुसार हाल कायम रहेका जुनार, तरकारी तथा फलफूल, विउविजन विषयका सहकारी केन्द्रीय सङ्घहरूको कृषि सहकारी केन्द्रीय सङ्घसँग एकीकरण, दुध र पशुपन्छी विषयका केन्द्रीय सङ्घको एकीकरण गर्न सकिने देखियो ।त्यस्तै सुपारी विषयको केन्द्रीय सहकारी सङ्घलाई प्रादेशिक तहमा सीमाङ्कन गर्न सकिन्छ।

नियमावलीले ऐनको दफा ४ र दफा ८ बमोजिम न्यूनतम् संख्या र जिल्ला समावेश नभएका जिल्ला वा केन्द्रीय विषयगत वा बहुउदेश्यीय सहकारी सङ्घहरू नियमावली प्रारम्भ भएको मितिले दुई वर्षभित्र सम्बन्धित सङ्घमा एकीकरण गर्नु पर्नेछ भन्ने व्यवस्था गरेको छ। यस अनुसार कम्तीमा एघार वटा सहकारी संस्थाहरू वा'क'वर्गका दुर्गम जिल्लाका हकमा छ वटा सहकारी संस्थाहरू जिल्ला विषयगत सहकारी सङ्घमा नपुगेको भएमा र कम्तीमा सात वटा जिल्लाका एकाउन्न वटा विषयगत सहकारी संस्थाहरू वा विषयगत जिल्ला सहकारी सङ्घहरू वा विषयगत प्रदेश सहकारी सङ्घहरू नपुगेको केन्द्रीय सङ्घ भएमा त्यस्ता सङ्घले विषय मिल्ने सङ्घसँग दुई वर्षभित्र एकीकरण गरिसकेको हुनु पर्ने अनिवार्यता गरेको छ।

सहकारी बैङ्कहरूको एकीकरण गर्दा रजिष्ट्रारले नेपाल राष्ट्र बैङ्क पूर्व–स्वीकृति आवश्यक पर्ने प्रावधान नियमावलीमा छ। हालसम्म नेपालमा एकमात्र राष्ट्रिय सहकारी बैङ्क रहेको अवस्था छ।

**एकीकरण गर्ने विधि**

सहकारी ऐन, २०७४ को दफा ८७ (२) मा एकीकरण गर्दा सम्बन्धित सहकारी संस्थाको कूल कायम रहेका सदस्य संख्याको बहुमतबाट निर्णय हुनु पर्ने व्यवस्था गरिएको छ। यसअनुसार कुनै सहकारी संस्था अर्को सहकारी संस्थासँग एकीकरण हुन चाहेमा आफ्ना कूल सदस्यहरूमध्ये ५१ प्रतिशतले निर्णय गरेको हुनु पर्‍यो। अर्थात् यस्तो निर्णय साधारण सभामा ५१ प्रतिशत मात्र सदस्य उपस्थित भएकोमा सर्वसम्मत र सो भन्दा बढी उपस्थित भएकोमा ५१ प्रतिशत सदस्य पर्ने गरी निर्णय गरेको हुनु पर्ने अनिवार्यता ऐनको प्रावधानले गरेको देखिन्छ। एकीकरण गर्ने निर्णय गर्दा सम्बन्धित सहकारी संस्थाले एकीकरण के, कसरी गर्ने, सदस्य सहभागिता, संस्थागत चल–अचल सम्पत्ति, पदाधिकारी, कर्मचारीका व्यवस्था आदि विषयका सर्त र कार्यविधि समेत खुलाउनु पर्ने देखिन्छ।

माथि उल्लेख भएअनुसारका सर्त, बन्देजको पालना गरी एकीकरण गर्न इच्छुक सहकारी सङ्घसंस्थाहरूले एकीकरण गर्नु पूर्व के, कसो गर्नु पर्ने हो, एकीकरणका अन्य सर्त, आधार र एकीकरणका प्रक्रियागत चरणहरू के, कति हुन्छन् भन्ने कार्यगत विधि खुलेको कार्यविधि आवश्यकता देखिएको छ। नियमावलीले मन्त्रालयले यस्तो कार्यविधि निर्माण गरी एकीकरणको कार्यलाई सहज बनाउन सकिने व्यवस्था गरेको छ। कार्यविधि तर्जुमाका लागि विभागमा आगामी वर्षको कार्यक्रम तथा बजेट स्वीकृत भई सकेको छ।

सहकारी संस्था एकीकरणको अभियानलाई कार्यविधिको अभावमा अवरोध नहोस भन्ने असल नियतले विभागबाट केही संस्थाहरूको एकीकरण गर्ने कार्य भएका छन्। यसमा नियमावलीका व्यवस्था र अन्य आवश्यक कार्यप्रक्रियागत चरण सम्पन्न भएपश्चात सम्बन्धित नियामक निकायको कारणसहितको सिफारिशमा मन्त्रालयको नीतिगत निर्णयअनुसार एकीकरण गर्ने गरिएको छ। साथै स्थानीय तह र प्रदेश सरकारले आफ्नो सहकारी ऐन, नियमावलीको व्यवस्था र स्वीकृत कार्यविधिबमोजिम आ–आफ्नो नियमन क्षेत्राधिकारभित्रका सहकारी संस्थाहरूको एकीकरण गर्न सक्ने नै भए।

**के एकीकरण जुनसुकै बेला उपलब्धीमूलक हुन्छ ?**

सहकारी संस्थाहरूको एकीकरण जहिले पनि फलदायी हुन्छ भन्न सकिन्न। एकीकरणपश्चात बन्ने संस्थामा सदस्य संख्या नै अत्यधिक हुन गई सदस्य बैठकहरू बस्न नसक्ने, बसेकामा पनि सदस्यको पहुँचयोग्य नभई 'दुर्गम' हुनजाने भएमा त्यसले सदस्य सहभागिता र लोकतान्त्रिक नियन्त्रण कायम गर्न सकिदैन। एकीकृत संस्थाको कार्यक्षेत्र बृद्धि हुन गई सदस्यमाझ साझा बन्धन ज्यादै कमजोर रहने अवस्था भएमा त्यसले सहकारी व्यावसायिक औचित्य र सहकारीपन कायम गर्न सक्दैन। सदस्यमाझ व्यापक छलफल र सहमति बिना एकीकरणका लागि एकीकरण मात्रको मनसायले गरिएको एकीकरणले सकारात्मक परिणामको सट्टा थप समस्या ल्याउन सक्दछ।

**सहकारी संस्थाको विभाजन**

कुनै एक सहकारी संस्थालाई दुई वा दुई भन्दा बढी सहकारी संस्थाको सिर्जना गर्ने कार्य नै विभाजन हो। धेरै कार्यक्षेत्र भएको सहकारी संस्थाको सेवा सञ्चालन नभएको कार्यक्षेत्र झिकेर अर्को संस्था स्थापना गर्ने कार्य विभाजन हो। सहकारी ऐन, २०७४ को दफा ८७ (१) मा एक सहकारी संस्थालाई भौगोलिक कार्यक्षेत्रको आधारमा दुई वा दुईभन्दा बढी सहकारी संस्थामा विभाजन गर्न सकिने व्यवस्था गरिएको छ।

विभाजनलाई सहकारी संस्थाको स्थानीयकरण पनि भन्न सकिन्छ। विभाजन सहकारी संस्थाको स्थानीयकरण गर्ने प्रक्रिया हो। सहकारी संस्थाको विभाजन गर्दा ठूलो कार्यक्षेत्र ओगटेको तर सबै कार्यक्षेत्रभित्र सदस्यता विस्तार हुन नसकेको संस्थाको ज्यादै कम सदस्य रहेका क्षेत्रलाई कार्यक्षेत्रबाट हटाई अर्को संस्था खडा गरिन्छ। विभाजनको कार्यले सहकारी संस्थालाई समुदायमा आधारित बनाउनुका साथै सदस्य सहभागितालाई सहज र सुगम तुल्याउँछ।

खासमा सहकारी संस्थाको विभाजन भनेको सहकारी क्रियाकलापलाई समुदाय केन्द्रीत, सदस्य केन्द्रीत र सदस्यको लोकतान्त्रिक नियन्त्रणलाई प्रभावकारी बनाउने कार्य हो।

**विभाजनका सर्तहरु**

सहकारी संस्थाको विभाजन कहिले गर्ने भन्ने अवस्था साविक संस्थाको भौगोलिक कार्यक्षेत्रको फैलावट र त्यसभित्र सदस्य सेवा तथा सदस्यता विस्तारको अवस्था हेर्नु पर्ने हुन्छ। स्वीकृत भौगोलिक क्षेत्र ठूलो रहेको तर केही क्षेत्रमा सदस्यता र कारोबार सञ्चालन नभएको अवस्थामा त्यस्तो क्षेत्र कार्यक्षेत्रबाट हटाउन सकिन्छ। कार्यक्षेत्रभित्र सदस्यता बराबर नै भएपनि सदस्य सहभागिता र कारोबारका सेवा प्राप्तीमा अपायक परिरहेको अवस्थामा सहभागिता र कारोबार सेवा सञ्चालनका पायकका क्षेत्र मिलाई विभाजनमार्फत दुई वा दुईभन्दा बढी संस्था बनाउन सकिन्छ।

सहकारी नियमावली, २०७५ को नियम ४० मा सहकारी संस्थाको विभाजनसम्बन्धी निम्नानुसार सर्त तोकिएको छ :–

क) बचत तथा ऋणको मुख्य कारोबार भएको सहकारी संस्थाको हकमा सो को कार्यक्षेत्र स्थानीय तहको एक वडाभन्दा बढी भएको।

यस सर्त व्यवस्थाअनुसार बखत बचत तथा ऋणको मुख्य कारोबार गर्ने संस्थाको कार्यक्षेत्र सम्बन्धित स्थानीय तहको एकभन्दा बढी वडामा फैलिएको तर सदस्य सेवाको सघनता केही वडामा मात्र सीमित रहेकोमा सदस्य संख्या नगण्य मात्रामा भएका वडालाई कार्यक्षेत्रबाट झिकेर साविक संस्थाको कार्यक्षेत्र सिमाङ्कन गरी नियमावलीको नियम ७ (१) मा तोकिएबमोजिम जनसंख्याकोआधारमा अर्को संस्था खडा गर्न सकिन्छ।

ख) विभाजनको प्रक्रियाबाट स्थानीयकरण गर्दा सदस्यहरूको सक्रिय सहभागिता तथा लोकतान्त्रिक नियन्त्रण कायम रहने अवस्था भएको।

ठूलो कार्यक्षेत्र र हजारौँ सदस्य संख्याबीच सहकारी संस्थाका गतिविधि तथा साङ्गठनिक प्रक्रिया र व्यावसायिक सेवामा सदस्य केन्द्रीयता तथा सहभागिता कमजोर हुनजाने तर्फ विचार गर्दै यो प्रावधान राखिएको सहजै बुझ्न सकिन्छ। यस व्यवस्थाले सहकारी संस्थालाई समुदाय केन्द्रीत बनाउन खोजेको देखिन्छ।

नियमावलीले सहकारी संस्थाको विद्यमान कारोबारको प्रकृतिअनुसार नियमावलीको नियम ११ बमोजिमको उत्पादक, उपभोक्ता, वित्तीय, श्रमिक वा बहुउदेश्यीय कुनै एक विषय मिल्ने गरी विभाजनपश्चात फरक–फरक भौगोलिक कार्यक्षेत्र तोकी संस्था पुनर्गठन गर्न सकिने व्यवस्था गरेको छ। कुनै संस्था विभाजनबाट स्थानीयकरण गर्दा अधिकारप्राप्त नियामक अधिकारीले सम्बन्धित सङ्घको राय लिन सकिने गरी नियमावलीले थप व्यवस्था गरेको छ।

विभाजन गर्ने संस्थामा सरकारी, वित्तीय निकाय वा दातृ निकायको ऋण, अनुदान वा अन्य सहयोग रकम वा सम्पत्ति रहेछ भने सम्बन्धित निकायको पूर्व–सहमति लिनु पर्ने सर्त नियम ४१ ले तोकेको छ।

**विभाजन गर्ने विधि**

सहकारी ऐन, २०७४ को दफा ८७ (२) मा विभाजन गर्दा सम्बन्धित सहकारी संस्थाको कूल कायम रहेका सदस्य संख्याको बहुमतबाट निर्णय हुनु पर्ने व्यवस्था गरिएको छ। यसअनुसार कुनै सहकारी संस्था विभाजन गर्नु परेमा आफ्ना कूल सदस्यहरूमध्ये ५१ प्रतिशतले निर्णय गरेको हुनु पर्‍यो। अर्थात् यस्तो निर्णय साधारण सभामा ५१ प्रतिशत मात्र सदस्य उपस्थित भएकोमा सर्वसम्मत र सो भन्दा बढी उपस्थित भएकोमा ५१ प्रतिशत सदस्य पर्ने गरी निर्णय गरेको हुनु पर्ने अनिवार्यता ऐनको प्रावधानले गरेको देखिन्छ। विभाजन गर्ने निर्णय गर्दा विनियम संसोधन गर्ने निर्णयका अलाबा सम्बन्धित सहकारी संस्थाले विभाजन के, कसरी गर्ने, सदस्य सहभागिता, संस्थागत चल–अचल सम्पत्ति, कार्यक्षेत्र निर्धारण, पदाधिकारी, कर्मचारीका व्यवस्था आदि विषयका सर्त र कार्यविधि समेत खुलाउनु पर्ने देखिन्छ।

विभाजनका अन्य सर्त, आधार र प्रक्रियासमेत तोक्न एकीकरणको कार्यविधिसँगै विभाजनकोसमेत कार्यविधि मन्त्रालयले छिट्टै निर्धारण गर्न सहकारी विभागमा आगामी वर्षको कार्यक्रममा स्वीकृत भएको छ।नियमावली जारी भए पश्चात हालसम्म विभागबाट विभाजनको निर्णय गरिसकिएको छैन।

**निष्कर्ष**

सहकारी संस्था एकीकरण र विभाजनको कार्यले सहकारी संस्थालाई सदस्य–केन्द्रीत बनाउँदै समुदायमा आधारित संस्था बनाउने हो। एकीकरणले अनावश्यक संस्था र फुर्माइस खर्चलाई कम गराउँदै समुदायमा सहकारी प्रभाव देखाउने संस्थामा परिणत गर्दछ भने विभाजनले पनि सदस्य पहुँचलाई सजिलो पार्दै सहकारी गतिविधिलाई समुदायतर्फ फर्काउने हो। दुबैमा सदस्यको लोकतान्त्रिक नियन्त्रण र छिमेकीका आधारमा सदस्यबीच कायम साझा बन्धन (कमन बण्ड) लाई पातलो हुन दिनु हुँदैन।

**सन्दर्भ सामग्रीः**

१. Charles Handy, Understaniding Organizations (1976)
२. सहकारी संस्था दर्ता दिग्दर्शन (काठमाडौ, सहकारी विभाग, २०७४)
३. सहकारी ऐन, २०७४ र नियमावली, २०७५
४.Trends of U.S. Agricultural Cooperatives (1913-2016)

## सम्पत्ति शुद्धीकरण निवारण निर्देशनबमोजिम गर्ने, गराउने सम्बन्धमा सहकारी संस्थाहरुलाई भरतपुर महानगरपालिकाको अत्यन्त जरूरी सूचना

सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण ऐन, २०६४ को दफा ७प को उपदफा २ ले दिएको अधिकार प्रयोग गरी सहकारी विभागबाट २०७४ साल माघ १५ गते सम्पत्ति शुद्धीकरण निवारणसम्बन्धी सहकारी संघसंस्थालाई निर्देशन जारी गरिएको व्यहोरा विदितै छ। उक्त निर्देशन विभागको वेबसाइट www.deoc.gov.np बाट समेत प्राप्त गर्न सकिन्छ | तदनुसार सहकारी संस्थाले अविलम्ब देहायको व्यवस्था मिलाउनु हुन सूचित गरिन्छ।

१ ऐनको दफा ७घ बमोजिम सदस्यहरूको जोखिम पहिचान, मूल्यांकन तथा व्यवस्थापन गर्ने व्यवस्था अविलम्ब मिलाउने;

२ कुनै सदस्यले एकैपटक वा पटक-पटक गरी एक दिनमा गरेको रू. १० लाख वा सोभन्दा बढी रकमको सीमा कारोबारको प्रतिवेदन १५ दिनभित्र र शङ्कास्पद कारोबारको प्रतिवेदन ३ दिनभित्र वित्तीय जानकारी इकाईमा तोकिएको ढाँचामा पठाउने;

३ ऐनको दफा ७त को उपदफा (१) बमोजिम सम्पत्ति शुद्धीकरण निवारणसम्बन्धी आन्तरिक नीति र कार्यविधि तर्जुमा गरी साधारणसभाबाट पारित गराई लागू गर्ने;

४ सञ्चालक समितिले ऐनको दफा ७त को उपदफा (३) बमोजिम व्यवस्थापन स्तरको कार्यान्वयन अधिकारी (कम्प्लायन्स अफिसर) नियुक्त गर्ने वा नियुक्त नभएसम्म प्रमुख कार्यकारी अधिकृतले नै कार्यान्वयन अधिकारीको कार्य गर्ने गरी जिम्मेवारी तोक्ने र

५ ऐन, नियमावली र सहकारी विभागबाट जारी निर्देशनका माथि उल्लेखित लगाएतका सबै व्यवस्थाहरू तदारुकताका साथ् पालना गर्ने, गराउने व्यवस्था मिलाएर रू ५ करोडभन्दा बढी बचत तथा ऋणको मुख्य कारोवार गर्ने सहकारी संस्थाले चौमासिक रूपमा र अन्य संस्थाले वार्षिक रूपमा निर्देशनमा तोकिएको ढाँचामा सम्पादित कार्यहरूको प्रतिवेदन कानुले तोकेको अन्य निकायका अतिरिक्त भरतपुर महानगरपालिका, सहकारी तथा रोजगार प्रवर्द्धन शाखामा पठाउने।

अन्यथा कानुनबमोजिम कारबाही गरिने व्यहोरासमेत जानकारी गराइन्छ।

## सहकारी संस्थाले अङ्कित मूल्यमा मात्र सेयर विक्री गर्नुपर्ने विषयको भरतपुर महानगरपालिकाको सूचना

सहकारी ऐन, २०७४ को दफा ६३ को उपदफा (४) मा सहकारी संस्थाको सेयरको अङ्कित मूल्य प्रतिसेयर एक सय रुपैयाँ हुनुपर्ने व्यवस्था रहेको विदितै छ। तदनुसार सहकारी संस्थाले विनियमबमोजिम योग्यता पुगेका सेवा उपयोगकर्ता इच्छुक व्यक्तिलाई एक सेयरमात्र खरिद गरेको खण्डमा पनि स्वैच्छिक तथा खुला सदस्यताको सिद्धान्तबमोजिम कुनै भेदभाव नगरी समान अधिकारसहित सदस्यता प्रदान गर्नुपर्दछ। यदाकदा सहकारी संस्थाहरूले साबिकका सदस्यहरूले खरिद गरेको सेयरबाट नाफासमेत थपिएको भन्नेजस्तो भ्रामक तर्क गरी नयाँ सदस्यलाई सेयर प्रिमियमबापत भनी एक सेयरको एक सय रुपैयाँभन्दा बढी लिने गरेको बुझिएकाले यो सूचना जारी गरिएको छ। अतः नयाँ वा पुराना जुनसुकै सदस्यलाई सहकारी संस्थाको सेयर विक्री गर्दा अङ्कित मूल्य अर्थात् प्रतिसेयर एक सय रुपैयाँका दरले हुने रकममात्र लिनु हुन तथा सेयर प्रिमियम वा त्यस्तै अन्य कुनै नाममा रकम नलिनु हुन जानकारी गराइन्छ। अन्यथा कानुनबमोजिम कडा कारबाई गरिनेछ।

# वित्तीय संघीयतामा सहकारीको कार्यदिशा

■ **परितोष पौड्याल**
अध्यक्ष, नेफस्कून

"संमृद्ध नेपाल र सुखी नागरिक" को राष्ट्रिय नारालाई पूर्णता दिन बित्तीय संघीयतामा आधारित बित्तीय सहकारीको कार्यदिशा निश्चित गर्नु पर्दछ। समृद्धिको यात्रा पुरा गर्न आर्थिक वृद्धि र आर्थिक विकासलाई सम्पूर्ण आयामलाई संवोधन गर्नु पर्दछ। राज्यको संकल्प समृद्धिको यात्रा पुरा गर्न आयमा असमानतालाई न्यूनीकरण र धन सिर्जनाको लागि नागरिकलाई सक्षम वनाउनु पर्दछ। नागरिकलाई सक्षम वनाउन वित्तीय मध्यस्तकर्ताको रुपमा शोषण र नीजि स्वामित्वमा आधारित वैंकिङ्ग प्रणालीको अतिरिक्त समुदायमा आधारित वित्तीय सहकारीसंस्थाको भूमिका निश्चित गर्नु पर्दछ। सामाजिक न्याय र समानताको लागि बित्तीय मध्यस्थकर्ताको रुपमा वित्तीय सहकारीको प्रभावकारी भूमिका हुनुपर्दछ। समुदायमा आधारित र व्यक्ति केन्द्रित वित्तीय सहकारीको सक्षमता विना यो क्षेत्रको स्थायित्व सम्भव छैन। नेपालको संविधानको परिकल्पनालाई समृद्धिको यात्रालाई साकार स्वरुप दिनका लागि बित्तीय सहकारीको प्रर्वधन अनिवार्य र महत्त्वपूर्ण शर्त हो। बित्तीय क्षेत्र जोखीमको क्षेत्र भएकाले तीन तहका सरकारले बित्तीय सहकारी सन्चालनको मापदण्डमा एकरुपता कायम गर्नु पर्दछ। गुणस्तरीय सुशासन, प्रतिस्पर्धामा आधारित वित्त वजार, सन्चालनमा प्रभावकारीता, बित्तीय पहुँच र समावेशीकरणको सम्वन्धमा पश्चिम यूरोप र अमेरिकाका अभ्यासहरु फरक फरक पाइन्छन। मानिसको चेतनाको स्तर, सामाजिक परिबेश, सञ्चालनको विधिको हिसावले दुईवटा अभ्यासहरु विश्वव्यापी रुपमा भेटिन्छिन। एउटा अभ्यासले सापेक्षिति रुपमा कमजोर सञ्जालीकृत विषयलाई जोड दिन्दै ऐक्यवद्धता र स्वेच्छिक सहभागिता आधारमा सिमित स्रोत र साधनको साझा वाडफाँड गरिएको हुन्छ। बित्तीय सहकारीको एक सञ्जाल निर्माण गर्न, बित्तीय स्थिरता कायम राख्न, सघन बित्तीय एवम् सुशासनलाई अनुगमन गर्न, वस्तु तथा सेवाहरुमा गुणस्तर निश्चितता र प्रविधिमा एकरुपता काय गर्न, सुरक्षित र दिगो साकोस विकासका लागि संरचनागत सुधार गर्न र साकोसको गुणात्मक विकास गर्न एकीकरणको अभियान सुरुवात गर्नु पर्दछ। सहकारी संस्थाहरुको सम्वन्ध, वहस पैरवी र सार्वजनिक सम्वन्धमा कमजोर हुन्छ। संस्थाहरु सदस्य सुरक्षा, गुणस्तरीय सुशासन, प्रभाकारी सञ्चालन र कुशल व्यवस्थापन प्रणालीमा अन्तरसम्बन्धित नभई स्वतन्त्र स्वाधीन र अधिकार सम्पन्न हुन्छन।

राज्यको पुनरसरचनासंगै बित्तीय संघीयता एउटा महत्वपूर्ण आयाम बनेको छ। संविधानको सर्वोच्चता र केन्द्रीय कानुनको माताहतमा प्रादेशिक कानुन र प्रादेशिक कानुनको माताहतमा पालिकाको कानुन रहने वैधानिकता छ। संस्थालाई सुशासनमा राख्न, सदस्य केन्द्रीत र समुदायमा आधारित बनाउन संस्था सञ्चालनका अनिवार्य शर्तहरु कायम हुनु पर्दछ। बित्तीय पहुँच र बित्तीय समावेशीकरण बिना बित्तीय संघीयताले पूर्णता पाउँदैन। राष्ट्रबैंकले आगामी १३ वर्षको बित्तीय रणनीतिमा बित्तीय सहकारी संस्थालाई निश्चित मापदण्ड (प्रोवेशन र जोखिममा आधारित सुपरिवेक्षण) मा राख्ने विषयलाई संबोधन गरेको छ। बित्तीय संघियताको महत्वपुर्ण आयमा भनेको बित्तीय सहकारीहरुको सञ्जालको सन्चालन र व्यवस्थापन हो। सञ्जालीकृत बित्तीय सहकारीकै माध्यमबाट अबको बित्तीय सहकारी अभियान निर्देशित हुनुपर्दछ। सरकारका तीन तहले नै बित्तीय सहकारीको स्रोतकेन्द्र नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. (नेफ्स्कून) संग सम्वन्ध विस्तार र सहयोग आदान प्रधान गर्नु पर्दछ।

अर्को अभ्यासमा सन्जाल उच्चतम रुपमा अविभाज्य हुन्छन जहाँ स्रोत र साधनको साझा वाँडफाँड, सरोकारवालासंगको सम्बन्ध, बहस पैरवी र सार्बजनिक सम्बन्ध प्रभावकारी हुन्छन। अनुगमन संयन्त्र, सेवा र उत्पादनको गुणस्तर, प्रतिनिधित्व र सञ्चालन क्रिया उच्चतहमा अन्तरसम्वन्धित हुन्छन। उच्चस्तरको सहयोग, प्रयत्न र सशक्तीकरणको लागि प्रारम्भिक संस्थाहरुको लोकतान्त्रिक अधिकारको प्रयोग गरिन्छ। आर्थिक प्रणालीमा सदस्य केन्द्रित समाधान, सघनरुपमा प्रतिस्पर्धी र एकैनासको नवप्रर्वतन हुन आवस्यक हुन्छ। व्यवसायिक सेवाहरु : परामर्ष, बित्तीय लगानी, बिमा, लेखामान, सञ्जालीकृत संरचना विशिष्ट र सर्बव्यापी बनाउँदै व्यवसायिक संस्कृति, उत्पादकत्व क्षमता र परिवर्तित व्यवस्थापनमा योगदानको नियन्त्रण र मापन हुनु आवश्यक हुन्छ।

बित्तीय सक्षमता, आन्तरिक व्यबसायमा प्रतिस्पर्धात्मक स्थान, परिवर्तनलाई संबोधन, ब्यवसायिक लचकता, भविष्यको प्रविधिमाथि नियन्त्रण, पुँजी र वित्तमा पहुँच, अध्यावधिक विशेषज्ञता,जोखिम सुपरीवेक्षणको आधारमा अन्तरसम्बन्धित सञ्जालले अभियानको सबै तहमा निर्णय प्रक्रियामा साझा बाँडफाँड गर्नु पर्दछ।

१. **अविभाज्य सञ्जालको प्रभावकारिता :**

मानिसको जीवन पद्धति न्यूनस्तरबाट उच्च स्तरमा र सरलताबाट जटिल तर्फ विकसित हुदै जाँदा बजार गमन, स्थिरता, बित्तीय प्रभावकारीता, सेवाको विस्तार र लक्षित सदस्यको पहुँचको आधारमा संस्थाको कार्यसम्पादनको मूल्यांकन गर्नु पर्दछ। विश्वब्यापी रुपमा अन्तरसम्बन्धित सञ्जालको माध्यमबाट आफ्नो सेवालाई प्रभावकारी बनाएको पाइन्छ। क्यानडाको डिजार्डिन, निदरल्याण्डको रावो र कोरियाको कृषि सहकारी बैंक स्वेच्छिक प्रतिस्पर्धात्मक सन्जाल atomized-competitive networks model क्रमिक रुपमा अन्तरसम्बन्धित सन्जाल federated network model झुकाउ राखेको पाइन्छ। अमेरिकामा धेरै बित्तीय सहकारीहरुले संयुक्त सेवाको रणनीति बनाएका छन। क्यानडाले जिल्ला तहको संघहरुको राष्ट्रिय रुपमा एकीकरणको राष्ट्रिय रणनीति बनाएको छ। त्यस्तै अस्टेलियाले पनि अन्तरसम्वन्धित सहकारी सञ्जालको निर्माणमा उन्मुख देखिन्छ। प्रभावकारी बित्तीय क्रियाकलाप र स्थिरताको लागि साझा छवि, साझा नीति, विधि र प्रविधि, सञ्चालनको स्पष्ट कडा नियम, साझा ऐक्यवद्धता, स्वअनुशासित र हस्तक्षेपको शक्तिको माध्यमबाट अन्तरसम्बन्धलाई मजबुत बनाउनु पर्दछ। प्रारम्भिक तहको संस्था र नेफ्स्कूनका् वीचमा स्रोत, साधन र शक्तिको गतिशीलता नै अन्तरसम्बन्धको आधार हो। अभियानलाई सञ्चालन गर्ने मार्गदर्शन, नीति, विधि र प्रविधिको निर्माणमा केन्द्रीयता र सदस्य सुरक्षा, शुसासन, सञ्चालन र व्यवस्थापनका विषयहरु : उत्पादन र सेवाको मूल्य निर्धारण, वृद्धि, सुरक्षा, स्वनियमन, कार्यदक्षता, रणनीति निर्माण र प्राप्तिमा प्रारम्भिक संस्था अधिकार सम्पन्न र स्वयत्तता रहनु पर्दछ।

**अविभाज्य संघीय सञ्जालका सिद्धान्त र सुचांकहरू :**

१.१. स्रोतको बाँडफाँड
१.२. सञ्चालनमा स्तरीकरण
१.३. करारीय ऐक्यवद्धता
१.४. सुशासनमा आन्तरिक नियमनको रणनीति

१.१. **स्रोतको वाँडफाँड**: बित्तीय सहकारी अभियानलाई अन्तरसम्वन्धित सञ्जालमा ल्याउन स्रोतका सवै पक्षलाई स्वीकार गर्नु पर्दछ। आगतलाई समूहमा राख्ने, उत्पादन र सेवामा स्तरीकृत समाधान दिने र अनिवार्य सेवामा संयुक्त आर्जित सम्पत्तिको प्रयोग गर्न नेफ्स्कूनले सेवा र उत्पादनको कुशल व्यवस्थापनको लागि विवेकीय समाधान मार्फत साझा सहयोगी सेवा र गठवन्धनको लागि उत्प्रेरणा दिनु पर्दछ। वित्त प्रणालीलाई औपचारिक बनाउन सूचना र सेवालाई एकीकरण गरी सदस्य सूचना सेवालाई प्रभावकारी बनाउनु पर्दछ। स्रोत ब्यक्तिहरुको आदान प्रदान, बस्तु तथा सेवाको प्रयोग, नेफ्स्कून अन्तरलगानीको मूल्य निर्धारण, कर्मचारीको स्तर तथा सुविधा, नेफ्स्कूनद्धारा सञ्चालित वा सिफारिस गरिएका सेवाहरुको उपयोग, साकोसहरुको वर्गीकरण, स्तर निर्धारणमा स्वेच्छिक रुपमा सहभागी हुनेभन्दा पनि बित्तीय सहकारीहरु स्रोतको वाँडफाँडमा अनिवार्य रुपमा सहभागी हुन नेफ्स्कूनमा आवद्ध हुनु पर्दछ। अनिवार्य आवद्धताले अन्तरसम्बन्धलाई प्रभावकारी र रणनीतिक बनाउँछ। बित्तीय सहकारी अभियानमा स्रोतको बाँडफाँडले प्रस्तुत तीन पक्षलाई सम्वोधन गर्दछ।

१.१.१. **आगतलाई एकड्ढा राख्ने** : संस्थाका आगतहरुलाई एकड्ढा गर्नु पहिलो बाँडफाँड हो। नेफ्स्कूनले निर्धारण गरेका नीति, विधि र प्रविधिलाई प्रारम्भिक संस्थाले आन्तरिकीकरण गर्नु पर्दछ। आवद्ध संघ, संस्थाले अभ्यास गर्ने प्राविधिक समाधान, उत्पादन र सेवा, बित्तीय सेवाको गुणस्तरलाई प्रभावकारी बनाउन नेफ्स्कूनको सहयोगी उत्पादन र सेवामा स्तरीकृत समाधानलाई चुस्त बनाउनु पर्दछ।

१.१.२ **स्तरीकृत सेवामा पहुँच** : नेपालको सन्दर्भमा संवैधानिक रुपमै राज्यव्यवस्था प्रणालीको तीन तहको उल्लेख गरेका अवस्थामा सहकारी अभियानमा पनि समानजस्यता ल्याउनु पर्दछ। वित्तीय सहकारी संघ सस्थालाई लोकतान्त्रिक अधिनस्ततामा आधारित केन्द्रीयता मार्फत सन्जालिकृत साकोस अभियान सन्चालन गर्नु पर्दछ। बचत तथा ऋणको केन्द्रीय संघले माताहतका संघ र संस्थाहरुलाई एकरुपतामा आधारित स्तरीकृत सहयोगी सेवाको दायित्व लिनु पर्दछ। केन्द्रीय संघको अनिवार्य दायित्व लिनु पर्ने विषय क्षतिपूर्ति, तरलता व्यवस्थापन, जोखिम र मूल्य निर्धारण तहगत रुपमा फरक भए पनि तालिम, अनुगमन, बित्तीय समाधान, मार्गदर्शन, सेवा र उत्पादनको विकास र अनुगमनको निश्चिततालाई केन्द्रीय संघको दायित्वमा रहन्छ। विद्युतीय बित्तीय सेवा प्रत्येक सहकारी

संस्थाका सदस्यलाई उपलब्ध गराउन डेबिट र क्रेडिट कार्ड, तलवी विवरण, वित्त र मुद्रा प्रवाहको सेवालाई प्रभावकारी बनाउनु पर्दछ। सहयोगी सेवाको सम्वन्धमा कर्मचारी र सञ्चालकहरुको क्षमता अविबृद्धिको लागि निरन्तर सहभागिता जनाउनु पर्दछ। केन्द्रीय संघले उन्नत सहकारीकर्मी र प्रभावकारी प्रविधिको प्रयोगलाई गुणात्मक वनाउन शिक्षण र प्रशिक्षणलाई प्रभावकारी बनाउनु पर्दछ।

१.१.३. **संयुक्त स्वामित्वः** बित्तीय सहकारीका उत्पादन,सेवा, समाधान र कानुनी संहिताको परिपालनाको संयुक्त स्वामित्व लिनु स्रोत बाँडफाँडका अनिवार्य र आधारभूत विषयहरु हुन। बजारमा प्रतिस्पर्धात्मक स्थान र बित्तीय सक्षमताको लागि बचत तथा ऋण अभियान सन्जालीकृत र अविभाज्य हुनुपर्दछ। स्थिरीकरण कोष, बचत सुरक्षा कोष, बीमा, गुठी र लगानी प्रवर्दन सेवाका सम्वन्धमा पनि संयुक्त स्वामित्वको विषयमा अभियान अविभाज्य हुनु पर्दछ। सबै संघ संस्था मिलेर एक विशिष्टीकृत संघको कल्पना सहकारी ऐन २०७४ ले पनि गरेको छ।

२. **सन्चालन प्रणालीमा स्तरीकरणः** अविभाजित बचत तथा ऋण अभियानको सन्चालन प्रणालीको प्रभावकारिता, संस्थागत छविमा निर्माण, व्यवस्थापन र विकास एकरुपता कायम गर्न केन्द्रीयतामा अधिनस्तताको आधारमा संस्थाहरुलाई स्तरीकृत गर्नु पर्दछ। स्तरीकरणको लागि प्रारम्भिक संस्थामा प्रभावकारी कार्यसम्पादन मार्फत सदस्यको सन्तुष्टिलाई ध्यान दिनु पर्दछ। सन्जालले अन्य बित्तीय प्रदायकको वीचमा प्रतिस्पर्धात्मक स्थान कायम राख्न एकरुपता प्रणाली, साझा बुझाइ र नियामक मापदण्डहरुको निर्माण गर्नु पर्दछ। प्रारम्भिक संस्थाको नियामक मापदण्डको आधारमा प्रणालीमा स्तरीयता कायम राखी अभियानलाई उच्च स्तरमा लानु पर्दछ। नियामक मापदण्डमा कठोर केन्द्रीयता मार्फत बित्तीय सहकारीको सन्चालन गर्नु पर्दछ। स्वतन्त्र प्रतिस्पर्धी नेटवर्कमा सबै तहका संघ संस्थाहरु आफ्नै ढंगले सञ्चालित हुन्छन। ती संस्थाहरुको छवि निर्माण, प्रणाली सम्भार, नीति र प्रविधिमा एकरुपता कायम हुन्छ। अविभाजित साकोसमा केन्द्रीय सन्जालमा आबद्ध साकोसका हरेक सदस्यहरुले सबै साकोसमा अपनत्व र स्वामित्वको अनुभूति गर्दछन। फरक बजारमा पनि अविभाजित सञ्जाल भित्र रहेका साकोसका सबै सेवा र उत्पादनमा, विधि, नीति र प्रविधिमा उस्तै फेसन, प्रभावकारी सञ्चालन र कुशल व्यवस्थापमा उस्तै कार्य कुलता वीचमा प्रतिस्पर्धात्मक प्रर्दशन गर्दछन।

**अविभाजित अभियानका साकोसका स्तरीकृत प्रणालीको आधारभूत तत्वहरू**

२.१. सन्चालन प्रणालीमा एकरुपता प्रणाली
२.२. नीति, विधि र प्रविधिमा एकरुपता प्रणाली
२.३. उत्पादन र सेवामा एकरुपता
२.४. संस्थागत छविमा एकरुपता

२.१. **सन्चालन प्रणालीमा एकरूपता प्रणाली**

सञ्चालनको लागि अभियानका वित्तीय संस्थाको कार्यालयको ब्राण्ड रङ, तथा नीति विधि र प्रविधिमा एकरुपता कायम गर्नु पर्दछ। पहिलो प्रभाव पार्ने पक्ष बचत तथा ऋणका उत्पादनहरुले नै हो। यसले लेखा प्रणाली, कार्यविधि, आवेदन फारम, नियन्त्रण प्रणाली र सूचना व्यबस्थापन प्रणाली, हार्डवेर र सफ्टवेर प्रणाली, बित्त र मानवसंसाधान प्रणालीमा एकरुपता कायम गरी सन्चालान प्रणालीमा समेत एकरुपता ल्याउनु पर्दछ।

२.२. **विधि, नीति र प्रविधिमा एकरूपता :**

बित्तीय सहकारीलाई सञ्चालन गर्न विश्व ऋण परिषदले विधि अर्थात सिद्धान्तहरु प्रतिपादित गरेको छ। ती विधिहरुमा : सदस्य सुरक्षा सिद्धान्त, सुशासनको सिद्धान्त, सन्चालनका सिद्धान्त र सुरक्षा र सदृढताको सिद्धान्त छन जसको आधारमा संस्थाहरु निर्देशित हुन्छन जसको आधारमा राज्यका कानुन र नियमावलीहरु वन्दछन। संस्थाको लक्ष्य र उद्देश्य प्राप्त गर्न यी प्रस्तुत सिद्धान्तको माताहतमा केन्द्रीय संघले स्वीकृत गरेका आधारभूत नीतिहरु संस्थाले अभ्यास गर्दछन। यस्तो अवस्थामा नेफ्स्कून नीतिहरु कार्यान्वयनको लागि उत्तरदायी हुनु पर्दछ। नीतिगत केन्द्रीयताको आधारमा प्रत्येक संघ संस्थाहरुले केन्द्रीय संघको साधारण सभामार्फत प्रतिनिधिमूलक सहभागितामा नीतिहरु निर्माण गर्दछन पारित गरिएका नीतिलाई संघ/संस्थाले अनिवार्य रुपमा अवलम्वन गर्दछन र संघ/संस्थाहरु यसलाई पालना गर्न प्रतिवद्ध रहन्छन।

२.३. **उत्पादन र सेवाको स्तरीयता**

उत्पादन र सेवाको स्तरीयता अविभाज्य अभियानको एक प्रक्रिया हो। प्रारम्भिक संस्थाले बजारको आवश्यकताको आधारमा प्रतिस्पर्धात्मक स्तरलाई कायम राख्नु पर्दछ। यसरी प्रतिस्पर्धात्मक स्तरलाई कामय राख्दा अविभाज्यताको आधारभूत मान्यतालाई आत्मसात गर्नु पर्दछ। अविभाज्य सञ्जालका सदस्यले सबै साकोसबाट समान स्तरका सेवा र उत्पादन पाउन सकून भन्ने विषयमा केन्द्रीय संघ सजग हुनु पर्दछ। प्रारम्भिक संस्थाले आफ्ना उत्पादन र सेवा सदस्यको उपयोगी छ। सो विषयमा उत्पादन र सेवालाई विकास गर्न सञ्जाललाई सूचित गर्नु पर्दछ। अविभाज्य सञ्जालले उत्पादन र सेवा बितरणमा अनुकूलताको आधारमा स्रोतको उपयुक्त बाँडफाँड गर्नु पर्दछ।

२.४ **संस्थागत छविः**

छवि निर्माण कुनै संगठित संस्थाको प्रस्ट र विस्तारित कल्पना मात्रै होइन यो हरेक ब्यक्तिमा संस्था प्रतिको अवधारणा र अनुभूति हो। छवि मानिसको चेतनामा वास्तविकताको प्रतिविंवको त्यो स्वरुप हो जुन संगठनात्मक चरित्रको माध्यमले प्रकट हुन्छ। छविले आम नागरिकमा विश्वसनियता, आचरण, गुणस्तरीय सेवाको प्रत्याभूतिको प्रस्तुति गर्दछ। अविभाज्य संघीय संरचनामा छविले आफ्नो संगठनको विशिष्ट व्यानर र राष्ट्रिय बजारीकरणको रणनीतिलाई संवोधन गर्दछ। अविभाज्य संरचनामा कानुनी दृष्टिकोणबाट हरेक प्रारम्भिक संस्था एउटा हुन्छ र बजारको छविको रुपमा एकरुपता प्रणालीलाई स्वीकार गरेको हुन्छ। केन्द्रीय संघ संस्थाको छवि कायम राख्न र नागरिकहरुमा प्रभाव पार्न र धारणा बनाउन महत्वपूर्ण भूमिका खेल्दछ। नेफ्स्कूनको ऐक्यवद्धता लोगो प्रयोग गर्दा एकीकृत साकोस सञ्जाल विकास कार्यक्रममा समाविष्ट संस्थाले मात्र प्रयोग गर्न पाउने छन। ऐक्यवद्धता लोगो प्रयोग गर्दा एकरुपता सम्वन्धी कम्तीमा तोकिए बमोजिमका सञ्चालन विधि पुरा गरेको हुनुपर्नेछ। कुनै संघ संस्थाहरुमा प्रतिनिधित्व गर्दा अर्थात सद्भाव भ्रमणमा जाँदा योग्यता पुरा गरेको ब्यक्तिले मात्र सहभागी हुन पाउने ब्यवस्था मिलाउनुपर्नेछ। समुदाय प्रति चासो र वातावरण सहित कम्तीमा संस्थाको बर्गीकरण अनुसार कार्यक्रम सञ्चालन गर्नुपर्नेछ। सदस्य कल्याण कार्यक्रम अन्तर्गत संस्थाको वर्गिकरण अनुसार कार्यक्रम सञ्चालन गर्नुपर्नेछ। ब्राण्ड ब्यवस्थापनमा एकरुपता ल्याउन कार्यालय ब्यवस्थापन, रङग रोगन, साइनवोर्ड, शेयर प्रमाण पत्र, परिचय पत्र, लेटर प्याड, कागजात लगायतका विषयलाई एकरुपता व्राण्डमा स्तरीयता कायम गर्नुपर्नेछ।

**करारीय ऐक्यवद्धताः**

सञ्जालमा संस्थाको अविभाज्यको मापन प्रारम्भिक संस्थाले व्राण्ड व्यवस्थापन र ब्राण्ड निर्माणमा भर पर्दछ। करारीय ऐक्यवद्धतामा केन्द्रीय संघमा आवद्ध सवै संस्थाहरुले औपचारिक संभौता गर्नु पर्दछ। जव प्रणालीले मुर्त स्वरुप लिन्छ अमुर्त रुपमा यसले छवि निर्माण र पहिचानको निर्माण गर्दछ। त्यतिवेला दर्शकको लागि एकीकृत बित्तीय संस्थाको पहिचान प्राप्त हुन्छ। बित्तीय पहुँच र समावेशीकरणको लागि सभौतामूलक ऐक्यवद्धता, संस्थाको आकारमा सन्तुलन, सदस्यता शुल्कमा शुद्धता, आर्थिक प्रतिवेदन, अभिलेख व्यवस्थापन, कागजातको ढाँचाको स्तरीयता र एकरुपता, सफ्टेयरमा एकरुपता, साकोस सुरक्षा प्रणालीमा सहभागिता, जोखिम ब्यवस्थापन, भाखा नाघेको ऋण विवरण मासिक रुपमा पठाउने व्यवस्था, गुणस्तर सुनिश्चितता कार्यक्रममा अनिवार्य सहभागिता र वित्तीय सहकारीमा मात्र अन्तरलगानी कार्यक्रम सहभागीताका विषयमा सन्जालबीच करारीय ऐक्यवद्धता हुनु पर्दछ।

**सेवा केन्द्र खोल्न नियन्त्रणः**

बित्तीयपहुँच र बित्तीय समावेशीकरणलाई संवोधन गर्ने गरी केन्द्रीय संघले संस्थाको स्थापना, सञ्चालन र विकास गर्नु पर्दछ। यसरी सञ्चालन गर्दा कसिलो बजार मापदण्ड, भौगोलिकता र सदस्य संख्याको आधारमा हरेक राजनीतिक इकाईलाई आधार बनाउनु पर्दछ। क्षेत्र विस्तार गर्दा प्रारम्भिक संस्था र संघको बीचमा आपसी भौगोलिक अतिक्रमण हुनुहुँदैन। प्रारम्भिक संस्थाले राष्ट्रिय स्तरको भूगोललाई कार्यक्षेत्र प्राप्त गर्नु असम्भव प्राय हुन्छ।

**प्रारम्भिक संस्थाको आकारलाई सन्तुलन कायम गर्नेः**

आधारभूत तहको व्यवसायिक निकायको रुपमा प्रारम्भिक संस्था रहन्छन। संघ/संस्थाले सदस्यहरुलाई बित्तीय पहुँच र बित्तीय

समावेशीकरणलाई आधार मानी निश्चित भूलोगमा जनसंख्याको प्रतिनिधित्व, पुँजीको अवस्था र नागरिहरुको पहुँचलाई आधार वनाउनु पर्दछ। संस्थाको सञ्जालमा आवद्ध गर्न संस्था एकीकरण र कार्यक्षेत्र थप गर्दा केन्द्रीय संघले सिफारिसमा नियामक निकायले स्वीकृति दिनु पर्दछ।

**बित्तीय मध्यस्तताको साधनः**

विश्व ऋण परिषदले तय गरेको सन्जाल व्यवस्थापनको सिद्धान्त अनुसार केन्द्रीय वित्तीय सहकारीको वित्त प्रणालीको आफ्नै सन्जालमा रहनुपर्दछ । केन्द्रीय संघको अधिनस्त संघ/संस्थाले बित्तीय मध्यस्तकर्ताको केन्द्रीय अन्तरलगानीलाई आधार वनाउनु पर्दछ। बचत स्वीकार गर्ने, संस्थालाई ऋण प्रवाह गर्ने, तरलताको व्यवस्थापन गर्ने, स्थिरीकरणकोषको सन्चालन गर्ने र वचत सुरक्षाको अन्य औजारहरुको प्रवन्ध गर्न केन्द्रीय संघले बित्तीय मध्यस्तकर्ताको भूमिकामा रहनु पर्दछ। अविभाज्य संघीय सञ्जालले नियमावली बनाई सीमित सेवाशुल्क र सञ्चालक खर्च लिई औपचारिक व्यवस्थापनका अन्य साधनको प्रभावकारी प्रयोग गर्नु पर्दछ।

**आन्तरिक सुरक्षणको उपायः**

प्रारम्भिक सहकारी संस्था र अविभाज्य सन्जालले कुनै पनि संस्थाको सम्भावित समस्याहरुको प्रभावकारी व्यवस्थापकीय समाधान दिनु पर्दछ। संस्थाको जोखिम व्यवस्थापनको लागि अविभाज्य सञ्जालले जोखिममा आधारित सुपरीवेक्षण, स्थिरीकरण कोष, आकस्मिक कोष, सदस्य सुरक्षा कोष, बचत सुरक्षण कोष समेतको व्यवस्थापन गरी कोषहरुको नियन्त्रण केन्द्रीय संघको नेतृत्वमा सन्चालन गरिनु पर्दछ।

**केन्द्रीय एजेन्सीः**

अविभाज्य सञ्जालले कोषको वाहिय स्रोतमा पहुँचको व्यवस्थापन गर्दछ। केन्द्रीय अन्तरलगानी कार्यक्रमको सञ्चालन, कोषहरुको व्यवस्थापन, तरलताको व्यस्थापन, पुँजी बजारमा धन जुटाउने कार्य नेफ्स्कूनले गर्नु पर्दछ। केन्द्रीय संघले अन्तराष्टि«य वित्त बजारको समेत मध्यस्थता गर्दै सञ्जालभित्र सदस्यको जोखिमलाई साझा समस्या बनाई योगदान गर्नु पर्दछ। राष्ट्रिय रुपमा व्यवसायिक प्रवर्धन, सदस्यसंगको सम्वन्ध र अन्तराष्ट्रिय व्यापारिक सम्वन्धका आधारमा केन्द्रीय संघले आफ्नो आन्तरिक व्यवसाय गर्दछ।

**सुशासन प्रवर्दनको रणनीति र आन्तरिक नियमको स्थापना**

अविभाज्य सन्जालले प्रतिनिधिमूलक लोकतन्त्रिक संरचना र केन्द्रीकृत अधिकार सुनिश्चित गर्दछ। केन्द्रीय संघको भूमिका र उत्तरदायित्वको केन्द्रीयतामा आधारित भई सञ्जालले अधिनस्त संघ/संस्थाको अनुगमन, आवद्धता र सन्जालवाट निस्काशन गर्ने विषय आन्तरिक नीति, रणनीति र सुशासनको प्रत्याभूति गर्ने कार्य हो। सुशासनले प्रणाली (मूल्य, दायित्व, प्रथा एवम् परम्परा र कार्यविधि) लाई परिभाषित गरी संगठन(सदस्य, कर्मचारी, कार्यकारी, सन्चालक) प्रकृतिको आधारमा नेटवर्कभित्रका संघ/संस्थाहरुको हितको सुरक्षा गरिन्छ। केन्द्रीय नीति बनाउँदा संघ/संस्थाका प्रतिनिधिको लोकतान्त्रिक सहभागिता र कार्यगत रुपमा स्वयत्तता कार्यान्वयन गर्न विधि, नीति र प्रविधिमा एकरुपता कामय गरी सुशासनको प्रत्याभूति दिनुपर्दछ।

**अविभाज्य संघीय सञ्जालमा आन्तरिक रणनीति र कानुनी संहिताको माध्यमबाट सुशासनको प्रवर्धन गर्ने आयामहरू :**

- लोकतान्त्रिक नियन्त्रणमा आधारित संरचना र केन्द्रीकृत अधिकार
- अधीनस्तको सिद्धान्तलाई सम्मान
- निगरानी र अनुगमन
- आवद्धता र निस्कासन

**लोकतान्त्रिक नियन्त्रणमा आधारित संरचना र केन्द्रीकृत अधिकारः**

सहकारी अभियानको अन्तर्राष्ट्रिय सिद्धान्तलाई सम्मान गर्दै अविभाज्य संघीय प्रणालीमा प्रारम्भिक संस्थाले आफ्नो निर्णय प्रक्रियाको स्वाधीनता आफैसंग हुने तथ्यलाई मनन गर्दै निश्चित शक्ति आफू आवद्ध रहेको केन्द्रीय संघलाई प्रत्यायोजन गरेका

हुन्छन । केन्द्रीयसंघले एकरुपता प्रणाली कार्यान्वयन गरि उक्त प्रणालीमा आवद्ध र निस्कासित हुने अधिकार प्रारम्भिक संस्थालाई दिएको हुन्छ । आवद्ध संस्थाहरुको प्रतिस्पर्धात्मक स्थानलाई कामय राख्न केन्द्रीय संघले निश्चित गरेका स्तरीकरणमा आधारित मापदण्ड कार्यान्वयन गरी प्रारम्भिक संस्थाहरुलाई अविभाज्य संरचनाले निर्धारण गरेका आधारभूत विशेषज्ञताको पहुँचलाई सुनिश्चित गर्नु पर्दछ । प्रारम्भिक संस्थाले आफ्नो प्रतिस्पर्धात्मक छवि र स्तरीकरणलाई कायम राख्न बित्तीय सक्षमतालाई सुदृढ गर्नु पर्दछ । अविभाज्य संघीय सञ्जालले आफ्ना निर्णय र झुकावलाई निरन्तर प्रमाणीकरण गर्न कामहरुलाई परामर्शदात्री संयन्त्र र प्रभावकारी लोकतन्त्रलाई मध्यनजर गरी केन्द्रीकृत गरेको हुन्छ।

**अधीनस्तको सिद्धान्तलाई सम्मान**

अधीनस्तको सिद्धान्तलाई सम्मान गर्न केन्द्रीयसंघको माताहातमा स्वयत्तताको अवधारणालाई संघ/संस्थाले स्वीकार गरेका हुन्छन । माताहातमा रहने मापदण्डहरु साझा उत्तरदायित्वको रुपमा अविभाज्य सञ्जालका सदस्यले स्वीकार गर्दछन । केन्द्रीय संघले सञ्जालमा आवद्ध प्रारम्भिक संस्थाको क्रियाकलापलाई स्तरीकरण गर्न कार्यक्रमहरु निर्धारण गर्दछन । समुदायमा सम्पूर्ण बित्तीय समाधान कायम राख्न अधीनस्तको सिद्धान्तमा केन्द्रीय संघको माताहतमा प्रारम्भिक संस्था रहन्छन। प्रारम्भिक संस्थाले आफ्नो लक्ष्य र उद्धेश्य हासिल गर्न स्वयत्त, स्वाधीन र अधिकार सम्पन्न हुन्छ तर केन्द्रीय संघले तोकेका समाधानहरुको सुरुवात गर्नु र दायित्व लिनु प्रारम्भिक संस्थाको कर्तव्य हुन्छ। तीन तह भएको अवस्थामा केन्द्रीय संघको माताहातमा संघ/संस्था रहनु पर्दछ। निर्णय कार्यान्वयन गर्न विरोधाभाष भएमा केन्द्रीय संघको निर्णयको प्रधानतामा माताहतमा संघ/संस्थाले निर्णय लिनु पर्दछ। सबै बित्तीय सहकारीहरु केन्द्रीय संघमा अनिवार्य आवद्ध हुनु पर्दछ । सबै संघ संस्थाहरु प्रतिनिधिमूलक रुपमा रहेको केन्द्रीय संघको साधारण सभाको माताहतमा रहन्छन। केन्द्रीय समितिको माताहातामा आफ्ना विषयगत संघ/संस्था रहनु पर्दछ। केन्द्रीय तहको माताहातमा तल्ला तहका संघ/संस्थाको सन्चालन, व्यवस्थापन, अनुगमत र प्रवर्धन  नै अधीनस्तताको सिद्धान्तको आधारभूत अवधारणा हो । माताहातका संघ/संस्थाको आवस्यकता र उद्देश्य पुरा गर्न केन्द्रीय संघले अनिवार्य रुपमा अनुमगन, परामर्श र सुझाव दिनु पर्दछ। व्यवसायिक केन्द्रीयताको सञ्चालनका लागि केन्द्रीय संघ र सदस्य संघ/संस्थाको स्वमित्व, लोकतान्त्रिक नियन्त्रण प्रक्रियामा सहभागिता र स्रोतको बाँडफाडबाट फाइदा प्राप्तिको हक करारको आधारमा तय गरिनु पर्दछ। केन्द्रीय संघको निर्णयको कार्यान्वयनमा प्रारम्भिक संस्थाको दायित्व रहने भएकाले लोकतान्त्रिक नियन्त्रणलाई मर्यादित वनाउन र केन्द्रीय संघको शोषणबाट संघ/संस्थालाई मुक्त राख्न यो सिद्धान्तले साधारण सभाको सर्वोच्चता, एक व्यक्ति एक मत, आवधिक निर्वाचन र हरेक प्रतिनिधिको चुन्ने तथा चुनिने स्वतन्त्रता सुरक्षाको आधारमा सन्तुलन कायम गर्नु पर्दछ। यो सिद्धान्तले स्रोतको प्राप्तिमा अनुकूलता र अतिक्रमणलाई निषेध गरेको हुन्छ।

**निगरानी र अनुगमन**

अविभाज्य सञ्जालले संस्थाको सङ्गठनात्मक रचनाको आन्तरीक सुपरिवेक्षण गर्दछ । प्रत्यायोजित अथवा सहायक कार्यको विषयमा सञ्जालका सदस्य संस्थाको संगठनको निगरानी अविभाज्य सञ्जालको मुख्य कार्य हो । अविभाज्य सञ्जालले राज्यको अनुमतिमा संस्थाले कानुनी संहिताको पालना गर्ने, केन्द्रीय संघलाई कानुनी रुपमा प्राप्त अनुगमनको अधिकारलाई संघहरुसंग सहकार्य गर्नु पर्दछ। अविभाज्य सञ्जालले कठोर विवेकपुर्ण मान्यता, सदस्य सूचना प्रणाली, आफ्नै सुरक्षा कोषको स्थापना, अपराधिक र समस्याग्रस्त भएका सञ्जालका सदस्यको निगरानी सुपरीवेक्षण, हस्तक्षेप गर्ने र समस्याग्रस्त भएको घोषणा गर्ने अधिकार दिइन्छ। अन्तराष्ट्रिय कुशल अभ्यासलाई हेर्दा डेजारडिन क्यानडा, राइफाइसन फेडेरेसन जर्मनी, नाकुफक कोरिया लगायतका देशहरुमा केन्द्रीय संघको साधारण सभाप्रति उत्तरदायी हुने नियुक्त र बरखास्त गर्ने गरी वनेको स्वतन्त्र व्यूरोले नियामक निकायको अनुसार प्रत्यायोजित अधिकारको प्रयोग गर्दछन।

**आवद्धता र निस्कासनः**

सञ्जालले आवद्धता र निस्कासनको विषय कडा रुपमा पालना गर्छ। यो अविभाज्य सञ्जालको महत्वपुर्ण कार्य हो। आवद्धता र निस्कासनको विषय सञ्जालले सदस्यसंग गरेको करारीय सम्वन्धका आधारमा निर्भर गर्दछ । सञ्जालले आबद्धताको लागि सम्बन्धित संघसंस्थालाई करारीय स्वेच्छिकता दिएको हुन्छ।

# सहकारी क्षेत्रको सुदृढिकरणका आधारहरू

■ चन्द्रबहादुर ठकुरी
पूर्व उपसचिव, नेपाल सरकार

**सहकारिताको अर्थः**

कुनै उद्देश्य प्राप्तीका लागि एकापसमा मिलेर कार्य गर्नु सहकार्य हो । यस्तो सहकारिताको लागि गठन गरिने संस्थागत संरचनालाई हामी सहकारी भन्ने गर्दछौं । यसप्रकारको सहकार्य स्थायी प्रकृतिको, औपचारिक, तोकिएको कार्यक्षेत्रमा समुदायका योग्यता पुगेका र आवश्यकता मिल्ने ब्यक्तिहरुको सामूहिक ब्यवसायिक हित तथा सामाजिक हित गर्ने संगठन संरचना सहकारी हो। यस्तो संगठनमा समुदायका सबै सदस्य बन्न सक्छन् तर अनिवार्य छैन। तर ब्यवसायिक सहभागिताको लागि सदस्यता अनिवार्य शर्त हो। तसर्थ, सहकारी भनेको सामूहिक सोच, सामूहिक लक्ष्य तथा उद्देश्य प्राप्ती, सहकार्य, आपसी सहयोग, शोषणमुक्त, लोकतान्त्रिक, सुसंस्कृत र सभ्य समाज निर्माणको प्रकृया हो।

**वर्तमानमा सहकारीको अवस्थाः २०७६ फागुन**

नेपालको सहकारी अभियानको थालनी २०१३ साल चैत्र २० गते चितवनमा भएको अभिलेखले पुष्टी गर्दछ। २०७६ चैत्र मसान्तसम्म नेपालमा सहकारी संस्थाहरु ३४५१२, राष्ट्रिय सहकारी महासंघ १, केन्द्रीय सहकारी संघ २०, राष्ट्रिय सहकारी बैंक १, जिल्ला सहकारी संघ ६९, जिल्लास्तरीय संघहरु २५६ रहेको तथ्यांक उपलब्ध छ। सहकारी क्षेत्रमा हाल शेयरपूंजी रु.७७ अर्ब २४ करोड, फिर्ता गर्न बांकी बचत ३ खर्ब ५० अर्ब ५८ करोड र ऋण लगानी रु.३ खर्ब ४१ अर्ब ७१ करोड रहेको छ। सहकारीमा आवद्ध सदस्यहरुको संख्या ६५.१५ हजार रहेको छ भने यस क्षेत्रमा ६८४०० जनाले रोजगारी प्राप्त गरेका छन्।

बित्तीय कारोबारको परिमाणका हिसावले सहकारी संस्थाहरुको कूल कारोबार नेपालको बित्तीय बजारको १३ प्रतिशत रहेको छ जुन विकास बैंक, लघुबित्त संस्था र बित्त कम्पनीको कारोबारको जोडसंग बरावरी छ। सहकारी बित्तीय कारोबार बीमा कम्पनीहरुको कूल कारोबारभन्दा बढी देखिन्छ। प्रति सहकारी औसत सदस्य संख्या करीव १८९ जना रहेको छ। रोजगारीका हिसावले सहकारी क्षेत्रको परिमाण बैंक तथा बित्तीय संस्थाहरुको तुलनामा दोब्बरभन्दा बढी रहेको छ। सहकारी क्षेत्रबाट सदस्य परिवारभित्र प्रति सहकारी ९०० जनाको जनसंख्यालाई प्रत्यक्ष सेवा प्रवाह गरेको छ।

**सहकारी नीति तथा कानूनी ब्यवस्थाः**

कृषि बिषयभित्र पर्ने सहकारी संस्थाहरु सहकारी ऐन, २०७४ तथा सहकारी नियमावली, २०७५ को अधिनमा बनेको विनियमबाट संचालित हुनु पर्दछ। सहकारी संस्थाहरु एक्लै वा अन्य संस्थासंग मिलेर प्रशोधन उद्योग वा ब्यवसाय संचालन गर्न सक्ने र उत्पादित बस्तुको गुणस्तर परीक्षण नेपाल गुणस्तर बिभागले र उत्पत्तिको प्रमाणपत्र राष्ट्रिय सहकारी महासंघले दिने ब्यवस्था रहेको छ। तर सहकारी संस्थाहरुले शेयर र जगेडाकोषको १५ गुणासम्ममात्र बचत रकम संकलन गर्न पाउने भएकाले त्यसको लागि खाम्ने रकम अलग गरेपछि मात्र लगानी गर्न सक्ने ब्यवस्था छ। साथै सहकारी ऐनमा कम्तिमा ३० प्रतिशत रकम बिषयसंग मिल्दो क्षेत्रमा लगानी गर्नु पर्ने बाध्यकारी ब्यवस्था रहेको छ। यसै गरी बचत रकमलाई सहकारी बैंक वा साना किसान लघुवित्त संस्थाकोको शेयर, संघको शेयर तथा नेपाल सरकारले जारी गरेको बचतपत्र वा ऋणपत्र बाहेक अन्यत्र लगानी गर्न नपाउने ब्यवस्था रहेको छ। यसका अलावा, सहकारी नियमावलीमा ब्यवस्था गरिएको एभ्व्चिक बित्तीय अनुगमन प्रणालीको ब्यवस्थामा २ प्रतिशतसम्म लगानी गर्न पाउने ब्यवस्था रहेको छ। सहकारी ऐन, २०७४ तथा सहकारी नियमावली, २०७५ ले सहकारीको सदस्यता तथा कारोबारको सम्बन्धमा गरेको ब्यवस्थाले सहकारी संस्थाहरुलाई ब्यवस्थित हुन निर्देशित गरेको महसूस हुन्छ।

सहकारी क्षेत्रको नीतिगत ब्यवस्थामा सहकारी मूल्य तथा सिद्धान्तको पालना, सहकारी सुशासन प्रबर्द्धन, सहकारी क्षेत्रको गुणात्मक विकास (ब्यवसायिक क्षमता, दक्षता, नेतृत्व क्षमता आदि), सीप तथा श्रम प्रयोग गरी स्थानीय श्रोत साधनको उपयोग, पूंजी लगानी, रोजगारी सृजना, अत्यावश्यक बस्तु तथा सेवाको आपूर्तिको माध्यमद्धारा सदस्यहरुको आयमा गरिबी निवारण सहयोग पुराउंनु रहेको छ। सहकारी क्षेत्र सदस्यहरुको उत्पादन प्रबर्द्धन तथा बजारीकरणका सम्पूर्ण कार्यहरु गरी उनीहरुको आर्थिक एवं सामाजिक र सांस्कृतिक रुपान्तरणको आधार हुने मानिएको छ।

**सहकारीको बर्तमान चुनौति तथा अवसर**

नेपाल सरकारको पन्ध्रौं योजनाको आधारपत्र दस्तावेजमा सहकारी क्षेत्रको मुख्य चुनौतिहरुमा सहकारी शिक्षा तथा चेतनाको विकास अपेक्षित रुपमा हुन नसकेको (सहकारी शिक्षा तथा तालिम प्राप्त संचालकहरु फेरिएर नयां आउंने र कर्मचारीहरु अन्य निकायमा जाने प्रबृत्ति) सहकारी कारोबार उत्पादन तथा स्वरोजगारमूलक क्षेत्रमा नभई बचत तथा ऋण कारोबार केन्द्रित रहेको, केही सहकारी संस्थाहरुमा सहकारी मूल्य र सिद्धान्त पालना कमजोर रहेको, सहकारी सुशासनको अभावले संस्थाहरु समस्याग्रस्त रहेको, सहकारी संघ संस्थाको बिस्तार अत्यधिक रहेको, दोहोरो सदस्यता ब्यापक रहेको, बित्तीय सुशासनको कमी रहेकोले बित्तीय जोखिमयुक्त रहेको ठानिएको छ। सहकारीहरुको सेवामा गुणात्मक विकास गरी सदस्य केन्द्रित बनाउने, सहकारी संघ संस्थावीच समन्वय मिलाउनु, सहकारी स्वनियमनलाई प्रभावकारी बनाउनु आदि सहकारी अभियानको मुख्य चुनौति मानिएको छ।

कार्यक्षेत्र बिस्तार गर्नैका लागि एकभन्दा बढी जिल्लाका सहकारी एकीकरणमा सहकारी ऐनको दायरा मिचिनु, नियामक निकायबाट हतारमा कार्यक्षेत्र बिस्तारको स्वीकृति दिनु, बिना कुनै प्रयोजन नाम तथा उद्देश्य परिवर्तन स्वीकृति दिनु, सहकारी भनेको बचत तथा ऋण कारोबार मात्रै हो भन्ने सन्देश प्रवाह हुने गरी सहकारी क्षेत्रको दूध, तरकारी, उत्पादन सामग्री, कृषि उपज, जडिबुटी, चिया, कफि, अदुवा, पशुपंक्षी, स्वास्थ सेवा, संचार सेवा, माछा, मौरी आदि बिषयको तथ्यांक तथा सूचना प्रवाह नगर्नु वा बेवास्ता गर्नु नियामक निकायका हुनु पर्ने सुधारका चुनौतिहरु हुन। सहकारी क्षेत्रको अनुगमन प्रणालीलाई ब्यवस्थित गरी प्रभावकारी नहुनु, सहकारीमैत्री नीतिहरुको प्रबर्द्धन नहुनु, स्थानीय सरकार तथा प्रदेश सरकारका निकायहरुमा सहकारी बिषयको सक्षम जनशक्तिको कमी आदि नियामक निकायसंग जोडिएका चुनौतिहरु हुन।

**सहकारी क्षेत्र सुदृढिकरणका उपायहरू**

**सहकारी एकीकरण**

सहकारी क्षेत्रको सुदृढिकरणको लागि एकीकरण तथा गाभिने प्रक्रिया एउटा प्रभावकारी औजार हो। सहकारी एकीकरण गर्दा सामान्यतः कर्मचारी खर्च तथा संचालन खर्च कम भै मुनाफामा बृद्धि हुने, संस्थाको जोखिम ब्यहोर्ने क्षमता बृद्धि हुने, पूंजीगत क्षमता बृद्धि हुने, लगानी गर्ने क्षमता बृद्धि हुने, सदस्यको ऋण प्राप्त गर्ने दायरा बढ्ने जस्ता आर्थिक फाइदाहरु छन्। साथै एउटै कार्यक्षेत्रभित्र अति धेरै सहकारी संस्थाहरु भै बचत तथा ऋण कारोबारमा दोहोरोपन, साधारणसभा को समय जुध्ने र गणपूरक संख्या नपुग्ने, ब्याजदरमा प्रतिस्पर्धा, अस्वस्थ प्रतिस्पर्धा र एउटा संस्थाले गरेको अपरिपक्व निर्णयले धेरै संस्थाहरुलाई नकारात्मक असर पुग्ने जस्ता क्रियाकलाप नियन्त्रणमा मद्दत पुग्छ। साथै नियामक निकायहरुको लागि कम संस्था भएमा निरीक्षण अनुगमन प्रभावकारी हुन सक्छ एकीकरणपछि देखिने कमी कमजोरीहरुमा साधारण सभा संचालन जटिल हुनु, क्षेत्रीय साधारण सभा हुदा सबै सदस्यहरुवीच चिनाजानी नहुनु र आत्मीयता कमजोर हुनु, सहकारी संचालकलाई भेट गर्न कठिनाई हुनु, सहकारी संस्थामा सरकारी अड्डातन्त्र हावी हुदा सदस्यहरुलाई वास्ता कम हुनु, संस्थामा प्रभावशाली सीमित ब्यक्तिहरुको प्रभाव कायम हुनु, कुनै एक संस्थाले आर्जन गरेको मुनाफा नोक्सानमा गएको अर्को संस्थाको घाटापूर्तिमा प्रयोग हुनु, एकीकरणमा जति सजिलो छ बिभाजन गर्नु पर्ने अवस्था आएमा निर्णय नहुनु वा कठिनाई हुनु, नेतृत्व विकासको अवसर कमजोर हुनु, कारोबार ठुलो भएको अवस्थामा निरीक्षण कार्य जटिल हुनु र विज्ञ ब्यक्तिहरुको आवश्यकता बृद्धि हुने हुन्छ। अर्थात् सामान्य प्रशासनिक कर्मचारीले गर्ने निरीक्षणको दायरा समाप्त हुन्छ।

**संघ तथा बैंकमा आवद्धता**

दर्ता भै संचालनमा रहेका सम्पूर्ण सहकारी संस्थाहरु सहकारी बैंक तथा बिषयगत संघ वा जिल्ला सहकारी संघमा आवद्ध हुनु सहकारी अभियान सुदृढिकरणको अर्को महत्वपूर्ण पक्ष हो। एक्ला एक्लै गरिने ब्यवसायिक क्रियाकलापले सहकारी संस्था सुदृढ हुन सक्छ तर सहकारी अभियानको समग्र योगदानलाई मुखरित गर्न सक्तैन। एउटा संस्था बलियो र सक्षम हुन सक्छ तर राज्यको नीति निर्माण तहमा प्रभाव पार्न संघमा आवद्ध नभए कठिन हुन्छ। सहकारी अभियानमा आवद्धता भएमा सबै संस्थाहरुलाई त्यसतर्फ उत्प्रेरित गर्न सहज हुन्छ। साथै सहकारीमा चाहिने पूंजीगत पर्याप्तताको लागि सहकारी बैंकमा आवद्धता मुख्य शर्त हो। सहकारी संस्थाहरुको वर्तमान बचत रकमको १६ प्रतिशत तरलता मध्ये कम्तिमा ८ प्रतिशत तरलता सहकारी बैंकमा कायम गर्न सकिएमा त्यस्तो रकम कम्तिमा २८ अर्ब हुन सक्छ। यसले सहकारी बैंकलाई माथिल्लोस्तरमा अपग्रेडिंग गर्न सकिन्छ।

**गुणस्तरमा बृद्धि**

सहकारी सुदृढिकरणको आन्तरिक उर्जा नेतृत्व र कर्मचारीमा ब्यवस्थापन सीप विकास, ब्यवसायिक क्षमता विकास, संस्थागत सुशासनको सुदृढिकरण गर्नु हो। साथै सदस्यहरुमा सहकारी चेतनाको विकास, सहकारीमा गरिने कारोबारको बारेमा जानकारी तथा सहकारी भावनाको विकास महत्वपूर्ण पक्ष हो। यसको लागि सहकारी शिक्षा र बिभिन्न बिधाका तालिम एवम् प्रविधि हस्तान्तरण अभ्यास आवश्यक हुन्छ। यसको लागि नेपाल सरकार, स्थानीय सरकार, सहकारी संघ, सहकारी बैंक, प्रत्यक्ष कारोबार एवम् प्रबर्द्धन कार्यमा सरिक सरोकारवाला निकायहरु, सहकारी संस्था सबैको लगानी र साझा प्रयास आवश्यक हुन्छ।

**सहकारी क्षेत्रको ब्यापक प्रसार**

सहकारीमार्फत आर्थिक रुपले सीमान्तकृत, बंचितिकरणमा परेका समुदाय तथा ब्यक्तिहरु, गरिबहरु, मुलुकका कुना कुनामा छरिएर रहेका आम नागरिकहरुको माग, सीप, श्रम र क्षमताको पूर्ण उपयोग गरी पहुंच बिस्तार गर्नु आवश्यक रहेको कुरा योजना दस्तावेजबाट स्पष्ट भैसकेको छ। सहकारी संस्थाहरुको संख्या अत्यधिक भयो अब दर्ता गर्न हुदैन भन्दै मंचबाट भाषण गरेको पनि सुनिन्छ। तर कस्तो सहकारी बढी भयो ? कस्तो सहकारी कहां आवश्यक छ भन्ने कुरा बुझ्नु जरुरी छ। सहकारीका क्षेत्रहरु ब्यवसायिक क्षेत्रहरु ब्यापक र फराकिलो छ। नेपालको कूल जनसंख्याको ६६ प्रतिशत कृषिमा आश्रित रहेको छ र यसको कूल गार्हस्थ उत्पादनमा योगदान केवल २७.६ प्रतिशत रहेको देखिन्छ। यसैले गरिबी निवारण गर्नु पर्ने क्षेत्र मूल रुपमा कृषि क्षेत्र हो। गरिबी निवारणको दोश्रो प्रमुख क्षेत्र श्रमिकहरु हुन। वि.सं. २०६६/६७ मा नेपालको सम्पूर्ण श्रमशक्तिमध्ये ९२ प्रतिशत अर्थतन्त्रको अनौपचारिक क्षेत्र (असंगठित ब्यवसाय वा घरपरिवारत्र सामाजिक सुरक्षा लाभ हासिल गर्ने नियमित कामदारहरु र औपचारिक क्षेत्रमा कार्यरत) बाहेक वेरोजगार वा रोजगारदाताबाट कुनै सामाजिक सुरक्षा लाभ उपलब्ध नगराईएका क्षेत्रमा कार्यरत रहेको अनुमान गरिएको थियो।

**सहकारीको संख्या कति चाहिन्छ ?**

यस परिप्रेक्ष्यमा गाउंपालिका क्षेत्रमा पायक पर्ने हिसावले ५०० देखि १००० जनाको लागि एउटा उपभोक्ता सहकारी, शहरी क्षेत्रमा नगरपालिकाको वडापिच्छे कम्तिमा एउटा, उपमहानगर तथा महानगरपालिकाभित्र २००० जनसंख्यामा एउटाका दरले उपभोक्ता सहकारी संस्थाहरु आवश्यक देखिन्छ। यसै गरी शहरी क्षेत्रमा सरसफाई श्रमिक, वर्कशप श्रमिक, होटल श्रमिक, निर्माण श्रमिक, यातायात ब्यवसायका श्रमिक, फेरिवाला, भरिया, ग्रामीण क्षेत्रमा कृषि श्रमिक (खेती गर्ने, गोडमेल, बाली काट्ने र भित्राउने कार्यमा मद्दत गर्ने) हरुलाई संगठित गरेर सहकारी संस्थाहरुमा आवद्ध गर्नु पर्ने आवश्यकता रहेको छ।

आर्थिक बर्ष २०७७।७८ को बजेटमा नेपाल दूध, अण्डा तथा तरकारीमा आत्मनिर्भर बन्ने कुरा उल्लेख छ। त्यसको लागि अहिले कृषकहरुले खेप्नु परेको मुख्य समस्या भनेको बिचौलियाको मूल्य निर्धारण, उच्च उत्पादन लागत र बजार मूल्य स्थिर नहुनु हो। उपभोक्ताले खरिद गर्ने मूल्य र किसानले बिक्री गर्ने मूल्य बीचको फरक ४ गुणाभन्दा वेशी रहेको छ। यसको लागि कृषि क्षेत्रमा अन्न, दलहन, तेलहन, मसलाबाली, तरकारी, फलफूल, बीउ विजन, च्याउ, माछा, पशुपंक्षी पालन (बाख्रा, कुखुरा तथा हांस, बंगुर) आदि उत्पादनसंग सम्बन्धित कृषकहरुको सहभागिता बृद्धि गरी कृषि सहकारी, फलफूल सहकारी, सिंचाई कुलो जस्ता बिभिन्न सहकारीहरुको आवश्यकता अपरिहार्य रहेको छ। हाल कायम रहेका कृषि सहकारीहरुमध्ये ठुलो हिस्सा शहरी क्षेत्रमा बचत उठाउन र रासायनिक मलको ब्यापार गर्न खोलिएको देखिएको छ। साथै कृषकले उत्पादन गरेको धान, मकै, गहुं, कोदो, दाल, तेलहन सोझै बजारमा बिक्री गर्नुको सट्टा मील सन्चालन गरी प्रशोधन गरेर बजारीकरण गर्न सकिएमा उत्पादक कृषकले लाभ पाउने हुन्छ।

आर्थिक तथा सामाजिक बंचितीकरणमा परेका समुदायहरुसंग बंचितीकरणमा नपरेका ब्यक्तिहरु मिसिएर सहकारी संचालन गर्ने अवस्था नरहेकोले कुनै सीपसंग आवद्ध ब्यक्तिहरु सिल्पकार, सुजिकार, भाडा निर्माता, बेतबांस तथा काठका सामान उत्पादन, विशेष पेशासंग आवद्ध ब्यक्तिहरु (मछुवारा), काठको सामान निर्माता (चुनरा) हरु मात्र रहेको वा मिसिन सक्ने समुदायका सदस्यहरु मिलाएर सहकारी गठन आवश्यक देखिएको छ। अन्य ब्यवसायिक सहकारीतर्फ कपास खेती, उखु खेती तथा चिनी मिल, धागो तयारी, कपडा बुनाई, स्वीटर बुनाई, दुग्ध प्रशोधन, मील संचालन, पुष्प र जडिबुटी प्रशोधन,स्वास्थ, बन ब्यवस्थापन (ब्यवसायिक काठ), हाते कागज, तयारी पोशाक, होटल तथा रेष्टुराँ, कला तथा सृजना, प्रकाशन तथा छापाखाना, यातायात, सहकारी ग्राम (आवास

तथा भवन) जस्ता क्षेत्रमा सहकारीहरुको ब्यवसायिक सम्भावना छन् । तसर्थ माथि उल्लेखित क्षेत्रहरुमा आगामी केही बर्षमा बिसौं हजारौं सहकारी संस्था गठन र संचालनको सम्भावना रहेको छ।

**सहकारी क्षेत्रको नियमन**

सहकारी संस्थाको संख्या धेरै हुदा निरीक्षण गर्न कठिन हुन स्वभाविक हो । साथै निरीक्षण आफैमा एउटा सीप हो । त्यस्तो सीपयुक्त जनशक्ति कति छ। एउटा सहकारी संस्थाको निरीक्षण कति बर्षम ागर्ने भन्ने कुरा बिधि वा निर्देशिका निर्माण हुनु उपयोगी हुनेछ। एक दुई पेजको फाराम ब्यवस्थापकलाई भराएर अफिसमा दाखिला गरी निरीक्षण भयो भन्ने सोच्नु त्रुटी हुनेछ। सहकारी संघ संस्थाको निरीक्षण तथा नियमन सरकारबाट हुनु पर्दछ। किनभने सरकारी संयन्त्र पक्षपात रहित हुन्छ। तर सरकारी संयन्त्रमध्येको सहकारी मन्त्रालय र बिभागमा २०४८ पूर्व सहकारी संस्था ८३० सहकारी कार्यालय ६८ र कर्मचारी ९९३ जनाबाट अहिले कार्यालय ५ वटा कर्मचारी १०० जनामा झरेको छ। प्रदेश सरकारको सहकारी मन्त्रालयको महाशाखा, महानगर वा उपमहानगर वा नगरपालिका वा गाउंपालिकाभित्र रहेको सहकारी शाखाको क्षमता पनि कमजोर रहेको छ। यसको अलावा सहकारी मन्त्रालय र बिभागभित्र सहकारीको खातापत्र जांच गर्ने र बिश्लेषण गर्ने जनशक्ति अति न्युन छ। सहकारी अभियानमा सहकारी संघहरुलाई सदस्य संस्थाको निरीक्षणको जिम्मेवारी ऐनमा ब्यवस्था गरिएको छ, तर अधिकांश सहकारी संघहरु आफ्नो आत्मनिर्भरताको लडाई लडिरहेका छन्। यस्तो संस्थागत ब्यवस्थाले सहकारी संस्थाहरुको संख्या कतिवटा भए निरीक्षण हुन्छ कसैले भन्न सक्दैन। मुख्य कुरा राज्यको नीति र प्राथमिकता हो।

**उद्यमशीलता, रोजगारी, आयबृद्धि र दीगोपन विकास**

सहकारी क्षेत्रमा उद्यमशीलता विकास नगरी कृषि क्षेत्रको सन्तुलित विकास सम्भव छैन। कृषि क्षेत्रको दीगो रोजगारी विना त्यस क्षेत्रको गरिबी निवारण हुन अति कठिन देखिन्छ। जहिलेसम्म कृषि उत्पादनको मूल्य निर्धारण बिचौलियाको चलखेलमा बिद्यमान रहन्छ तवसम्म कृषि क्षेत्रको विकास, दीगो रोजगारी, किसानको गरिबी निवारण र कृषिजन्य बस्तुमा मुलुकको आत्मनिर्भरता केवल भन्ने सुन्ने कुरा मात्र हुनेछ। कार्यालयका भित्तामा किसान वा श्रमिकको फोटो टांग्नु भनेको सांचो अर्थमा त्यो बर्गको वास्तविक उत्थानको लागि योजना तथा कार्यक्रम निर्माण गरी इमान्दारीपूर्वक कार्यान्वयन गरेको अवस्थामा मात्र किसान तथा श्रमिकको उत्थान र विकासमा योगदान गर्न सकिन्छ। किसान र श्रमिकलाई हेनरी फेयोल र सुशासनका पोथा घोकाउनुभन्दा ब्यवसायिक उत्पादनमुखी तालिम महत्वपूर्ण हुन्छ। यसैले सरकारको संरचना, क्षमता, सरकारी निकायको दृष्टिकोण बदल्नु जरुरी छ। सहकारीको संख्या कति चाहिन्छ त्यो जनताको आवश्यकतासंग सम्बन्धित कुरा भएकाले सहकारी नेतृत्व र नियामक निकायहरुले एउटा आधार तयार पारेर निर्धारण गर्नु उपयुक्त हुनेछ। क्षमताको कुरा गरेर जनताको अधिकारलाई सीमित गर्नु बुद्धिमानी नठहरिएला। सहकारी क्षेत्र कमजोर भएमा जनताको आर्थिक जीवन कमजोर हुनेछ र यसले लोकतन्त्रलाई कमजोर बनाउन सक्ने भएकोले बेलैमा सचेत हुनु जरुरी छ। सरकारका निकायहरुमा सहकारीलाई हेर्ने दृष्टिकोण सकारात्मक र सहयोगी बनोस भन्ने अपेक्षा गर्दछु।

■

# संमृद्ध नेपाल सुखी नेपाली बनाउने अभियान सहकारी मार्फत सम्भव छः

■ राजेन्द्रमणि काफ्ले
वडा अध्यक्ष, वडा नं. ७
सहकारी उप–समिति संयोजक

चितवन जिल्ला देशको मध्य भागमा पर्ने एक अग्रणी जिल्ला हो। मुलुकको वैकल्पिक राजधानिको रुपमा विकास भएको यो जिल्ला सहकारी को जननि जिल्ला पनि हो। चितवन जिल्लामा ७०० भन्दा वढि सहकारी संस्थाहरु छन भने भरतपुर महानगरपालिका मात्र ३२८ सहकारी संस्थाहरु छन। गत निर्वाचन देखि भरतपुर महानगरपालिकाले योजनावद्ध तरीकाबाट विकास निर्माणका कामहरु अगाडी वढाईरहेको छ। राष्ट्रिय अन्तराष्ट्रिय स्तरका पूर्वाधारका महत्वपूर्ण कामहरु धमाधाम  भैरहेका छन महानगर रिङरोड, क्रिकेट रङ्गशाला, सपिङमहल सिटीहल अटोलेण्ड, जस्ता दर्जनौ गौरवका आयोजनाहरुले गति लिइरहेका छन। मलाई लाग्दछ केहि वर्ष भित्र विकास र पूर्वाधारको क्षेत्रमा भरतपुर महानगरपालिका सुन्दर पूर्वाधार र निर्माणले भरिपूर्ण महानगर हुनेछ। सहाकारीको कुरा गर्दा जव हामि हाम्रा एक शेयर सदस्यलाई विपन्न वर्गबाट माथि उठाउन सक्छौ। विहान वेलुका सजिलो छाक टार्न सक्ने वालवच्चाहरुलाई सजिलै पठन पाठन गराउन सक्ने वनाउने सक्छौ। सिप दक्ष जनशक्ति उत्पादन गर्दछौ। जुन सहकारी पूँजी, वचत ,ऋण लगानी र असुली मात्र हैन एक सहकारी एक उत्पादनको निति लागु गरी समाजलाई समुदायलाई शेयर सदस्यहरुलाई एउटा उत्पादनको चिज उपहार दिन सक्छौ। तव त्यस्ता सहकारी वास्तवमा सफल सहकारी हुन भन्ने मलाई लाग्दछ। अहिले हामिले हाम्रो जिवनसँग गासिँएको खाद्यबस्तुहरु हामिले उत्पादन गर्न सकेका छनौँ। केही मात्र भयतापनि विषादी प्रयोगलाई नियन्त्रण गर्न सकेका छैनौँ। अर्गानिक रुपमा उत्पादन कार्यलाई प्रोत्साहन गर्ने किसिमका कार्यक्रम राज्यले ल्याउनु पर्दछ। सहुलियत र अनुदानका कार्यक्रमहरु पनि सहकारी मार्फत वितरण गर्दा प्रभावकारी हुने र उत्पादनमा बृद्धि पनि हुन सक्छ। त्यसैले पनि राज्यले दिने सुविधाहरु त्यस्ता सहकारीहरुलाई  प्राथामिकता दियो भने उपलब्धि हासिँल हुन सक्दछ। अव महानगरले पनि उक्त उत्पादन निति तर्जुमा गरी महानगरलाई कुन कुन खाद्यबस्तुहरु कति आवश्यक छ। त्यसको उत्पदन कसरी गर्ने यो विषयमा छलफल वहस आवश्यक छ। दुध, केरा, अण्डा, कुखुराको मासु, तरकारीमा हामि निर्यात नै गर्दछौ तर अरु सवै आयत गर्दछौ सहकारी सञ्जाल गाँउ गाँउ छ। हिजो द्धन्दकालमा जनयुद्धकालमा सवै वैक तथा वित्तिय संस्थाहरु सदरमुकाम केन्द्रित रहे तर सहकारी घरघरमा पुग्यो अहिले देशमा ३४ हजार छ सय भन्दा वढी सहकारीहरु छन जसले ३ खर्व भन्दा वढी निक्षेप संकलन गर्दछन यसका सदस्यहरु ६४ लाख भन्दा वढी छन यसमा कृयाशिल जनशक्तिले रोजगारी ६० हजारको हाराहारीमा रोजगारी प्राप्त गरेका छन। यस्तो संस्थालाई व्यवस्थित गरी अगाडी लैजानु राज्यको प्रमुख कर्तव्य हुन आँउछ।

सहकारीहरुले धेरै राम्रो कार्यहरु गर्दै आएका छन्। सहकारी मुल्य मान्यता अनुसार नया नयाँ निति, विधि पद्धती र समय सँगै आधुनिक प्रविधि उपयोग गरेर आ  ना शेयर सदस्यहरुलाई सेवा प्रदान गर्दै आएका छन। राज्यले सञ्चालनमा ल्याएका वित्तिय संस्थाहरु भन्दा छिटो र छरितो तरीकाबाट आ  नो कारोवारहरु गरेका छन्। यस्तो देख्दा हामिलाई गर्व लाग्दछ। तर दुःख लाग्दछ कतिपय संस्थाहरु गलत बाटोमा हिडिरहेका छन् स्वार्थमा चलिरहेका छन सहकारी सिद्धान्तलाई अवहेलना गदै एकाध सहकारी कारणले सिंगो सहकारी आन्दोलनलाई वदनाम गराउने प्रयास भैरहेको छ। प्रश्न उठ्न सक्छ अनुगमन, नियमन, नियन्त्रण, कसले गर्ने। भरतपुर महानगरलेगत वर्ष देखि आ  नो नगरमा भएका सहकारीहरुको अनुगमन, तालिम, गोस्टि, कार्यक्रमहरु सञ्चालन गरी रहेको छ। हामिसँग सिमिति स्रोत र साधन छ जसले गर्दा पर्याप्त रुपमा हामिले अनुगमन गर्न सकेका छैनौ। अव हामि सहकारी संस्था दर्ता गर्दा नै संस्था आवश्यक छ वा छैन संस्थाका सञ्चालकहरुलाई संस्था सञ्चालन सम्वन्धि तालिम दिइ दर्ता प्रकृया अगाडी वढाउनु पर्दछ। त्यसले गर्दा सहकारीमा समस्या नआउन सक्छ।

सहकारी समाज रुपान्तरणको एक महत्वपूर्ण हतियार हो सहकारी मार्फत नै हामि समृध नेपाल सुखि नेपाली को यो अभियान पुरा गर्न सक्छौ। कतिपय विकसित देशहरु समृद्ध छन तर सुखि नहुन सक्छन्। एक धनाढय व्यक्ति सधै चिन्तित नै चिन्तित हुन सक्छ। तर एक गरीव मानिस खुसि भैरहेको हुन सक्छ। त्यसैले सुखिमा सकारात्मक सोचको आवश्यक छ , सद्भावको आवश्यक

छ। सहयोगको आवश्यक छ, आत्मसन्तुष्टिको आवश्यक छ। यि सवै चिज सहकारी मार्फत पाइन सक्छ। समृद्ध नेपाल सुखि नेपाली बनाउने अभियान सहकारीमात्र उत्तम आधार हुन सक्दछ।

सहकारी समाजप्रति आ नो उत्तरदायित्व पुरा गरेका हुन्छन्। कतिपय महत्वपूर्ण सामाजिक कार्यहरु नियमित रुपमा सञ्चालन गर्दा संस्थाको छवि, विश्वासलाई उच्च राख्ने गर्दछ। वास्तवमा सहकारी समुदायको सुख र दुख का साथि पनि हुन। सजिलो सँग ऋण लगानी गर्ने, आयमुलक कार्यहरु सञ्चालन गर्दै रोजगारी सृजना गर्ने, शेयर सदस्यहरुलाई जव व्यवसायी भैसकेपछि उनिहरु सोतह राज्यका करदाता हुन्छन। त्यसैले सहकारीलाई करदाता उत्पादन गर्ने कारखाना पनि भन्न सकिन्छ।

अव सहकारी क्षेत्रलाई अझ व्यवस्थित बनाउन पर्ने आवश्यक छ र सहकारी एकिकरणलई महानगरले महत्व दिनु पर्छ। अहिले अवस्था हेर्दा एउटा वडामा नै ३५, ४० वटा सहकारी भएको अवस्था छ। यति धैरै सहकारी आवश्यक छैन। अव यसलाई उकीकरणको माध्याम बाट संख्या घटाउनु पर्छ त्यसको लागस् सरकारको तर्फबाट र महानगरको तर्फबाट सेवा सुविधाको प्याकेज घोषण गर्नुपर्छ। तव मात्र, सवल सक्षम, दिगो गुणस्तिरिय सहकारी निर्माण गर्न सक्दछौ। सहकारी संस्थाहरुको सम्वन्धित निकायबाट अनुगमन नियमित गदै गलत, तरिकाबाट हिडेका सहकारीहरुलाई ट्र्याकमा ल्याउनको लागी सुझावहरु दिने र सहि सँग अगाडी वढेका सहकारीहरुलाई प्रोसाहन गर्नुपर्दछ। सञ्चालकहरुलाई संस्था सञ्चालन सम्वन्धि तालिम दिनु पर्दछ। शैक्षिक रुपमा विद्यालयको पाठ्यक्रमासमेत समावेश गरीनुपर्दछ। यि सवै कुराहरु गर्दा गदै पनि जानि जानि शेयर सदस्यहरुले पसिना वगाएर केहि रकम वचत गर्दै आ नो परिवार र वच्चाहरुको उज्ज्वल भविष्यको लागि वचत गरेको रकम हिनामिना गर्ने सञ्चालकहरुलाई कडा भन्दा कडा कार्वाही गरीनुपर्दछ। वर्तमान कानुनले नपुगे नँया कानुन समेत निमार्ण गरी कार्वाही प्रक्रिया अगाडि वढाउनु पर्दछ।

■

## सहकारी संस्थाहरूलाई व्याज पुँजीकरण नगर्ने सम्बन्धी भरतपुर महानगरपालिका, नगर कार्यपालिकाको कार्यालय, सहकारी तथा रोजगार प्रवर्द्धन शाखाको सूचना

सहकारी ऐन, २०७४ को दफा ५० को उपदफा (५) मा सहकारी संस्थाले प्रदान गरेको ऋणमा लाग्ने व्याजलाई मूल ऋणमा पुँजीकृत गरी सोको आधारमा व्याज लगाउन नपाइने व्यवस्था रहेको बेहोरा विदितै छ। तदनुसार सहकारी संस्थाले आफूले प्रदान गरेको ऋणमा लाग्ने व्याजलाई साउँ रकममा जोडी व्याज लगाउने कार्य नगर्नु, नगराउनु हुन सूचित गरिन्छ। अन्यथा कानुनबमोजिम कारबाई गरिने बेहोरासमेत जानकारी गराइन्छ।

# अस्ट्रेलियाको सहकारी अभियानबाट नेपालले के सिक्ने ?

■ नवराज सापकोटा
लेखा समिति संयोजक, नेफस्कून

नेपालको सहकारी अभियान परापुर्वकाल देखि संचालनमा रहेका अइचो पैचो, पर्मा, ढिकुटी र मंकाखल बाट विकसित हुँदै सुरुवात भएको पाइन्छ । सरकारी तवरले भने २०१० सालमा योजना कृषि मन्त्रालय स्थापना भै सके पछि नै भएको हो । नेपाल सरकारले २०११/०१२ सालमा मध्य पहाडी क्षेत्रको बाढी पैर्हो बाट पीडित हरुलाइ व्यबस्थित बसोबास गराउने उद्देश्यले अमेरिकी सहयोग नियोग मार्फत  चितवनमा राप्तीदुन परियोजना संचालन गरेको थियो र त्यहीँ परियोजना मार्फत चितवनमा व्यबस्थित बसोबास सुरु भयो जसको आकर्षणले गर्दा पहाड बाट बसाइँसराइको लर्को नै लाग्यो । त्यही बेला बखान सिं गुरुङले जनताको जिवनस्तर सहज बनाउन सहकारीको अबधारणा ल्याएका थिए । यही अबधारणालाइ  सघाउने गरि नेपाल सरकारले  कार्यकारी आदेश (अध्यादेश) जारी गरि पहिलो पटक २०१३ साल चैत्र २० गते नेपाल मै पहिलोपटक  बखान कृषि ऋण सहकारी समितिको नाममा सहकारी दर्ता गरि चितवन जिल्ला बाट सहकारी अभियानको सुरुवात गरिएको थियो ।

लामो समयसम्म सहकारीको बिकास बिस्तार पंचायतकाल भरी हुन सकेन । त्यसबेला सहकारीको सिद्धान्त मुल्य मान्यता बिपरित सरकारले नियन्त्रण गर्न खोज्दा सहकारीको वृद्धि र बिकास नै अबरुद्ध हुन पुग्यो । तत्कालीन अबस्थामा सहकारी राज्य नियंत्रित हुन पुग्यो।मल बीउ बितरणमै सहकारी लाई सिमित गरिएको हुनाले जनताको चासो रहेन । २०४६सालको परिवर्तन पश्चात् नै नेपालमा सहकारी अभियानले फड्को मारेको हो । अहिले सहकारी बिभागको तथ्यांक अनुसार विभिन्न बिषयका ३४५१२ सहकारी संस्था देश भर दर्ता भै सञ्चालनमा रहेका  छन् । यी सहकारीहरुमा ६५ लाख भन्दा बढी सदस्यहरुको आवद्धता रहेको छ । कूल सदस्यमा महिलाहरुको सहभागिता ५१ प्रतिशत पुगेको छ । बचत र पूँजी गरेर रु. ४ खर्बको सम्पत्ति सहकारी मार्फत परिचालन भई रहेको छ । लगानीको दृष्टिकोणले पनि कूल रु. ३ खर्ब जति कर्जा परिचालन सहकारी संस्थाहरु मार्फत भएको देखिन्छ । सहकारी संस्थाहरुको कारण कृषि ,पशुपालन समेतको उत्पादनमा उल्लेख्य योगदान पनि पुगेको छ ।

सहकारी प्रजातान्त्रिक मूल्य मान्यता र सिद्धान्तमा चल्ने संस्था भएकोले निष्पक्षता, पारदर्शिता र जवाफदेहिता यसका आधारभुत तत्वहरु हुन् ।

यद्यपि, सहकारीलाई मुलुकको अर्थतन्त्र र रोजगारी सिर्जनामा महत्वपूर्ण भूमिका भएको क्षेत्र मानिन्छ । सामाजिक सशक्तीकरण गर्ने माध्यम पनि सहकारी हो । अप्रत्यक्ष रूपमा लाखौ नेपालीहरुलाई स्वरोजगार श्रृजना भएको छ भने झन्डै  ६० हजारलाई प्रत्यक्ष रोजगार, गरिवी न्यूनीकरण  तथा महिला सशक्तिकरण, उद्यमशिलताको विकास मा सहकारीबाट फाइदा पुगेको छ । अहिले सहकारी मार्फत उत्पादन क्षेत्रमा ३ देखि ५प्रतिशतको हारहारीमा कूल ग्राहस्थ उत्पादनमा योगदान पुर्याएकोछ भन्ने अनुमान गरिएको छ । यो अभियान जनताको अभियान हो। सहकारी मार्फत कृषि उत्पादनमा वृद्धि ,आधुनिकीकरण र  व्यबसायिकरण ले मात्रै समृद्धि को यात्रा तय गर्न सकिन्छ ! त्यसैले सहकारीको अभियान हरेक वडासम्म पुग्नु जरुरी छ । दिगो विकासमा सहकारीको भूमिका बढाउन उत्पादनमा केन्द्रीत हुनुको विकल्प छैन  । सहकारी आफैले एवम् आफ्ना शेयर सदस्यलाई उत्पादनतर्फ केन्द्रीत गरायर मात्रै  दिगो विकास लक्ष्य प्राप्त गर्न सहकारी नै उत्तम विकल्प साबित हुनेछ  । सहकारीलाई उत्पादनमा लगानी गर्ने वातावरण बनाउन सरकारले ध्यान दिनुपर्ने देखिन्छ  । नेपालका अधिकांश ठाउँ पर्यटकीय क्षेत्र भएकाले सहकारीले पर्यटन लगायतका क्षेत्रमा काम गर्न सके गरिबी न्यूनीकरण  र रोजगारी सिर्जन गर्न सकिने भरोसा एसियालि क्रेडिट युनियन ले संचालन गरेको गुणस्तरीय अभियान एक्सेस र नेफस्कुन र सहकारी बिभाग मिलेर संचालन गरेको प्रोबेशन कार्यक्रममा सहभागी भै अन्तर्राष्ट्रिय स्तरका नमूना सहकारी संस्थाहरुको रूपमा सयौं सहकारीहरुले प्रमाणीकरणमा आँफुलाइ अब्बल साबित गर्नुले पनि प्रमाणित गर्दछ ।

यसरी  स्वाधीन अर्थतन्त्र निर्माणका लागि समेत  अहिले सहकारी सार्थक हुँदै गइरहेका छन् ।  यति हुँदा हुँदै पनि कतिपय सरकारि

नीति र विधमान कानूनहरु सहकारी मैत्री नभएकाले उत्पादन तथा सेवा व्यवसायमा सहकारीको विस्तार हुन सकेको  छैन। कतिपय कानूनले त सहकारी उद्योग व्यवसायलाई निषेध नै गरेको छ। पर्यटन उद्योग, घरेलु तथा साना उद्योग, विधालय सञ्चालन र व्यवस्थापन, सामूहिक आवाश, सामूदायिक अस्पताल, उर्जा, यातायात, श्रमिकहरुको स्वामित्वको सहकारी उद्योग व्यवसाय, सहकारी भण्डार आदि क्षेत्रमा सहकारी लाई सहज हुने गरी संबंधित क्षेत्रको कानुनी व्यवस्था नै बनेको छैन। सहकारी मार्फत त्यस्ता उधोग ब्यबसाय संचालन गर्न खोज्दा अनेकौं हण्डर र ठक्कर खानु पर्ने अवस्था बरकरार छ।कृषिमा आधारित सहकारी उद्योगहरु ले प्रोत्साहन पनि पाउन सकेका छैनन। यी सबै कारणले सहकारी क्षेत्रले सरकारबाट पाउनु पर्ने आधारभूत सुविधाहरुबाट समेत बञ्चित रहनु परेको छ। नेपालको संबिधान २०७२ ले राष्ट्रीय अर्थ तन्त्र मा तीन खम्बे अर्थ निति स्विकार्दै सहकारी क्षेत्रलाई एउटा खम्बा मानेको छ। सहकारी अभियानले पाएको संबैधानिक सुरक्षाका आधारमा हालै  संघीय, प्रदेश र स्थानीय तहमा निर्मित कानूनहरुले सहकारीलाई केहि हदसम्म सहयोग पुग्ने विश्वास लिन भने सकिने अवस्था निर्माण भएको पनि छ।

सहकारी अभियानका बारेमा विभिन्न देशहरूले कसरी अगाडि बढाएका छन र नेपालले त्यस्ता असल अभ्यास लाई अनुशरण गर्दा सदस्य र समुदायको रुपान्तरणमा कसरी सहयोग पुग्दछ भन्ने उत्सुकता हुनु स्वभाबिक नै छ। यसै सन्दर्भमा अस्ट्रेलियामा देखेको सहकारी अभियान बारेमा पनि केहि चर्चा गर्न लागिएको छ।

अस्ट्रेलिया अमेरिका लगायतका देशमा सहकारीलाई क्रेडिट युनियन बैक को रूपमा लिइन्छ। अस्ट्रेलियाको APRA अन्तरगत बैकिङ कानुन अनुसार सहकारी दर्ता र संचालन हुन्छन। प्राप्त तथ्यांकअनुसार अस्ट्रेलियामा ७५ क्रेडिट युनियन बैक छन भने १२ वटा म्याचुयल बैंक छन। यी दुबै सहकारीको रुप हुन। अस्ट्रेलियाका सबै सहकारी संस्थाले विभिन्न प्रकारका  बचत र ऋणको सेवा प्रदान गरेका छन्।

याँहाका सबै संस्थाले नयाँ नयाँ प्रबिधि लाई आत्मसात गर्दै सदस्य सेवामा प्रतिस्पर्धा समेत गर्दा रहेछन। यंहाका सहकारीहरु को कार्यसंचालन जबाफदेहिता र उत्तरदायीत्वमा आधारित भएकोले अझ बढी सुरक्षीत पनि देखियो। तिनै मध्येको एक अस्ट्रेलियन कानुन अनुसार दर्ता भै संचालनमा रहेको Endeavour Mutual Bank जांहा मैले प्रत्येक्ष अन्तर्कृया गर्न पाए जुन सहकारी  बिगत ६९ बर्ष अगाडि सन १९५३ मा  दर्ता भै विभिन्न समयमा  २१ वटा सहकारी मर्ज भएर बिगत ६५ बर्ष देखि  विभिन्न संस्था एकीकृत हुँदै संचालनमा रहेको छ।यो संस्थाले समुदायमा आधारित सहकारी संस्थाको रूपमा सदस्यको चाहना नै पहिलो शर्त मान्दै गुणस्तर युक्त बित्तीय सेवा संचालन गर्दै आएको छ। Endeavour Mutual Bank को अस्ट्रेलियामा १० प्लस शाखा र ६३ करोड ९२ लाख ५० हजार  डलर को पुंजी तथा दायित्व रहेकोमा  सदस्यको बचत मात्रै ५४ करोड ५३ लाख डलर रहेको छ। यो संस्थामा कुल ७२ जना कर्मचारी कार्यरत रहेका रहेछन। यश संस्थाका Chief educat I've officer Mark worthington ले हामी लाई संस्थाको इतिहास र सदस्य सेवामा पुर्याएको सहयोग बारे जानकारी गराएका थिए। "This is our bank because members are customers and equal owners" निति संस्थाले अंगालेको छ। संस्थाले digital financing को माध्यम बाट प्रत्येक सदस्य हरु लाई आफ्नै मोबाइल बाट सातै दिन २४ सै घण्टा कारोबार गर्ने सुबिधा प्रदान गरेको छ। यस्ले विभिन्न बैक हरु संग सहकार्य गरि कारोबारमा सहजीकरण गरेको छ। यस्का सदस्यहरु कारोबारका (बचत जम्मा गर्न होस वा ऋण लिन) लागि संस्थाको कार्यालय सम्म आइरहन नपर्ने रहेछ। सदस्यले मागफारम अनलाइन बाटै प्रस्तुत गर्ने सबै विवरणको छानबिन पश्चात् सदस्यलाई छिटो साधन द्वारा जानकारी गराउने नीति लिएको छ। सदस्यलाई संस्थाका कर्मचारीले अफिस बाट अनुगमन गर्ने रहेछन्।

यो संस्थाले  युवाहरूलाई सहकारी तर्फ आकर्षक गर्न विभिन्न सुविधाजनक सेवा दिइरहेको रहेछ। संस्थाले बाल बचत मा १८ बर्ष मुनि का लाई  ५००० डलर सम्म लाई उच्च व्याज दर दिने नीति लिएको छ। जुन निति बाट युवा सदस्य भित्रयाउन अत्याधिक सहयोग पुगेको र  यस्ता बाल बचतकर्ता लाई परिवारलाई सहयोग पुर्याउन फेमिली हेल्प लोन मार्फत सहज ऋण प्रदान  गर्ने गरेको, युवा हरु लाई सेवा शुल्क नलिने भ्यालुएसन शुल्क नलिने निति लिएको रहेछ। त्यस्तै युवाहरूलाई मोबाइल बाट सबै सुबिधा बिना शुल्क उपयोग गर्न पाउने पनि निति निर्धारण गरि युवाहरूलाई आकर्षण गरिरहेको पाइयो। जस्को माध्यमले उमेर पुगे पछि नयाँ सदस्य बन्न उत्प्रेरित गर्दो

रहेछ। यस्लाइ अस्ट्रेलियन टेलिभिजन बाट समेत सराहना गरि प्रशारण गरेको थियो। यहीँ कारण एक बर्षमा ३२४२२ सदस्य वृद्धि भएको रहेछ। सदस्यबाट आउने राजीनामा लाई रोक्न समेत पुराना सदस्य र उमेर पुगेका सदस्य लाई संस्था को सदस्य बनिरहन उत्प्रेरित गर्दै ५० बर्ष माथिकाको आबधिक बचतलाई उच्च व्याज सुबिधा दिने अबकाश अबधी पुगेका सद्स्यहरुलाई अबकाश पछिको जीवन लाई कसरी शुखमय बनाउन सकिन्छ भनी विभिन्न सल्लाह सुझाव र संस्थाले संचालन गरेका योजनामा सहभागी गराउने, सामुदायिक बाताबरण निर्माणका लागि सहयोगी बन्ने गर्दो रहेछ।

सदस्य को आबस्यकता र चाहना समयक्रममा फेरिने हुनाले संस्थाले हरेक २/२ बर्षमा सदस्यको आबस्यकता र चाहना के छ भनी (Member survey)बजार सर्भेक्षण समेत गर्दो रहेछ। अहिले अस्ट्रेलिया भर सहकारी को संख्या एकीकरण अभियान बाट घटेर ७५ मात्रै रहेछन्। नेपाल र अस्ट्रेलियाको जनसंख्या हाराहारीमा भए पनि नेपालमा ३४५१२ सहकारी के का लागि आबस्यक भन्ने पनि टड्कारो प्रस्न उब्जिन्छ। संस्था कम हुंदा नै संस्था प्रति राज्यको ध्यान पुग्न सक्छ अनुगमन र प्रबिधि प्रदान गर्न सजिलो हुन्छ भन्ने जानकारी पनि रह्यो। यो भ्रमणमा नेपाली युवाहरूलाई आकर्षणको केन्द्र बनेको देश अस्ट्रेलियामा सहकारी अभियान कसरी संचालित छ र यस्मा नेपाली युवाहरूलाई कसरी जोड्न सकिन्छ तथा यँहाका सहकारीसंस्थाले गरेका असल अभ्यास लाई नेपालमा कसरी अनुशरण गर्न सकिन्छ भन्ने पनि मेरो उद्देश्य थियो। झण्डै ५० हजार प्लस रहेका नेपाली युवाहरूलाई अस्ट्रेलियामा सहकारी अभियानमा कसरी संलग्न गराउने भन्ने बारेमा NRNA ले सोच्न जरुरी छ। नेपालमा सहकारी बलियो बनाउन संस्था ले सदस्यहरु लाई सम्पुर्ण बित्तीय सेवा प्रदान गर्ने एकीकृत अभियानको विकल्प छैन भन्ने अस्ट्रेलियाको सहकारी अभियानको अध्ययनले दिलायो।

जय सहकारी !

२०७६/०१/१०

सरिहिल्स, सिड्नी, अस्ट्रेलिया

■

# साधारण सभाको निर्णयबमोजिम गर्ने सम्बन्धमा सहकारी संस्थाहरूलाई भरतपुर महानगरपालिकाको सूचना

सहकारी ऐन, २०७४ को दफा ३८ मा अन्य कुराका अतिरिक्त सहकारी संस्थाको आन्तरिक कार्यविधि पारित गर्ने, वार्षिक कार्यक्रम तथा बजेट स्वीकृत गर्ने, पारिश्रमिकलगायतका सुविधा तोक्ने, बाह्य दायित्व स्वीकार गर्ने र सदस्यको दायित्व मिनाहा दिने कार्यहरू साधारण सभाले मात्र गर्न सक्ने व्यवस्था रहेको बेहोरा विदितै छ। तदनुसार विनियममा जे-जस्तो प्रावधान भए तापनि यथाशीघ्र देहायबमोजिम गर्नु, गराउनु हुन सम्बन्धित सहकारी संस्थालाई सूचित गरिन्छ:

१. जुनसुकै आन्तरिक कार्यविधि साधारण सभाबाट पारित नभएको भए पारित गराएर मात्र लागू गर्ने;
२. वार्षिक कार्यक्रम तथा बजेट र सोमा हुने संशोधनसमेत साधारण सभाबाट स्वीकृत भएपछि मात्र कार्यान्वयनमा लग्ने;
३. सञ्चालक समिति, लेखा समिति वा अन्य समिति वा उपसमितिका पदाधिकारीहरूका साथै व्यवस्थापक वा प्रमुख कार्यकारी अधिकृतको पारिश्रमिक वा सुविधा साधारण सभाबाट तोकेर मात्र खर्च लेख्ने;
४. ऋण लिंदा वा अन्य तवरले बाह्य दायित्व सृजना गर्दा साधारण सभामा पेस गरी निर्णय भएबमोजिम गर्ने;
५. साधारण सभाको निर्णयविना सदस्यको दायित्व मिनाहा नदिने र
६. उपर्युक्तबमोजिम ऐनका प्रावधानसँग बाझिएका विनियमका प्रावधानहरू यथाशीघ्र संशोधनको व्यवस्था मिलाउने। अन्यथा कानुनबमोजिम कारबाई गरिने बेहोरासमेत जानकारी गराइन्छ।

# सहकारिता

■ **रामबाबु पौडेल**
सहकारी अधिकृत
भरतपुर महानगरपालिका

आर्थिक, सामाजिक, सास्कृतिक रूपान्तरणको लागि स्वावलम्बनको पारस्परिक अभ्यास सहकारीता हो । सहकारी दर्शनको अन्तस्तलमा रहेका दुई मौलिक बिचार स्वावलम्बन र पारस्परिकता हुन । सहकारितामा स्वावलम्बनलाई संगठनबाट प्रभावकारी पारिएको हुन्छ । स्वावलम्बी आशमा होइन प्रयासमा बाँच्दछ । प्रयासमा बाँच्नेले पर्खदैन, थाल्दछ; अनावश्यक शंका भन्दा आवश्यक आँट गर्दछ र 'देख्नेले के भन्लान्; भन्दैन, 'देख्नेले नि जान्लान्; भन्दछ । स्वावलम्बनले व्यक्तिलाई आत्मनिर्भर बनाइ आफ्नो जिम्बेवारी पुरा गर्न सक्षम बनाउदछ । सक्दा दिने पर्दा लिने आपस नै पारस्परिकता हो । एक अर्का बिचको सहयोग व्यक्तिगत पारस्परिकता हो । सहयोग बरावरी हुनुपर्छ । सामूहिक पारस्परिकतामा प्रत्यकको योगदान समुहमा जोडिन्छ र प्रतिफल प्रत्यकमा स्वीकृत विधिसम्मत बाँडिन्छ । Each for All and All for Each मा पारस्परिकताको सामुहिक आयाम प्रकट हुन्छ । पारस्परिकता मानविय स्वभाव हो । स्वावलम्बीले आफ्नो जिम्बेवारी पुरा गर्ने सिलसिलामा सरोकारवालालाई गर्ने सहयोगले पारस्परिकताको प्रारम्भ गर्दछ । यसरी प्राप्त गुनलाई ऋण सम्झने प्रापकको स्वावलम्बी स्वभावले गर्दा स्वावलम्बनमै टुंगिन्छ । यसले सहकारीमा स्वावलम्बन र पारस्परिकतालाई निरन्तरता दिन्छ । स्वावलम्बनको पारस्परिक अभ्यासमा शोषणबिहिन आर्थिक सम्बन्धहरू स्थापित हुन्छन् जसमा सर्वजनको यथायोग्य बैभवका साथै दिगो उन्नयन सम्भव छ ।

सहकारितामा निर्विवाद हित र निकटवर्ती हैसियत पारस्परिकताका पूर्वशर्त हुन । सदस्यहरूको हित (Interests) संरक्षण र प्रवर्द्धन गर्नु सहकारी संस्थाको मुख्य उदेश्य हो । हित नमिलाई सहकारिताको अभ्यास गर्न खोज्दा हितमा विरोधाभाष (Conflict of Intrest) उत्पन्न हुन्छ । हित नमिल्दा सहकारीमा बेसरोकारवालाहरूको भिड हुन्छ । सहकारी संस्था सरोकारवालाहरूको जमघट हो नकी बेसरोकारवालाहरूको । त्यसै गरी सहकारीमा निकटवर्ती हैसियत हुनुपर्दछ । जस्तै भरिया र ठेलावालाको हैसियत निकटवर्ती होला तर ठेलावाला र टेक्टरवालाको हैसियतमा निकै अन्तर छ । फरक हैसियतकै कारण सहकारीको पारस्परिकता खल्बलिन्छ ।

सहकारीमा नाफा की सेवा भन्ने प्रश्न पनि गम्भीररूपमा उठने गरेको देखिन्छ । कतिले सहकारीलाई धेरै नाफा नलिने तर थोरै नाफा लिने व्यवसायको रूपमा लिएको पाइन्छ । वास्तवमा आफ्ना सदस्य संग कारोवार गर्ने संस्थामा नाफा मूल्य समायोजनको बिषय मात्र हुन्छ । जस्तै कुनै संस्थाले सदस्यलाई रू.५०/-को सामान रू.५५/-मा बिक्रि गर्दा उबार रू.५/- संरक्षित पूँजी फिर्ता कोष मार्फत सदस्यमा जान्छ । त्यस बिपरित रू.५०/-को सामान रू.४५/-मा बिक्रि गर्दा भएको नोक्सान रू.५/- सदस्यको शेयर पूँजीबाट पूर्ति गरिन्छ। सहकारीमा नाफा वितरणको मानदण्ड परिश्रम हुन्छ । त्यसैले अर्काले तिरेको उबार मूल्य लिइयो भने नाफामा सहभागी भै आर्थिक शोषण गर्न पुगिन्छ । बिचौलिया नाफामा सहभागी हुन्छ । पूँजी लगाएको वा व्यवस्थापन गरेको भनेर नाफा लिने प्रचलन सहकारी मर्म बिपरित हो । उत्पादकहरू गोलबन्द भएर पूँजी जम्मा गरी उत्पादनको बजार व्यवस्था मार्फत वास्तविक मूल्य प्राप्तिको आधार तयार गर्नु पर्दछ । त्यसैगरी सर्वसाधारण उपभोक्ताहरु एकजुट भै वास्तविक मूल्यमा बस्तु प्राप्त गर्न पूँजी जम्मा गरी उपभोक्ता भण्डार सञ्चालन तर्फ लाग्नु पर्दछ । सहकारी संस्थाका सदस्य सहयोगकर्ता हुन् कल्याणकर्ता होइनन् । सहकारी नाफा खान होइन भने जस्तै उपकार गर्न पनि होइन । यसको अर्थ आपतविपतमा मानवीय सहायता नगर्ने भनिएको होइन । सहकारी संस्थाको व्यावसायिक सेवा सदस्यमै सीमित गरिन्छ जवकी गैर ब्यवसायिक सेवा सहकारी संस्था भित्र र बाहिर भनिदैन । गैर ब्यवसायिक सेवा सदस्यलाई जुन सर्तमा मिल्दछन् गैरसदस्यलाई पनि सोहि सर्तमा मिल्दछ । सामाजिक सीमान्तीकरणका कारण पछाडी परेका सदस्यहरूलाई अगाडि सार्न चाहिने सकारात्मक कार्य गर्न सहकारीले सधै अग्रसरता लिन्छ ।

# बचत तथा ऋण सहकारीका जोखिम व्यवस्थापन

■ **तेजेन्द्रबहादुर खड्का**
पूर्व अध्यक्ष
चितवन जिल्ला बचत तथा ऋण सहकारी संघ लि.

सन् १८४४ मा बेलायतबाट रच्डेली मजदुरहरुले शुरु गरेको सहकारी आन्दोलनको ११२ बर्ष पछि नेपालमा सहकारीको प्रारम्भ भयो। बि.सं. २०१३ सालको चैत्र २० गते पहिलो सहकारीको रुपमा चितवन जिल्लाको शारदानगरमा **बखान सहकारी संस्था** दर्ता भए पछि नेपालमा सहकारी अभियानले औपचारिकता प्राप्त गर्‍यो। यतिबेला नेपालको सहकारी अभियान भर्खर ६२ बर्षमा पुगेको छ। हाल नेपालमा ३४ हजार भन्दा बढी सहकारी संघ संस्थाहरु गठन भएका छन र ६० लाख भन्दा बढी जनताहरु सहकारीमा आवद्ध भएका छन्। ६० हजार भन्दा बढी व्यक्तिहरुलाई प्रत्यक्षरुपमा रोजगार प्रदान गरेको छ। यी मध्ये बचत तथा ऋण सहकारी संस्थाको संख्या सबै भन्दा बढी छ। बचत तथा ऋण बाहेक अन्य प्रकृतिका कतिपय सहकारी संस्थाहरुले समेत बचत तथा ऋणको कारोवार गर्दै आएका छन्। अन्य कारोवारमा भन्दा बचत तथा ऋणको कारोबारमा बढी जोखिम रहेको छ। सरकार र सहकारी अभियानको तर्फबाट जोखिम न्यूनिकरण गर्न प्रयत्नहरु भएका छन्। बचत तथा ऋण सहकारी संस्थाका केही चुनौती र जोखिमहरु रहेका छन् भने सहकारी अभियानकोतर्फबाट ती जोखिमहरुलाई न्यूनिकरण गर्न केही प्रयासहरु पनि भएका छन् जुन यसप्रकार छन्।

**क) सहकारीका चुनौती तथा जोखिमहरू :**

(१) **दोहोरो सदस्यताः** सहकारी संस्थामा दोहोरो सदस्यताको चुनौती छ। एउटै व्यक्ति उस्तै प्रकृतिको अन्य सहकारी संस्थाहरुमा पनि सदस्यता बनाउने र बन्ने प्रवृत्ती रहेको छ। अझ विशेष गरी बचत तथा ऋणका सहकारी संस्थाहरुमा यस्तो प्रवृत्ती बढी छ। सहकारी ऐन २०७४ ले एक व्यक्ति एउटै प्रकृतिका दुई वा दुइ भन्दा बढी संस्थामा सदस्य लिन नपाउने र लिएको भए ३ बर्ष भित्र कुनै एउटा संस्थामात्र रोज्नु पर्ने कानूनी व्यवस्था रहेको छ तर अझै पनि कतिपय सहकारी संस्थाहरुले नयाँ सदस्यता बनाउँदा कानुनको प्रावधानलाई पालना गरेको देखिदैन। राज्यले कानुन पालना गराउने क्रममा दोहोरो सदस्यता लिनेहरुले अन्ततः एक संस्था रोजेर अन्य संस्थाको सदस्यता त्याग गर्नु पर्ने हुन्छ। त्यतिबेला सदस्यहरुले जुन संस्था त्याग गर्छन् संस्थाले उनीहरुको शेयर, बचत लगायतका सबै रकम फिर्ता गर्नु पर्दछ जसले गर्दा ती संस्थाहरुमा आर्थिक संकट आउन जान्छ तसर्थ आजको सहकारीमा दोहोरो सदस्यता ठूलो समस्याको रुपमा रहेको छ। कतिपय दोहोरो सदस्यता लिनेहरु एउटा संस्थाबाट ऋण लिने र अर्को संस्थामा तिर्ने गरेको पनि पाइन्छ। संस्थाले ऋण लगाानी गर्नु भन्दा अघि अन्य संस्थाबाट लिएको छ की छैन र ऋण लिएको रहेछ भने उक्त ऋणको किस्ता, व्याज समयमा तिर्ने गरेको छ छैन हेरिदैंन। यसले गर्दा एउटा संस्थामा कालो सूचीमा पर्न सक्ने व्यक्ति अर्को संस्थाबाट पनि ऋण लिन पुगेको हुन्छ। यस्तो ऋण लगानी उच्च जोखिमयुक्त हुन्छ।

(२) **बचत रकमको सुरक्षाः** सहकारी संस्थामा सदस्यहरुले गरेको बचत रकमको सुरक्षणको जिम्मा संस्थाका संचालक र व्यवस्थापक हो। कतिपय संस्थाहरुले बिना व्यवसायिक योजना बचत संकलन गर्ने र ऋण लगानी गर्दै आएको पाइन्छ। सदस्यको घरघरमा र पसल पसलमा बजार प्रतिनिधि वा बचत संकलकहरु पठाएर लाखौं करोडौं बचत उठाइने गरिन्छ। यसरी रकम संकलन गर्दा अनेकौं जोखिम उत्पन्न हुन्छन। बचत रकम नगदमा उठाइने हुँदा मार्गमा लुटपाट तथा चोरी हुने सम्भावना र हराउने खतरा संधैं रही रहन्छ। रकम संस्थामा जम्मा भए पनि चोरी हुने खतरा हुन्छ। संकलित बचतलाई व्यवसायिक ढंगले लगानी गर्नु पर्ने हुन्छ। लगानी गरिएको व्यावासाय वा ऋण लगानीबाट समयमा प्रतिफल प्राप्त हुन सकेन भने त्यस्तो बचत रकममा व्याज दिन मात्र होइन बचत रकम नै फिर्ता गर्न सकिदैंन। यस्ता जोखिम न्यूनिकरण गर्न नगद रकमको मार्गस्थ वीमा, काउण्टर वीमा, भल्ट वीमा, ऋण लगानीको बीमा गर्न जरुरी हुन्छ साथै सुरक्षा गार्ड, सिसि क्यामरा राख्ने जस्ता सुरक्षाको उपाय अपनाउन जरुरी छ।

(३) **जोखिममा ऋण लगानी :** सहकारी संस्थाहरुले आफ्ना सदस्यहरुलाई गरिने ऋण लगानी उच्च जोखिममा रहेको हुन्छ। कतिपय सहकारी संस्थाबाट ऋण गर्दा व्यवासाय ठीक छ की छैन ? हेरिदैंन। लिएको ऋण कुन प्रयोजनमा प्रयोग भई रहेको छ संस्थालाई

जानकारी नै हुँदैन। ऋण माग गर्ने सदस्यको आर्थिक अवस्था कस्तो छ ? ऋणी सदस्यले समयमा किस्ता व्याज तिर्न सक्ने क्षमता राख्छ राख्दैन ? जानकारी नै लिइदैन। कतिपय संस्थाहरुमा ऋण लगानी गरिदाँ कुनै जायजेथा वा अन्य कुनै जमानी राखिएको पनि हुँदैन। यस्तो ऋण लगानी उच्च जोखिममा पर्दछन्। त्यसैले सहकारी संस्थाहरुले ऋण लगानी गर्दा सदस्यको आर्थिक अवस्था, व्यावसायको अवस्था, धितो जमानत, ऋण तिर्न सक्ने क्षमता, सामाजिक प्रतिष्ठा, आदि अध्ययन गरेरमात्र ऋण लगानी गर्न उपयुक्त हुन्छ।

(४) **नयाँ प्रविधिको विकासः** नयाँ प्रविधिको कारण पनि आजको सहकारी अभियानमा चुनौतिहरु थपिएका छन्। कम्प्युटर स  टवेयरबाट गरिने लेखा प्रणाली छिटो छरितो र भरपर्दो पनि हुन्छ। अझै पनि कतिपय सहकारी संस्थाहरुले यो प्रणालीको प्रयोग गरेका छैनन्। साथै अहिलेको युग भनेको डिजिटल प्रविधिको युग हो। यस युगमा मोवाइल बैङ्किङ, स्मार्ट कार्ड, ATM कार्ड जस्ता प्रविधिको प्रयोगले सहकारी संस्थाको सेवामा चुनौती  थपिएको छ। अहिलेको नयाँ पुस्ताले यी सुविधाहरु खोज्ने गर्दछन्। सहकारी संस्थाहरुले पनि यी सुविधाहरु प्रदान गर्न सक्नु पर्दछ। अन्यथा भोलि सुविधा नपाउँदा सदस्यहरुले संस्था छोड्न सक्छन् र जसले गर्दा संस्थामा समस्या आउन सक्छ।

(५) **सहकारी चेतनाको अभावः** सर्व साधारण जनताहरुमा सहकारी के हो, सहकारीमा किन सदस्य बन्ने ? सदस्य बन्दा मैले के पाउँछु ? मेरो अधिकार र कर्तव्य के हो ? आदि बारेमा कुनै जानकारी हुँदैन। सदस्य बनाउँदा संस्थाले उक्त जानकारी गराएको हुँदैन। कतिपय सदस्यले संस्थाको कार्यालय कहाँ छ ? संचालकहरु को को छन् ? व्यवस्थापक तथा कर्मचारीहरु को छन् ? भन्नेसम्म पनि थाहा नपाइ सदस्यता बनेका पाइन्छ र एउटा सामान्य कर्मचारीको विश्वासमा लाखौं रकम जम्मा गर्ने गर्दछन्। उनीहरुलाई आफू संस्थाको मालिक हुँ भन्ने थाहा हुँदैन र संचालकहरु नै मालिक हुन भन्ने भ्रममा रहेको हुन्छन्। जसले गर्दा संस्थाकोबारेमा उनीहरुमा जानकारी हुँदैन। संस्थाको साधारण सभा लगायतका अन्य गतिविधिमा सक्रिय सहभागि हुने गर्दैनन्। त्यस्ता सदस्यहरु भएको संस्थामा अत्यधिक जोखिम देखिएको छ।

(६) **चुस्त व्यवस्थापनको अभावः** सहकारी संस्थाको सफलताको लागि व्यवस्थापन सहि, चुस्त दुरुस्त, पारदर्शी र क्रियाशिल हुन जरुरी छ। कतिपय संस्थाहरुमा संचालक समितिको बैठक नबस्ने ? अध्यक्ष वा व्यवस्थापकको तजविजमा निर्णयहरु लिने ? बैठक बसे पनि विधिसम्मत निर्णयहरु नहुने, बिना तयारी निर्णयहरु गर्ने, व्यावसायिक योजना निमार्ण नगर्ने र गरेको भए पनि योजना अनुरुप कार्यान्वयन नगर्ने प्रवृत्ति देखिन्छ। यस्तो प्रवृत्ती हटाउन जरुरी छ।

(७) **नीति, नियमको अभावः** सहकारी संस्था संचालन सम्वन्धी राज्यले सहकारी ऐन निर्माण गरेकोछ। राष्ट्रिय सहकारी नीति छ, सहकारी विभागले जारी गरेको मापदण्ड पनि छ। सोही कानुनबमोजिम  सहकारी संस्थाको विनियम स्वीकृत र दर्ता हुने गरेको छ। कतिपय संस्थाहरु त्यही एकथान विनियमको भरमामात्र संचालित छन्। संस्थको बचत परिचालन नीति, ऋण लगानी तथा असुली नीति, कर्मचारी व्यवस्थापन नीति, आर्थिक प्रशासन नियम जस्ता कतिपय नीति नियमहरु बनाईएका छैनन र  साधारण सभा संचालन, बैठक संचालन जस्ता कार्यविधिहरु छैनन्। जस्ले गर्दा सहकारी संस्था कुनै संचालक वा व्यवस्थापकको व्यक्तिगत तजविजीको भरमा संचालन भएको पाइन्छ। त्यसैले संस्थाहरुले आफ्नो आन्तरिक स्वनियमहरु निमार्ण गर्न र सोही आधारमा संस्था संचालन गर्न जरुरी हुन्छ।

(८) **पूर्वाधारको अभावः** कतिपय सहकारी संस्थामा भौतिक पूर्वाधारको अभाव छ। व्यवस्थित कार्यालय भवन छैन। कार्यालय नियमित खालिदैंन। भएका कार्यालय पनि सदस्य मैत्री छैनन्। सुरक्षा प्रणाली भरपर्दा छैनन्। यस्ता कार्यालयहरुले सदस्यहरुलाई उचीत सेवा प्रदान गर्न सक्दैन। सदस्य मैत्री कार्यालयको व्यवस्था गर्न आवश्यक छ।

(९) **प्रयाप्त र दक्ष कर्मचारीको अभावः** सहकारी संस्थाहरुमा प्रयाप्त र दक्ष कर्मचारीहरुको अभाव छ। भएका कर्मचारीहरुलाई पनि उचति सुविधाहरु प्रदान गर्न सकिएको छैन। कतिपय संस्थाहरुमा व्यवस्थापकले नै सबै काम गर्नु पर्ने हुन्छ। कतिपय सहकारी संस्थाहरु कर्मचारीको तालिम केन्द्र जस्तो भएका पनि छन्। सहकारीमा काम सिक्ने र अन्यत्र गएर सेवा गर्ने प्रवृत्ती रहेको छ।

(१०) **राज्यको प्राथमिकतामा कमी** : संविधानले नै सहकारीलाई अर्थव्यवस्थाको एक महत्वपूर्ण खम्बाकोरुपमा लिएको छ। तर

सरकारमा रहेका उच्च पदस्थ कर्मचारीहरुको ध्यान सहकारीको व्यवस्थापनमा गएको देखिदैन्। नीति निमार्ण र कार्यान्वयनको तहमा बस्नेहरुले नै सहकारीलाई राम्ररी बुझेको पाइदैन। त्यसैले राज्यले नीति निमार्ण गर्दा सहकारीलाई महत्व दिएको पाइदैन। संघीय संसदबाट पारित सहकारी ऐन अझै पूर्णरुपमा सहकारी मैत्री देखिदैंन। अन्य ऐन कानुनहरु सहकारी ऐनसँग बाझिएका छन् र सहकारी ऐन नै कार्यान्वयन नहुने अवस्था छ। सहकारी ऐनमा व्यवस्था भएबमोजिमको आयकर लागु हुनु सकेको छैन। सहकारी ऐनले स्थानीय कर नलाग्ने व्यवस्था गरेको छ तर अन्य ऐनमा छुटको व्यवस्था नगरिँदा सहकारीहरुले ती कर तिर्न वाध्य भएका छन्। संविधानले सहकारी सम्वन्धी अधिकार स्थानीय, प्रदेश र संघ गरी तिनै तहमा विभाजन गरेको छ तर कतिपय स्थानीय तह र प्रदेश संसदले बनाउनु पर्ने सहकारी ऐन, नियम र नीतिहरु बन्न सकेको छैन। प्रदेश र स्थानीय तहमा सहकारीको प्रवर्द्धन, व्यवस्थापनको लागि आवश्यक कर्मचारी र शाखाको अभाव छ। संघीय सरकारकोतर्फबाट निमार्ण गर्नु पर्ने निमयावली अझै बन्न सकेको छैन। त्यसैले सहकारीलाई राज्यले प्राथमिकतामा नराखेको बुझिन्छ।

(११) **सहकारी मूल्य, मान्यता र सिद्धान्तको प्रयोगको अभावः** कतिपय सहकारी संस्थाहरु अन्तराष्ट्रिय सहकारी महासंघद्वारा पारित अन्तराष्ट्रिय सहकारी मूल्य, मान्यता र सिद्धान्तअनुरुप चलेको पाइदैन। राज्यकोतर्फबाट ती मूल्य, मान्यता र सिद्धान्तको कार्यान्वयनमा उदाशिनता देखाईएको छ भने सहकारी अभियानकोतर्फबाट पनि ती मूल्य, मान्यता र सिद्धान्तको प्रयोगमा प्रयाप्त ध्यान नपुगेको देखिन्छ। तसर्थ कतिपय सहकारी संस्थाहरु नाफाखोरी बन्ने, बिचौलियाको जस्तो बनेका छन्।

**(ख) जोखिम न्यूनिकरणका उपायहरु :**

अबको सहकारी नीति, विधि र प्रविधिमा चल्न सक्नु पर्दछ। सहकारीका मूल्य, मान्यता र सिद्धान्तलाई अक्षरस कार्यान्वयनमा ल्याउनु पर्दछ। वि.सं. २०४८ पछिका केही बर्ष सहकारी जागरणको काल थियो। उक्त समयमा गाउँगाउँमा सहकारी घरघरमा रोजगारी जस्ता नाराहरु राज्यले अघि सारेको थियो। सहकारी अभियानले सशक्तिकरण, व्यावसायिकिकरण र संजालिकृत सहकारीको अवधारण अघि सारेको थियो। यतिबेला गुणस्तरिय सहकारीको अवधारण समेत अघि सारिएको छ। अभियानले गुणस्तर सुनिश्चितताको लागि सहकारी संस्थाहरुलाई पूर्ण तथा व्यावसायिक साकोस विकास कार्यक्रम, एशियाली स्तरको एक्सेस ब्राण्ड कार्यक्रम जस्ता ब्राण्डिङ कार्यक्रममार्फत गुणस्तर कायम गर्ने, वित्तिय जोखिमको मूल्याङ्कन गर्न पर्ल्स मूल्याङ्कन प्रणालीलाई स्थापित गराउन खोजिएको छ। जोखिममा आधारित सुपरिवेक्षण कार्यक्रममार्फत जोखिम न्यूनिकरण गर्ने प्रयत्न गरिएको छ। ऋण लगानीको जोखिम कम गर्न ऐनले नै जोखिम कोष, सहकारी प्रवर्द्धन कोष र स्थिरिकरण कोष जस्ता कोषहरुको व्यवस्था गरेको छ। संस्थागत विकास, व्यावसायिक रणनीतिक निर्माण जस्ता तालिमहरुमार्फत सहकारीको प्रवर्द्धन, विकास र सुदृढीकरण गर्ने प्रयास हुँदै आएको छ। सहकारी बीच एकीकरण गर्ने र साकोस एकरुपता प्रणाली जस्ता कार्यक्रमहरु अघि सारिएको छ।

सहकारीको सुशासन, पारिदर्शिता, व्यावसायिकता र गुणस्तरको माध्यमबाटमात्र राज्यले परिकल्पना गरेको "सुखि नेपाली र समृद्ध नेपाल" निमार्ण गर्ने महान लक्ष्य र संयुक्त राष्ट्रसंघले सन् २०१६ देखि २०३० सम्ममा हासिल गर्ने गरी अघि सारेको दीगो बिकासका १७ वटा लक्ष्यहरुलाई समेत प्राप्त गर्न नेपालको सहकारी अभियानको महत्वपूर्ण भूमिका रहने विश्वास गर्न सकिन्छ। धन्यवाद !

## भरतपुर महानगरपालिका, नगर कार्यपालिकाको कार्यालय, सहकारी तथा रोजगार प्रवर्द्धन शाखाको बचत तथा ऋणको मुख्य कारोवार गरिरहेका गैर वित्तीय सहकारी संस्थाहरु र सम्बन्धित सरोकारवालाहरूलाई अत्यन्त जरुरी सूचना

प्रथम पटक प्रकाशित मिति: २०७६/०७/०४

कुनै सहकारी संस्थाले संघिय सहकारी ऐनको दफा २ को खण्ड (ज) मा दिइएको मुख्य कारोबारको परिभाषाअनुसार आर्थिक वर्ष २०७४/७५ को लेखापरीक्षण प्रतिवेदनका आधारमा उक्त आर्थिक वर्षसम्ममा परिचालित बचतको दायित्वको रकम र उक्त आर्थिक वर्षको सदस्यतर्फको खरिद वा विक्री कारोबारको रकम जोडी हुने जम्मा रकममा बचत दायित्वको रकम तीस प्रतिशतभन्दा बढी रहेको गैर वित्तीय सहकारी संस्थाहरु भरतपुर महानगरपालिका सहकारी ऐन, २०७५, सहकारी संस्था दर्ता निर्देशिका, २०७५ र भरतपुर महानगरपालिकाको सहकारी संस्था सञ्चालन, अनुगमन तथा नियमन सम्बन्धी मापदण्ड, २०७५ ले गरेको व्यवस्था बमोजिम् वित्तीय सहकारी संस्थामा रुपान्तरण हुन् चाहेमा यो सूचना पहिलोपटक प्रकाशन भएको मितिले दुई महिना भित्र रुपान्तरणको लागि निवेदन पेशगर्न र रूपान्तरण हुन नचाहने बचत तथा ऋणको मुख्य कारोबार गर्दै आएको गैर वित्तीय सहकारी संस्थाहरुले २०७७ साल असोज मसान्तसम्ममा बचत दायित्वको रकम आर्थिक वर्ष २०७६/७७ को सदस्यतर्फको खरिद वा विक्री कारोबारसमेत गर्दा हुने रकमको तीस प्रतिशत कायम गराउन यथाशीघ्र कार्ययोजना बनाएर कार्यान्वयन गर्ने व्यवस्था मिलाउन बचत तथा ऋणको मुख्य कारोवार गरिरहेका गैर वित्तीय सहकारी संस्थाहरु र सम्बन्धित सरोकारवालाहरूको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

### सहकारी मार्फत सञ्चालन गर्न सकिने उद्योग व्यवसायहरू:

१) कृषि उत्पादन, भण्डारण, प्रशोधन, वितरण, बजारिकरण तथा कृषि सामाग्रीको आपूर्ति।

२) व्यवसायिक पशुपालन तथा पशुजन्य उद्योग व्यवसायहरु।

३) वनजन्य उत्पादन तथा प्रशोधन उद्योगहरु र वातावरण संरक्षणसम्बन्धी उद्योगहरु।

४) विद्यालयको स्थापना तथा व्यवस्थापन, व्यावसायिक तथा सीपमूलक प्रशिक्षण केन्द्र स्थापना र व्यवस्थापन र परामर्श सेवा।

५) अस्पताल, सामुदायिक स्वास्थ्य सेवा, औषधि तथा स्वास्थ्य उपकरण उत्पादन तथा विक्री र स्वास्थ्यसँग सम्बन्धित अन्य उद्योग व्यवसायहरु।

६) पर्यटन उद्योग व्यवसायहरु।

७) सञ्चार तथा प्रविधिको विकास, विस्तार तथा प्रसारण।

८) बचत तथा ऋण एवं बैंक तथा वित्तीय सेवा।

९) यातायात तथा ढुवानी सेवा।

१०) जग्गा तथा आवास विकास।

११) श्रमिक स्वामित्वका उद्योग व्यवसायहरु।

१२) उपभोक्ता सहकारी।

१३) उर्जा उत्पादन, प्रशारण र वितरण।

१४) विमा व्यवसाय।

१५) खुद्रा तथा थोक पसलहरु।

१६) जडीबुटी खेती, प्रशोधन र बजारिकरण।

१७) शिपमूलक घरेलु तथा साना उद्योगहरु।

१८) सम्भाव्यताका आधारमा अन्य उद्योग व्यवसायहरु

# भरतपुर महानगरपालिका सहकारी ऐन, २०७५

नगर सभाबाट स्वीकृत मितिः २०७५/०३/१२

स्थानीय राजपत्रमा प्रकाशन मितिः २०७५/०५/०४

**२०७५ सालको ऐन नं. ४**

**प्रस्तावना:** सहकारी मूल्य, मान्यता र सिद्धान्त अनुरूप स्थानीय स्तरमा छरिएर रहेको पूँजी, प्रविधि तथा प्रतिभालाई स्वावलम्बन र पारस्परिकताका आधारमा एकीकृत गर्दै सदस्यहरूको आर्थिक, सामाजिक तथा साँस्कृतिक उन्नयन गर्न, समुदायमा आधारित, सदस्य केन्द्रित, लोकतान्त्रिक, स्वायत्त र सुशासित संगठनको रूपमा सहकारी संस्थाहरूको प्रवर्द्धन गर्दै, सहकारी खेती, उद्योग र वस्तु तथा सेवा व्यवसायका माध्यमबाट सामाजिक न्यायका आधारमा आत्मनिर्भर, तीव्र एवं दिगो रुपमा स्थानीय अर्थतन्त्रलाई सुदृढ बनाउन सहकारी संघ संस्थाहरुको दर्ता, सञ्चालन एवम् नियमन सम्बन्धी व्यवस्था गर्न वाञ्छनीय भएकोले, स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ (१) बमोजिम भरतपुर महानगरपालिकाको नगरसभाले "भरतपुर महानगरपालिकाको सहकारी ऐन, २०७४" लाई परिमार्जन गरी यो ऐन बनाएको छ।

## परिच्छेद –१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :**

(१) यस ऐनको नाम "भरतपुर महानगरपालिकाको सहकारी ऐन, २०७५" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "आन्तरिक कार्यविधि" भन्नाले सहकारी संस्थाले दफा १८ बमोजिम बनाएको आन्तरिक कार्यविधि सम्झनुपर्छ।

(ख) "कसूर" भन्नाले दफा ७९ बमोजिमको कसूर सम्झनुपर्छ।

(ग) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्छ।

(घ) "परिवार" भन्नाले सदस्यको पति वा पत्नी, छोरा, बुहारी, छोरी, धर्मपुत्र, धर्मपुत्री, बाबु, आमा, सौतेनी आमा, सासु, ससुरा र आफूले पालन पोषण गर्नु पर्ने दाजु, भाउजु, भाइ, बुहारी र दिदी, बहिनी सम्झनुपर्छ।
तर सो शब्दले अंशबण्डा गरी वा मानो छुट्टिई आ-आफ्नो पेशा व्यवसाय गरी बसेको परिवारको सदस्यलाई जनाउने छैन।

(ङ) "बचत" भन्नाले सदस्यले सहकारी संस्थामा जम्मा गरेको रकम सम्झनुपर्छ। तर खुद बचत भन्नाले संस्थाको आम्दानीबाट खर्च कटाई हुन आएको बचतलाई सम्झनुपर्दछ।

(च) "मन्त्रालय" भन्नाले सहकारी सम्बन्धी विषय हेर्ने संघीय मन्त्रालय सम्झनुपर्छ।

(छ) "मुख्य कारोबार" भन्नाले संस्थाले संचालन गरेको व्यवसायिक क्रियाकलापहरुमा पछिल्लो आर्थिक वर्ष सम्ममा परिचालित बचतको दायित्व र पछिल्लो आर्थिक वर्षको सदस्यतर्फको खरिद वा बिक्री कारोवारमा कम्तीमा तीस प्रतिशत भन्दा बढी हिस्सा भएको कारोवार सम्झनुपर्छ।

(ज) "रजिष्ट्रार" भन्नाले संघको रजिष्ट्रार सम्झनु पर्छ।

(झ) "लेखा सुपरीवेक्षण समिति" भन्नाले दफा ३७ बमोजिमको लेखा सुपरीवेक्षण समिति सम्झनुपर्छ।

(ञ) "विनियम" भन्नाले दफा १७ बमोजिम सम्बन्धित सहकारी संस्थाको विनियम सम्झनुपर्छ।

(ट) "विभाग" भन्नाले संघको सहकारी विभाग सम्झनुपर्छ र सो शब्दले मन्त्रालयले सहकारी नियमन गर्न तोकेको महाशाखा समेतलाई जनाउँछ।

(ठ) "शेयर" भन्नाले सहकारी संस्थाको शेयर पूंजीको अंश सम्झनुपर्छ।

(ड) "सञ्चालक" भन्नाले समितिको सदस्य सम्झनुपर्छ र सो शब्दले समितिको अध्यक्ष, उपाध्यक्ष, सचिव र कोषाध्यक्ष समेतलाई जनाउँछ।

(ड) “सदस्य” भन्नाले सहकारी सस्थाको सदस्यता प्राप्त गरेका व्यक्ति सम्झनुपर्छ ।

(ढ) “समिति” भन्नाले दफा ३० को उपदफा (१) बमोजिमको सञ्चालक समिति सम्झनुपर्छ ।

(ण) “सहकारी मूल्य” भन्नाले स्वावलम्वन, स्व–उत्तरदायित्व, लोकतन्त्र, समानता, समता, ऐक्यवद्धता, इमान्दारिता, खुलापन, सामाजिक उत्तरदायित्व तथा अरुको हेरचाह लगायत अन्तर्राष्ट्रिय मान्यता प्राप्त सहकारी सम्बन्धी मूल्य सम्झनुपर्छ ।

(त) “संस्थाको व्यवसाय” भन्नाले विनियममा व्यवस्था भए बमोजिम सञ्चालित व्यवसायिक क्रियाकलाप सम्झनुपर्छ ।

(थ) “सहकारी सिद्धान्त” भन्नाले स्वैच्छिक तथा खुला सदस्यता, सदस्यद्वारा लोकतान्त्रिक नियन्त्रण, सदस्यको आर्थिक सहभागिता, स्वायत्तता र स्वतन्त्रता, शिक्षा, तालिम र सूचना, सहकारी-सहकारी बीच पारस्परिक सहयोग र समुदाय प्रतिको चासो लगायत अन्तर्राष्ट्रिय मान्यता प्राप्त सहकारी सम्बन्धी सिद्धान्त सम्झनुपर्छ ।

(द) "संस्था" भन्नाले दफा ३ बमोजिम गठन भई दफा ६ बमोजिम दर्ता भएको विषयगत वा बहुउद्देश्यीय सहकारी संस्था सम्झनु पर्छ ।

(ध) “साधारण सभा” भन्नाले सहकारी संस्थाको साधारण सभा सम्झनुपर्छ ।

(न) “प्राथमिक पूँजी कोष” भन्नाले शेयर पूँजी र जगेडा कोष सम्झनुपर्छ ।

(प) "दर्ता गर्ने अधिकारी" भन्नाले दफा ६९ बमोजिमको दर्ता गर्ने अधिकारी सम्झनुपर्दछ ।

(फ) "मूल ऐन" भन्नाले नेपालको संघीय सहकारी ऐन, २०७४ सम्झनुपर्दछ ।

(ब) "संघहरु" भन्नाले मूल ऐन बमोजिम गठित संघहरुलाई सम्झनुपर्दछ ।

(भ) "ब्यवस्थापक वा प्रमुख कार्यकारी अधिकृत" भन्नाले संघ/संस्थाको व्यवस्थापकिय जिम्मेवारी प्राप्त कर्मचारी सम्झनुपर्दछ ।

(म) "सहकारी प्रबर्द्धन समिति" भन्नाले महानगरले सहकारी विकास र प्रबर्द्धनका लागि गठन गरेको समिति सम्झनुपर्दछ।

## परिच्छेद–२
## सहकारी संस्थाको गठन तथा दर्ता

३. **संस्थाको गठन :**(१) कम्तीमा तीस जना नेपाली नागरिकहरु आपसमा मिली विषयगत वा बहुउद्देश्यीय सहकारी संस्था गठन गर्न सक्नेछन् ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि तोकिए बमोजिम योग्यता पुगेका श्रमिक, युवा, कृषक लगायतले आफ्नो श्रम वा सीपमा आधारित भइ व्यवसाय गर्ने सहकारी संस्थाको हकमा पन्ध्र जना नेपाली नागरिकहरु भए पनि संस्था गठन गर्न सक्नेछन् । तर यसरी दर्ता भएको सस्थाले बचत तथा ऋणको कारोबार गर्न पाउने छैन ।

(३) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह वा त्यस्ता सरकार वा तहको अनुदान वा स्वामित्वमा संचालित विद्यालय, विश्वविद्यालय वा संगठित संस्थाबाट पारिश्रमिक पाउने पदमा वहाल रहेका कम्तीमा एकसय जना कर्मचारी, शिक्षक वा प्राध्यापकहरुले आपसमा मिली प्रचलित कानून बमोजिम दर्ता भएको आफ्नो पेशागत संगठनका आधारमा सदस्यता, प्रतिनिधित्व र सेवा संचालनमा तोकिए बमोजिमका शर्त बन्देजहरु पालना गर्ने गरी संस्था गठन गर्न सक्नेछन् ।

तर एकसय जनाभन्दा कम संख्या रहेको एउटै कार्यालयका कम्तीमा तीसजना कर्मचारी, शिक्षक वा प्राध्यापकहरुले आपसमा मिली सदस्यता, प्रतिनिधित्व र सेवा संचालनमा तोकिए बमोजिमका शर्त बन्देजहरु पालना गर्ने गरी संस्था गठन गर्न सक्नेछन् ।

(४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै समान प्रकृतिको व्यवसायिक संघमा आबद्द रहेका कम्तीमा एकसय जना व्यवसायीहरुले आपसमा मिली प्रचलित कानून बमोजिम दर्ता भएको आफ्नो व्यवसायिक संघका आधारमा सदस्यता, प्रतिनिधित्व र सेवा संचालनमा तोकिए बमोजिमका शर्त बन्देजहरु पालना गर्ने गरी संस्था गठन गर्न सक्नेछन् ।

(५) सहकारी संस्थाले सदस्य सेवा केन्द्र खोल्न चाहेमा तोकिए बमोजिम सेवा केन्द्र संचालन अनुमति दिन सकिनेछ । तर कुनै सहकारी संस्थाहरुबीच एकीकरण भएको अबस्थामा एकीकरण भएका संस्थाहरुको संख्या नबढने गरी माग अनुसार सेवा केन्द्र स्वीकृति दिनुपर्नेछ ।

(६) यस दफा बमोजिम संस्था गठन गर्दा एक परिवार एक सदस्यका दरले उपदफा (१) वा (२) मा उल्लिखित संख्या पुगेको हुनु पर्नेछ । तर संस्था दर्ता भइसकेपछि एकै परिवारका एकभन्दा बढी व्यक्तिले सो संस्थाको सदस्यता लिन बाधा पर्ने छैन ।

(७) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि बचत तथा ऋणको कारोवार गर्ने संस्था गठन गर्दा कम्तीमा एकसय जना नेपाली नागरिकहरुको सहभागिता हुनु पर्नेछ ।

४. **दर्ता नगरी सहकारी संस्था संचालन गर्न नहुने:** कसैले पनि यस ऐन बमोजिम दर्ता नगरी सहकारी स्थापना तथा सञ्चालन गर्न पाइने छैन ।

५. **दर्ताको लागि दरखास्त दिनु पर्ने :**

(१) यस ऐन बमोजिम गठन भएका सहकारी संस्थाले दर्ताका लागि दर्ता गर्ने अधिकारी समक्ष अनुसूची -१ को ढाँचामा दरखास्त दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमका दरखास्त साथ देहाय बमोजिमका कागजातहरू संलग्न गर्नु पर्नेछ :–

(क) सहकारी संस्थाको प्रस्तावित विनियम,

(ख) सहकारी संस्था सञ्चालनको सम्भाव्यता अध्ययन प्रतिवेदन,

(ग) सदस्यले लिन स्वीकार गरेको शेयर संख्या र शेयर रकमको विवरण ।

(घ) तोकिए वमोजिम सहकारी संस्था गठन आवश्यकताको अध्ययन प्रतिवेदन ।

६. **दर्ता गर्नु पर्ने :**

(१) दफा ५ को उपदफा (१) बमोजिम प्राप्त दरखास्त सहितको कागजातहरु छानविन गर्दा देहाय बमोजिम भएको पाइएमा दर्ता गर्ने अधिकारीले दरखास्त परेको मितिले तीस दिनभित्र त्यस्तो सहकारी संस्था दर्ता गरी अनुसूची - २ को ढाँचामा दर्ता प्रमाणपत्र दिनु पर्नेछ ।

(क) दरखास्त साथ पेश भएको विनियम यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम रहेको,

(ख) प्रस्तावित सहकारी संस्था सहकारी मूल्य, मान्यता र सिद्धान्त अनुरुप सञ्चालन हुन सक्ने आधार रहेको,

(ग) सहकारी संस्था समुदायमा आधारित एवम् सदस्य केन्द्रित भई संचालन र नियन्त्रण हुनसक्ने आधार रहेको,

(घ) तोकिए बमोजिमको सहकारी संस्था गठन आवश्यकताको अध्ययन प्रतिवेदन ।

(२) उपदफा (१) बमोजिम छानविन गर्दा प्रस्तावित सहकारी संस्थाको विनियमको कुनै कुरामा संशोधन गर्नुपर्ने देखिएमा दर्ता गर्ने अधिकारीले त्यस्तो संशोधन गर्नुपर्ने व्यहोरा खुलाई दरखास्त प्राप्त भएको मितिले पन्ध्र दिनभित्र निवेदकलाई सूचना गर्नु पर्नेछ ।

(३) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि यो ऐन प्रारम्भ हुँदाका बखत दर्ता भई सञ्चालनमा रहेका महानगरपालिकाभित्र कार्यक्षेत्र कायम गरिएका सहकारी संस्था यसै ऐन बमोजिम दर्ता भएको मानिनेछ ।

(४) यस दफा बमोजिम सहकारी संस्था दर्ता गर्दा दर्ता गर्ने अधिकारीले त्यस्तो सहकारी संस्थाले पालना गर्नु पर्ने गरी कुनै शर्त तोक्न सक्नेछ ।

(५) उपदफा (४) बमोजिम शर्त तोकिएकोमा सोको पालना गर्नु सम्बन्धित सहकारी संस्थाको कर्तव्य हुनेछ।

(६) मूल ऐनमा व्यवस्था भएकोमा सोही बमोजिम एबं अन्य संस्था दर्ता र अद्यावधिक सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

७. **दर्ता गर्न अस्वीकार गर्न सक्ने :**

(१) दफा ६ को उपदफा (१) मा उल्लिखित अवस्था नभएमा, सोही दफा बमोजिम विनियम संशोधनको लागि सूचना दिएको अबधि भित्र निवेदकले संशोधन गर्न अस्वीकार गरेमा त्यस्तो सूचना पाएको मितिले तीस दिन भित्र बिनियम संशोधन नगरेमा वा सूचनामा उल्लेख भए

बमोजिम हुनेगरी बिनियम संशोधन नगरेमा दर्ता गर्ने अधिकारीले त्यस्तो सहकारी संस्था दर्ता गर्न अस्वीकार गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम सहकारी संस्था दर्ता गर्न अस्वीकार गरेकोमा दर्ता गर्ने अधिकारीले कारण खुलाई तीन दिनभित्र सोको जानकारी सम्बन्धित निवेदकलाई दिनु पर्नेछ।

**८. सहकारी संस्था संगठित संस्था हुने:**

(१) सहकारी संस्था अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित र सङ्गठित संस्था हुनेछ।

(२) सहकारी संस्थाको काम कारबाहीको लागि एउटा छुट्टै छाप हुनेछ।

(३) सहकारी संस्थाले यस ऐनको अधीनमा रही व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त, उपभोग, विक्री वा अन्य व्यवस्था गर्न सक्नेछ।

(४) सहकारी संस्थाले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजूर गर्न र सो उपर पनि सोही नामबाट नालिस उजूर लाग्न सक्नेछ।

(५) सहकारी संस्थाले व्यक्ति सरह करार गर्न सक्नेछ।

**९. सहकारी संस्थाको कार्यक्षेत्र :**

(१) दर्ता हुँदाका बखत सहकारी संस्थाको कार्यक्षेत्र देहाय बमोजिम हुनेछः

(क) बचत तथा ऋणको मुख्य कारोवार गर्ने संस्थाको हकमा एक वडा,

(ख) अन्य संस्थाको हकमा एक वडा वा देहायका आधारमा तीन वडासम्म :

(१) सदस्यहरुबीच स्वाबलम्बनको पारस्पारिक अभ्यासको लागि आपसी साझा वन्धन (कमन बण्ड),

(२) व्यवसायिक स्तरमा सेवा संचालन गर्न आवश्यक सदस्य संख्या,

(३) संस्था संचालनमा सदस्यको सहभागितामूलक लोकतान्त्रिक नियन्त्रण कायम हुने गरी पायक पर्ने स्थान।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि संस्थाले दर्ता भई व्यवसायिक सेवा प्रारम्भ गरेको एक वर्ष पछि देहायको आधारमा साविकको कार्यक्षेत्रसँग जोडिएको भौगोलिक क्षेत्र कायम रहने गरी आफ्नो कार्यक्षेत्र विस्तार गर्न सक्नेछ।

(क) संस्थाको व्यवसायिक क्रियाकलापको विकास क्रममा सदस्यता बढाउन थप कार्य क्षेत्र आवश्यक परेको,

(ख) संस्थाको कार्य संचालनमा सदस्यको प्रत्यक्ष नियन्त्रण कायम राख्न रचनात्मक उपायहरु अवलम्बन गरिएको,

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि संस्थाको कार्यक्षेत्रका वडाहरूमा व्यवसायिक सेवा सञ्चालन नभएको वा जम्मा कारोबारको तोकिएको रकम वा अनुपात भन्दा कम रकम वा अनुपातको व्यावसायिक सेवा सञ्चालन भएको देखिएको खण्डमा दर्ता गर्ने अधिकारीले व्यवसायिक सेवा सञ्चालन भएका वडा मात्र कार्यक्षेत्र कायम गर्ने गरी विनियम संशोधन गर्न निर्देशन दिन सक्नेछ।

(४) उपदफा (३) बमोजिम दर्ता गर्ने अधिकारीले निर्देशन दिएकोमा सहकारी संस्थाले एक वर्ष भित्र विनियम संशोधन गरी आफ्नो कार्यक्षेत्र पुनःनिर्धारण गर्नुपर्नेछ।

(५) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सहकारी संस्थाले स्वेच्छिक रूपमा जुनसुकै समय कार्यक्षेत्र घटाउने गरी पुनःनिर्धारण गर्न विनियम संशोधन गर्न सक्नेछ।

(६) कार्यक्षेत्र पुनः निर्धारण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

**१०. जानकारी दिनुपर्ने:** एक स्थानीय तह भन्दा बढी कार्यक्षेत्र कायम राखी दर्ता भई महानगरमा सञ्चालनमा रहेका संघ/ संस्थाहरूले सञ्चालित सेवाको विवरण सहित महानगरका दर्ता गर्ने अधिकारीलाई जानकारी दिई तोकिए बमोजिमका विवरण बुझाउनु पर्नेछ।

**११. विषयगत आधारमा वर्गीकरण:**

(१) सहकारी संस्थाको वर्गीकरण देहाय बमोजिम हुनेछः

(क) **उत्पादक संस्थाः** कृषि, दुग्ध, चिया, कफि, उखु, फूल, फलफुल, केरा, तरकारी, जडिबुटी, मह, पशुपंक्षी र माछापालन विशेषका विषयगत र अगुवावाली एवम् उत्पादनको योजना समेतका आधारमा अन्य उत्पादनमूलक संस्था;

(ख) **उपभोक्ता संस्था:** उपभोक्ता भण्डार, वचत तथा ऋण, उर्जा, स्वास्थ्य, शिक्षा र सहकारी विद्यालय व्यवस्था विशेषका विषयगत र प्राथमिक आवश्यकता एवम् सेवाको योजना समेतका आधारमा अन्य उपभोगजन्य संस्था;

(ग) **श्रमिक संस्था:** हस्तकला, खाद्य परिकार, औद्योगिक उत्पादन, भोजनालय र श्रम करार विशेषका विषयगत र सीप वा श्रमको विशेषता एवम् स्वरोजगारीको योजना समेतका आधारमा अन्य श्रममा आधारित संस्था;

(घ) **बहुउद्देश्यीय संस्था:** उत्पादन, उपभोग र श्रम वा सीपमा आधारित स्वरोजगारीका सेवा समेत सञ्चालन गर्ने अन्य बहुमुखी संस्था।

(२) उपदफा (१) को खण्ड (क), (ख) र (ग) मा उल्लेखित विषयमा विशिष्टीकरण, आम प्रचलन र अभ्यासको विकासक्रम समेतको आधारमा तोकिए बमोजिमका विषयहरु थप गर्न सकिनेछ।

(३) उपदफा (१ ) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (१) बमोजिम अन्य संस्थाहरु गठन गर्न बाधा पर्नेछैन।

**१२. कारोवार, व्यवसाय, उद्योग वा परियोजना सञ्चालन गर्न सक्ने :**

(१) दफा ६ बमोजिम दर्ता प्रमाणपत्र प्राप्त गरेपछि संस्थाले आफ्नो उद्देश्य प्राप्तिका लागि यस ऐन र विनियमको अधीनमा रही आवश्यक कारोवार, व्यवसाय, उद्योग वा परियोजना सञ्चालन गर्न सक्नेछ।

(२) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएतापनि संस्थाले उपदफा (१) बमोजिम कारोवार, व्यवसाय, उद्योग वा परियोजना सञ्चालन गर्न छुट्टै संस्था दर्ता गर्नुपर्ने छैन।

तर त्यस्तो कारोवार, व्यवसाय, उद्योग वा परियोजना सञ्चालन गर्न प्रचलित कानून बमोजिम अनुमतिपत्र, स्वीकृति वा इजाजतपत्र लिनु पर्ने रहेछ भने सो बमोजिम अनुमति पत्र, स्वीकृति वा इजाजत पत्र लिएर मात्र कारोवार, व्यवसाय, उद्योग वा परियोजना सञ्चालन गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम संस्थाले प्रचलित कानून बमोजिम अधिकार पाएको निकाय वा अधिकारीबाट अनुमति पत्र, स्वीकृति वा इजाजत पत्र प्राप्त गरेमा पन्ध्र दिनभित्र सोको जानकारी दर्ता गर्ने अधिकारीलाई दिनु पर्नेछ।

(४) दुई वा दुईभन्दा बढी संस्थाले संयुक्त वा साझेदारीमा आफ्नो उत्पादन वा सेवाको बजारीकरणको लागि यस ऐनको अधीनमा रही आवश्यक कारोवार, व्यवसाय, उद्योग वा परियोजना सञ्चालन गर्न सक्नेछन्।

(५) उपदफा (५) बमोजिमको कारोवार, व्यवसाय, उद्योग वा परियोजना सञ्चालन गर्ने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

**१३. दायित्व सीमित हुने :**

(१) सहकारी संस्थाको कारोबारको सम्बन्धमा सदस्यको दायित्व निजले खरिद गरेको वा खरिद गर्न स्वीकार गरेको शेयरको अधिकतम रकमसम्म मात्र सीमित रहनेछ।

(२) सहकारी संस्थाको नाममा "सहकारी" र नामको अन्त्यमा "लिमिटेड" भन्ने शब्द राख्नु पर्नेछ।

**१४. सहकारीका मूल्य, मान्यता र सिद्धान्त पालना गर्नुपर्ने:** सहकारी संस्थाको गठन तथा सञ्चालन गर्दा सहकारीका मूल्य, मान्यता र सिद्धान्तको पालना गर्नु पर्नेछ।

## परिच्छेद–३
## संस्थाको उद्देश्य तथा कार्य

**१५. संस्थाको उद्देश्य :** कार्यक्षेत्रमा आधारित र सदस्य केन्द्रित भई आफ्ना सदस्यहरूको आर्थिक, सामाजिक तथा साँस्कृतिक उन्नयन गर्नु संस्थाको मुख्य उद्देश्य हुनेछ।

**१६. संस्थाको कार्य :** संस्थाका कार्यहरू देहाय बमोजिम हुनेछन्:-

(क) सहकारीका मूल्य, मान्यता र सिद्धान्तहरूको पालना गर्ने गराउने,

(ख) सदस्यको हित प्रवर्द्धन गर्ने गरी व्यवसायिक सेवाहरू प्रदान गर्ने,

(ग) सदस्यलाई नियमित शिक्षा, तालिम र सूचना प्रदान गर्ने ,

(घ) संस्थाले गर्ने उत्पादन तथा सेवाको मापदण्ड निर्धारण गरी गुणस्तर सुधार, आर्थिक स्थायित्व र जोखिम व्यवस्थापन सम्बन्धी कार्य गर्ने,

(ङ) आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने,

(च) संस्थाको व्यवसायिक प्रवर्द्धन तथा विकास सम्बन्धी क्रियाकलापहरू सञ्चालन गर्ने,

(छ) मन्त्रालय, रजिष्ट्रार, प्रादेशिक रजिष्ट्रार, स्थानीय तह वा दर्ता गर्ने अधिकारीको निर्देशन पालना गर्ने गराउने,

(ज) संस्थाको व्यवसायीकरण, गुणस्तर विकास र सुशासन कायम राख्नका लागि बिभिन्न राष्ट्रिय एंव अन्तर्राष्ट्रिय संबन्ध विकासका लागि मूल ऐन बमोजिम गठित विभिन्न संघहरुमा आबद्ध हुने र प्रतिधिधित्व गराउने ।

(झ) महानगरस्तरमा तोकिए बमोजिम स्थापना हुने सहकारी संजालमा आबद्धता जनाउने ।

(ञ) विनियममा उल्लिखित कार्यहरू गर्ने ।

## परिच्छेद–४
## विनियम तथा आन्तरिक कार्यविधि

**१७. विनियम बनाउनु पर्ने:**

(१) संस्थाले यो ऐन, यस ऐन अन्तर्गत बनेको नियम, निर्देशिका, मापदण्ड र कार्यविधिको अधीनमा रही आफ्नो कार्य सञ्चालनको लागि विनियम बनाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको विनियम दर्ता गर्ने अधिकारीबाट स्वीकृत भए पछि लागू हुनेछ ।

**१८. आन्तरिक कार्यविधि बनाउन सक्ने:**

(१) संस्थाले यो ऐन, यस ऐन अन्तर्गत बनेको नियम, निर्देशिका, मापदण्ड, कार्यविधि र विनियमको अधीनमा रही आवश्यकता अनुसार आफ्नो आन्तरिक कार्यविधि बनाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको आन्तरिक कार्यविधि सम्बन्धित संस्थाको साधारण सभाबाट अनुमोदन गरी दर्ता गर्ने अधिकारीलाई जानकारी गराई लागू गरिनेछ ।

**१९. विनियम र आन्तरिक कार्यविधिमा संशोधन:**

(१) संस्थाको साधारणसभाको कुल सदस्य संख्याको बहुमतबाट विनियम संशोधन हुन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम संशोधन भएको विनियम दर्ता गर्ने अधिकारीबाट स्वीकृत भएपछि लागू हुनेछ ।

(३) संस्थाको साधारणसभाको बहुमतबाट आन्तरिक कार्यविधि संशोधन हुन सक्नेछ ।

## परिच्छेद–५
## सदस्यता

**२०. संस्थाको सदस्यता:**

(१) १६ वर्ष उमेर पूरा गरेका देहाय बमोजिमका नेपाली नागरिकहरु संस्थाको सदस्य हुन सक्नेछन्:

(क) संस्थाको कार्यक्षेत्रभित्र स्थायी बसोवास गरिरहेको,

(ख) संस्थाको विनियममा उल्लेखित शर्तहरु पालना गर्न मन्जुर गरेको,

(ग) संस्थाको जिम्मेवारी पालना गर्न मन्जुर भएको,

(घ) संस्थाले गरेको कारोवारसँग प्रतिस्पर्धा हुने गरी कारोवार नगरेको,

(ङ) संस्थाको सदस्यता लिन योग्य रहेको स्वघोषणा गरेको,

(च) संस्थाको कम्तीमा एक शेयर खरिद गरेको ।

(२) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि नेपाल सरकार, प्रदेश सरकारका निकायहरु, स्थानीय तहका साथै संस्थाको कार्यक्षेत्र भित्रका सामुदायिक वा सहकारी विद्यालय, गुठी, स्थानीय क्लब, स्थानीय तहमा गठन भएका उपभोक्ता समूहहरु संस्थाको सदस्य हुन बाधा पर्ने छैन ।

(३) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि स्वास्थ्य सहकारी संस्थामा सहकारी संस्थाले सदस्यता लिन बाधा पर्ने छैन ।

**२१. सदस्यता प्राप्त गर्न निवेदन दिनु पर्ने:**

(१) संस्थाको सदस्यता लिन चाहने सम्बन्धित व्यक्तिले संस्थाको समिति समक्ष निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन परेको मितिले पैंतिस दिनभित्र समितिले यो ऐन, यस ऐन अन्तर्गत बनेको नियम तथा विनियमको अधीनमा रही सदस्यता प्रदान गर्ने वा नगर्ने निर्णय गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम निर्णय गर्दा समितिले सदस्यता प्रदान नगर्ने निर्णय गरेमा सोको कारण खोली सात दिनभित्र निवेदकलाई जानकारी गराउनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम जानकारी पाएको मितिले तीस दिनभित्र सम्बन्धित व्यक्तिले त्यस्तो संस्था दर्ता गर्ने अधिकारी समक्ष उजूर गर्न सक्नेछ।

(५) उपदफा (४) बमोजिम प्राप्त उजूरी छानविन गर्दा निवेदकलाई सदस्यता प्रदान गर्नु पर्ने देखिएमा दर्ता गर्ने अधिकारीले त्यस्तो निवेदकलाई सदस्यता प्रदान गर्नको लागि सम्बन्धित संस्थालाई आदेश दिन सक्नेछ।

(६) उपदफा (५) बमोजिम आदेश भएमा सो आदेश प्राप्त गरेको सात दिनभित्र सम्बन्धित संस्थाले निवेदकलाई सदस्यता प्रदान गरी सोको जानकारी दर्ता गर्ने अधिकारीलाई गराउनु पर्नेछ ।

**२२. सदस्य हुन नपाउने:**

(१) कुनै व्यक्ति एक स्थानीय तहको एकै प्रकृतिको एकभन्दा वढी संस्थाको सदस्य हुन पाउने छैन । तर यो ऐन प्रारम्भ हुनु अघि कुनै व्यक्ति एकै प्रकृतिको एकभन्दा बढी संस्थाको सदस्य रहेको भए यो ऐन प्रारम्भ भएको मितिले तीन वर्षभित्र कुनै एक संस्थाको मात्र सदस्यता कायम राख्नु पर्नेछ ।

(२) यो ऐन प्रारम्भ हुँदाका बखत कुनै संस्थामा नेपाल सरकारको निकाय वा दफा २० को उपदफा (२) मा उल्लेख भएदेखि बाहेकको अन्य कुनै कृत्रिम व्यक्ति सदस्य भएको भए पाँच वर्षभित्र सदस्यता अन्त्य गर्नुपर्नेछ ।

(३) साधारण सभाको मिति घोषणा भएपछि साधारण सभा सम्पन्न नभए सम्म संस्थाको सदस्यता प्रदान गरिने छैन ।

**२३. सदस्यताको समाप्ति:**

(१) कुनै सदस्यको सदस्यता देहायको अवस्थामा समाप्त हुनेछः—

(क) सदस्यले आफ्नो सदस्यता त्याग गरेमा,

(ख) लगातार बार्षिक साधारणसभामा बिना सूचना तीन पटक सम्म अनुपस्थित भएमा,

(ग) यो ऐन, यस ऐन अन्तर्गत बनेको नियम वा विनियम बमोजिम सदस्यले पालना गर्नुपर्ने प्रावधानको बारम्बार उल्लङ्घन गरेमा,

(घ) संस्थाको सदस्यको हकमा दफा २० बमोजिमको योग्यता नभएमा ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै सदस्यले संस्थाबाट प्राप्त वा भुक्तान गर्नु पर्ने कुनै रकम भएमा सो फरफारक नभएसम्म वा निजले लिएको ऋण, तिर्नु पर्ने कुनै दायित्व वा अन्य कुनै सदस्यको तर्फबाट धितो वा जमानत बसेकोमा सोको दायित्व फरफारक नभएसम्म निजको सदस्यता समाप्त हुने छैन ।

(३) यस दफामा जुनसुकै कुरा लेखिएको भए तापनि साधारण सभा बोलाउने निर्णय भइसकेपछि साधारण सभा सम्पन्न नभए सम्म कसैलाई पनि सदस्यताबाट हटाउन सकिने छैन।

२४. **सुविधा प्राप्त गर्न नसक्ने:** कुनै सदस्यले सहकारी संस्थालाई तिर्नुपर्ने कुनै दायित्व निर्धारित समयभित्र भुक्तान नगरेमा वा यो ऐन, यस ऐन अन्तर्गत बनेको नियम तथा विनियम बमोजिम सदस्यले पालन गर्नुपर्ने व्यवस्थाको बारम्बार उल्लंघन गरेमा त्यस्तो सदस्यले अन्य सदस्य सरहको सुबिधा प्राप्त गर्न सक्ने छैन।

## परिच्छेद –६
## साधारण सभा, समिति तथा लेखा सुपरिवेक्षण समिति

२५. **साधारण सभा:**

(१) सहकारी संस्थाको सर्वोच्च अङ्गको रुपमा साधारण सभा हुनेछ।

(२) सहकारी संस्थाका सबै सदस्यहरू साधारण सभाका सदस्य हुने छन्।

(३) सहकारी संस्थाको साधारण सभा देहाय बमोजिम हुनेछः–

(क) प्रारम्भिक साधारण सभा,

(ख) वार्षिक साधारण सभा,

(ग) विशेष साधारण सभा।

२६. **प्रारम्भिक साधारण सभाको काम, कर्तव्य र अधिकार:** प्रारम्भिक साधारण सभाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :–

(क) प्रारम्भिक साधारण सभा हुने अघिल्लो दिनसम्मको काम कारबाही र आर्थिक कारोबारको जानकारी लिने,

(ख) चालु आर्थिक वर्षको लागि वार्षिक कार्यक्रम तथा बजेट स्वीकृत गर्ने,

(ग) प्रतिवेदन तथा वित्तीय विवरण अनुमोदन गर्ने,

(घ) विनियममा उल्लेख भए बमोजिम समिति र लेखा सुपरीवेक्षण समितिको निर्वाचन गर्ने,

(ङ) आन्तरिक कार्यविधि पारित गर्ने,

(च) लेखा परीक्षकको नियुक्ति र निजको पारिश्रमिक निर्धारण गर्ने,

(छ) विनियममा तोकिए बमोजिमका अन्य कार्यहरू गर्ने।

२७. **वार्षिक साधारण सभाको काम, कर्तव्य र अधिकार:** वार्षिक साधारण सभाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :–

(क) वार्षिक कार्यक्रम तथा बजेट स्वीकृत गर्ने,

(ख) वार्षिक लेखा परीक्षण प्रतिवेदन अनुमोदन गर्ने,

(ग) समिति र लेखा सुपरीवेक्षण समितिको निर्वाचन तथा विघटन गर्ने,

(घ) सञ्चालक र लेखा सुपरीवेक्षण समितिको संयोजक वा सदस्यलाई पदबाट हटाउने,

(ङ) समिति र लेखा सुपरीवेक्षण समितिको वार्षिक प्रतिवेदन पारित गर्ने,

(च) विनियम संशोधन तथा आन्तरिक कार्यविधि पारित गर्ने,

(छ) लेखा परीक्षकको नियुक्ति र निजको पारिश्रमिक निर्धारण गर्ने,

(ज) संस्था एकीकरण वा विघटन सम्बन्धी निर्णय गर्ने,

(झ) पारिश्रमिक लगायतका सुविधा तोक्ने,

(ञ) ऋण तथा अनुदान प्राप्त गर्ने सम्बन्धमा निर्णय गर्ने,

(ट) सदस्यको दायित्व मिनाहा दिने,

(ठ) समितिलाई आवश्यक निर्देशन दिने,

(ड) विनियममा तोकिए बमोजिमका अन्य कार्यहरू गर्ने।

**२८. साधारण सभाको बैठक :**

(१) समितिले सहकारी संस्था दर्ता भएको मितिले तीन महिनाभित्र प्रारम्भिक साधारण सभा बोलाउनु पर्नेछ।

(२) समितिले प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले छ महिना भित्र वार्षिक साधारण सभा बोलाउनु पर्नेछ।

(३) समितिले देहायको अवस्थामा विशेष साधारण सभा बोलाउनु पर्नेछ :–

(क) संस्थाको काम विशेषले विशेष साधारण सभा बोलाउनु पर्ने समितिबाट निर्णय भएमा,

(ख) दफा ३८ को उपदफा (१) को खण्ड (छ) बमोजिम लेखा सुपरीवेक्षण समितिको सिफारिसमा,

(ग) कुनै सञ्चालकले विशेष साधारण सभा बोलाउन पेश गरेको प्रस्ताव समितिद्धारा पारित भएमा,

(घ) विशेष साधारण सभा बोलाउनु पर्ने कारण खुलाइ पच्चिस प्रतिशत सदस्यले समिति समक्ष निवेदन दिएमा,

(ङ) दफा २९ को उपदफा (१) बमोजिम दर्ता गर्ने अधिकारीले निर्देशन दिएमा,

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि संस्थाको सञ्चालक वा व्यवस्थापकबाट आफ्नो जिम्मेवारी पूरा नगरी संस्था सञ्चालनमा समस्या उत्पन्न भएको अवस्थामा दर्ता गर्ने अधिकारीलाई जानकारी दिई साधारण सदस्यहरू मध्येबाट बहुमत सदस्य उपस्थित भई विशेष साधारण सभा गर्न सकिनेछ।

**२९. विशेष साधारण सभा बोलाउन निर्देशन दिन सक्ने:**

(१) संस्थाको निरीक्षण वा सुपरीवेक्षण गर्दा वा कसैको उजूरी परी छानविन गर्दा देहायको अवस्था देखिन आएमा दर्ता गर्ने अधिकारीले त्यस्तो सहकारी संस्थाको समितिलाई साधारण सभा बोलाउन निर्देशन दिन सक्नेछ :–

(क) सहकारीको मूल्य, मान्यता तथा सिद्धान्त विपरित कार्य गरेमा,

(ख) यो ऐन, यस ऐन अन्तर्गत बनेको नियम, विनियम तथा आन्तरिक कार्यविधि विपरित कार्य गरेमा,

(ग) दर्ता गर्ने अधिकारीले दिएको निर्देशनको बारम्बार उल्लङ्घन गरेमा,

(घ) दफा ३१ को उपदफा (२) बमोजिम दर्ता गर्ने अधिकारीले आदेश दिएमा।

(२) उपदफा (१) बमोजिम साधारण सभा बोलाउन निर्देशन प्राप्त भएमा समितिले सो निर्देशन प्राप्त भएको मितिले पैंतिस दिनभित्र साधारण सभाको बैठक बोलाउनु पर्नेछ र साधारण सभाको बैठकमा उजूरी वा निरीक्षणका क्रममा देखिएका विषयमा छलफल गरी सोको प्रतिवेदन दर्ता गर्ने अधिकारी समक्ष पेश गर्नु पर्नेछ।

(३) उपदफा (१) वा (२) मा उल्लिखित अवधिभित्र समितिले साधारण सभा नबोलाएमा दर्ता गर्ने अधिकारीले त्यस्तो साधारण सभा बोलाउन सक्नेछ।

(४) सहकारी संस्थाको साधारण सभाको लागि गणपूरक संख्या तत्काल कायम रहेको सदस्य संख्याको एकाउन्न प्रतिशत हुनेछ। तर पहिलो पटक डाकिएको साधारण सभामा गणपूरक संख्या नपुगेमा त्यसको सात दिनभित्र दोस्रो पटक साधारण सभा बोलाउनु पर्ने र यसरी दोस्रो पटक बोलाइएको साधारण सभामा संचालक समितिको बहुमत सहित एक तिहाई साधारण सदस्यहरुको उपस्थिति भएमा साधारण सभाको गणपूरक संख्या पुगेको मानिनेछ।

(५) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि दफा २८ को (४) मा भएको व्यवस्था सोही अनुसार हुनेछ।

(६) दुई हजार वा सोभन्दा बढी सदस्य भएको संस्थाले साधारण सभा गर्दा समान कार्यसूचीमा तोकिए बमोजिम सदस्य संख्याको आधारमा वडा-वडा वा अन्य पायकको स्थानमा संचालक सदस्यहरुलाई पठाई साधारण सभा गर्न र त्यस्तो सभाको निर्णय प्रमाणित गर्न प्रतिनिधिहरु छनौट गरी त्यस्ता प्रतिनिधिहरुको उपस्थितिको सभाले अन्तिम निर्णय प्रमाणित गर्ने व्यवस्था मिलाउन सक्नेछ।

**३०. सञ्चालक समिति:**

(१) सहकारी संस्थामा साधारण सभाबाट निर्वाचित एक सञ्चालक समिति रहनेछ । तर, एउटै व्यक्ति लगातार एउटै पदमा दुई पटकभन्दा बढी सञ्चालक हुन पाउने छैन ।

(२) उपदफा (१) बमोजिमको समितिमा कम्तीमा तेत्तिस प्रतिशत महिला सदस्यको प्रतिनिधित्व सुनिश्चित गर्नु पर्नेछ ।

(३) एउटै परिवारको एकभन्दा बढी सदस्य एकै अवधिमा सञ्चालक तथा लेखा समितिको पदमा उम्मेदवार बन्न र निर्वाचित हुन सक्ने छैन ।

(४) कुनै संस्थाको सञ्चालक सोही संस्थाको कर्मचारी वा आफ्नो संस्थाले सदस्यता लिएको सहकारी संघ वा बैङ्क बाहेक अर्को कुनै संस्थाको संचालक बन्न पाउने छैन ।

तर वार्षिक दुई करोड रुपैयाँभन्दा कमको कारोवार गर्ने सहकारी संस्थाको सञ्चालकले त्यस्तो सहकारी संस्थामा कर्मचारीको रुपमा काम गर्न बाधा पर्ने छैन । वार्षिक दुई करोडभन्दा बढी कारोवार गर्ने संस्थामा कुनै संचालक कर्मचारी रहेको भए यो ऐन प्रारम्भ भएको मितिले दुई वर्षभित्र त्यस्तो संचालकले कर्मचारीको पद त्याग गरी अर्को कर्मचारीको व्यवस्था गर्नुपर्नेछ ।

(५) यो ऐन प्रारम्भ हुनुअघि कुनै व्यक्ति एकभन्दा बढी संस्थाको सञ्चालक वा सोही वा अर्को संस्थाको कर्मचारी भएकोमा यो ऐन प्रारम्भ भएको मितिले एक वर्षभित्र कुनै एक संस्थाको मात्र सञ्चालक वा कर्मचारी रहनु पर्नेछ ।

(६) समितिको कार्यावधि चार वर्षको हुनेछ ।

**३१. सञ्चालक समितिको निर्वाचन:**

(१) समितिले आफ्नो कार्यावधि समाप्त हुनु भन्दा अघि अर्को समितिको निर्वाचन गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम समितिको निर्वाचन नगराएको जानकारी प्राप्त भएमा त्यस्तो जानकारी प्राप्त भएको मितिले तीन महिनाभित्र समितिको निर्वाचन गराउन दर्ता गर्ने अधिकारीले सम्बन्धित समितिलाई आदेश दिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम दर्ता गर्ने अधिकारीले आदेश दिएकोमा सम्बन्धित समितिले सो आदेश बमोजिमको समयावधि भित्र समितिको निर्वाचन गराई दर्ता गर्ने अधिकारलाई जानकारी गराउनु पर्नेछ।

(४) उपदफा (३) बमोजिम समितिको निर्वाचन नगराएमा दर्ता गर्ने अधिकारले त्यस्तो संस्था सदस्य रहेको माथिल्लो संघ भए सो संघको प्रतिनिधि समेतलाई सहभागी गराई समितिको निर्वाचन सम्बन्धी सम्पूर्ण कार्य गर्ने गराउनेछ ।

(५) उपदफा (४) बमोजिमको निर्वाचन कार्यमा सहयोग पुऱ्याउनु सम्बन्धित संघ र समितिका पदाधिकारीहरूको कर्तव्य हुनेछ ।

(६) उपदफा (५) बमोजिम निर्वाचन गराउँदा लागेको सम्पूर्ण खर्च सम्बन्धित संस्थाले व्यहोर्नु पर्नेछ।

(७) यस दफा बमोजिम समितिको अर्को निर्वाचन नभएसम्मको लागि समितिले विनियममा व्यवस्था भए बमोजिम आफ्नो कार्य सञ्चालन गर्नेछ ।

**३२. समितिको काम, कर्तव्य र अधिकार:** यस ऐनमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारका अतिरिक्त समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :–

(क) सहकारीका मूल्य, मान्यता र सिद्धान्त बमोजिम सहकारी संस्थाको सञ्चालन गर्ने,

(ख) आर्थिक तथा प्रशासकीय कार्य गर्ने, गराउने,

(ग) प्रारम्भिक साधारण सभा, वार्षिक साधारण सभा तथा विशेष साधारण सभा बोलाउने,

(घ) साधारण सभाका निर्णयहरू कार्यान्वयन गर्ने, गराउने,

(ङ) संस्थाको नीति, योजना, बजेट तथा बार्षिक कार्यक्रमको तर्जुमा गरी साधारण सभा समक्ष पेश गर्ने,

(च) संस्थाको सदस्यता प्रदान गर्ने तथा सदस्यता बाट हटाउने,

(छ) शेयर नामसारी तथा फिर्ता सम्बन्धी कार्य गर्ने,

(ज) सम्बन्धित संघको सदस्यता लिने,

(झ) विनियम तथा आन्तरिक कार्यविधि तयार गरी साधारण सभामा पेश गर्ने,

(ञ) संस्थाको कार्यक्षेत्रभित्र संस्थाको कारोबार र व्यवसायको हित प्रवर्द्धनको लागि आवश्यक कार्य गर्ने, गराउने,

**३३. सञ्चालक पदमा बहाल नरहने:** देहायको कुनै अवस्थामा सञ्चालक आफ्नो पदमा बहाल रहन सक्ने छैन:-

(क) निजले दिएको राजीनामा समितिबाट स्वीकृत भएमा,

(ख) निजलाई दफा ३४ को उपदफा (१) बमोजिम सञ्चालकबाट हटाउने निर्णय भएमा,

(ग) निज अर्को संस्थाको सञ्चालक रहेमा,

(घ) निज सोही वा अर्को संस्थाको कर्मचारी रहेमा,

तर दफा ३० को उपदफा (४) को प्रतिबन्धात्मक वाक्यांशमा लेखिएको कुरामा सोही बमोजिम हुनेछ।

(ङ) निज सोही वा अर्को संस्थाको लेखा सुपरीवेक्षण समितिको पदमा रहेमा

(च) निजको मृत्यु भएमा।

**३४. सञ्चालकलाई पदबाट हटाउन सक्ने:**

(१) साधारण सभाले बहुमतको निर्णयबाट देहायको कुनै अवस्थामा सञ्चालकलाई समितिको सञ्चालक पदबाट हटाउन सक्नेछ :–

(क) आर्थिक हिनामिना गरी सम्बन्धित संस्थालाई हानी नोक्सानी पुऱ्याएमा।

(ख) अनधिकृत तवरले सम्बन्धित संस्थाको कारोबार सम्बन्धी विषयको गोपनियता भङ्ग गरेमा।

(ग) सम्बन्धित संस्थाको कारोबार र व्यवसायसँग प्रतिस्पर्धा हुनेगरी समान प्रकृतिको कारोबार वा व्यवसाय गरेमा।

(घ) सम्बन्धित संस्थाको अहित हुने कुनै कार्य गरेमा।

(ङ) निज शारीरिक वा मानसिक रुपमा काम गर्न नसक्ने भएमा।

(च) कुनै सञ्चालकमा यो ऐन, यस ऐन अन्तर्गत बनेको नियम वा विनियममा उल्लिखित योग्यता नरहेमा।

(२) कुनै सञ्चालकलाई समितिको पदबाट हटाउने निर्णय गर्नु अघि त्यस्तो सञ्चालकलाई साधारण सभा समक्ष सफाई पेश गर्ने मनासिब माफिकको मौका दिइनेछ।

(३) उपदफा (२) बमोजिमको अवधिभित्र कुनै सञ्चालकले सफाई पेश नगरेमा वा निजले पेश गरेको सफाई सन्तोषजनक नभएमा साधारण सभाले त्यस्तो सञ्चालकलाई पदबाट हटाउन सक्नेछ।

(४) उपदफा (३) बमोजिम सञ्चालकको पदबाट हटाइएको सदस्य समितिको दुई कार्यकालसम्मको निर्वाचनमा उम्मेदवार बन्न पाउने छैन।

(५) उपदफा (३) बमोजिम कुनै सञ्चालक पदबाट हटेमा त्यस्तो पदमा साधारण सभाले बाँकि अवधिको लागि अर्को सञ्चालकको निर्वाचन गर्नेछ।

**३५. निजी स्वार्थ समावेश भएको निर्णय प्रकृयामा संलग्न हुन नहुने:**

(१) सञ्चालकले आफ्नो निजी स्वार्थ समावेश भएको निर्णय प्रक्रियामा संलग्न हुनुहुँदैन।

(२) सञ्चालकले आफूलाई मात्र व्यक्तिगत फाइदा हुनेगरी संस्थामा कुनै कार्य गर्न गराउन हुँदैन।

(३) कुनै सञ्चालकले उपदफा (१) को बिपरित हुने गरी वा आफ्नो अधिकार क्षेत्रभन्दा बाहिर गई कुनै काम कारबाही गरे गराएमा त्यस्तो काम कारबाही प्रति त्यस्तो सञ्चालक व्यक्तिगत रूपमा उत्तरदायी हुनेछ र त्यस्तो काम कारबाहीबाट संस्थाको सदस्य वा अन्य कुनै व्यक्तिलाई हानी नोक्सानी हुनगएको रहेछ भने त्यस्तो हानी नोक्सानी निजको जायजेथाबाट असूल उपर गरिनेछ।

**३६. समितिको विघटन:**

(१) साधारण सभाले देहायको अवस्थामा समितिको विघटन गर्न सक्नेछः–

(क) समितिको बदनियतपूर्ण कार्यबाट संस्थाको कारोबार जोखिममा परेमा,

(ख) संस्थाले तिर्नुपर्ने दायित्व तोकिएको समयभित्र भुक्तान गर्न नसकेमा,

(ग) विनियममा उल्लिखित उद्देश्य र कार्य विपरितको काम गरेमा,

(घ) समितिले आफ्नो जिम्मेवारी पूरा नगरेमा,

(ङ) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमावलीमा उल्लेखित शर्त वा दर्ता गर्ने अधिकारीले दिएको निर्देशनको बारम्बार उल्लङ्घन गरेमा।

(२) उपदफा (१) बमोजिम समिति विघटन भएमा साधारण सभाले नयाँ समितिको निर्वाचन गर्नेछ।

(३) समितिले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम दर्ता गर्ने अधिकारीले दिएको निर्देशन पालना नगरेमा वा दफा २९ को उपदफा (२) बमोजिम पेश भएको प्रतिवेदन समेतको आधारमा दर्ता गर्ने अधिकारीले समितिलाई उजूरी वा निरीक्षणको क्रममा देखिएका विषयवस्तुको गाम्भीर्यताको आधारमा बढीमा छ महिनाको समय दिई सुधार गर्ने मौका दिन सक्नेछ र त्यस्तो समयावधिभित्र पनि सुधार नगरेमा त्यस्तो समिति विघटन गर्नेछ।

(४) उपदफा (३) बमोजिम समिति विघटन भएमा त्यसरी विघटन गरिएको मितिले तीन महिनाभित्रमा अर्को समितिको निर्वाचन सम्पन्न गराउन र त्यस्तो निर्वाचन नभएसम्म संस्थाको दैनिक कार्य सञ्चालन गर्न दर्ता गर्ने अधिकारीले तोकिए बमोजिमको एक तदर्थ समिति गठन गर्नु पर्नेछ।

(५) यस दफा बमोजिम अर्को समितिको निर्वाचन गराउँदा लागेको सम्पूर्ण खर्च सम्बन्धित संस्थाले व्यहोर्नेछ।

**३७. लेखा सुपरीवेक्षण समितिको गठन:**

(१) संस्थामा आन्तरिक नियन्त्रण प्रणालीलाई सुदृढ गर्न एकजना संयोजक र दुईजना सदस्यहरू रहने गरी साधारण सभाले निर्वाचनबाट लेखा सुपरीवेक्षण समिति गठन गर्नेछ।

(२) एउटै परिवारको एकभन्दा बढी व्यक्ति एकै अवधिमा एउटै संस्थाको सञ्चालक वा लेखा सुपरिवेक्षण समितिको संयोजक वा सदस्य पदमा उम्मेदवार बन्न र निर्वाचित हुन सक्ने छैन।

**३८. लेखा सुपरिवेक्षण समितिको काम, कर्तव्य र अधिकार:**

(१) लेखा सुपरिवेक्षण समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :–

(क) प्रत्येक त्रैमासिकमा संस्थाको आन्तरिक लेखापरीक्षण गर्ने, गराउने तर बार्षिक २ करोड भन्दा बढीको कारोवार गर्ने संस्थाको मासिक आन्तरिक लेखापरीक्षण गर्नु पर्नेछ।

(ख) आन्तरिक लेखापरीक्षण गर्दा लेखापरीक्षणका आधारभूत सिद्धान्तको पालना गर्ने, गराउने,

(ग) वित्तीय तथा आर्थिक कारोवारको निरीक्षण तथा मूल्याङ्कन गर्ने, गराउने,

(घ) समितिको काम कारवाहीको नियमित सुपरिवेक्षण गर्ने र समितिलाई आवश्यक सुझाव दिने,

(ङ) साधारण सभाको निर्देशन, निर्णय तथा समितिका निर्णय कार्यान्वयन भए नभएको अनुगमन गर्ने,

(च) लेखा सम्बन्धी प्रतिवेदन र समितिको काम कारबाहीको सुपरिवेक्षण सम्बन्धी वार्षिक प्रतिवेदन साधारण सभा समक्ष पेश गर्ने,

(छ) आफूले पटक पटक दिएका सुझाव कार्यान्वयन नभएको कारणबाट संस्थाको हितमा प्रतिकूल असर परेमा वा त्यस्तो संस्थाको नगद वा जिन्सी सम्पत्तिको व्यापक रूपमा हिनामिना वा अनियमितता भएको वा संस्था गम्भीर आर्थिक संकटमा पर्न लागेकोमा सोको कारण खुलाई विशेष साधारण सभा बोलाउन समिति समक्ष सिफारिस गर्ने।

(ज) आवश्यक परेमा आन्तरिक लेखापरीक्षक नियुक्तिका लागि तीन जनाको नाम सञ्चालक समितिमा सिफारिस गर्ने।

(२) लेखा सुपरिवेक्षण समितिको संयोजक वा सदस्य संस्थाको दैनिक आर्थिक प्रशासनिक कार्यमा सहभागी हुन पाउने छैन।

## परिच्छेद–७
## बचत तथा ऋण परिचालन

**३९. सदस्य केन्द्रित भई बचत तथा ऋणको कारोबार गर्नु पर्ने:**

(१) संस्थाले आफ्ना सदस्यहरूको मात्र बचत स्वीकार गर्न, सोको परिचालन गर्न र सदस्यलाई मात्र ऋण प्रदान गर्न सक्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि बचत तथा ऋणको मुख्य कारोबार गर्ने गरी दर्ता भएको संस्था बाहेक अन्य विषयगत वा वहुउद्देश्यीय संस्थाले बचत तथा ऋणको मुख्य कारोवार गर्न पाउने छैन।
तर यो ऐन प्रारम्भ हुनु अघि बहुउद्देश्यीय वा विषयगत संस्थाको रुपमा दर्ता भई मुख्य कारोवारको रुपमा वचत तथा ऋणको कारोवार गर्दै आएको भए त्यस्तो संस्थाले तीन वर्षभित्रमा बचत तथा ऋण संस्थामा रुपान्तरण वा तीन वर्षभित्रमा दर्ता हुँदाका बखतमा उल्लेख गरिएको मुख्य कारोवार गर्ने गरी संस्था सञ्चालन गर्नुपर्नेछ। रुपान्तरणको लागि दरखास्त परेको मितिले तीस दिनभित्र बिगतको मुख्य कारोवार हेरी दर्ता गर्ने अधिकारीले रुपान्तरण गरिदिनु पर्नेछ।

(३) संस्थाले सदस्यलाई प्रदान गर्ने ऋणमा संस्थाको कार्यविधिमा तोकिए बमोजिम बढीमा एक प्रतिशत ऋण व्यवस्थापन शुल्क लिन पाइनेछ।

(४) बचत र ऋणको ब्याजदर बीचको औसत अन्तर ६ प्रतिशत भन्दा बढी हुने छैन।

(५) संस्थाले प्रदान गरेको ऋणमा लाग्ने ब्याजलाई मूल ऋणमा पूँजीकृत गरी सोको आधारमा ब्याज लगाउन पाइने छैन।

(६) संस्थाले कुनैपनि कम्पनीको शेयर खरिद गर्न सक्ने छैन।
तर

(१) संस्थाको दायित्व प्रति प्रतिकूल नहुने गरी संस्थाले स्वप्रयोजनको लागि अचल सम्पत्ति खरीद तथा पूर्वाधार निर्माण एवं संस्था र सदस्यहरुको हितमा उत्पादन र सेवाको क्षेत्रमा प्राथमिक पूँजी कोष परिचालन गर्न बाधा पर्ने छैन।

(२) यो ऐन प्रारम्भ हुनु अघि कुनै संस्थाले कुनै कम्पनीको शेयर खरिद गरेको भएमा त्यस्तो शेयर यो ऐन प्रारम्भ भएको मितिले एक वर्ष अवधिभित्र हस्तान्तरण गरिसक्नु पर्नेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि संस्थाले यो ऐन प्रारम्भ हुनुअघि दर्ता भएका साना किसानद्वारा प्रवर्द्धित वित्तीय संस्थाको शेयर खरिद गर्न बाधा पर्नेछैन।

(७) सहकारी संस्थाले प्राथमिक पूँजी कोषको १५ गुणासम्म बचत संकलन गर्न सक्नेछ।

(८) संस्थाले दर्ता गर्दाका बखतका सदस्य बाहेक अन्य सदस्यलाई सदस्यता प्राप्त गरेको तीन महिना अवधि व्यतित नभई ऋण लगानी गर्न सक्ने छैन।

**४०. सन्दर्भ ब्याजदर सम्बन्धी व्यवस्था:**

(१) संघीय कानुन बमोजिम रजिष्ट्रारले बचत तथा ऋणको सन्दर्भ ब्याजदर तोक्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम तोकिएको सन्दर्भ ब्याजदर संस्थाका लागि निर्देशक ब्याजदर हुनेछ।

**४१. व्यक्तिगत बचतको सीमा:** संस्थामा सदस्यको व्यक्तिगत बचतको सीमा संस्थाको विनियममा तोकिए बमोजिम हुनेछ।

## परिच्छेद –८
## आर्थिक स्रोत परिचालन

**४२. शेयर बिक्री तथा फिर्ता सम्बन्धी व्यवस्था:**

(१) संस्थाले आफ्नो सदस्यलाई शेयर विक्री गर्न सक्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि संस्थाले एकै सदस्यलाई आफ्नो कुल चुक्ता शेयर पूँजीको बीस प्रतिशतभन्दा बढी हुने गरी शेयर बिक्री गर्न सक्नेछैन।

तर नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको पूर्ण वा आंशिक स्वामित्व वा नियन्त्रण भएको संस्था वा निकायको हकमा यो बन्देज लागू हुनेछैन।

(३) संस्थाको शेयरको अंकित मूल्य प्रति शेयर एक सय रुपैयाँ हुनेछ।

(४) संस्थाको शेयरपूँजी विनियममा उल्लेख भए बमोजिम हुनेछ।

(५) संस्थाले खुला बजारमा शेयर बिक्री गर्न पाउने छैन।

(६) संस्थाको मूलधनको रुपमा रहेको कुनै सदस्यको शेयर सोही संस्थाको ऋण वा दायित्व बाहेक अन्य कुनै ऋण वा दायित्व वापत लिलाम बिक्री गरिने छैन।

**४३. रकम फिर्ता तथा खाता सञ्चालन सम्बन्धी व्यवस्था:**

(१) कुनै सदस्यले संस्थाको सदस्यता त्याग गरी रकम फिर्ता लिन चाहेमा निजको कुनै दायित्व भए त्यस्तो दायित्व भुक्तान गरेको मितिले एक महिनाभित्र निजको बाँकि रकम तोकिए बमोजिम निजलाई फिर्ता गर्नु पर्नेछ।

(२) कुनै सदस्यले संस्थामा जम्मा गरेको बचत फिर्ता माग गरेमा निजको कुनै दायित्व भए त्यस्तो दायित्व कट्टा गरी बाँकी रकम तोकिए बमोजिम निजलाई फिर्ता गर्नु पर्नेछ।

(३) संस्थाको कारोबारको लेखा प्रचलित कानुनको अधिनमा रहि दोहोरो लेखा प्रणाली अनुरुप राख्नु पर्नेछ। यसरी लेखा अभिलेख ब्यवस्थापन गर्दा सम्बन्धित निकायबाट स्वीकृत प्राप्त कम्प्युटराईज्ड लेखा प्रणाली मार्फत राख्न सकिने छ। कम्प्युटर प्रविधिमा राखिएका अभिलेखहरुको प्रारम्भिक अभिलेख (गोश्वारा भौचर) प्रत्येक दिनको अन्त्यमा मुद्रण गरी प्रमाणित गराई राख्ने व्यवस्था मिलाउनु पर्नेछ।

**४४. ऋण वा अनुदान लिन सक्ने:**

(१) संस्थाले विदेशी बैंक वा वित्तीय संस्था वा अन्य निकायबाट ऋण वा अनुदान लिन वा त्यस्तो निकायसँग साझेदारीमा काम गर्न संघीय कानून बमोजिम स्वीकृति लिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम विदेशी बैङ्क वा निकायबाट ऋण वा अनुदान लिन स्वीकृतिको लागि तोकिए वमोजिमको विवरणहरु सहित दर्ता गर्ने अधिकारी समक्ष निवेदन दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम निवेदन प्राप्त भएमा दर्ता गर्ने अधिकारीले नगर कार्यपालिकामा प्रस्ताव पेश गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिमको प्रस्ताव नगर कार्यपालिकाले उपयुक्त देखेमा स्वीकृतिको लागि मन्त्रालयमा सिफारिस गरी पठाउनेछ।

**४५. नेपाल सरकारको सुरक्षण प्राप्त गर्न सक्ने:**

(१) संस्थाले विदेशी बैङ्क वा निकायसँग लिने ऋणमा सुरक्षण प्राप्त गर्नु पर्ने भएमा संघीय कानून बमोजिम स्वीकृतिको लागि दर्ता गर्ने अधिकारी समक्ष प्रस्ताव सहित निवेदन दिनु पर्नेछ।

(२) दफा (१) बमोजिम प्राप्त प्रस्ताव उपयुक्त देखिएमा नगर कार्यपालिकाले संघीय कानुन बमोजिम स्वीकृतिको लागि मन्त्रालयमा सिफारिस गरी पठाउनु पर्नेछ।

## परिच्छेद –९
## संस्थाको कोष

**४६. संस्थाको कोष:**

(१) संस्थाको कोषमा देहाय बमोजिमको रकम रहनेछ :–

(क) शेयर बिक्रीबाट प्राप्त रकम,

(ख) बचतको रुपमा प्राप्त रकम,

(ग) ऋणको रुपमा प्राप्त रकम,

(घ) नेपाल सरकारबाट प्राप्त अनुदान रकम,

(ङ) विदेशी सरकार वा अन्तर्राष्ट्रिय संघसंस्थाबाट प्राप्त अनुदान वा सहायताको रकम,

(च) व्यवसायिक कार्यबाट आर्जित रकम,

(छ) सदस्यता प्रवेश शुल्क,

(ज) संस्थाको नाममा प्राप्त हुने अन्य जुनसुकै रकम।

**४७. जगेडा कोष:**

(१) संस्थामा एक जगेडा कोष रहनेछ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहाय बमोजिमका रकम रहने छन् :–

(क) आर्थिक वर्षको खूद बचत रकमको कम्तिमा पच्चीस प्रतिशत रकम,

(ख) कुनै संस्था, संघ वा निकायले प्रदान गरेको पूँजीगत अनुदान रकम,

(ग) स्थिर सम्पत्ति विक्रीबाट प्राप्त रकम,

(घ) अन्य स्रोतबाट प्राप्त रकम।

(३) उपदफा (१) बमोजिमको जगेडा कोष अविभाज्य हुनेछ।

**४८. संरक्षित पूँजी फिर्ता कोष:**

(१) संस्थामा एक संरक्षित पूँजी फिर्ता कोष रहनेछ।

(२) दफा ४७ बमोजिमको जगेडा कोषमा सो दफाको उपदफा (२) को खण्ड (क) बमोजिमको रकम छुट्ट्याई बाँकी रहेको रकमको कम्तिमा पच्चीस प्रतिशत रकम उपदफा (१) बमोजिमको कोषमा वार्षिक रुपमा जम्मा गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिमको रकम सदस्यले गरेको तोकिए बमोजिम वार्षिक कारोबारको आधारमा सम्बन्धित सदस्यलाई उपलव्ध गराउनु पर्नेछ।

**४९. सहकारी प्रवर्द्धन कोषसम्बन्धी व्यवस्था:**

(१) संस्थाले सहकारी व्यवसायको प्रवर्द्धन गर्नको लागि दफा ४७ बमोजिम जगेडा कोषमा सो दफाको उपदफा (२) को खण्ड (क) बमोजिमको रकम छुट्याई बाँकि रहेको रकमको शून्य दशमलव पाँच प्रतिशतले हुन आउने रकम संघीय कानुनमा व्यवस्था भए बमोजिमको सहकारी प्रवर्द्धन कोषमा वार्षिक रुपमा जम्मा गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको कोषको उपयोग संघीय कानुनमा व्यवस्था भए बमोजिम हुनेछ।

**५०. अन्य कोष सम्बन्धी व्यबस्था:**

(१) दफा ४६, ४७, ४८ र ४९ मा उल्लिखित कोषका अतिरिक्त संस्थामा सहकारी शिक्षा कोष, शेयर लाभांश कोष लगायत तोकिए बमोजिमका अन्य कोषहरु रहन सक्नेछन्।

(२) उपदफा (१) बमोजिमको कोषको रकम सो कोषको उद्देश्य पूर्तिका लागि विनियममा तोकिए बमोजिम उपयोग गर्न सकिनेछ। तर एक वर्षको शेयर लाभांशको रकम शेयर पूँजीको १८ प्रतिशत भन्दा बढी हुने छैन।

(३) सहकारी विकास कोष : -

(क) महानगरस्तरमा एक छुट्टै सहकारी विकास कोष स्थापना हुनेछ।

(ख) कोषको उपयोग सहकारीको प्रबर्द्धन, विकास, क्षमता अभिबृद्धि जस्ता क्षेत्रमा गरिने छ।

(ग) यो कोष योगदानमा आधारित हुनेछ।

(घ) यो कोषको परिचालनबाट महानगरमा सहकारी प्रशिक्षण केन्द्र सञ्चालन गर्न सकिनेछ।

(ङ) यो कोषको उपयोग सहकारी संस्थाहरुको गुणस्तर कायम गर्न प्रयोग गर्न सकिनेछ।

(च) कोषको स्थापना र सञ्चालन संबन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

## परिच्छेद –१०
## अभिलेख र सूचना

**५१. अभिलेख राख्नु पर्ने:**

(१) संस्थाले साधारणसभा, समिति तथा लेखा सुपरिबेक्षण समिति बैठकका निर्णय तथा काम कारबाहीको अद्यावधिक अभिलेख सुरक्षित साथ राख्नु पर्नेछ।

(२) संस्थाले कारोबारसँग सम्बन्धित तथा अन्य आवश्यक अभिलेखहरू तोकिए बमोजिम सुरक्षित साथ राख्नु पर्नेछ।

५२. विवरण उपलब्ध गराउनु पर्ने : (१) संस्थाले देहायका विवरणहरू सहितको प्रतिवेदन आर्थिक बर्ष समाप्त भएको तीन महिनाभित्र दर्ता गर्ने अधिकारी समक्ष पेश गर्नु पर्नेछ :–

(क) कारोबारको चौमासिक र वार्षिक प्रतिवेदन तथा लेखापरीक्षण प्रतिवेदन,

(ख) बार्षिक कार्यक्रम, नीति तथा योजना,

(ग) खुद बचत सम्बन्धी नीति तथा योजना,

(घ) सञ्चालकको नाम तथा बाँकी कार्यावधिको सूची,

(ङ) साधारण सभाको बैठक सम्बन्धी जानकारी,

(च) शेयर सदस्य संख्या र शेयर पूँजी,

(छ) सञ्चालक वा सदस्यले लिएको ऋण तिर्न बाँकि रहेको रकम,

(ज) दर्ता गर्ने अधिकारीले समय समयमा तोकिदिएको अन्य विवरण।

## परिच्छेद – ११
## लेखा र लेखापरीक्षण

**५३. कारोबारको लेखा:** संस्थाको कारोबारको लेखा दोहोरो लेखा प्रणालीमा आधारित र कारोबारको यथार्थ स्थिति स्पष्ट रुपमा देखिने गरी संघीय कानून बमोजिम रजिष्ट्रारले लागू गरेको लेखामान (एकाउन्टिङ स्ट्याण्डर्ड) र यस ऐन बमोजिम पालना गर्नुपर्ने अन्य शर्त तथा व्यवस्था बमोजिम राख्नु पर्नेछ।

**५४. लेखापरीक्षण:**

(१) संस्थाले प्रत्येक आर्थिक वर्षको लेखापरीक्षण सो आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्र प्रचलित कानून बमोजिम इजाजतपत्र प्राप्त र महानगरमा सूची अद्यावधिक भएका लेखापरीक्षकद्वारा गराउनु पर्नेछ। यस प्रयोजनको लागि महानगरले लेखापरीक्षकहरुको सूची अद्यावधिक गर्नेछ।

(२) उपदफा (१) बमोजिमको अवधिभित्र कुनै संस्थाले लेखापरीक्षण नगराएको पाइएमा दर्ता गर्ने अधिकारीले त्यस्तो संस्थाको लेखा परीक्षण इजाजतपत्र प्राप्त लेखापरीक्षकबाट गराउन सक्नेछ।

(३) उपदफा (२) बमोजिम लेखापरीक्षण गराउँदा लेखापरीक्षकलाई दिनुपर्ने पारिश्रमिक लगायतको रकम सम्बन्धित संस्थाले व्यहोर्नेछ।

(४) उपदफा (१) वा (२) बमोजिम लेखापरीक्षकले गरेको लेखापरीक्षण प्रतिवेदन अनुमोदनको लागि साधारण सभा समक्ष पेश गर्नु पर्नेछ।

(५) उपदफा (४) बमोजिम पेश भएको लेखापरीक्षण प्रतिवेदन साधारण सभाबाट अनुमोदन हुन नसकेमा पुनः लेखापरीक्षणको लागि साधारण सभाले दफा ५५ को अधीनमा रही अर्को लेखापरीक्षक नियुक्त गर्नेछ।

**५५. लेखापरीक्षकको नियुक्तिः**

(१) संस्थाको लेखापरीक्षण सम्बन्धी कार्य गर्न प्रचलित कानून बमोजिम इजाजतपत्र प्राप्त लेखापरीक्षकहरू मध्येबाट साधारणसभाले एकजना लेखापरीक्षक नियुक्ति गरी पारिश्रमिक समेत तोक्नेछ।

(२) उपदफा (१) बमोजिम लेखापरीक्षक नियुक्त गर्दा एउटै व्यक्ति, फर्म वा कम्पनीलाई लगातार तीन आर्थिक वर्षभन्दा बढी हुने गरी नियुक्त गर्न सकिने छैन।

**५६. लेखापरीक्षकमा नियुक्त हुन नसक्नेः**

(१) देहायका व्यक्ति लेखापरीक्षकमा नियुक्त हुन तथा नियुक्त भइसकेको भए सो पदमा बहाल रहन सक्नेछैन :-

(क) सहकारी संस्थाको सञ्चालक,

(ख) सम्बन्धित संस्थाको सदस्य,

(ग) सहकारी संस्थाको नियमित पारिश्रमिक पाउने गरी नियुक्त सल्लाहकार वा कर्मचारी,

(घ) लेखापरीक्षण सम्बन्धी कसूरमा सजाय पाएको तीन वर्षको अवधि भुक्तान नभएको,

(ङ) दामासाहीमा परेको,

(च) भ्रष्टाचार, ठगी वा नैतिक पतन हुने अन्य फौजदारी कसूरमा सजायँ पाएको पाँच वर्ष भुक्तान नभएको,

(ज) सम्बन्धित संस्थासँग स्वार्थ बाझिएको व्यक्ति।

(२) लेखापरीक्षकले आफू नियुक्त हुनुअघि उपदफा (१) बमोजिम अयोग्य नभएको कुराको संस्था समक्ष स्वघोषणा गर्नुपर्नेछ।

(३) कुनै लेखापरीक्षक आफ्नो कार्यकाल समाप्त नहुँदै कुनै संस्थाको लेखापरीक्षण गर्न अयोग्य भएमा वा संस्थाको लेखापरीक्षकको पदमा कायम रहन नसक्ने स्थिति उत्पन्न भएमा निजले लेखापरीक्षण गर्नुपर्ने वा गरिरहेको काम तत्काल रोकी सो कुराको जानकारी लिखित रुपमा संस्थालाई दिनु पर्नेछ।

(४) यस दफाको प्रतिकूल हुनेगरी नियुक्त भएको लेखापरीक्षकले गरेको लेखापरीक्षण मान्य हुने छैन।

## परिच्छेद – १२
## छुट, सुविधा र सहुलियत

**५७. छुट, सुविधा र सहुलियतः**

(१) संस्थालाई प्राप्त हुने छुट, सुविधा र सहुलियत संघीय कानुन बमोजिम हुनेछ।

(२) उपदफा (१) मा उल्लेखित छुट, सुविधा र सहुलियत बाहेक संस्थालाई प्राप्त हुने अन्य छुट, सुविधा र सहुलियत तोकिए बमोजिम हुनेछ।

## परिच्छेद–१३
## ऋण असुली तथा बाँकी बक्यौता

**५८. ऋण असूल गर्नेः**

(१) कुनै सदस्यले संस्थासँग गरेको ऋण सम्झौता वा शर्त कबुलियतको पालना नगरेमा, लिखतको भाखा भित्र ऋणको सावाँ, ब्याज र हर्जाना चुक्ता नगरेमा वा ऋण लिएको रकम सम्बन्धित काममा नलगाई हिनामिना गरेको देखिएमा त्यस्तो सदस्यले ऋण लिंदा राखेको धितोलाई सम्बन्धित संस्थाले आफ्नो जिम्मामा लिनेछ। संस्थाले धितो सकार गरी जिम्मा लिएको मितिदेखि १ वर्षभित्र ऋणीले साँवा ब्याज र हर्जाना भुक्तान गरी धितो बापतको सम्पत्ति फिर्ता लिन सक्नेछ। सो अबधि भित्र पनि ऋणीले ऋणको सावाँ, ब्याज र हर्जाना चुक्ता नगरेमा संस्थाले  लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी आफ्नो साँवा, ब्याज र हर्जाना असूल उपर गर्न सक्नेछ।

(२) कुनै सदस्यले संस्थामा राखेको धितो कुनै किसिमले कसैलाई हक छोडिदिएमा वा अन्य कुनै कारणबाट त्यस्तो धितोको मूल्य घट्न गएमा त्यस्तो ऋणीलाई निश्चित म्याद दिई थप धितो सुरक्षण राख्न लगाउन सकिनेछ।

(३) उपदफा (२) बमोजिम ऋणीले थप धितो नराखेमा वा उपदफा (१) वा (२) बमोजिमको धितोबाट पनि साँवा, ब्याज र हर्जानाको रकम असूल उपर हुन नसकेमा त्यस्तो ऋणीको हक लाग्ने अन्य जायजेथाबाट पनि साँवा, ब्याज र हर्जाना असूल उपर गर्न सकिनेछ।

(४) यस दफा बमोजिम साँवा, ब्याज र हर्जना असूल उपर गर्दा लागेको खर्चको रकम तथा असूल उपर भएको साँवा, व्याज र हर्जानाको रकम कट्टा गरी बाँकी रहन आएको रकम सम्बन्धित ऋणीलाई फिर्ता दिनु पर्नेछ।

(५) यस दफा बमोजिम कुनै संस्थाले ऋणीको धितो वा अन्य जायजेथा लिलाम बिक्री गर्दा लिलाम सकार्ने व्यक्तिको नाममा सो धितो वा जायजेथा प्रचलित कानून बमोजिम रजिष्ट्रेशन वा दाखिल खारेज गर्नको लागि सम्बन्धित कार्यालयमा लेखी पठाउनेछ र सम्बन्धित कार्यालयले पनि सोही बमोजिम रजिष्ट्रेशन वा दाखिल खारेज गरी सोको जानकारी सम्बन्धित संस्थालाई दिनु पर्नेछ।

(६) यस दफा बमोजिम धितो राखेको सम्पत्ति लिलाम बिक्री गर्दा कसैले सकार नगरेमा त्यस्तो सम्पत्ति सम्बन्धित संस्था आफैंले सकार गर्न सक्नेछ।

(७) उपदफा (६) बमोजिम आफैंले सकार गरेमा त्यस्तो सम्पत्ति सम्बन्धित संस्थाको नाममा रजिष्ट्रेशन वा दाखिल खारेज गर्न सम्बन्धित कार्यालयमा लेखी पठाउनेछ र त्यसरी लेखी आएमा सम्बन्धित कार्यालयले सोही बमोजिम रजिष्ट्रेशन वा दाखिल खारेज गरी दिनु पर्नेछ।

**५९. कालो सूची सम्बन्धी व्यवस्था:** संस्थाबाट ऋण लिई रकमको अपचलन गर्ने वा तोकिएको समयावधिभित्र ऋणको साँवा व्याज फिर्ता नगर्ने व्यक्तिको नाम नामेशी सहित कालोसूची प्रकाशन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुनेछ।

**६०. कर्जा सूचना केन्द्र सम्बन्धी व्यवस्था:** कर्जा सूचना केन्द्र सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुनेछ।

**६१ बाँकी बक्यौता असूल उपर गर्ने:** कसैले संस्थालाई तिर्नु बुझाउनु पर्ने रकम नतिरी बाँकी राखेमा त्यस्तो रकम र सोको ब्याज समेत सहकारी संस्थाको नियमानुसार आफै वा दर्ता गर्ने अधिकारीले त्यस्तो व्यक्तिको जायजेथाबाट असूल उपर गरिदिन सक्नेछ।

**६२. रोक्का राख्न लेखी पठाउने:**

(१) संस्था वा दर्ता गर्ने अधिकारीले दफा ५८ र ६१ को प्रयोजनको लागि कुनै व्यक्तिको खाता, जायजेथाको स्वामित्व हस्तान्तरण, नामसारी वा बिक्री गर्न नपाउने गरी रोक्का राख्न सम्बन्धित निकायमा लेखी पठाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम रोक्काको लागि लेखी आएमा सम्बन्धित निकायले प्रचलित कानून बमोजिम त्यस्तो व्यक्तिको खाता, जायजेथाको स्वामित्व हस्तान्तरण, नामसारी वा बिक्री गर्न नपाउने गरी रोक्का राखिदिनु पर्छ।

**६३. अग्राधिकार रहने:** कुनै व्यक्तिले संस्थालाई तिर्नु पर्ने ऋण वा अन्य कुनै दायित्व नतिरेमा त्यस्तो व्यक्तिको जायजेथामा नेपाल सरकारको कुनै हक दाबी भए त्यसको लागि रकम छुट्टाई बाँकि रहन आएको रकममा संस्थाको अग्राधिकार रहनेछ।

**६४. कार्यवाही गर्न बाधा नपर्ने:** संस्थाले ऋण असुली गर्ने सम्बन्धमा कुनै व्यक्ति वा सहकारी संस्था उपर चलाएको कुनै कारवाहीका कारणबाट त्यस्तो व्यक्ति वा संस्था उपर यस ऐन तथा प्रचलित कानून बमोजिमको कुनै कसूरमा कारवाही चलाउन रोक लगाएको मानिने छैन।

## परिच्छेद– १४
## एकीकरण, विघटन तथा दर्ता खारेज

**६५. एकीकरण सम्बन्धी व्यबस्था:**

(१) यस ऐनको अधिनमा रही दुई वा दुईभन्दा बढी संस्थाहरु एक आपसमा गाभी एकीकरण गर्न सकिनेछ।

(२) उपदफा (१) बमोजिम एकीकरण गर्दा सम्बन्धित संस्थाको कूल कायम रहेका सदस्य संख्याको दुई तिहाई बहुमतबाट निर्णय हुनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम एकीकरण गर्ने निर्णय गर्दा एकीकरण शर्त र कार्यविधि तोकिए बमोजिम हुनेछ।

**६६. विघटन र दर्ता खारेज:**

(१) कुनै संस्थामा देहायको अवस्था विद्यमान भएमा साधारण सभाको तत्काल कायम रहेका दुई तिहाई बहुमत सदस्यको निर्णयबाट त्यस्तो संस्थाको विघटन गर्ने निर्णय गरी दर्ता खारेजीको स्वीकृतिका लागि समितिले दर्ता गर्ने अधिकारी समक्ष निवेदन दिन सक्नेछ :–

(क) विनियममा उल्लिखित उद्देश्य तथा कार्य हासिल गर्न सम्भव नभएमा,

(ख) सदस्यको हित गर्न नसक्ने भएमा।

(२) उपदफा (१) बमोजिम प्राप्त निवेदनमा छानविन गर्दा त्यस्तो संस्थाको विघटन गर्न उपयुक्त देखिएमा दर्ता गर्ने अधिकारीले त्यस्तो संस्थाको दर्ता खारेज गर्न सक्नेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि दर्ता गर्ने अधिकारीले देहायको अवस्थामा मात्र संस्थाको दर्ता खारेज गर्न सक्नेछ :–

(क) लगातार दुई वर्षसम्म कुनै कारोबार नगरी निष्कृय रहेको पाइएमा,

(ख) कुनै संस्थाले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमावली विपरितको कार्य बारम्बार गरेमा,

(ग) विनियममा उल्लिखित उद्देश्य विपरित कार्य गरेमा,

(घ) सहकारी मूल्य, मान्यता र सिद्धान्त विपरित कार्य गरेमा।

(४) उपदफा (२) वा (३) बमोजिम दर्ता खारेज गर्नु अघि दर्ता गर्ने अधिकारीले त्यस्तो संस्थालाई सुनुवाईको लागि पन्ध्र दिनको समय दिनु पर्नेछ।

(५) उपदफा (२) वा (३) बमोजिम संस्थाको दर्ता खारेज भएमा त्यस्तो संस्था विघटन भएको मानिनेछ।

(६) उपदफा (२) वा (३) बमोजिम संस्थाको दर्ता खारेजी भएमा त्यस्तो संस्थाको दर्ता प्रमाणपत्र स्वतः रद्द भएको मानिनेछ।

**६७. लिक्वीडेटरको नियुक्ति:**

(१) दफा ६६ बमोजिम कुनै संस्थाको दर्ता खारेज भएमा दर्ता गर्ने अधिकारीले लिक्वीडेटर नियुक्त गर्नेछ।

(२) उपदफामा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि संघीय कानुनमा तोकिएको सीमा सम्मको सम्पत्ति भएको संस्थाको हकमा दर्ता गर्ने अधिकारीले कुनै अधिकृतस्तरका कर्मचारीलाई लिक्वीडेटर नियुक्ति गर्न सक्नेछ।

**६८. लिक्वीडेशन पछिको सम्पतिको उपयोग:** कुनै संस्थाको लिक्वीडेशन पश्चात् सबै दायित्व भुक्तान गरी बाँकी रहन गएको सम्पत्तिको उपयोग संघीय कानुनमा तोकिए बमोजिम हुनेछ।

## परिच्छेद –१५
## दर्ता गर्ने अधिकारी

**६९. दर्ता गर्ने अधिकारी:**

(१) यस ऐन अन्तर्गत दर्ता गर्ने अधिकारीले गर्नुपर्ने कार्यहरू भरतपुर महानगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतले गर्नेछ।

(२) उपदफा (१) बमोजिमको दर्ता गर्ने अधिकारीले यस ऐन बमोजिम आफूमा रहेको कुनै वा सम्पूर्ण अधिकार आफू मातहतको कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

**७०. काम, कर्तव्य र अधिकार:** यस ऐनमा अन्यत्र उल्लिखित काम, कर्तव्य तथा अधिकारको अतिरिक्त दर्ता गर्ने अधिकारीको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

## परिच्छेद –१६
## निरीक्षण तथा अनुगमन

**७१. निरीक्षण तथा अभिलेख जाँच गर्ने:**

(१) दर्ता गर्ने अधिकारीले संस्थाको जुनसुकै वखत निरीक्षण तथा अभिलेख परीक्षण गर्न, गराउन सक्नेछ । यस प्रयोजनको लागि दर्ता गर्ने अधिकारीले आवश्यक अभिलेख, विवरण वा सूचनाहरू संस्थाबाट झिकाई निरीक्षण तथा सुपरीवेक्षण गर्न सक्नेछ ।

(२) नेपाल राष्ट्र बैङ्कले जुनसुकै बखत तोकिएको भन्दा बढी आर्थिक कारोवार गर्ने संस्थाको हिसाव किताव वा वित्तीय कारोवारको निरीक्षण वा जाँच गर्न, गराउन सक्नेछ ।

(३) उपदफा (२) को प्रयोजनको लागि नेपाल राष्ट्र बैङ्कले आफ्ना कुनै अधिकारी वा विशेषज्ञ खटाई आवश्यक विवरण वा सूचनाहरू संस्थाबाट झिकाई निरीक्षण तथा सुपरीवेक्षण गर्न सक्नेछ ।

(४) उपदफा (१) वा (२) बमोजिम निरीक्षण वा हिसाब जाँच गर्दा दर्ता गर्ने अधिकारी वा नेपाल राष्ट्र बैङ्कको अधिकार प्राप्त अधिकृतले माग गरेको जानकारी सम्बन्धित संस्थाले उपलब्ध गराउनु पर्नेछ ।

(५) उपदफा (१) वा (२) बमोजिम निरीक्षण वा हिसाब जाँच गर्दा कुनै संस्थाको कामकारबाही यो ऐन, यस ऐन अन्तर्गत बनेको नियम, निर्देशिका, मापदण्ड वा कार्यविधि बमोजिम भएको नपाइएमा दर्ता गर्ने अधिकारी वा नेपाल राष्ट्र बैङ्कले सम्बन्धित संस्थालाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु त्यस्तो संस्थाको कर्तव्य हुनेछ ।

(६) नेपाल राष्ट्र बैङ्कले यस दफा बमोजिम संस्थाको निरीक्षण तथा सुपरीवेक्षण गर्दा नेपाल राष्ट्र बैङ्कले प्रचलित कानून बमोजिमको अधिकार प्रयोग गर्न सक्नेछ ।

(७) यस दफा बमोजिम संस्थाको निरीक्षण तथा सुपरीवेक्षण गर्दा प्राप्त हुन आएको जानकारी नेपाल राष्ट्र बैङ्कले भरतपुर महानगरपालिका, नगर कार्यपालिकालाई उपलब्ध गराउनु पर्नेछ ।

(८) संस्थाको निरीक्षण तथा अनुगमन मूल ऐन बमोजिम सम्बन्धित निकायहरु, संघहरु, नेपाल राष्ट्र बैक वा तोकिए बमोजिमको संयन्त्रबाट हुनेछ ।

(९) एक भन्दा बढी स्थानीय तह कार्यक्षेत्र भएका संस्थाहरुको अनुगमन महानगरको एकल वा संयुक्त अनुगमन संयन्त्रले गर्ने छ ।

**७२. छानविन गर्न सक्ने:**

(१) कुनै संस्थाको व्यवसायिक कारोबार सन्तोषजनक नभएको, सदस्यको हित विपरित काम भएको वा सो संस्थाको उद्देश्य विपरित कार्य गरेको भनी त्यस्तो संस्थाको कम्तीमा पाँच प्रतिशत सदस्यले छानविनको लागि निवेदन दिएमा दर्ता गर्ने अधिकारीले त्यस्तो संस्थाको छानविन गर्न, गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम छानिवन गर्दा माग गरेको विवरण वा कागजात उपलब्ध गराई सहयोग गर्नु सम्बन्धित समितिको कर्तव्य हुनेछ ।

(३) उपदफा (१) वा (२) बमोजिम गरिएको छानविनको जानकारी सम्बन्धित संस्थालाई लिखित रुपमा दिनु पर्नेछ ।

**७३. बचत तथा ऋणको कारोबार गर्ने संस्थाको निरीक्षण तथा अनुगमन सम्बन्धी विशेष व्यवस्था:**

(१) बचत तथा ऋणको मुख्य कारोबार गर्ने संस्थाले तोकिए बमोजिम अनुगमन प्रणाली अवलम्बन गर्नु पर्नेछ ।

(२) दर्ता गर्ने अधिकारीले बचत तथा ऋणको कारोबार गर्ने संस्थाको तोकिए बमोजिमको अनुगमन प्रणालीमा आधारित भई निरीक्षण तथा अनुगमन गर्नेछ ।

(३) उपदफा (२) बमोजिम संस्थाको निरीक्षण तथा अनुगमन दर्ता गर्ने अधिकारीले आवश्यकता अनुसार नेपाल राष्ट्र बैङ्क लगायतका अन्य निकायको सहयोग लिन सक्नेछ ।

**७४. वार्षिक प्रतिवेदन पेश गर्नुपर्ने:**

(१) दर्ता गर्ने अधिकारीले आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिना भित्र संस्थाको निरीक्षण सम्बन्धी वार्षिक प्रतिवेदन भरतपुर

महानगरपालिका, नगर कार्यपालिका समक्ष पेश गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदनमा देहायका विवरणहरू खुलाउनु पर्नेछः–

(क) सञ्चालनमा रहेका संस्थाको विवरण,

(ख) अनुगमन गरिएका संस्थाको संख्या तथा आर्थिक कारोवारको विवरण,

(ग) संस्थामा सहकारी सिद्धान्त र यो ऐन, यस ऐन अन्तर्गत बनेको नियम, विनियम तथा आन्तरिक कार्यविधिको पालनाको अवस्था,

(घ) संस्थाका सदस्यले प्राप्त गरेको सेवा सुविधाको अवस्था,

(ङ) संस्थाको क्रियाकलापमा सदस्यको सहभागिताको स्तर अनुपात,

(च) संस्थालाई भरतपुर महानगरपालिकाबाट प्रदान गरिएको वित्तीय अनुदान तथा छुट सुविधाको सदुपयोगिताको अवस्था,

(छ) संस्थाको आर्थिक क्रियाकलाप तथा वित्तीय अवस्था सम्बन्धी तोकिए बमोजिमका विवरण,

(ज) संस्थामा आन्तरिक नियन्त्रण प्रणालीको अवस्था,

(झ) संस्थामा सुशासन तथा जिम्मेवारीको अवस्था,

(ञ) संस्थामा रहेका कोषको विवरण,

(ट) संरक्षित पूँजी फिर्ता कोष वितरणको अवस्था,

(ठ) सहकारीको नीति निर्माणमा सहयोग पुग्ने आवश्यक कुराहरू,

(ड) सहकारी संस्थाको दर्ता, खारेजी तथा विघटन सम्बन्धी विवरण,

(ढ) संस्थाले सञ्चालन गरेको दफा १२ बमोजिमको कारोवार, व्यवसाय, उद्योग वा परियोजनाको विवरण,

(ण) तोकिए बमोजिमका अन्य विवरण।

**७५. आपसी सुरक्षण सेवा संचालन सम्बन्धी व्यवस्थाः**

(१) संस्थाले संघीय कानुनमा व्यवस्था भए बमोजिम आफ्ना सदस्यहरुको जिउधन, बालीनाली वा वस्तुभाउमा भएको क्षतिको अंशपूर्ति गर्ने गरी आपसी सुरक्षण सेवा संचालन गर्न सक्नेछ।

**७६. स्थिरीकरण कोष सम्बन्धी व्यवस्थाः**

(१) बचत तथा ऋण विषयगत संस्थाहरू सम्भावित जोखिमबाट संरक्षणका लागि संघीय कानुनमा व्यवस्था भए बमोजिम खडा हुने स्थिरीकरण कोषमा सहभागी हुनपर्नेछ।

## परिच्छेद –१७
## समस्याग्रस्त संस्थाको व्यवस्थापन

**७७. संस्था समस्याग्रस्त भएको घोषणा गर्न सकिने:**

(१) यस ऐन बमोजिम गरिएको निरीक्षण वा हिसाब जाँचबाट कुनै संस्थामा देहायको अवस्था विद्यमान रहेको देखिएमा कार्यपालिकाले त्यस्तो संस्थालाई समस्याग्रस्त संस्थाको रुपमा घोषणा गर्न सक्नेछः-

(क) सदस्यको हित विपरित हुने गरी कुनै कार्य गरेको,

(ख) संस्थाले पूरा गर्नुपर्ने वित्तीय दायित्व पूरा नगरेको वा भुक्तानी गर्नुपर्ने दायित्व भुक्तानी गर्न नसकेको वा भुक्तानी गर्न नसक्ने अवस्था भएको,

(ग) सदस्यहरूको बचत निर्धारित शर्त बमोजिम फिर्ता गर्न नसकेको,

(घ) यो ऐन, यस ऐन अन्तर्गत बनेको नियम तथा विनियम विपरित हुने गरी संस्था सञ्चालन भएको,

(ङ) संस्था दामासाहीमा पर्नसक्ने अबस्थामा भएको वा उल्लेखनीय रुपमा गम्भीर आर्थिक कठिनाई भोगि रहेको,

(च) कुनै संस्थाले सदस्यको बचत रकम फिर्ता गर्नु पर्ने अवधिमा फिर्ता नगरेको भनी त्यस्तो संस्थाका कम्तीमा बीस प्रतिशत वा बीस जना मध्ये जुन कम हुन्छ सो वरावरका सदस्यहरूले दर्ता गर्ने अधिकारी समक्ष निवेदन दिएकोमा छानविन गर्दा खण्ड (क) देखि (ङ) सम्मको कुनै अवस्था विद्यमान भएको देखिएको।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रचलित कानून बमोजिम गठन गरेको आयोगले कुनै संस्थालाई समस्याग्रस्त संस्था घोषणा गर्न सिफारिस गरेमा वा समस्याग्रस्त भनी पहिचान गरेकोमा वा त्यस्तो आयोगमा परेको उजुरी संख्या, औचित्य समेतको आधारमा कार्यपालिकाले त्यस्तो संस्थालाई समस्याग्रस्त संस्था घोषणा गर्न सक्ने छ।

**७८. व्यवस्थापन समितिको गठन:**

(१) दफा ७७ बमोजिम समस्याग्रस्त संस्था घोषणा भएकोमा त्यस्तो संस्थाको सम्पत्ति व्यवस्थापन तथा दायित्व भुक्तानी सम्बन्धी कार्यका लागि व्यवस्थापन समितिको गठन गर्न दर्ता गर्ने अधिकारीले कार्यपालिका समक्ष सिफारिस गर्नेछ।

(२) उपदफा (१) बमोजिम सिफारिस भई आएमा कार्यपालिकाले देहाय वमोजिम व्यवस्थापन समितिको गठन गर्न सक्ने छ।

(क) सम्बन्धित क्षेत्रमा विज्ञता हासिल गरेको वा योगदान गरेको वा कानुनी क्षेत्रमा अनुभव प्राप्त गरेको मध्येबाट एक– अध्यक्ष।

(ख) महानगर न्यायिक समितिले तोकेको १ जना सदस्य।

(ग) सहकारी विकास समितिले सिफारिस गरेको २ जना सदस्य।

(घ) दर्ता गर्ने अधिकारी सदस्य–सचिव।

(३) उपदफा (२) बमोजिम गठित व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

## परिच्छेद–१८
## कसूर, दण्ड जरिवाना तथा पुनराबेदन

**७९. कसूर गरेको मानिने :** कसैले देहायको कुनै कार्य गरेमा यस ऐन अन्तर्गतको कसूर गरेको मानिनेछ।

(क) दर्ता नगरी वा खारेज भएको संस्था सञ्चालन गरेमा वा कुनै व्यक्ति, फर्म वा कम्पनीले आफ्नो नाममा सहकारी शब्द वा सो शब्दको अंग्रेजी रुपान्तरण राखी कुनै कारोबार, व्यवसाय, सेवा प्रवाह वा अन्य कुनै कार्य गरेमा,

(ख) सदस्यको बचत यस ऐन र यस ऐन अन्तर्गत बनेको नियम, विनियम बमोजिम बाहेक अन्य कुनै पनि प्रयोजनको लागि प्रयोग गरेमा,

(ग) तोकिएको भन्दा बढी रकम ऋण प्रदान गर्दा जमानत वा सुरक्षण नराखी ऋण प्रदान गरेमा,

(घ) समितिको सदस्य, व्यवस्थापक वा कर्मचारीले संस्थाको सम्पत्ति, बचत वा शेयर रकम हिनामिना गरेमा,

(ङ) ऋण असूल हुन नसक्ने गरी समितिका कुनै सदस्य, निजको नातेदार वा अन्य व्यक्ति वा कर्मचारीलाई ऋण दिई रकम हिनामिना गरेमा,

(च) समितिका कुनै सदस्यले एक्लै वा अन्य सदस्यको मिलोमतोमा संस्थाको शेयर वा बचत रकम आफू खुशी परिचालन गरी संस्थालाई हानी नोक्सानी पुऱ्याएमा,

(छ) झुट्टा वा गलत विवरण पेश गरी कर्जा लिएमा, राखेको धितो कच्चा भएमा वा ऋण हिनामिना गरेमा,

(ज) संस्थाले यस ऐन र यस ऐन अन्तर्गत बनेका नियम, विनियम विपरित लगानी गरेमा वा लगानी गर्ने उद्देश्यले रकम उठाएमा,

(झ) कृत्रिम व्यवसाय खडा गरी वा गराई ऋण लिएमा वा दिएमा,

(ञ) धितोको अस्वाभाविक रुपमा बढी मूल्याङ्कन गरी ऋण लिएमा वा दिएमा,

(ट) झुट्टा विवरणको आधारमा परियोजनाको लागत अस्वाभाविक रुपमा बढाई बढी ऋण लिएमा वा दिएमा,

(ठ) कुनै व्यक्ति वा संस्थालाई एक पटक दिइसकेको सुरक्षण रीतपूर्वक फुकुवा नभई वा सो सुरक्षणले खामेको मूल्यभन्दा बढी हुनेगरी सोही सुरक्षण अन्य संस्थामा राखी पुनः ऋण लिए वा दिएमा,

(ड) संस्थाबाट जुन प्रयोजनको लागि ऋण सुविधा लिएको हो सोही प्रयोजनमा नलगाई अन्यत्र प्रयोग गरे वा गराएमा,

(ढ) संस्थाको कुनै कागजात वा खातामा लेखिएको कुनै कुरा कुनै तरिकाले हटाइ वा उडाइ अर्कै अर्थ निस्कने व्यहोरा पारी मिलाई लेख्ने वा अर्को भिन्नै श्रेस्ता राख्ने जस्ता काम गरेबाट आफूलाई वा अरु कसैलाई फाइदा वा हानि नोक्सानी गर्ने उद्देश्यले कीर्ते गर्न वा अर्काको हानी नोक्सानी गर्ने उद्देश्यले नगरे वा नभएको झुट्टा कुरा गरे वा भएको हो भनी वा मिति, अङ्क वा व्यहोरा फरक पारी सहीछाप गरी गराई कागजात बनाई वा बनाउन लगाई जालसाजी गरे वा गराएमा,

(ण) ऋणको धितो स्वरुप राखिने चल अचल सम्पत्ति लिलाम बिक्री वा अन्य प्रयोजनको लागि मूल्याङ्कन गर्दा मूल्याङ्कनकर्ताले बढी, कम वा गलत मूल्याङ्कन गरी संस्थालाई हानी नोक्सानी पुऱ्याउने कार्य गरे वा गराएमा,

(त) संस्थालाई हानी नोक्सानी पुऱ्याउने उद्देश्यले कसैले कुनै काम गराउन वा नगराउन, मोलाहिजा गर्न वा गराउन, कुनै किसिमको रकम लिन वा दिन, बिना मूल्य वा कम मूल्यमा कुनै माल, वस्तु वा सेवा लिन वा दिन, दान, दातव्य, उपहार वा चन्दा लिन वा दिन, गलत लिखत तयार गर्न वा गराउन, अनुवाद गर्न वा गराउन वा गैरकानूनी लाभ वा हानी पुऱ्याउने बदनियतले कुनै कार्य गरे वा गराएमा,

(थ) कुनै संस्था वा सोको सदस्य वा बचतकर्ता वा ती मध्ये कसैलाई हानी नोक्सानी पुग्ने गरी लेखापरीक्षण गरे गराएमा वा लेखापरीक्षण गरेको झुट्टो प्रतिवेदन तयार पारेमा वा पार्न लगाएमा ।

**८०. सजायः**

(१) कसैले दफा ७९ को कसूर गरेमा देहाय बमोजिमको सजाय हुनेछ :-

(क) खण्ड (क), (ग), (ड) र (थ) को कसूरमा एक बर्षसम्म कैद र एक लाख रुपैँयासम्म जरिवाना,

(ख) खण्ड (ठ) को कसूरमा दुई बर्षसम्म कैद र दुई लाख रुपैँयासम्म जरिवाना,

(ग) खण्ड (ख) को कसूरमा विगो बराबरको रकम जरिवाना गरी तीन बर्ष सम्म कैद ,

(घ) खण्ड (घ), (ङ), (च), (छ), (ज), (झ), (ञ), (ट), (ण) र (त) को कसूरमा विगो भराई विगो बमोजिम जरिवाना गरी देहाय बमोजिमको कैद हुनेछ :-

(१) दश लाख रुपैयाँसम्म बिगो भए एक वर्षसम्म कैद,

(२) दश लाख रुपैयाँभन्दा बढी पचास लाख रुपैयाँसम्म बिगो भए दुई वर्षदेखि तीन वर्षसम्म कैद,

(३) पचास लाख रुपैयाँभन्दा बढी एक करोड रुपैयाँसम्म बिगो भए तीन वर्षदेखि चार वर्षसम्म कैद,

(४) एक करोड रुपैयाँभन्दा बढी दश करोड रुपैयासम्म बिगो भए चार वर्षदेखि छ वर्षसम्म कैद,

(५) दश करोड रुपैंयाँभन्दा बढी एक अर्ब रुपैयाँसम्म बिगो भए छ वर्षदेखि आठ वर्षसम्म कैद,

(६) एक अर्ब रुपैयाँभन्दा बढी जतिसुकै रुपैयाँ बिगो भए पनि आठ वर्षदेखि दश वर्षसम्म कैद,

(ङ) खण्ड (ढ) को कसूरमा दश बर्षसम्म कैद ।

(२) दफा ७९ को कसूर गर्न उद्योग गर्ने वा त्यस्तो कसूर गर्न मद्दत पुऱ्याउने व्यक्तिलाई मुख्य कसूरदारलाई हुने सजायको आधा सजाय हुनेछ ।

(३) दफा ७९ को कसूर गर्ने वा त्यस्तो कसूर गर्न मद्दत पुऱ्याउनु कुनै निकाय संस्था भए त्यस्तो निकाय संस्थाको प्रमुख कार्यकारी वा पदाधिकारी वा कार्यकारी हैसियतमा कार्य सम्पादन गर्ने व्यक्तिलाई यस ऐन बमोजिम हुने सजाय हुनेछ ।

**८१. जरिवाना हुने :**

(१) दफा ८७ बमोजिम कसैको उजूरी परी वा संस्थाको निरीक्षण अनुगमन वा हिसाब किताबको जाँच गर्दा वा अन्य कुनै व्यहोराबाट

कसैले देहायको कुनै कार्य गरेको पाइएमा दर्ता गर्ने अधिकारीले त्यस्तो कार्यको प्रकृति र गाम्भीर्यताको आधारमा त्यस्तो कार्य गर्ने व्यक्तिलाई पाँच लाख रुपैँयासम्म जरिवाना गर्नेछ :-

(क) यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियम विपरित सदस्यसँग ब्याज लिएमा,

(ख) संस्थाले प्रदान गर्ने बचत र ऋणको ब्याजदर बीचको अन्तर छ प्रतिशत भन्दा बढी कायम गरेमा,

(ग) संस्थाले प्रदान गरेको ऋणमा लाग्ने ब्याजलाई मूल कर्जामा पूँजीकृत गरी सोको आधारमा ब्याज लगाएमा,

(घ) कुनै सदस्यलाई आफ्नो पूँजीकोषको तोकिए बमोजिमको प्रतिशत भन्दा बढी हुने गरी ऋण प्रदान गरेमा,

(ङ) संस्था दर्ता गर्दाका बखतका सदस्य बाहेक अन्य सदस्यलाई सदस्यता प्राप्त गरेको तीन महिना अवधि व्यतित नभई ऋण लगानी गरेमा,

(च) प्राथमिक पूँजी कोषको दश गुणा भन्दा बढी हुनेगरी बचत संकलन गरेमा,

(छ) शेयर पूँजीको १८ प्रतिशत भन्दा बढी शेयर लाभांश वितरण गरेमा,

(ज) संस्थाले आफ्नो कार्यक्षेत्र बाहिर गई कारोबार गरेमा वा गैर सदस्यसँग कारोवार गरेमा,

(झ) संस्थाले यो ऐन विपरीत कृत्रिम व्यक्तिलाई आफ्नो सदस्यता दिएमा।

(२) उपदफा (१) मा लेखिएको व्यहोराबाट कसैले देहायको कुनै कार्य गरेको दर्ता गर्ने अधिकारीले त्यस्तो कार्यको प्रकृति र गाम्भीर्यको आधारमा त्यस्तो कार्य गर्ने व्यक्तिलाई तीन लाख रुपैयाँसम्म जरिवाना गर्न सक्नेछः-

(क) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम दिएको कुनै निर्देशन वा तोकिएको मापदण्डको पालना नगरेमा,

(ख) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम दिनुपर्ने कुनै विवरण, कागजात, प्रतिबेदन, सूचना वा जानकारी नदिएमा,

(ग) यस ऐन बमोजिम निर्वाचन नगरी समिति तथा लेखा सुपरीवेक्षण समितिका पदाधिकारीहरु आफू खुशी परिवर्तन गरेमा

(घ) कुनै संस्थाले दफा ६ को उपदफा (४) बमोजिमको तोकिएको शर्त पालन नगरेमा,

(ङ) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरित अन्य कार्य गरेमा।

(३) उपदफा (१) वा (२) बमोजिमको जरिवाना गर्नु अघि दर्ता गर्ने अधिकारीले सम्बन्धित व्यक्ति वा संस्थालाई सफाई पेश गर्न कम्तिमा पन्ध्र दिनको समयावधि दिनु पर्नेछ।

**८२. रोक्का राख्ने:**

(१) दर्ता गर्ने अधिकारीले सम्बन्धित संस्थालाई दफा ८१बमोजिम जरिवाना गर्नुका अतिरिक्त तीन महिनासम्म त्यस्तो संस्थाको कारोबार, सम्पति तथा बैङ्क खाता रोक्का राख्ने तथा सम्पत्ति रोक्का राख्न सम्बन्धित निकायलाई सिफारिस गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको सिफारिस प्राप्त भएमा त्यस्तो संस्थाको कारोबार, सम्पति वा बैङ्क खाता रोक्का राखी सो को जानकारी दर्ता गर्ने अधिकारीलाई दिनु पर्नेछ।

**८३. दोब्बर जरिवाना हुने:**

(१) दफा ८१ बमोजिम जरिवाना भएको व्यक्ति वा संस्थाले पुन: सोही कसूर गरेमा त्यस्तो व्यक्ति वा संस्थालाई दर्ता गर्ने अधिकारीले दोस्रो पटकदेखि प्रत्येक पटकको लागि दोब्बर जरिवाना गर्नेछ।

**८४. अनुसन्धानको लागि लेखी पठाउन सक्ने:** दर्ता गर्ने अधिकारी वा नेपाल राष्ट्र बैङ्कले यस ऐन बमोजिम आफ्नो काम, कर्तव्य र अधिकारको पालना गर्दा कसैले दफा ७९ बमोजिमको कसूर गरेको थाहा पाएमा त्यस्तो कसूरका सम्बन्धमा यस ऐन बमोजिम अनुसन्धान गर्नको लागि सम्बन्धित निकायमा लेखी पठाउन सक्नेछ।

**८५. मुद्दा सम्बन्धी व्यवस्था**: दफा ८० बमोजिम सजाय हुने कसूरको मुद्दा सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुनेछ।

**८६. मुद्दा हेर्ने अधिकारी:** दफा ८० बमोजिमको सजाय हुने कसूर सम्बन्धी मुद्दाको कारवाही र किनारा जिल्ला अदालतबाट हुनेछ।

**८७. उजूरी दिने हदम्याद :**

(१) कसैले दफा ८० बमोजिमको सजाय हुने कसूर गरेको वा गर्न लागेको थाहा पाउने व्यक्तिले त्यसरी थाहा पाएको मितिले नब्बे दिनभित्र दर्ता गर्ने अधिकारी समक्ष उजूरी दिनु पर्नेछ।

(२) कसैले दफा ८० बमोजिम जरिवाना हुने कार्य गरेको थाहा पाउने व्यक्तिले त्यसरी थाहा पाएको मितिले नब्बे दिनभित्र दर्ता गर्ने अधिकारी समक्ष उजूरी दिनु पर्नेछ।

**८८. पुनरावेदन गर्न सक्ने:**

(१) दफा ६ बमोजिम संस्था दर्ता गर्न अस्वीकार गरेको वा दफा ६६ को उपदफा (३) बमोजिम संस्था दर्ता खारेज गरेकोमा चित्त नबुझ्नेले सो निर्णयको जानकारी पाएको मितिले पैंतीस दिनभित्र दर्ता गर्ने अधिकारीको निर्णय उपर कार्यपालिका समक्ष पुनरावेदन गर्न सक्नेछ।

(२) दफा ८० बमोजिमको जरिवानामा चित्त नबुझ्ने व्यक्तिले त्यस्तो निर्णयको जानकारी पाएको मितिले पैंतीस दिनभित्र देहाय बमोजिम पुनरावेदन गर्न सक्नेछ:

(क) दर्ता गर्ने अधिकारी र कार्यपालिकाले गरेको निर्णय उपर सम्बन्धित जिल्ला अदालतमा,

(ख) नेपाल राष्ट्र बैङ्कले गरेको निर्णय उपर सम्बन्धित उच्च अदालतमा।

**८९. असूल उपर गरिने:** यस परिच्छेद बमोजिम कुनै व्यक्तिले तिर्नु पर्ने जरिवाना वा कुनै रकम नतिरी बाँकी रहेकोमा त्यस्तो जरिवाना वा रकम निजबाट सरकारी बाँकी सरह असूल उपर गरिनेछ।

## परिच्छेद–१९
## विविध

**९०. मताधिकारको प्रयोग:** कुनै सदस्यले संस्थाको जतिसुकै शेयर खरिद गरेको भए तापनि सम्बन्धित संस्थाको कार्य सञ्चालनमा एक सदस्य एक मतको आधारमा आफ्नो मताधिकारको प्रयोग गर्न सक्नेछ।

**९१. सामाजिक परीक्षण गराउन सक्ने:**

(१) संस्थाले विनियममा उल्लिखित उद्देश्य प्राप्त गर्नका लागि समितिबाट भएका निर्णय र कार्य, सदस्यहरूले प्राप्त गरेका सेवा र सन्तुष्टिको स्तर, सेवा प्राप्तिबाट सदस्यहरूको जीवनस्तरमा आएको आर्थिक, सामाजिक, सांस्कृतिक तथा वातावरणीय पक्षमा सकारात्मक परिवर्तन लगायतका विषयमा सामाजिक परीक्षण गराउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम भएको सामाजिक परीक्षणको प्रतिवेदन छलफलको लागि समितिले साधारण सभा समक्ष पेश गर्नेछ।

(३) उपदफा (२) बमोजिम पेश भएको सामाजिक परीक्षण प्रतिवेदन छलफल गरी साधारण सभाले आवश्यकता अनुसार समितिलाई निर्देशन दिन सक्नेछ।

(४) यस दफा बमोजिमको सामाजिक परीक्षण प्रतिवेदनको एक प्रति सम्बन्धित संस्थाले दर्ता गर्ने अधिकारी समक्ष पेश गर्नु पर्नेछ।

**९२. सहकारी शिक्षा**: सहकारी क्षेत्रको प्रवर्द्धनको लागि विद्यालय तहको पाठयक्रममा आधारभूत सहकारी सम्वन्धी विषयवस्तुलाई समावेश गर्न सकिनेछ।

**९३. आर्थिक सहयोग गर्न नहुने:** सहकारी संस्थाको रकम सदस्य बाहेक अरु कसैलाई सामाजिक कार्यमा बाहेक अन्य कार्यका लागि आर्थिक सहयोग गर्न पाइने छैन।

**स्पष्टीकरण**: यस दफाको प्रयोजनको लागि 'सामाजिक कार्य' भन्नाले शिक्षा, स्वास्थ्य, वातावरण संरक्षण, मानवीय सहायता, सहकारिता प्रबर्द्धन सम्बन्धि कार्यलाई जनाउँछ।

**९४. अन्तर सहकारी कारोवार गर्न सक्ने**:

(१) संस्थाहरुले तोकिए बमोजिम एक आपसमा अन्तर सहकारी कारोवार गर्न सक्नेछन्।

(२) अन्तर सहकारी कारोबारको प्रक्रिया तोकिए बमोजिम हुनेछ ।

९५. **ठेक्कापट्टा दिन नहुने:** संस्थाले आफ्नो समितिको कुनै सञ्चालक वा लेखा सुपरीवेक्षण समितिको संयोजक वा सदस्य वा आफ्नो कर्मचारीलाई ठेक्कापट्टा दिन हुदैन ।

९६. **सरकारी बाँकी सरह असूल उपर हुने:** कुनै संस्थाले प्राप्त गरेको सरकारी अनुदान वा कुनै सेवा सुविधा दुरुपयोग गरेको पाइएमा प्रचलित कानून बमोजिम सरकारी बाँकी सरह असूल उपर गरिनेछ।

९७. **कम्पनी सम्बन्धी प्रचलित ऐन लागू नहुने:** यस ऐन अन्तर्गत दर्ता भएको संस्थाको हकमा कम्पनी सम्बन्धी प्रचलित ऐन लागू हुने छैन ।

९८. **प्रचलित कानून बमोजिम कारवाही गर्न बाधा नपर्ने:** यस ऐनमा लेखिएको कुनै कुराले कुनै व्यक्ति उपर प्रचलित कानून बमोजिम अदालतमा मुद्दा चलाउन बाधा पुर्‍याएको मानिने छैन ।

९९. **सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी कानुनी व्यवस्थाको पालना गर्नुपर्ने**: संस्थाले सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी संघीय/प्रदेश कानुनमा भएका व्यवस्थाका साथै तत् सम्बन्धमा मन्त्रालयले जारी गरेको मानदण्ड र नेपाल राष्ट्र बैंकको वित्तीय जानकारी एकाइबाट जारी भएका निर्देशिकाहरूको पालना गर्नुपर्नेछ ।

१००. **सहकारी प्रबर्द्धन समिति सम्बन्धी व्यवस्था:**

(क) सहकारी संस्था दर्ता, प्रबर्द्धन, एकीकरण, नियमन, व्यवस्थापन लगायतका सुशासनसँग संबन्धित विषयमा नीति निर्माण र आवश्यक योजना कार्यक्रम तय गर्न कार्यपालीकाले तोकेको कुनै एक कार्यपालिका सदस्यको संयोजकत्वमा बिषय विज्ञ सहितको एक सहकारी प्रबर्द्धन समिति गठन गरिनेछ ।

(ख) सहकारी प्रबर्द्धन समिति गठन लगायत अन्य विषयहरु तोकिए बमोजिम हुनेछ ।

(ग) यो समिति नगरकार्यपालिका मातहत रहने छ ।

(घ) समितिले स्थानीय सहकारी संस्थाहरु स्थापना, प्रबर्द्धन र विकासमा सहयोग पुर्‍याउने छ ।

१०१. **नियम बनाउने अधिकार:** यस ऐनको कार्यान्वयनको लागि कार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ ।

१०२. **मापदण्ड, निर्देशिका वा कार्यविधि बनाई लागू गर्न सक्ने:** (१) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमको अधीनमा रही संस्थाको दर्ता, सञ्चालन, निरीक्षण तथा अनुगमन लगायतका काम कारबाहीलाई व्यवस्थित र प्रभावकारी रुपमा सञ्चालन गर्न कार्यपालिकाले आवश्यकता अनुसार मापदण्ड, निर्देशिका वा कार्यविधि बनाई लागू गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको मापदण्ड बनाउँदा आवश्यकता अनुसार रजिष्ट्रार, नेपाल राष्ट्र बैङ्क, मन्त्रालय र सम्बन्धित अन्य निकायको परामर्श लिन सकिनेछ ।

१०३. **खारेजी र बचाउ:**

(१) भरतपुर महानगरपालिकाको सहकारी ऐन, २०७४ खारेज गरिएको छ ।

(२) भरतपुर महानगरपालिकाको सहकारी ऐन, २०७४ बमोजिम भए गरेका काम कारबाही यसै ऐन बमोजिम भए गरेको मानिनेछ ।

अनुसूची १

(दफा ५ को उपदफा (१) सँग सम्बन्धित)

**दर्ता दरखास्तको नमुना**

मिति :...................

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू,
भरतपुर महानगरपालिका, नगर कार्यपालिकाको कार्यालय,
भरतपुर, चितवन ।

**विषय : सहकारी संस्थाको दर्ता ।**

महोदय,

हामी देहायका व्यक्तिहरू देहायका कुरा खोली देहायको संस्था दर्ता गरी पाउन निवेदन गर्दछौं । उद्देश्य अनुरूप संस्थाले तत्काल गर्ने कार्यहरूको योजना र प्रस्तावित संस्थाको विनियम दुई प्रति यसैसाथ संलग्न राखी पेश गरेका छौं ।

संस्था सम्बन्धी विवरण

(क) प्रस्तावित संस्थाको नाम :-

(ख) ठेगाना :-

(ग) उद्देश्य :-

(घ) मुख्य कार्य :-

(ङ) कार्यक्षेत्र :-

(च) दायित्व :-

(छ) सदस्य सङ्ख्या :-

(१) महिला ........ जना

(२) पुरुष ......... जना

(छ) प्राप्त सेयर पुँजीको रकम :– रु. ....

(ज) प्राप्त प्रवेश शुल्कको रकम :- रु. ..... ।

................................................

तदर्थ सञ्चालक समितिका अध्यक्ष

अनुसूची २

(दफा ६ को उपदफा (१) सँग सम्बन्धित)

**संस्था दर्ता प्रमाण-पत्रको नमूना**

**भरतपुर महानगरपालिका**

**नगरकार्यपालिकाको कार्यालय भरतपुर, चितवन**

**दर्ता प्रमाण-पत्र**

दर्ता नं. : संस्था / /२०........./२०.........

भरतपुर महानगरपालिका सहकारी ऐन, २०७५ को दफा ६ (१) बमोजिम श्री .....................................लाई सीमित दायित्व भएको संस्थामा दर्ता गरी स्वीकृत विनियम सहित यो **प्रमाण-पत्र** प्रदान गरिएको छ।

वर्गीकरणः..............................

दर्ता गरेको मितिः

दस्तखतः

दर्ता गर्ने अधिकारीको नामः

दर्जाः

कार्यालयको छापः

## भरतपुर महानगरपालिका सहकारी (प्रथम संशोधन) ऐन, २०७६

नगर सभाबाट पारित मिति: २०७६/९/१३

प्रमाणिकरण मिति: २०७६/९/२८

स्थानीय राजपत्रमा प्रकाशित मिति: २०७६/९/२९

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यस ऐनको नाम "भरतपुर महानगरपालिकाको सहकारी (प्रथम संशोधन) ऐन, २०७६ रहेको छ।

२. ऐनको दफा २(ड) दुइवटा भएकोमा पछिल्लोलाई (ड१) गरिएको छ: (ड१) "सदस्य" भन्नाले सहकारी संस्थाको सदस्यता प्राप्त गरेका व्यक्ति सम्झनुपर्छ।

३. ऐनको दफा २ को (म) पछि देहायको (य) थप गरिएको छ: (य) "सहकारी अधिकृत" भन्नाले सहकारी तथा रोजगार प्रवर्द्धन शाखामा कामकाज गर्ने अधिकृत स्तरको कर्मचारीलाई सम्झनुपर्दछ।

४. ऐनको दफा ३ मा उपदफा (८) थप गरिएको छ: (८) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि भरतपुर महानगरपालिका भित्र व्यावसायिकरूपमा केरा उत्पादन, रेशम उत्पादन, तरकारी तथा फलफूल उत्पादन, च्याउ उत्पादन, माछा उत्पादन, कुखुरापालन, पशुपालन, मौरीपालन गर्ने तीस जना व्यावसायीहरुले व्यवसाय दर्ता प्रमाणपत्रको प्रतिलिपि राखी सहकारी संस्था दर्ताको लागि आवेदन गरेमा आवेदकहरूले माग गरेको वडा क्षेत्र समेटी बिषयगत सहकारी संस्था गठन गर्न सक्नेछन।

५. ऐनको दफा ९ (१) को (ख) पछि देहायको (ग) थप गरिएको छ: (ग) दफा ३(८) अनुसार दर्ता हुने संस्थाको हकमा उनान्तीस (२९) वडा सम्म।

६. ऐनको दफा ९ मा उपदफा ७ थप गरिएको छ: (७) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि संस्थाले दर्ता भई व्यावसायिक सेवा प्रारम्भ गरेको एक बर्ष पछि संस्थाको साविक कार्यक्षेत्रको कुनै भाग सँग जोडिने गरी महानगरपालिकाको जोडिएको चारवटा वडा क्षेत्र सम्म संस्थाको माग अनुसार कार्यक्षेत्र बिस्तार स्वीकृत गरिनेछ।

७. ऐनको दफा ११(१)ख लाई देहाय बमोजिम हुने गरी वचत तथा ऋण शब्द झिकिएको छ: ११ (१)ख उपभोक्ता संस्थाः उपभोक्ता भण्डार, उर्जा, स्वास्थ्य, शिक्षा र सहकारी विद्यालय व्यवस्था विशेषका विषयगत र प्राथमिक आवश्यकता एवम् सेवाको योजना समेतका आधारमा अन्य उपभोगजन्य संस्था;

८. ऐनको दफा ११(१) को (घ) पछि देहायको (ङ) थप गरिएको छ: (ङ) वित्तीय संस्था: बचत तथा ऋणको मात्र कारोवार गर्ने संस्था।

९. ऐनको दफा ३४ मा उपदफा ५ थप गरिएको छ: (५) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि दुई वा दुईभन्दा बढी संस्थाको सञ्चालक समिति वा लेखा सुपरिवेक्षण समितिको जिम्वेवारीमा रहेका पदाधिकारी पछिल्लो पटक निर्वाचित संस्थाको पदाधिकारीबाट स्वतः पदमुक्त भएको मानिनेछ।

१०. ऐनको दफा ३७ मा उपदफा ३ थप गरिएको छ: (३) सम्बन्धित् संस्थाको सदस्यता लिएको कम्तिमा तिन बर्ष पूरा भएको, तर प्रारम्भिक साधारणसभाबाट निर्वाचित हुने लेखा सुपरिवेक्षण समितिका पदाधिकारीहरूको हकमा यो उपदफा लागू हुने छैन।

११. ऐनको दफा ८१ मा उपदफा १ को खण्ड (च) लाई देहाय बमोजिम संशोधन गरिएको छ: (च) प्राथमिक पूँजी कोषको पन्ध्र गुणा भन्दा बढी हुनेगरी बचत संकलन गरेमा,

# भरतपुर महानगरपालिकाको सहकारी संस्था सञ्चालन, अनुगमन तथा नियमन सम्बन्धी मापदण्ड, २०७५

प्रमाणिकरण मितिः २०७६/४ /८

स्थानीय राजपत्रमा प्रकाशित मितिः २०७६/४/१०

**प्रस्तावनाः**

सहकारी संस्था सम्बन्धी प्रचलित सहकारी सम्बन्धी कानुन, सहकारीको अन्तर्राष्ट्रिय मूल्य, मान्यता र सिद्धान्तहरूको अनुशरण गर्दै देशको आर्थिक विकासमा सरकार तथा निजी क्षेत्र सरहको भूमिका निर्वाह गर्न सक्षम बन्न सकुन् भन्ने उद्देश्यले भरतपुर महानगरपालिका सहकारी ऐन, २०७५ बमोजिम सहकारी संस्थाले गर्ने वित्तीय कारोवारको नियमन कार्य प्रभावकारी बनाउन र सहकारी संस्थाहरूको कार्यलाई व्यवस्थित गर्न सहकारी ऐन, २०७५ को दफा १०२(१) बमोजिम नगर कार्यपालिकाको २६औं बैठकले यो मापदण्ड बनाएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भ**

१) यो मापदण्डको नाम "सहकारी संस्था सञ्चालन, अनुगमन तथा नियमन सम्बन्धी मापदण्ड, २०७५" रहेको छ।

२) यो मापदण्ड स्थानीय राजपत्रमा प्रकाशन भएको मितिदेखि सहकारी संस्थाको लागि लागु हुनेछ।

**२. परिभाषा**

विषय वा प्रसँगले अर्को अर्थ नलागेमा यस मापदण्डमा,

क) "ऐन" भन्नाले भरतपुर महानगरपालिका सहकारी ऐन, २०७५ लाई जनाउनेछ।

ख) "नियमावली" भन्नाले भरतपुर महानगरपालिका सहकारी नियमावलीलाई जनाउनेछ।

ग) "मापदण्ड" भन्नाले सहकारी संस्था सञ्चालन, अनुगमन तथा नियमन सम्बन्धी मापदण्ड, २०७५ लाई जनाउनेछ।

घ) "विनियम" भन्नाले सम्वन्धीत सहकारी संस्थाको विनियमलाई जनाउनेछ।

ङ) "संघ" भन्नाले सहकारी संस्थाहरूको छाता सँगठनहरू जिल्ला सहकारी संघ, प्रदेश सहकारी संघ, विषयगत जिल्ला सहकारी संघहरू, विषयगत प्रदेश सहकारी संघहरू, विषयगत केन्द्रीय सहकारी संघ समेतलाई जनाउनेछ।

च) "संस्था" भन्नाले प्रारम्भिक सहकारी संस्थालाई जनाउनेछ।

छ) "साधारण सभा" भन्नाले सहकारी संस्थाको नियमित वार्षिक साधारण सभालाई जनाउनेछ।

ज) "समिति" भन्नाले सहकारी संस्थाको सञ्चालक समितिलाई जनाउनेछ।

झ) "सदस्य" भन्नाले सहकारी संस्थाको विनियम बमोजिम शेयर खरिद गरी सदस्यता प्राप्त गरेको प्राकृतिक व्यक्तिलाई जनाउनेछ।

ञ) "व्यावसायिक इकाई" भन्नाले सहकारी संस्थाहरू एक आपसमा मिली कुनै सामूहिक उद्देश्यका लागि गठित प्रारम्भिक सहकारी संस्थाहरूको व्यावसायिक इकाईलाई जनाउनेछ।

ट) "पूँजी कोष" भन्नाले सहकारी संस्थाको प्राथमिक पूँजी र पूरक पूँजीको योग सम्झनु पर्छ र सो शब्दले महानगरले समय समयमा पूँजी कोष भनी तोकेको अन्य कोष समेतलाई जनाउनेछ।

ठ) "प्राथमिक पूँजी कोष" भन्नाले संस्थाको शेयर पूँजी र जगेडा कोष रकमलाई जनाउनेछ।

ड) "पुरक पूँजी कोष" भन्नाले संस्थाको अन्य कोष मध्ये सहकारी विकास कोष, घाटा पूर्ति कोष, कर्जा जोखिम कोष, स्थिरीकारण कोष तथा वाँडफाँड नगरेको मुनाफालाई जनाउनेछ।

ढ) "कार्यविधि" भन्नाले सहकारी संस्थाको कार्यविधि वा यस भन्दा पहिले प्रयोगमा ल्याइएको नीतिलाई समेत जनाउनेछ।

ण) "कार्यक्षेत्र" भन्नाले सहकारी संस्थालाई सदस्यता विस्तार र कारोवार गर्न तोकिएको भौगोलिक क्षेत्र वा निर्दिष्ट स्थानलाई जनाउनेछ।

त) "एकाघर परिवार" भन्नाले छुट्टी भिन्न नभै एक घर परिवारमा बसेका बाबु, आमा, दाजु, भाई, दिदी, वहिनी, पति, पत्नि,

छोरा, वुहारी, धर्मपुत्र, धर्मपुत्रिलाई जनाउनेछ। सो शव्दले सदस्यले पालन पोषण गर्नुपर्ने वा निजमा आश्रित व्यक्ति समेतलाई जनाउनेछ।

थ) "शेयर पूँजी" भन्नाले सहकारी संस्थाको चुक्ता शेयर पूँजीलाई जनाउनेछ।

द) "निक्षेप" भन्नाले व्याज दिने गरी वा नगरी सहकारी संस्थाका सदस्यहरूले नियमित वा आवधिक वा ऐच्छिक रुपमा सदस्यका नाममा जम्मा गरेको बचत रकमलाई जनाउनेछ। यस शब्दले सदस्यहरूका नावालक बालबालिकाको नाममा नियमित जम्मा हुने बचत रकमसमेतलाई जनाउनेछ।

ध) "लक्षित समुदाय" भन्नाले मानव विकास सूचाङ्कमा पछि रहेका महिला, दलित, मुस्लिम, जनजाति, शारीरिक रुपमा कम सक्षम, भूमिहीन किसान, सुकुम्बासी, मजदुर, दुर्गम क्षेत्रका बासिन्दाहरू र गरीबीको रेखामुनी रहेका अन्य समुदायलाई समेत जनाउनेछ।

**२) विवरण पेश गर्ने सम्बन्धी मापदण्ड:**

१) संस्थाले आफ्नो कारोवारको मासिक प्रगति विवरण महिना भुक्तान भएको मितिले सात दिनभित्र भरतपुर महानगरपालिका, नगर कार्यपालिकाको कार्यालयमा पेश गर्नुपर्नेछ।

२) संस्थाले साधारणसभा बस्ने मिति, समय, स्थान र छलफलका बिषयहरु खुलेको जानकारी साधारणसभा हुनुभन्दा पन्ध्र दिन पहिले भरतपुर महानगरपालिका, नगर कार्यपालिकाको कार्यालयलाई दिनुपर्नेछ।

३) संस्थाको वार्षिक लेखापरीक्षण गर्नुभन्दा पहिले लेखा परिक्षक नियुक्तिको जानकारी भरतपुर महानगरपालिका, नगर कार्यपालिकाको कार्यालयलाई दिनुपर्नेछ।

४) संस्थाको साधारणसभा सम्पन्न भएको मितिले पन्ध्र दिनभित्र साधारणसभाको उपस्थितिसहितको निर्णय प्रतिलिपिहरू र सक्कल लेखापरीक्षण प्रतिवेदन भरतपुर महानगरपालिका, नगर कार्यपालिकाको कार्यालयमा पेश गर्नुपर्नेछ।

५) वित्तीय कारोवार गर्ने सहकारी संस्थाहरूले प्रत्येक महिना अनुसूची–३ बमोजिमको ढाँचामा मासिक प्रगति विवरण पेश गर्नु पर्नेछ। सहकारी संस्थाहरूले प्रत्येक तीन महिनामा अनुसूची–३ मा उल्लेखित् विवरणहरूको छुट्टा छुट्टै अनुसूचीसमेत तयार गरी पेश गर्नु पर्नेछ।

६) वित्तीय कारोवार नगर्ने सहकारी संस्थाहरूले प्रत्येक महिना अनुसूची–३ को अतिरिक्त सामान खरिद तथा बिक्रीको छुट्टै विवरण तयार गरी मासिक प्रगति विवरण पेश गर्नु पर्नेछ।

७) निर्धारित समयमा विवरण दाखिला नगर्ने संस्थालाई पटकै पिच्छे रु २५००। – सम्म जरिवाना गरीनेछ।

**३. शेयर पूँजी सम्बन्धी मापदण्ड:**

१) संस्थाले जारी गर्ने कूल शेयरपूँजीको रकम संस्थाको विनियममा उल्लेख गर्नु पर्नेछ।

२) संस्था दर्ता गर्न आवेदन गर्दा कूल शेयर पूँजी उल्लेख गर्नु पर्नेछ।

३) प्रस्तावित सदस्यहरूले खरिद गरेको शेयर पूँजीको नामनामेसी विवरण तोकिएको ढाँचामा दर्ताको आवेदन साथ पेश गर्नु पर्नेछ।

४) संस्था दर्ताको बेला चुक्ता शेयर पूँजीको रकम कूल शेयर पूँजीको कम्तिमा २० प्रतिशत हुनुपर्नेछ।

५) तत्काल बस्ने साधारण सभाबाट अनुमोदन गराउने गरी समितिको निर्णयले संघ संस्थाको शेयर पूँजी बृद्धि गर्न सकिनेछ। शेयर पूँजी बृद्धिको निर्णयको जानकारी सम्बन्धित कार्यालयमा गराउनु पर्नेछ।

**४. शेयर खरिद र अन्य सहकारीमा लगानी**

१) एउटा प्रारम्भिक सहकारी संस्थाले अर्को प्रारम्भिक सहकारी संस्थाको शेयर खरिद गर्न वा सो सँग बचत तथा ऋणको कारोबार गर्न पाउने छैनन्।

२) यो मापदण्ड जारी हुनु अघि गरीएको अन्य निजी व्यवसाय वा कम्पनी वा फर्ममा गरीएको लगानी प्रचलित सहकारी कानूनले तोकेको समय भित्र संस्थामा फिर्ता ल्याउने व्यवस्था मिलाउनु पर्नेछ। यो मापदण्डारी भएपछि कुनै निजी व्यवसाय वा व्यापारिक

फर्म वा कम्पनीमा शेयर र ऋण लगानी गर्न पाइने छैन। यस मापदण्ड विपरित गरीएको शेयर तथा ऋण लगानी सञ्चालकहरूबाट असुल उपर गराई संस्थाको कोषमा दाखिला गर्न लगाइनेछ।

३) आफू सदस्य रहेको विषयगत संघ वा राष्ट्रिय सहकारी वैंक बाहेक कुनै पनि संस्थाले समानान्तर अर्को प्रारम्भिक संस्थामा बचत निक्षेप जम्मा गर्न पाउने छैन। विषयगत संघ वा सहकारी बैंकमा राखिएको निक्षेप रकमलाई तरलतामा गणना गरिने छ।

**५. सञ्चालक र लेखा समितिको गठन**

१) एकै परिवारबाट एक भन्दा वढी व्यक्ति एउटै संस्थाको सञ्चालक वा लेखा समितिको कुनै पदका लागि निर्वाचनमा उम्मेदवार हुन पाउने छैन।

२) संस्थाहरूमा सचिवालय गठन गर्न पाइनेछैन।

३) संस्थाबाट लिएको ऋणको भाखा नाघेको ऋण र तिर्नु वुझाउनु पर्ने अन्य रकम नबुझाएसम्म र वैंक तथा वित्तिय संस्थाबाट कर्जा लिई कालो सूचीमा परेका ब्यक्ति, सञ्चालक वा लेखा समितिको कुनै पदमा उम्मेदवार हुन पाउने छैन।

४) सञ्चालक समितिले आफ्नो पदावधि समाप्त हुनु अगावै नयाँ समितिको लागि निर्वाचन गराउनु पर्नेछ।

५) कुनै पनि व्यक्ति भरतपुर महानगरपालिका भित्रका एकै प्रकृतिको एक भन्दा बढी सहकारी संस्थाको सदस्य हुन पाउने छैनन्। उजुरीका आधारमा भरतपुर महानगरपालिकाले दोहोरो सदस्यता खारेज गर्न निर्देशन गर्नेछ।

६) संस्थाको सञ्चालक वा लेखा समितिको पदमा उम्मेदवार हुँदासदस्यले आफ्नो नाम कालो सूचीमा नपरेको, एकाघर परिवारका अन्य व्यक्तिले मनोनयन पत्र दाखिला नगरेको, र आफू सोही प्रकृतिको अन्य संस्थाको शेयर सदस्य तथा अन्य संस्थाको सञ्चालक वा लेखा समितिको पदाधिकारी नरहेको भनी मनोनयन पत्रमा उल्लेख गर्नु पर्नेछ।

७) संस्थाको विनियममा सञ्चालकको पदमा उम्मेदवार हुन सदस्य सदस्यहरूका वीच विभेद हुने गरी कुनै प्रावधान राख्न पाईने छैन। तर यस व्यवस्थाबाट पछाडी परेका महिला वा निश्चित समुदायका व्यक्तिहरूको प्रतिनिधित्व सुनिश्चित गर्न विनियममा गरीएको विशेष व्यवस्था अन्तर्गतका पदहरूमा सोही लिंग वा समुदायका व्यक्तिहरूले मात्र तोकिएको पदमा उम्मेदवार वन्न र निर्वाचित हुन वाधा पर्ने छैन।

८) एक व्यक्ति समानस्तरको कुनै एक संस्थाको समितिको मात्र पदाधिकारी भई काम गर्न सक्नेछन्।

९) कर्मचारीहरूको सहभागितामा कर्मचारीहरू मात्र सदस्य हुन पाउने गरी सञ्चालनमा रहेका संस्था बाहेक अन्य संस्थाको समितिको कुनै पनि पदको निर्वाचनमा वहालवाला निजामती कर्मचारी, बैंक तथा वित्तिय संस्थामा कार्यरत कर्मचारीहरू उम्मेदवार हुन पाउने छैनन्। तर यस प्रावधानले सरकारको लगानी वा सम्पत्तिको उपयोगका कारणबाट सञ्चालक समितिमा पदेन सञ्चालकको भूमिका निर्वाह गर्न यस व्यवस्थाले बहालवाला निजामती कर्मचारीलाई कुनै बाधा पुग्ने छैन।

**६. सञ्चालक समितिको काम तथा कर्तव्य:**

विनियममा गरीएको व्यवस्था अन्तर्गत वा वाहेक देहायका जिम्मेवारी वहन गर्ने दायित्व समितिको हुनेछ।

१) संस्थाको बचत तथा सम्पत्तिको सुरक्षा र संरक्षण गर्ने जिम्मेवारी संयुक्त रुपमा सञ्चालकहरूको हुनेछ। तर बरबुझारथ नगरेको अवस्थासम्म संस्थाको सम्पत्ति र दायित्व सम्बन्धी जिम्मेवारी अघिल्लो सञ्चालकहरूले समेत वहन गर्नु पर्नेछ।

२) बचत तथा ऋणको कारोवार गर्ने संस्थाले साधारण सभाको स्वीकृत गरेको वचत तथा ऋण कार्यविधिका आधारमा एक निश्चित रकम सम्मको ऋण प्रवाहमा व्यवस्थापनलाई अधिकार प्रत्यायोजन गरेदेखि बाहेक ऋण उपसमितिको सिफारिसमा मात्र सञ्चालक समितिले ऋण लगानी गर्नु पर्नेछ। ऋण प्रवाहमा प्रक्रियागत त्रुटीका कारण जोखिम उत्पन्न भएमा सम्बन्धित निर्णय गर्ने अधिकारी र प्राबिधिक रुपले सिफारिस गर्ने कर्मचारी एवं सामूहिक रुपमा निर्णयमा संलग्न समितिका सबै पदाधिकारीले जिम्मेवारी वहन गर्नु पर्नेछ।

३) निर्वाचन भएको १५ दिन भित्र निर्धारित ढाँचामा संस्था का सञ्चालक समिति र लेखा समितिको पदाधिकारीहरूको हालसालै खिचिएको फोटो सहित तिन पुस्ते नाम, पद, स्थायी ठेगाना, सम्पर्क फोन र पत्राचारको ठेगाना खुल्ने विवरण, एवं नागरीकताको प्रमाणित प्रतिलिपि भरतपुर महानगरपालिका नगरकार्यपालिकाको कार्यालयमा पेश गर्नु पर्नेछ।

४) प्रारम्भिक संस्थाको सञ्चालक समितिको नियमित बैठक कम्तिमा महिनामा एक पटक राख्नु पर्नेछ । समितिको निर्णय पुस्तिका सुरक्षित साथ संघ संस्थाको कार्यालयमा राख्ने व्यवस्था अध्यक्ष र प्रमुख व्यवस्थापकले मिलाउनु पर्नेछ । प्रत्येक बैठकको निर्णयका बारेमा सञ्चालकहरू जिम्मेवार हुनेछन् ।

५) सञ्चालक र प्रमुख ब्यवस्थापकले उपयोग गर्ने सेवा सुविधाको व्यवस्था प्रचलित सहकारी कानून बमोजिम साधारण सभाले पारित गरेको आर्थिक प्रशासन सम्बन्धी नियमावली र स्वीकृत वार्षिक वजेट तथा कार्यक्रम बमोजिम हुनेछ। सामान्यतया यस्तो सुबिधा प्रचलन वा संस्थाको वित्तिय विश्लेषणका आधारमा अस्वभाविक देखिएमा समायोजनका लागि कार्यालयले आवश्यक निर्देशन दिन सक्नेछ । निर्देशनको पालना गर्नु संस्थाको कर्तव्य हुनेछ ।

६) समयमै लेखा परीक्षण गराई साधारण सभा सम्पन्न गर्ने दायित्व सञ्चालक समितिको हुनेछ । पदावधि समाप्त हुनुभन्दा कम्तिमा १५ दिन अगावै निर्वाचनको व्यवस्था मिलाउनु पर्ने कामको दायित्व समितिको हुनेछ ।

**७. लेखा सुपरिबेक्षण समितिको गठन र दायित्वः**

१) संस्थाको लेखा सुपरिबेक्षण समिति एक जना संयोजक सहित ३ सदस्यीय हुनेछ । सदस्य निर्वाचित गर्दा कम्तिमा १ जना सदस्य लेखाको ज्ञान भएको व्यक्ति हुनु पर्नेछ ।

२) लेखा सुपरिबेक्षण समितिको गठन शेयर सदस्यहरूले निर्वाचनबाट गर्नेछन् ।

३) संस्थाको अध्यक्ष र कार्यकारी प्रमुखसँग एकाघरको नाता सम्वन्ध रहेको शेयर सदस्य लेखा समितिको संयोजक वा सदस्य हुन सक्ने छैन । लेखा सुपरिवेक्षण समितिका पदाधिकारीले अध्यक्षसँगको आफ्नो नाता सम्बन्ध वा व्यापारिक स्वार्थ भए नभएको बारेमा सञ्चालक समितिलाई लिखित रुपमा जानकारी गराउनु पर्नेछ ।

४) प्रत्येक संस्थाको लेखा समितिले देहायका विषयमा परीक्षण गरी अनिवार्य रुपमा वार्षिक प्रतिवेदन साधारण सभा र सोको एक प्रति भरतपुर महानगरपालिकामा पेश गर्नु पर्नेछ ।

क) ब्यवस्थापन परीक्षण (खास गरी कर्मचारी व्यवस्थापन र सम्पत्तिको उचित प्रयोग र संरक्षणका वारेमा) ।

ख) साधारण सभा र विशेष साधारण सभाको निर्णयको कार्यान्वयनको अवस्था ।

ग) सञ्चालक समितिको वैठक, निर्णय र कार्यान्वयनको नियमितता ।

घ) वित्तीय कारोवार गर्ने संस्थाको हकमा ऋण लगानी प्रक्रिया र सुरक्षणको अवस्था ।

ङ) शेयर सदस्यहरूलाई नियमानुसार दिईएको मुनाफा र अन्य थप सुविधाहरू ।

च) कार्यालय, प्रदेश, विभाग वा सम्वन्धीत संघहरूले अनुगमन निरीक्षण गर्दा देखाईएको कैफियत र सुझावहरू कार्यान्वयनको अवस्था ।

छ) संस्थाको पदाधिकारी र प्रमुख कार्यकारीले लिएका पारिश्रमिक, सुविधा र भत्ता सम्वन्धी विवरण ।

ज) कर्मचारी भर्ना प्रक्रिया ।

झ) लेखा सुपरिबेक्षण समितिले उल्लेख गर्न चाहेका अन्य विषयहरू ।

५) लेखा सुपरिबेक्षण समितिले मासिक आधारमा नियमित परीक्षण गरी प्रतिवेदन तयार गर्नु पर्नेछ ।

६) लेखा समितिको वार्षिक प्रतिवेदन नियमित वार्षिक साधारण सभा वस्नु भन्दा कम्तिमा १५ दिन अगाडि सञ्चालक समितिमा पेश गर्नु पर्नेछ । सञ्चालक समितिले वार्षिक साधारण सभाको विवरणमा सो प्रतिवेदन अनिवार्य रुपमा समावेश गरी शेयर सदस्यहरूलाई उपलब्ध गराउनु पर्नेछ ।

७) लेखा समितिको प्रतिवेदनहरू लेखापरीक्षकलाई लेखापरीक्षण गर्नु अघि नै उपलब्ध गराउनु पर्नेछ ।

८) प्रत्येक चौमासिक प्रतिवेदन तयार गरी सञ्चालक समितिका अध्यक्ष वा कार्यकारी प्रमुख मार्फत समितिमा पेश गर्नु पर्नेछ ।

९) प्राप्त प्रतिवेदन वारे सञ्चालक समितिलाई स्पष्ट पार्न सञ्चालक समितिको वैठकमा लेखा सुपरिवेक्षण समितिका संयोजक वा निजको अनुपस्थितिमा कुनै अर्को सदस्यलाई आमन्त्रण गर्नु पर्नेछ ।

१०) अनुगमनको क्रममा लेखा समितिले आफ्नो दायित्व वहन गर्न नसकेको वा नगरेको पाईएमा वा सदस्यहरूले निवेदन दिएमा

प्रमुख प्रशासाकीय अधिकृत वा निजले तोकेको कर्मचारीले तत्काल अर्को लेखा सुपरिबेक्षण समिति गठनका लागि विशेष साधारण सभा वोलाउन निर्देशन दिन सक्नेछ।

**८ साधारण सभा**

१) साधारण सभा सम्पन्न भएको १५ दिन भित्र सम्बन्धित संस्थाले लेखापरीक्षणको प्रतिवेदन, कारोवारको वार्षिक प्रतिवेदन, अध्यक्षले प्रमाणित गरेको सभाको निर्णयका प्रतिलिपिहरू, सदस्यहरूको उपस्थितिको विवरण र निर्वाचन सम्पन्न भएको भए सञ्चालक र लेखा सुपरिवेक्षण समितिका पदाधिकारीहरूको व्यक्तिगत विवरण समेत तोकिएको ढाँचामा सम्बन्धित कार्यालयमा पेश गर्नु पर्नेछ।

२) साधारण सभाको सूचना प्रशारणमा देहायका प्रक्रियाहरू पुरा गर्नु संस्थाको कर्तव्य हुनेछ।

क) साधारण सभा बस्ने सूचना कम्तिमा १५ दिन अगाडि प्रकाशन र प्रशारण गर्नु पर्नेछ।

ख) विशेष साधारण सभाको सूचना कम्तिमा ७ दिन अगाडि प्रकाशन र प्रशारण गर्नु पर्नेछ।

ग) सूचनाका लागि सबै सदस्यहरूले जानकारी पाउने माध्यमको उपयोग गर्नु पर्नेछ।

घ) प्रकाशित वा प्रशारित सूचनाको जानकारी सम्बन्धित कार्यालयलाई सूचना प्रकाशित भएको मितिले ३ दिन भित्र छिटो साधनद्वारा गराउनु पर्नेछ।

ङ) सूचनामा सभा बस्ने स्थान, मिति, समय, र सभामा प्रस्तुत हुने प्रमुख विषयहरू समाबेश गर्नु पर्नेछ।

च) नयाँ सञ्चालक समिति र लेखा सुपरिबेक्षण समिति वा रिक्त पदहरूमा निर्वाचन गर्नु पर्ने भए निर्वाचन सम्बन्धी कार्यक्रमको संक्षिप्त विवरण समेत अनिवार्य रुपमा प्रकाशन वा प्रशारण गर्नु पर्नेछ।

छ) सभा बस्ने स्थान संस्थाको कार्यक्षेत्र भित्रको कार्यालय परिसर वा नजिकको सभा हलमा व्यवस्थापन गर्नु पर्नेछ।

ज) साधारण सभा सञ्चालन भड्किलो र खर्चिलो रुपमा गरेको पाइएमा सम्बन्धित नगरकार्यपालिका कार्यालयले सचेत गराउन सक्नेछ। सभामा गरीने खर्चको मापदण्ड तयार गरी वार्षिक कार्यक्रम तथा वजेटमा समावेश गर्ने साथै खर्च गर्ने स्पष्ट आधार, जिम्मेवारी तथा खर्चको सीमा समितिबाट पूर्व निर्णय गरी कार्यान्वयन गर्नु पर्नेछ।

३) निर्वाचन कार्यक्रममा मतदान अधिकृतका रुपमा कार्यालयले प्रतिनिधि खटाउन सक्नेछ।

**९. निक्षेप संकलन तथा ऋण प्रवाहको सीमा:**

१) संस्थाले निक्षेप संकलन गर्ने र कर्जा प्रवाह गर्ने कार्य आफ्नो सदस्यहरूका वीचमा मात्र सीमित गर्नु पर्नेछ।

२) संकलित निक्षेप रकम सदस्यहरूलाई ऋण प्रवाह गर्ने काम बाहेकको प्रयोजनमा प्रयोग गर्न पाइने छैन।

३) सहकारी संस्थाले आफ्नो सदस्यसँग निक्षेप संकलन गर्दा प्राथमिक पूँजी कोषको वढीमा पन्ध्र गुणासम्म मात्र संकलन गर्न सक्नेछ।

**१०. व्याज दर सम्बन्धी व्यवस्था:**

१) संस्थाले वचत निक्षेपमा प्रदान गर्ने व्याजदर र ऋण लगानीमा लिने व्याजदरको निर्धारण सन्दर्भ ब्याजदरको आधारमा गर्नुपर्नेछ। सहकारी संस्थाहरूले गरेको व्याजदर निर्धारण सन्दर्भ ब्याजदर प्रतिकुल भएको पाइएमा सहकारी ऐन, नियमानुसार कारबाही गरीनेछ।

२) संस्थाले कर्जा र निक्षेपको ब्याज दर निर्धारण गर्दा विभेदकारी व्यवस्था र व्यवहार गर्न पाईने छैन। लिने दिने व्याज दरमा विभेद गरेको पाइएमा त्यस्तो विभेदबाट संस्थालाई हानी पुर्याइएको रकम सञ्चालकहरूबाट असूल उपर गरीनेछ।

३) विभिन्न नामको निक्षेपमा दिइने व्याज दर र विभिन्न कर्जामा लिइने व्याज दरको अन्तर ३ प्रतिशत भित्र कायम राख्नु पर्नेछ।

४) निक्षेप र कर्जाको ब्याजदर अनिवार्य रुपले संस्थाको साधारणसभाबाट निर्णय गराई लागू गर्नु पर्नेछ।

५) ब्याजदर परिवर्तनको सूचना शेयर सदस्यहरूको जानकारीका लागि सार्वजनिक रुपमा एक पटक प्रकाशित गर्न सकिनेछ।

६) कर्जामा समदर तथा चक्रवृद्धि ब्याज लगाउन पाईने छैन।

७) विभिन्न किसिमका वचतमा दिइने व्याज दर र ऋणमा लिने ब्याजदर साधारण सभाले स्वीकृत गरेको वचत तथा ऋण कार्यविधि अनुसार हुनेछ।

**११. निक्षेप संकलन, ऋण लगानी र व्याज सम्बन्धी जानकारी पेश गर्नु पर्नेः**

१) संस्थाको सञ्चालक समितिले वचत निक्षेप, ऋण लगानी, व्याज निर्धारण आदि विषयहरूमा आवश्यक शर्त, प्रक्रिया तथा कार्यविधिहरू स्वीकृत गरी कार्यान्वयन गर्नु पर्नेछ।

२) संस्थाले निर्धारण गरेको व्याजदरको विवरण समय समयमा वा कार्यालयले माग गरेको समयमा पेश गर्नु पर्नेछ। संस्थाले परिवर्तन गरेको व्याजदर जानकारीका लागि संस्थाको कार्यालयको सूचना पाटीमा टाँस गर्नु पर्नेछ।

**१२. लेखा राख्ने प्रणालीः**

संस्थाका सदस्यहरू वीच लाभाँश वितरण प्रयोजनको लागि नगद आधारमा व्याज आय लेखा राखी अन्य प्रयोजनका लागि प्रोदभावी आधारमा कारोवारको लेखा राख्नु पर्नेछ। नगदमा प्राप्त नभएको व्याजलाई पाउनु पर्ने व्याज हिसावमा खर्च लेखी व्याज मुल्तवी हिसावमा जम्मा गर्ने व्यवस्था गर्नु पर्नेछ।

**१३. ऋण लगानीका लागि प्रक्रिया तथा सीमाहरू**

१) संस्थाले आफ्नो प्रत्येक सदस्यलाई संस्थाको कूल पूँजी कोषको १० प्रतिशतमा नवढाई ऋण प्रदान गर्न सक्नेछ।

२) उपदफा (१) बमोजिम ऋण प्रदान गर्दा ऋण लगानीको उद्देश्य खुलाउन पर्नेछ र संस्थाको उद्देश्य अनुसार स्वीकृत परियोजनाको आधारमा ऋण लगानी गर्नु पर्नेछ।

३) सामन्यतया कुनै सदस्यले लिएको ऋणको सावां र व्याज भुक्तानी नगरेसम्म निजलाई पुनः ऋण लगानी गर्न पाइने छैन। विशेष परिस्थितिमा कारण खुलाई सञ्चालक समितिको निर्णयले ऋण सम्झौता पुनरावलोकन गरी वा अल्पकालीन रुपमा थोरै रकम लगानी हुने गरी ऋण दिन सकिनेछ।

**स्पष्टिकरणः** यस दफाको प्रयोजनका लागि कूल पूँजीकोष भित्र जम्मा शेयर रकम, जगेडा कोष, बाँडफाँड नगरेको लाभाँश, कर्जा जोखिम व्यवस्था, स्थिरीकरण कोष र घाटापूर्ति कोषको रकमलाई जनाउने छ।

४) प्रस्तावित ऋण रकम उचित सुरक्षण हुने गरी जायजेथा धरौटी वा कुनै सदस्यको धन जमानीमा मात्र संस्थाले ऋण लगानी गर्नुपर्ने छ। तर संस्थाले जेथा जमानी नभएका सदस्यहरूलाई कुनै वा केही सदस्यहरूको निक्षेप धितो रहने शर्तमा वा संस्थाको स्वीकृत कार्यविधिबमोजिम बिना धितो लघु ऋण लगानी गर्न वाधा पर्ने छैन।

५) ऋण लगानी गर्दा ऋण माग फारमको उपयोग, धितो मुल्यांकन प्रकृया, ऋण उपसमितिको सिफारिस वा स्विकृति र अनुमोदन जस्ता पूर्व निर्धारित प्रक्रिया अवलम्वन गरी ऋण प्रदान गर्नु पर्नेछ।

६) संस्थाले जेथा धितो राखी ऋण लगानी गर्दा ऋण लिने सदस्यको आफ्नै वा एकाघरका परिवारका सदस्यको नामको जेथा धितो राखेर मात्र ऋण लगानी गर्नु पर्नेछ।

७) संस्थाबाट प्रवाहित हुने सवै प्रकारका ऋण लगानीमा कुल परियोजना लागतको वढीमा ८० प्रतिशत अंश संस्थाबाट र घटीमा २० प्रतिशत अंश ऋणी सदस्यको स्व–पूँजीबाट व्यहोर्ने गरी ऋण लगानी गर्ने व्यवस्था मिलाउनु पर्नेछ। सदस्यहरूलाई घरजग्गा खरिद गर्न ऋण दिनु पर्ने भएमा कूल मूल्यको बढीमा ४० प्रतिशत मात्र लगानी गर्न सकिनेछ। संस्थाले कुल ऋण लगानीको २५ प्रतिशतमा नवढ्ने गरी घर जग्गामा कर्जाको सीमा निर्धारण गर्नु पर्नेछ।

८) नेपाल राष्ट्र बैकबाट सीमित बैकिङ्ग कारोवार गर्ने स्वीकृति लिएका संस्थाहरूको हकमा ऋण नोक्सानी कोष लगायतका व्यवस्थामा नेपाल राष्ट्र बैंकले तोके बमोजिम शर्त पालना गर्न यस मापदण्डले कुनै वाधा पुर्याएको मानिने छैन।

९) रु. १० लाख भन्दा माथिको कुल परियोजना लागत निर्धारण गर्दा संस्थागत मूल्यांकनकर्ताहरूबाट र अन्यमा कुनै एक सञ्चालक, ऋण उप समिति सदस्य र ब्यवस्थापकको सामुहिक टोलीले मूल्याँकन गर्नु पर्नेछ।

१०) संस्थाले आफ्नो सदस्यको शेयर प्रमाणपत्र धितो जमानी राखी कर्जा प्रवाह गर्न पाउने छैन।

११) संस्था दर्ता हुँदाका बखत रहेका सदस्य बाहेक अन्यको हकमा सदस्यको रूपमा तीन महिनासम्म संस्थामा नियमित बचत गरे पछि मात्र कर्जा प्रवाह गर्न सकिनेछ।

१२) संस्थाले ऋण लगानी गर्दा घट्दो दरमा ब्याज हिसाव गर्नु पर्नेछ। व्याज पूँजीकरण गर्न पाइने छैन ।

१३) धितो वापतको सम्पत्ति संस्थाको नाममा दृष्टिवन्धक वा रोक्का गराइ राख्नु पर्नेछ । सञ्चालक वा अन्य कुनै व्यक्तिको नाममा राख्न पाइने छैन ।

**१४. समितिका सदस्यले ऋण लिंदा पालन गर्नु पर्ने मापदण्ड:**

१) संस्थाका सञ्चालक तथा लेखा सुपरिवेक्षण समितिका ४९ प्रतिशत भन्दा वढी पदाधिकारीहरूलाई एकै अवधिमा ऋण लगानी गर्न पाइने छैन । संस्थामा आवश्यकता भन्दा बढी तरलता रहेको अवस्थामा छोटो अबधिको ऋण लगानी गर्न भने यो व्यवस्थाले बाधा पर्ने छैन ।

२) संस्थाको सञ्चालक समिति, लेखा समिति, ऋण उप–समितिका पदाधिकारी तथा व्यवस्थापकले लिएको ऋणको विवरण वार्षिक रुपमा नगर कार्यपालिका कार्यालयमा पेश गर्नुपर्नेछ ।

**१५. पेश्की लिन नपाइने:**

१) संस्थाका सञ्चालक, व्यवस्थापक, र लेखासमितिका पदाधिकारीहरूलाई काम र पेश्की फछर्यौटको समय सीमा नतोकी पेश्की दिन पाइने छैन ।

२) उपदफा (१) विपरित व्यक्तिगत प्रयोजनका लागि लिएको पेश्की रकमलाई ऋण सरह मानी अधिकतम व्याजसहित असूल उपर गर्नु गराउनु पर्नेछ ।

**१६. तरलता सम्बन्धी व्यवस्था:**

१) बचत तथा ऋण सम्बन्धी कारोवार गर्ने प्रत्येक संस्थाले कूल निक्षेप रकमको कम्तिमा १५ प्रतिशत रकम तरलता राख्नु पर्नेछ। नगद मौज्दात, बैंक मौज्दात, सरकारी ऋण पत्रमा गरीएको लगानी र सहकारी बैंक तथा वचत तथा ऋण सहकारी संघमा रहेको निक्षेप रकमलाई तरलताको रुपमा गणना गरीनेछ ।

२) प्रत्येक महिनाको अन्तिम दिनलाई आधार मानी तरलताको गणना गर्नु पर्नेछ ।

**१७. ऋणको वर्गीकरण:** संस्थाले आफ्ना सदस्यलाई ऋण लगानी गर्दा नेपाल राष्ट्र बैंकबाट सिमित बैकिङ्ग कारोवार गर्नेको हकमा नेपाल राष्ट्र बैंकको निर्देशन अनुसार र अन्य संस्थाहरूको हकमा देहाय वमोजिम ऋण नोक्सानी कोषको व्यवस्था गर्नुपर्नेछ ।

| | | | |
|---|---|---|---|
| १ | असल ऋण: | भाखा ननाघेको | १ प्रतिशत |
| २ | शंकास्पद ऋण: | १ वर्ष सम्म भाखा नाघेको | ३५ प्रतिशत |
| ३ | खराव ऋण: | १ वर्ष भन्दा बढी भाखा नाघेको | १०० प्रतिशत |

**१८. संरक्षित पूँजी फिर्ता कोष:**

१) संरक्षित पूँजी फिर्ता कोषको रकम सदस्यहरूलाई बाँडफाँड गरी भुक्तानी गर्नका लागि संस्थासँग प्रत्येक सदस्यले गरेको कारोवारको लेखाको विवरणको आधारमा गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

२) उपभोक्ता सहकारी संस्था तथा अन्य उत्पादनमूलक सहकारी संस्थाको हकमा संस्थासँग गरेको खरिद तथा विक्री कारोवार र शेयर लगानीका अतिरिक्त अन्य कारोबार भए सो समेत जोडी औषत अनुपात रकम निकाली गणना गर्नु पर्नेछ।

**१९. लाभाँश वितरणमा प्रतिवन्ध:** सहकारी संस्थाले संस्थाको अघिल्लो वर्षसम्मको खुद सञ्चित नोक्सान पुरा नभएसम्म सदस्यहरूलाई लाभाँश वाड्न पाईने छैन । ऐनले तोके भन्दा बढी हुने गरी कुनै पनि नाममा शेयर सदस्यहरूलाई लाभाँश बाड्न पाइने छैन ।

**२०. निष्कृय संस्था:**

(१) लगातार २ (दुई) वर्षदेखि वार्षिक साधारण सभा नगर्ने सहकारी संघ संस्थाहरूको विवरण सार्वजनिक गर्ने व्यवस्था नगर कार्यपालिका कार्यालयले मिलाउने छ ।

(२) नियमित रुपमा लेखापरीक्षण नगराउने, निर्धारित समयमा साधारण सभा सम्पन्न नगर्ने, सहकारीका मूल्य, मान्यता र सिद्धान्तहरू, प्रचलित ऐन, नियम र विभागले जारी गरेको निर्देशन एवंम् मापदण्ड तथा विनियमको परिपालना नगरेसम्म त्यस्तो संस्थाहरूलाई नेपाल सरकारबाट उपलब्ध गराइने सेवा सुबिधाहरू उपलब्ध गराइने छैन ।

(३) दुई वर्ष भन्दा बढी अबधिसम्म वार्षिक साधारण सभा नगर्ने संस्थाहरू निष्कृय संस्थाहरूको सूचीमा समावेश गरिनेछ। यस्तो सूचीमा परेका संस्थाहरूको दर्ता खारेज गरिनेछ। संस्था खारेजी र विघटनको कार्य कार्यालयले प्रत्येक वर्ष अनिवार्य रूपमा गर्नु पर्नेछ।

**२१. दर्ता खारेजीको जानकारी गराउनेः** कार्यालयले सहकारी संस्थाहरूको दर्ता खारेजी र विघटनको जानकारी सम्बन्धित संघहरूलाई दिनेछ।

**२२. सहकारी संस्थाको कार्यक्षेत्र विस्तारः**

१) संस्थाको कार्यक्षेत्र बिस्तार गर्दा देहायको प्रक्रिया पुरा गर्नुपर्नेछ।

क. संस्थाको मौजुदा कार्यक्षेत्रमा सदस्यता एवं व्यावसायिक सेवा बिस्तार भएको दर्तावाला लेखापरिक्षकबाट प्रमाणित भएको,

ख. थप प्रस्ताव भएको कार्यक्षेत्रमा सेवा माग गरी संस्थाको सदस्यता माग भएको,

ग. संस्थाको थप प्रस्ताव भएको कार्यक्षेत्रमा प्रचलित सहकारी कानूनबमोजिम सदस्यता एवं व्यावसायिक सेवा बिस्तार गर्ने सञ्चालक समितिको प्रतिवद्धता।

घ. विनियम संशोधनको प्रक्रिया पुरा भएको।

**२३. अनुगमन सम्बन्धी प्रक्रिया र जिम्मेवारीः**

१) कार्यालयले वित्तीय कारोवार गर्ने संस्थाको अनुगमन गर्दा अनुसूची १ र वित्तीय कारोवार नगर्ने संस्थाको अनुगमन गर्दा अनुसूची २ मा उल्लेख भए बमोजिमको ढाँचाको फारम प्रयोग गर्नु पर्नेछ।

२) कार्यालयबाट संस्थाको निरीक्षण गर्न आउने कर्मचारीले माग गरेका सम्पूर्ण विवरणहरू उपलव्ध गराउनु संस्थाका पदाधिकारी एवं सम्बन्धित कर्मचारीको कर्तव्य हुनेछ।

३) अधिकार प्राप्त सहकारी संघहरूलेसमेत अनुगमन कार्यमा उपदफा (१) बमोजिमको ढाँचाको फारम उपयोग गर्नु पर्नेछ। आफूले सम्पन्न गरेको अनुगमनको विवरणको एक प्रति सम्बन्धित कार्यालयलाईसमेत उपलब्ध गराउनु पर्नेछ।

४) अनुगमनमा संलग्न कर्मचारी वा पदाधिकारीले सो को प्रतिवेदन सम्बन्धित कार्यालयमा काम सम्पन्न भएको मितिले ७ दिन भित्र पेश गरिसक्नु पर्नेछ।

५) संस्थामा गम्भीर प्रकृतिका आर्थिक अनियमितता भएको पाइएमा अनुगमनकर्ताले २४ घण्टा भित्र लिखित रुपमा प्रमुख प्रशासाकिय अधिकृतलाई जानकारी गराउनु पर्नेछ।

६) प्राप्त अनुगमन प्रतिवेदनका आधारमा कार्यालयले ७ दिन भित्र सुधारको प्रक्रिया अघि बढाउन सम्बन्धित संस्था, संघलाई लिखित जानकारी दिनु पर्नेछ। सुधार प्रक्रियामा निर्देशनको रुपमा पत्राचार गर्ने वा जिम्मेवार पदाधिकारीहरूलाई कार्यालयमा उपस्थित गराई सुधारको कार्ययोजना लिने वा अटेर गरेमा कानूनी उपचार र मापदण्ड बमोजिमका कारवाही अघि बढाउने काम प्रमुख प्रशासाकीय अधिकृतको जिम्मेवारी हुनेछ।

९) नियमित रूपमा कार्ययोजना बनाई अनुगमनको कार्य सञ्चालन गर्नु पर्नेछ।

**२४. कारवाही सम्वन्धी प्राबधानहरुः**

तथ्यपरक जानकारी प्राप्त भएमा वा अनुगमनको क्रममा पाइएका देहायका गम्भीर प्रकृतिका त्रुटीहरू वा अनियमित कारोवारका लागि देहाय बमोजिमको कारवाही हुनेछः

क) अनुगमन कार्यमा सहयोग नगरेमा कारोवार रोक्का गरिनेछ।

ख) शेयर सदस्यहरूलाई नियमानुसार दिन सकिने लाभाँश वाहेक अन्य रकम वितरण गरी अस्वस्थ्य प्रतिस्पर्धा गरेको पाईएमा लाभाँश वाहेकको रकम सञ्चालक समितिका पदाधिकारीहरूबाट दामासाहिका दरले असुल उपर गरी संस्थाको कोषमा दाखिला गराईनेछ।

ग) वार्षिक दुई करोडभन्दा कमको वार्षिक कारोवार गर्ने संस्थाको कार्यकारी प्रमुख वाहेक अन्य सञ्चालकले सहकारी ऐन बिपरित

पारिश्रमिक लिएको पाईएमा सो रकम असूल उपर गरी संस्थाको कोषमा दाखिला गराइनेछ। तोकिए वमोजिमको समय भित्र रकम दाखिल नगरेमा संस्थाले साँवा र व्याजसमेत असूल उपर गर्नेछ।

घ) कार्यकारी प्रमुखको पारिश्रमिक निर्धारण गर्दा सञ्चालक समितिबाट निर्णय गरी साधारण सभाबाट अनुमोदन गराउनु पर्नेछ। निर्णय र अनुमोदन सम्वन्धी विवरण पेश नगरेमा लिएको पारिश्रमिक नियमित वा असूल उपर गर्नु गराउनु पर्नेछ।

ङ) प्रचलित कानून र मापदण्ड पालना नगरेको पाईएमा संस्थाले प्राप्त गर्ने सुविधाहरू रोक्का गरिनेछ।

च) कार्य क्षेत्र बाहिरका व्यक्तिलाई सदस्यता दिने तथा गैर सदस्यसँग कारोवार गर्ने संस्थाको बैक खाता रोक्का गर्ने, सार्वजनिक सूचना प्रकाशित गरी सर्वसाधारणलाई यस्ता संस्थासँग कारोवार नगर्न सजग गराउने, अनियमितता गरेको सूचना सार्वजनिक गर्ने र प्रचलित कानून बमोजिम थप कारवाही गरीनेछ।

छ) निक्षेप वापत संकलित रकम अन्यत्र लगानी गरेको पाइएमा उद्देश्य विपरित काम गरेको कसुरमा प्रचलित कानून बमोजिम कारवाही गरिनेछ।

२५. **विज्ञापन मार्फत सदस्यता बिस्तार गर्नमा प्रतिवन्धः** संस्थाले सार्वजनिक रूपमा उपहार योजना राखी वा आकर्षक विज्ञापन गरी शेयर विक्री, वचत संकलन र ऋण प्रवाह गर्न पाउने छैन। यस मापदण्डको प्रतिकूल हुने गरी विज्ञापन वा सूचना वा दृश्य सामाग्री प्रकाशन वा प्रसारण गरेमा प्रचलित कानून बमोजिम कारवाही हुनेछ। तर संस्थाको महत्वपूर्ण निर्णय, विषय र गतिबिधिका वारेमा सदस्यहरू तथा आम नागरीकलाई जानकारी गराउन सूचना तथा श्रव्य दृश्य प्रकाशन तथा प्रशारण गर्न यस दफाले वाधा पुर्याएको मानिने छैन। सहकारी सम्बन्धी जनचेतना अभिबृद्धि हुने गरी प्रशारण वा प्रकाशन गर्ने सहकारी जागरण सम्बन्धी नियमित पत्रपत्रिका, रेडियो र टेलिभिजनका कार्यक्रम सञ्चालनमा सहयोग र सहकार्य गर्न बाधा पर्ने छैन।

२६. **कारोवार रोक्का राख्न सकिनेः** सहकारी सिद्धान्त, सहकारी ऐन, नियम, प्रचलित कानुन, मापदण्ड, परिपत्र र निर्देशन पालना नगर्ने संस्था, संघको खाता र कारोवार रोक्का राख्न सकिनेछ।

२७. **कारवाहीका लागि लेखी पठाईनेः** देहायका कुनै कार्य वा कार्यहरूलाई सहकारी ऐन, नियम विपरित प्रकरणका रूपमा लिई सञ्चालक समितिका पदाधिकारीहरू र व्यवस्थापकलाई प्रचलित सहकारी कानून बमोजिम कारवाही गरिनेछ।

क) गैर सदस्यसँग कारोवार गरेमा वा सदस्यनै नबनाई कारोवार गरेमा।

ख) कार्य क्षेत्र वाहिरका व्यक्ति वा निकायलाई सदस्य बनाएमा।

ग) बचत निक्षेपको रकम निजी व्यवसायमा लगानी गरेमा।

घ) निजी प्रयोजनका लागि अनधिकृत रूपमा सञ्चालकहरूले कोषको अपचलन गरेमा।

ङ) साधारण सभा नबोलाई र निर्वाचन प्रक्रिया पुरा नगरी आफूखुशी सञ्चालक वा लेखा समितिको पदाधिकारी थपघट गरेमा।

च) सम्बन्धित निकायबाट इजाजत लिइ मात्र गर्नु पर्ने कार्य वा कारोवार इजाजत नलिइ सञ्चालन गरेमा।

छ) पटक पटक भ्रम सिर्जना हुने आकर्षक विज्ञापन/सूचना मार्फत सदस्य विस्तार वा कारोवार बढाउने काम गरेमा।

ज) एकै प्रकृतिका एक भन्दा बढी संस्थाको पदाधिकारी भई काम गर्ने गरेको पाइएमा।

झ) अनधिकृत रुपमा संस्थाको कारोवारमा संलग्न रहेको पाइएमा।

ञ) कार्यक्षेत्र बाहिर बसोबास गर्ने व्यक्ति संस्थाको सञ्चालक समिति वा लेखा समितिको पदाधिकारी भएको पाइएमा।

२८. **आचारसंहिता सम्बन्धी व्यवस्थाः**

१) संस्थाले सहकारी मूल्य, मान्यता र सिद्धान्तहरू एवं प्रचलित सहकारी ऐन तथा नियमावली, मापदण्ड तथा विनियमावलीमा आधारित भै संस्थाको पदाधिकारी र सदस्यहरूले पालना गर्नु पर्ने आचारसंहिता तयार गरी लागू गर्नु पर्नेछ।

२) उपदफा (१) बमोजिम लागू भएको आचारसंहिता संस्थाका पदाधिकारी र सदस्यहरूले अनिवार्य रुपमा पालना गर्नु पर्नेछ।

३) आचार संहितामा उल्लेख नभएमा पनि देहायका मापदण्डहरूको पालना गर्नु प्रत्येक व्यक्तिको दायित्व हुनेछः

क) संस्थाका पदाधिकारीहरू अन्य कुनै पनि संस्थाको पदाधिकारीमा बहाल रहन पाउने छैन। एक भन्दा बढी संस्थाको पदाधिकारी भएको पाइएमा संस्थाले त्यस्ता पदाधिकारीलाई तत्कालै निलम्बन गरी सम्बन्धित कार्यालयमा जानकारी पठाउनु पर्नेछ।

ख) एक व्यक्ति महानगर भित्रका समान प्रकृतिका एक मात्र संस्थाको सदस्य भई सहकारीको मूल्य, मान्यता र सिद्धान्त बमोजिम आफ्नो संस्था प्रति प्रतिबद्ध रहनु पर्नेछ ।

**२९. सहकारी संस्थाको कार्यालय सम्बन्धी व्यवस्थाः**

१) संस्थाको कार्यालय तोकिएको कार्यक्षेत्रभित्र स्थापना गर्नु पर्नेछ ।

२) कार्यालयको स्थापना बढी शेयर सदस्यहरू बसोबास गर्ने क्षेत्रमा गर्नु पर्नेछ ।

३) एकै प्रकृतिको संस्थाको कार्यालय रहेको भवन वा घरमा अर्को संस्थाको कार्यालय स्थापना गर्न पाइने छैन । एउटै भवन वा घरमा एक भन्दा बढी एकै प्रकृतिको संस्थाहरूको कार्यालय भएमा पछि खोलिएको संस्थाको कार्यालय अन्य उपयुक्त ठाउँमा सार्न कार्यालयले निर्देशन दिन सक्नेछ ।

४) संस्थाको कार्यालय स्थापना गरेको ७ दिन भित्र कार्यालयको निरीक्षण गर्न नगर कार्यपालिकाको कार्यालयलाई लिखित रूपमा जानकारी गराउनु पर्नेछ ।

५) संस्थाको कार्यालय सार्नु पर्दा सम्बन्धित कार्यालयको अग्रिम स्वीकृति लिई मात्र सार्न सकिनेछ। कार्यालय सरेको सार्वजनिक रूपमा जानकारी गराउन उपयुक्त संचार माध्यमको उपयोग गर्नु पर्नेछ ।

**३०. साइन बोर्ड राख्ने सम्बन्धी व्यवस्थाः**

१) प्रत्येक संस्थाले दर्ता प्रमाणपत्रमा उल्लेख भए वमोजिम संस्थाको नाम, दर्ता नम्बर, दर्ता मिति, भौगोलिक कार्यक्षेत्र र दर्ता भएको कार्यालयको नाम समेत खुलाई नेपाली भाषा देवनागरी लिपिमा साईन वोर्ड लेखी संस्थाको कार्यालयमा सवैले देख्ने ठाँउमा राख्नु पर्नेछ ।

२) सहकारीको साइन बोर्डमा एकरूपता ल्याउनको लागि राष्ट्रिय सहकारी संघले निर्णय गरे अनुरुप साइन बोर्डको रङ्ग हल्का हरियोमा सेतो अक्षरले लेखिएको वा बिषयगत केन्द्रीय संघले तोकेबमोजिम हुनुपर्नेछ ।

**३१. सदस्य वडापत्र सम्बन्धी व्यवस्थाः** संस्थाको कार्यालयमा सबैले देखिने गरी सदस्य बडापत्र राख्नु पर्नेछ।

**३२. कारोबारको लेखा अध्यावधिक रुपमा राख्ने व्यवस्थाः**

१) सहकारी संस्थाले आफ्नो सम्पूर्ण कारोबार तथा संस्थागत विवरण, सूचना र तथ्यांकहरू सहकारी तथा गरीबी सम्बन्धी ब्यवस्थान सूचना प्रणाली (COPOMIS) मा सहकारी कानूनले तोकेको समयसीमा भित्र अध्यावधिक गर्नु पर्नेछ ।

२) कम्प्युटरमा अभिलेख राख्ने गरेका संस्थाहरूले आर्थिक तथा प्रशासनिक अभिलेखहरू मासिक रुपमा मुद्रण गरी प्रमाणित गरी राख्नु पर्नेछ । मासिक कारोवारको विवरण सदस्यहरूको जानकारीको लागि संस्थाको कार्यालयमा प्रकाशित गर्नु पर्नेछ ।

**३३. सूचना प्रशारण गरिनेः** कुनै संस्थाका समिति, पदाधिकारी वा कर्मचारीले प्रचलित कानून,यो मापदण्ड वा थप निर्देशन, स्वीकृत विनियम र सहकारीका सिद्धान्त र मूल्यहरू विपरितका काम कारवाही गरेको पाइएमा सोको विवरणसहित सञ्चालकलाई समय सीमासहित काम कारवाही र कारोवार सच्याउन दिएको निर्देशन कार्यान्वयन नभएमा भरतपुर महानगरपालिका, नगर कार्यपालिकाको कार्यालयले सोको सूचना संचार माध्यमबाट सम्बन्धित सबैलाई जानकारी गराई सुचित वा सचेत गराउन सक्नेछ ।

**३४. सम्पत्ति खरिद विक्री गर्दा पारदर्शिता अपनाउनु पर्नेः** सहकारी संस्थाले अचल सम्पत्ति खरिद वा बिक्री गर्दा साधारण सभाको निर्णय, निर्धारित खरिद बिक्री प्रक्रिया, घटाघट वा बढाबढको प्रक्रियाबाट संस्थालाई बढी फाइदा हुन सक्ने अवस्था र सदस्यहरूको गुनासो नआउने गरी पारदर्शिताको प्रणाली अबलम्बन गर्नु पर्नेछ । संस्थाले घर जग्गा लगायत अचल सम्पत्ति खरिद बिक्री गर्दा पारदर्शी प्रक्रिया अवलम्बन गरे नगरेको साथै प्रचलित मूल्यबाट घटी बढी गरी संस्थाको अहित गरे नगरेको वारेमा अनुगमन गरी नगर कार्यपालिका कार्यालयले आवश्यक निर्देशन दिन सक्नेछ ।

**३५. संस्था सञ्चालनको क्रममा सहकारी सम्बन्धी अभिमुखीकरण तालिम लिनु पर्नेः**

१) वित्तीय कारोवार गर्ने सहकारी संस्थाका सञ्चालक समिति र लेखा सुपरीवेक्षण समितिका कम्तिमा ५० प्रतिशत पदाधिकारीहरूले यो मापदण्ड जारी भएको ६ (छ) महिनाभित्र संस्था व्यवस्थापन, सहकारी लेखापालन र लेखापरीक्षण सम्बन्धी तालिम लिनु पर्नेछ। सञ्चालक समिति र लेखा समितिको नयाँ निर्वाचन भएको ६ महिना भित्र पालै पालो यस अघि तालिम नलिएका

पदाधिकारीहरूलाई उपरोक्त तालीम लिने व्यवस्था संस्थाले मिलाउनु पर्नेछ। संस्थाहरूले यो व्यवस्थाको पालना अनिवार्य रूपमा गर्नु पर्नेछ।

२) उपदफा (१) बमोजिमको तालिम लिए नलिएको विवरण सम्बन्धित कार्यालयले माग्न सक्नेछ। यस सम्बन्धमा कार्यालयले दिएको निर्देशनको पालना गर्नु सबै संस्थाहरूको दायित्व हुनेछ।

**३६. नगद मौज्दातको सुरक्षित व्यवस्थापन गर्नु पर्नेः**

१) वचत तथा ऋणको कारोवार गर्ने प्रत्येक संस्थाले आफ्नो कार्यालयमा रहने न्यूनतम नगद मौज्दात, मार्गस्थल नगद र कारोवार काउन्टरको विमा गर्नु पर्नेछ।

२) उपदफा (१) बमोजिम विमा गरीएको भन्दा वढी रकम कार्यालयमा मौज्दात राख्न पाइने छैन।

३) नगद रकम बैंकमा जम्मा नगरी नगदै कारोवार गर्ने र कुनै सञ्चालक वा शेयर सदस्य वा कर्मचारीले प्रयोग गर्न पाइने छैन।

**३७. बचत तथा ऋणको वित्तिय कारोवार गर्ने संस्थाले गर्न नहुने कामहरुः**

क) वासलत वाहिरको कारोवारहरू (जस्तै प्रतितपत्र, जमानत आदि)।

ख) सदस्यहरूलाई अधिविकर्ष कर्जा प्रवाह।

ग) ब्यापारिक उद्देश्यले घर जग्गाको खरिद विक्री तथा सञ्चालकहरूको लगानीमा खोलिएको निजी उद्योग व्यवसायमा लगानी।

घ) स्पष्ट कार्यविधिअनुसार गरीने लघु कर्जा कार्यक्रम बाहेक विना सुरक्षणमा कर्जा प्रवाह।

ङ) सुनचाँदी र शेयर प्रमाणपत्र धितो राखी कर्जा प्रवाह।

च) चल्ती खाता सञ्चालन गर्ने।

छ) एकमुष्ट ३ वर्ष भन्दा बढी अवधिको आबधिक निक्षेप स्वीकार गर्ने।

ज) विदेशी मुद्राको कारोवार वा मुद्रा विनिमय।

झ) चिठ्ठा तथा उपहार योजना सञ्चालन।

ञ) कार्यक्षेत्र बाहिरका र सदस्य बाहेकका व्यक्ति तथा निकायसँगको कारोवार।

**३८. सम्पत्ति शुद्धिकरण निवारण ऐन नियमको कार्यान्वयनः**

१) वित्तिय कारोवार गर्ने सहकारीका संघ संस्थाहरूले सम्पत्ति शुद्धीकरण निवारण ऐन, २०६४ र नियमावली, २०६६ मा भएका व्यवस्थाहरू अनिवार्य रुपमा पालना गर्नु गराउनु पर्नेछ।

२) वित्तीय कारोवार गर्ने संस्थाले आफ्ना प्रत्येक सदस्यको स्पष्ट रुपमा अभिलेख राख्नु पर्नेछ।

३) नेपाल राष्ट्र बैंक, वित्तीय जानकारी इकाइमा पठाउनु पर्ने विवरण नियमित र निरन्तर रूपमा पठाउने व्यवस्थाका लागि प्रत्येक वित्तीय कारोवार गर्ने सहकारी संस्था, संघ र बैंकले सञ्चालक समितिको निर्णय बमोजिम कार्यान्वयन अधिकृत तोक्नु पर्नेछ।

४) यस सम्बन्धमा सम्बन्धित निकायले गर्ने अनुसन्धान वा माग गरेको विवरणहरू उपलब्ध गराई नियमन गर्ने कार्यमा सहयोग गर्नु सबै संस्थाको कर्तव्य हुनेछ।

**३९. सहकारीका मूल्य, मान्यता र सिद्धान्तहरूः**

१. अन्तर्राष्ट्रिय सहकारी महासंघले प्रतिपादन गरेको र विश्वव्यापी रुपमा प्रयोगमा ल्याइएका सहकारीका मूल्य, मान्यता र सिद्धान्तहरूको पालना गर्नु सबै संस्थाका निर्वाचित तथा नियुक्त पदाधिकारीहरू एवं प्रत्येक सदस्यहरूको प्रमुख कर्तव्य हुनेछ। सहकारीका मूल्य, मान्यता र सिद्धान्तहरूको प्रयोगका लागि निरन्तर रुपमा आफ्ना सदस्यहरूलाई जानकारी दिने गरी सचेतनाका कार्यक्रमहरू सञ्चालन गर्नु सहकारीका जिम्मेवार पदाधिकारीहरूको जिम्मेवारी हुनेछ।

२. सहकारी संस्थाका सञ्चालक समितिले प्रचलीत सहकारी कानून र मापदण्डमा गरिएको व्यवस्थाहरूको पालनाका लागि मापदण्ड जारी भएपछि बस्ने साधारण सभामा विनियम संसोधनका लागि प्रस्ताव पेश गरी, पारित गराई कार्यान्वयन गराउनु पर्नेछ। साधारण सभाबाट विनियम परिमार्जन नगरेमा विनियममा गरिएको व्यवस्थाहरू प्रचलीत सहकारी कानून र मापदण्डसँग बाझिएमा प्रचलीत सहकारी कानून र मापदण्डका आधारमा विवादको निराकरण गरिनेछ।

**४०. विनियम संशोधन वा पुनर्लेखनः**

१) संस्थाको प्रारम्भिक साधारण सभाले विनियम संशोधन गर्न सक्ने छैन ।

२) विनियम संशोधन वा विनियम पुनःर्लेखन प्रस्ताव गर्नु पूर्व नगर कार्यपालिकाको कार्यालयबाट सैद्धान्तिक सहमति लिनुपर्नेछ । पूर्व सैद्धान्तिक सहमति नलिइ गरिएको विनियम संशोधन वा विनियम पुनर्लेखन प्रचलित कानून, महानगरपालिकाले जारी गरेको मापदण्ड र निर्देशन बमोजिम नभए प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको कर्मचारीले सो प्रावधान अस्वीकृत गर्न सक्नेछ ।

३) साधारण सभाबाट विनियम संशोधन वा विनियम पुनर्लेखन पारित गरी नगर कार्यपालिकाको कार्यालयमा स्वीकृतिको लागि पेश भएको तीस दिनभित्र प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको कर्मचारीले विनियम संशोधन वा विनियम पुनर्लेखन स्वीकृत गर्न सक्नेछ ।

**अनुसूची-१**

(दफा २३(१) संग सम्बन्धित)

अनुगमन फारम

१) सहकारी संस्थाको नाम :–

२) दर्ता नं :– मिति :– दर्ता भएको कार्यालय :–

३) ठेगाना :–

४) शेयर पूँजी :– (प्रति शेयर रु :–)

५) कार्यक्षेत्र :–

६) सञ्चालक समितिको सदस्य संख्याः

कार्यकाल : बर्ष (बैठक भत्ता :–रु. )

७) कर्मचारी संख्या :–

(बजार प्रतिनिधि :– ) नियुक्ति दिए/नदिएको :–

८) सफ्टवेयर :–

९) शेयर सदस्य संख्या :–

| | | | |
|---|---|---|---|
| जम्मा :– | पुरुष :– | महिला :– | संस्थागत :– |

१०) निक्षेपकर्ताहरुको संख्या

| | | | |
|---|---|---|---|
| जम्मा :– | पुरुष :– | महिला :– | संस्थागत :– |

११) ऋणीहरुको संख्या

| | | | |
|---|---|---|---|
| जम्मा :– | पुरुष :– | महिला :– | संस्थागत :– |

१२) संस्थाको प्रारम्भिक साधारण सभा भएको मिति :–

कुल सदस्य संख्या :

उपस्थित सदस्य संख्या :

पछिल्लो साधारण सभा भएको मिति :

कुल सदस्य संख्या :

उपस्थित सदस्य संख्या :

पछिल्लो संचालक समिति निर्बाचन मिति :

निर्बाचन उप समितिको चयन :

साधारण सदस्यहरुलाई सभाको सुचना दिने माध्यम र प्रकृयाः–

१३) संस्थाले तयार पारेको कार्य संचालन नियमाबलीहरु, नीतिहरु, कार्यबिधिहरुः

.............................................................................................................................

.............................................................................................................................

१४) संस्थाले गठन गरेको उप समितिहरु :–

.................................................................. ..................................................................

.................................................................. ..................................................................

१५) पछिल्लो साधारण सभाबाट पारित भएका मुख्य बिषयहरु :–

.................................................................. ..................................................................

.................................................................. ..................................................................

१६) संस्थाको बर्तमान कर्जा प्रकृति वा किसिमहरु (ब्याजदर सहित) :–

| शीर्षक | दर | शीर्षक | दर |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |

१७) संस्थाको बर्तमान निक्षेपका प्रकारहरु (ब्याजदर सहित) :–

| शीर्षक | दर | शीर्षक | दर |
|---|---|---|---|
| | | | |
| | | | |

१८) निम्न कारोवारहरु गरे नगरेको :– सुनचाँदी कर्जा, गल्ला कर्जा, चल्ती खाता, ओ.डी.कर्जा, आफ्नै शेयरको सुरक्षणमा ऋण लगानी, घर जग्गा किनबेचः

१९) ऐन नियममा तोकिए वमोजिमका सम्वन्धित कार्यालयमा पठाउने गरेको विवरणहरु :–

.................................................................. ..................................................................

.................................................................. ..................................................................

२०) खुद बचत/नाफाको कम्तिमा २५ प्रतिशत जगेडा कोषमा जम्मा गरे नगरेको

२१) शेयर पुंजीको बढिमा १८ प्रतिशत लाभाँस वितरण गरे नगरेको

२२) संस्थाले कुनै प्रकारको चन्दा, आर्थिक सहयोग प्रदान गरे नगरेको

२३) एउटै लेखापरीक्षक लगातार ३ पटक भन्दा बढी नियुक्ति भएको छ छैन

२४) संस्थाको कूल चुक्ता शेयरपूँजीको २० प्रतिशत भन्दा वढी एउटै ब्यक्ति वा निकाय विशेष (सरकारी समेत) लाई शेयर विक्रि भएको छ छैन

२५) संस्थाले कर्जामा लिने सेवाशुल्क लगायतका अन्य अतिरिक्त रकमहरु :–

२६) संस्थाको निक्षेप र कर्जा वीचको औसत ब्याजदर अन्तर :–

२७) कर्जा तथा सापटमा पाकेको व्याज नगद प्राप्ति Cash Basis को आधारमा आम्दानी जनाएको र निक्षेपमा प्रदान गर्ने व्याज Accural Basis मा लेखांकन गरेको छ छैन

२८) संस्थाको कूल पूँजी कोषको १०% भन्दा बढी एक व्यक्तिलाई ऋण लगानी भएको छ छैन

२९) वचत तथा ऋण नीति तयार गरे नगरेको

३०) सञ्चालक र लेखा समिति सदस्यका उम्मेदवारहरुले मनोनयनका साथमा शेयर प्रमाणपत्रको प्रतिलिपि, कार्यक्षेत्रभित्र स्थायी बसोवास गरेको प्रमाण, संस्थासंग कुनै बक्यौता नरहेको प्रमाण, कर्जा कालोसूचीमा नपरेको स्व–घोषणा आदि कागजात पेश गरे नगरेको

३१) सञ्चालक समिति निर्बाचित भएको मितिले १५ दिनभित्र सञ्चालकहरुको फोटो र तीन पुस्तेसहितको २ प्रति विवरण पेश गरे नगरेको :

३२) संस्थाले ऋण उपसमितिको सिफारिसमा ऋण लगानी गरे नगरेको :

३३) सदस्यहरुलाई कारोवारी, साधारण र संस्थापक भनि बिभेद गरे नगरेको :

३४) साधारण सभा सम्पन्न भएको १५ दिन भित्र लेखापरीक्षण प्रतिबेदन, अध्यक्षले प्रमाणित गरेको सभाका निर्णयको प्रतिलिपि, सदस्यहरुको उपस्थिति विवरण कार्यालयमा पेश गरे नगरेको :

३५) तोकिए बमोजिम कर्जा नोक्सानी ब्यवस्था गरे नगरेको :

३६) सञ्चालक समिति, लेखा समिति, ऋण उपसमिति सदस्यहरुले संस्थाबाट लिएको कर्जाको विवरण चौमासिक रुपमा सम्बन्धित कार्यालयमा पेश गरे नगरेको:

३७) संस्था दर्ता हुँदाका बखतका बाहेक अन्य सदस्यहरुका हकमा सदस्य बनेको तीन महिना नियमित बचत गरेपछि मात्र ऋण लगानी गर्नुपर्ने पालना भए नभएको :

३८) विनियमको परिधि भित्र रही विभिन्न कोषहरुमा रकम वाँडफाँड गरेको छ छैनः

३९) सञ्चालकहरुले संस्थाबाट उपभोग गरिरहेको वित्तीय तथा अन्य सुबिधाहरूः

४०) संस्थाबाट कर्जा प्रवाह गर्दा माग गरिने कागजातहरु, धितो मूल्याङ्कन लगायत अन्य प्रकृयाहरू :–

४१) पछिल्लो आन्तरिक र बाह्य लेखापरीक्षकहरूका मूल कैफियतहरूः–

४२) ऋण स्वीकृत गर्ने अख्तियारी कसलाई दिइएको छ ? र कसरी दिइएको छ ?

४३) कर्जा तथा निक्षेपको ब्याजदर परिवर्तन भएको सूचना सदस्यहरुलाई कसरी दिईन्छ

४४) संस्थाको प्रचलित बिनियम बमोजिम सञ्चालक समितिको बैठक बस्ने गरे नगरेको ?

४५) संस्थाले साधारण जगेडा कोष बाहेकका कोषहरु तिनको उद्देश्य अनुसार उपयोग गर्ने गरे नगरेको ?

४६) संस्थाले कर्जा प्रवाह, निक्षेप संकलन र शेयर बिक्रीका लागि बिज्ञापन गर्ने गरे, नगरेको

४७) नगद रकमको ढुकुटी, काउन्टर तथा मार्गस्थ बीमा गरे/नगरेको (गरेको भए, बीमा रकम र म्याद)ः–

४८) नगदको विबरण खुल्ने Cash Book, Day Book राख्ने गरे नगरेको, नगदको जिम्मेवारी बाँडफाँड गरे नगरेको, ढुकुटीबाट कारोवारका लागि नगद झिक्दा/राख्दा सो को विबरण राख्ने गरे नगरेको, ढुकुटीको साँचोको जिम्मेवारी क्यासियर र ब्यवस्थापकले लिने गरे नगरेको

४९) संस्थाले समानान्तर सहकारी संस्थाहरूसँग शेयर, निक्षेप र कर्जा/सापटी कारोवार गरेको भए त्यसको विवरण :–

५०) संस्थाका वर्तमान सञ्चालकहरु समानान्तर सहकारी संस्था, बैंक तथा बित्तीय संस्थाको सञ्चालक पदमासमेत बहाल भएको भए त्यसको विवरणः–

उल्लेखित विषयहरू तथा जानकारी यस संस्थाको आधिकारिक व्यक्ति/व्यक्तिहरूसँग संकलन भएको हो भनी

सही गर्ने आधिकारिक व्यक्तिको नाम :

हस्ताक्षर :

पद :

निरीक्षण टोलीको नाम पद हस्ताक्षर

१

२

३

४

५

मिति :

अनुसूची-२

(दफा २३(१) सँग सम्बन्धित)

अनुगमन फाराम

१) (क) सहकारी संस्थाको नाम :-

(ख) दर्ता नं :- (ग) कार्य क्षेत्र :-

(घ) पान नं. :-

(ङ) दर्ता मिति :- (च) दर्ता भएको कार्यालय :- (छ) चुक्ता शेयर :- रु.

(ज) प्रति शेयर :- रु.

(झ) सदस्य संख्या :-महिलाः पुरुषः जम्माः

(ञ) बैंक खाता नं. र वैकको नाम :-

(ट) संचालक :-महिलाः पुरुषः

जम्माः

(ठ) निर्वाचन मिति : पदावधिः

(ड) पछिल्लो पटक साधारण सभा भएको मिति :

(ढ) अघिल्लो निरीक्षण मिति :

(ण) हालको निरीक्षण मिति :

(त) ले.प. भएको अन्तिम आ.ब

(थ) सम्पर्क फोन :

(द) शेयर दर्ता रजिष्टर राखेको/नराखेको

(ध) गैह्र सदस्यसंग कारोबार गरेको भए संख्या

(न) स्वीकृत कार्य क्षेत्र बाहिर कारोबार गरेको भए कहाँ :

(प) आ.ले.प. गरे/नगरेको

(फ) शेयर प्रमाणपत्र वितरण गरेको छ/छैन

२) संस्थाको

(क) जग्गा वि. (ख) गोदाम क्षमता : (ग) लागत रकम :

३) (क) असुली गर्नुपर्ने वेरुजु/हिनामिना रकम रु

(ख) हिनामिना/बाँकी वक्यौता असुली भएको रकम :

४) लाभांस वितरण गरे/नगरेको

५) ले.प. प्रतिवेदन कार्यालयमा पठाएको/नपठाएकोः

६) मासिक प्रगती पठाए/नपठाएको

७) कार्यक्रम बजेट पास भएको छ/छैन

८) संचालक समितिको बैठक कति अवधिमा बस्ने गरेको छ ?

९) औषत उपस्थिति

१०) लेखा समितिको बैठक वस्ने गरेको छ/छैन

११) सञ्चालक समितिको निर्णय नियम संगत छ/छैन

१२) निरीक्षण मिति सम्म खाता पोष्टिङ्ग छ/छैन

१३) नभए कहिले सम्मको छ :

१४) नगद मौज्दात रु. ....................

१५) बैंक मौज्दात रु. ....................

१६) खुद मुनाफा/नोक्सान रु......................

१७) कर्मचारी बाहेक पदाधिकारीहरुले पारिश्रमिक वापत मासिक रुपमा लिएको भए : रु.

१८) अध्यक्षको नाम :

१९) लेखा समिति संयोजकको नाम :

२०) कर्मचारीको संख्या :

महिला : पुरुष : जम्मा :

२१) संस्थाको कारोवार :

| विवरण | गत महिना सम्मको रकम | यस महिनाको रकम | जम्मा रकम |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

(२२) अघिल्लो निरीक्षणमा दिइएको सुझाव कार्यान्वयन नभएको भए कुन कुन ?

(२३) निरीक्षणकर्ताले दिएको सुझावहरु :

प्रतिवेदन बुझिलिनेको सहि : निरीक्षकको दस्तखत :

नाम :

पद : मितिः

संस्थाको छापः

अनुसूची-३
(दफा २(५), २(६) संग सम्बन्धित)

.........................सहकारी संस्था लिमिटेड, भरतपुर महानगरपालिका, वार्ड नं......
चितवन
प.सं. :- मिति :-
च.नं. :- संस्था दर्ता नं. :-
श्री भरतपुर महानगरपालिका,
नगर कार्यपालिकाको कार्यालय
सहकारी तथा रोजगार प्रवर्द्धन शाखा
भरतपुर, चितवन।

बिषय:- ..............................महिनाको मासिक कार्य विवरण पठाएको बारे।

यस संस्थाको मिति २०७..........................महिना सम्मको मासिक कारोबारको विवरण देहाए बमोजिम पेस गरेको छु।

| दायित्व हिसाव | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| क्र.स | विवरण | अनुसूची | संख्या | गत आ.ब. सम्म | गत महिना सम्म | यस महिना | जम्मा |
| १ | शेयर पुँजी बाँकी (१०) | १ | | | | | |
| २ | कोष हिसाव (२०) | २ | | | | | |
| | जगेडा कोष | | | | | | |
| | कर्जा जोखिम कोष | | | | | | |
| | अन्य कोष | | | | | | |
| ३ | बचत बाँकी (३०) | ३ | | | | | |
| ४ | बाँकी ऋण हिसाव (४०) | ४ | | | | | |
| ५ | भुक्तानी दिनुपर्ने बाँकी (६०) | ५ | | | | | |
| ६ | अन्य भुक्तानी दिनुपर्ने बाँकी (७०) | ६ | | | | | |
| कूल दायित्व (हि.नं.१० देखि ७० सम्मको जोड) | | | | | | | |

| सम्पति हिसाव | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| क्र.सं. | विवरण | अनुसूची | संख्या | गत आ.व. सम्म | गत महिना सम्म | यस महिना | जम्मा |
| ७ | नगद हिसाव (८०) | ७ | | | | | |
| ८ | बैंक हिसाव (९०) | ८ | | | | | |
| ९ | लगानी हिसाव (१००) | ९ | | | | | |
| १० | ऋण लगानी हिसाव (११०) | १० | | | | | |
| ११ | पाउनुपर्ने हिसाव (१२०) | ११ | | | | | |
| १२ | स्थिर सम्पति हिसाव (१३०) | १२ | | | | | |
| १३ | अन्य सम्पति हिसाव (१४०) | १२ | | | | | |
| १४ | अन्तिम मालशेष | १३ | | | | | |
| कूल सम्पति (हि.नं.८० देखि १४० र अन्तिम मालशेषको जोड) | | | | | | | |

| आम्दानी र खर्च हिसाव | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| क्र.सं. | विवरण | अनुसूची | संख्या | गत आ.व. सम्म | गत महिना सम्म | यस महिना | जम्मा |
| १५ | सामान खरिद तथा खर्च हिसाव (१५०) | | | | | | |
| | सामान खरिद | १३ | | | | | |
| | ढुवानी ज्याला खर्च | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | कर्मचारी तलब तथा भत्ता खर्च | | | | | | |
| | घर गोदाम भाडा खर्च | | | | | | |
| | मसलन्द खर्च | | | | | | |
| | मर्मत खर्च | | | | | | |
| | बचतमा ब्याज खर्च | | | | | | |
| | बिबिध खर्च | | | | | | |
| | ह्रास खर्च | | | | | | |
| | इन्धन खर्च | | | | | | |
| | बैठक भत्ता खर्च | | | | | | |
| | हर्जना खर्च | | | | | | |
| | व्यापारिक छुट खर्च | | | | | | |
| | भ्रमण खर्च | | | | | | |
| | तालिम खर्च | | | | | | |
| | कर्जाको लागि जोखिम व्यवस्था | | | | | | |
| | भाखा ननाघेको | | | | | | |
| | एक बर्षसम्म भाखा नाघेको | | | | | | |
| | एक बर्षभन्दा बढी भाखा नाघेको | | | | | | |
| | खराब ऋण अपलेखन खर्च | | | | | | |
| | ऋणमा ब्याज खर्च | | | | | | |
| | साधारणसभा खर्च | | | | | | |
| | ................कार्यक्रम खर्च | | | | | | |
| | ................. खर्च | | | | | | |
| १६ | सामान बिक्रि तथा आम्दानी हिसाव (१६०) | | | | | | |
| | सामान बिक्रि | १३ | | | | | |
| | ऋण बाट ब्याज प्राप्त | | | | | | |
| | लगानी बाट ब्याज प्राप्त | | | | | | |
| | विविध आम्दानी | | | | | | |
| | व्यापारिक छुट प्राप्त | | | | | | |
| | प्रशासनिक अनुदान प्राप्त | | | | | | |
| | ................आम्दानी | | | | | | |
| १७ | खुद नाफा / नोक्सान (१६० – १५०) | | | | | | |
| १८ | शेयर सदस्य संख्या | | | | | | |
| १९ | महिला | | | | | | |
| २० | पुरुष | | | | | | |
| २१ | संस्थागत | | | | | | |
| २२ | कर्मचारी संख्या | | | | | | |
| २३ | महिला | | | | | | |
| २४ | पुरुष | | | | | | |

### भरतपुर महानगरपालिकाको

# सहकारी संस्था दर्ता निर्देशिका, २०७५

प्रमाणिकरण मितिः २०७६/४/८
स्थानीय राजपत्रमा प्रकाशित मितिः २०७६/४/१०

## १. परिचय

नेपालको संविधानमा सङ्घ, प्रदेश र स्थानीय तहको एकल अधिकार सूची (क्रमशः अनुसूची ५, ६ र ८) का साथै साझा अधिकार सूची (अनुसूची ७ र ९) समेतमा सहकारी नियमन, सहकारी संस्था वा सहकारी विषय पर्दछ । नेपाल सरकार (मन्त्रिपरिषद्)बाट मिति २०७३।१०।१८ मा स्वीकृत नेपालको संविधानको अनुसूची ५, ६, ७, ८ र ९ मा उल्लेखित सङ्घ, प्रदेश र स्थानीय तहका अधिकारहरूको कार्य विस्तृतीकरणमा अन्य कुराका अतिरिक्त स्थानीय सहकारी संस्था दर्ता, अनुमति, एकीकरण, खारेजी र विघटन स्थानीय तहको अधिकारभित्र पर्ने गरी प्रस्ट पारिएको छ । तदनुसार भरतपुर महानगरपालिकाबाट सहकारी संस्थाको दर्ता, अनुमति, खारेजी र विघटनलगायतका संस्थापकीय कार्यहरूको सम्पादनमा सहयोग पुर्याउन भरतपुर महानगरपालिकाको सहकारी ऐन, २०७५ को दफा १०२(१) बमोजिम नगर कार्यपालिकाको मिति २०७५।१२।७ गते २६औं बैठकको निर्णयबाट तयार गरी नगर कार्यपालिकाको मिति २०७६।४।७ गते ३१औं बैठकको निर्णयबाट सहकारी संस्था एकीकरण सम्बन्धी प्रावधान थप गरेर स्थानीय राजपत्रमा प्रकाशन भएको मिति देखि लागू हुनेगरी यो निर्देशिका बनाएको छ।

## २. क्षेत्राधिकार

दर्ता, अनुमति, एकीकरण, खारेजी र विघटनसमेतका सहकारी नियामक कार्यहरूमा सङ्घ, प्रदेश र भरतपुर महानगरपालिकाको क्षेत्राधिकारको सीमाङ्कन देहायबमोजिम छ |

क.भरतपुर महानगरपालिकाः भरतपुर महानगरपालिकासम्म कार्यक्षेत्र भएका संस्थाहरू,

ख.प्रदेशः भरतपुर महानगरपालिका भन्दा बढी प्रदेशसम्म कार्यक्षेत्र भएका सङ्घसंस्थाहरू र

ग. सङ्घः एक प्रदेशभन्दा बढी कार्यक्षेत्र भएका सङ्घसंस्थाहरू ।

**भरतपुर महानगरपालिकाको नियमनमा देहायका सहकारी संस्थाहरू पर्दछन्:**

क. भरतपुर महानगरपालिकाबाट दर्ता हुने सबै प्रारम्भिक संस्थाहरू,

ख. यसअघि दर्ता भएका भरतपुर महानगरपालिकासम्म कार्यक्षेत्र कायम रहेका जुनसुकै प्रारम्भिक संस्थाहरू

ग. यसअघि भरतपुर महानगरपालिकाभन्दा बढी कार्यक्षेत्र कायम गरी दर्ता भएका तर विभाजन, स्थानीयकरण वा पुनर्गठनको प्रक्रियाबाट अब भरतपुर महानगरपालिकासम्म कार्यक्षेत्र कायम हुने जुनसुकै प्रारम्भिक संस्थाहरू ।

स्थानीय प्रारम्भिक सहकारी संस्थाहरू नै स्थानीय तहको नियमन क्षेत्राधिकारमा पर्दछन् भन्नुको अर्थ भरतपुर महानगरपालिका भन्दा बढी कार्यक्षेत्र रहेका प्रारम्भिक संस्थाहरू वा माध्यमिक वा उपल्लो तहका सङ्घहरूसँग भरतपुर महानगरपालिकाको सरोकार हुँदैन भन्ने भने होइन ।भरतपुर महानगरपालिका भन्दा बढी कार्यक्षेत्र भएका प्रारम्भिक सहकारी संस्थाहरूले भरतपुर महानगरपालिकामा कार्यालय राखेर वा केन्द्र खोलेर सेवा सञ्चालन गरेका हुन्छन् । त्यस्ता संस्थाहरूको कामकाज सहकारी विधिसम्मत हुँदा स्थानीय सदस्यहरू लाभान्वित हुने र नहुँदा जोखिममा पर्ने हुन्छ । दर्ता प्रदेश वा सङ्घबाट भएका हुनाले त्यस्ता संस्थाहरूको कार्यसञ्चालनमा सम्बन्धित तहबाट सुक्ष्म अनुगमन नभइरहेको पनि हुन सक्छ। अर्थात् स्थानीय रूपमा कार्यरत जुनसुकै सहकारी संघ/संस्थाका गतिविधिहरूमा भरतपुर महानगरपालिकाको सरोकार जहिलेसुकै रहन्छ ।

## ३. कानुन

सहकारी संस्थाको दर्ता लगायतका नियमन कार्यका लागि भरतपुर महानगरपालिकाले सहकारी ऐन, २०७५ जारी गरेको छ |

## ४. दर्ता गर्ने अधिकारी

भरतपुर महानगरपालिकामा सहकारी संस्थाको दर्तालगायतका नियमन र प्रवर्द्धन एवं प्रशिक्षणका कार्यहरू समेत गर्ने गरी भरतपुर महानगरपालिकाको सहकारी ऐन, २०७५ मा प्रमुख प्रशासकीय अधिकृतलाई दर्ता गर्ने अधिकारी तोकिएको छ ।

## ५. सहकारीपन

सहकारी संस्था दर्ता गर्ने बेला दर्ता गर्ने अधिकारीको जिम्मेवारी भनेको सहकारीपनको सुनिश्चितता हो । सहकारीपनको अभावमा –

क) आर्थिक क्रियाकलाप लोकतान्त्रिक ढङ्गले सङ्गठित गर्ने सहकारी विधि स्थापित हुन पाउँदैन,

ख) सहकारी संस्था टाठाबाठाहरूको स्वार्थ पूरा गर्ने माध्यम बन्दछ।

## ६. सङ्घटन

सङ्गठन भन्दा पृथक सदस्यहरू सम्मिलित भएर संस्था बन्ने क्रमलाई यहाँ सङ्घटन भनिएको छ । व्यक्ति, बसोबास र नागरीकता हुँदैमा सहकारी संस्था बन्दैन । सहकारिताका लागि स्वावलम्बन र पारस्परिकता चाहिन्छ । सहकारी सदस्यमाझ स्वावलम्बनको पारस्परिक अभ्यास कत्तिको प्रभावकारी हुन्छ भन्ने निर्धारक संस्थाको गठन विधि नै हो ।सहकारी संस्थाहरू सेवा केन्द्र होइनन्, सशक्तीकरण केन्द्र हुन् ।

जम्मा तीनथरी आर्थिक प्रकृति भएका वर्गले सहकारी संस्था गठन गर्न सक्ने हुन्छन् । ती हुन्–

क. प्राथमिक उत्पादक,

ख. वास्तविक श्रमिक र

ग. सर्वसाधारण उपभोक्ता।

## ७. साझा बन्धन

सहकारिता उन्नयनको पारस्परिक प्रयास हो । सक्दा दिने पर्दा लिने आपसलाई पारस्परिकता भनिन्छ । पारस्परिकताका लागि सदस्यहरूमा साझा बन्धन चाहिन्छ । सदस्यहरूले आफूमाझ भेटाइरहने र त्यसका कारण एक-अर्कामा आफन्ती भाव रहिरहने कुरो नै साझा बन्धन हो । छिमेकमा बस्ने अनेक मानिसहरू छिमेकीका नाताले एक हुन्छन् । त्यस अर्थमा छिमेक साझा बन्धन बन्दछ ।सहकारी संस्थाहरू प्रायशः छिमेककै साझा बन्धनमा खडा हुने गर्दछन् ।त्यसैले सहकारी संस्था भन्नेबित्तिकै समुदायमा आधारित सङ्गठन सम्झिन्छ । छिमेकीको नाताजस्तै सदस्यहरूलाई गाँस्ने सूत्रहरू हुन्–

क) पेसाको नाता (जस्तैः खेतीपाती वा चियाको खेती, कालिगडी) र

ख) अर्को सङ्गठनको नाता (जस्तैः साहित्यिक समाज वा गजलकारको समाज, मजदुरहरूको सङ्गठन, अपाङ्गता भएका व्यक्तिहरूको सङ्घ आदि)।

साझा बन्धन अरू रूपमा पनि भेटिन सक्तछ । औद्योगिक ग्राम झैं कार्यस्थलीय नाता राम्रो उदाहरण हो । मुख्यतया भने छिमेक, पेसा र अर्को सङ्गठनको नाता हुन् ।साझा बन्धन सहकारी सङ्गठनको आधार हुन्छ । त्यसो भन्नुको अर्थ साझा बन्धन हुनासाथै सहकारी स्थापना गर्न सकिन्छ भन्ने होइन । उदाहरणका लागि व्यवसायी सङ्घका सदस्यहरूमा सङ्गठनको नाताले साझा सहकारी सदस्यहरूलाई आफन्त बनाइराख्ने कामकुरा नै साझा बन्धन हो ।त्यस्तै, कुनै राजनीतिक दलमा साझा बन्धन भेटियो भनेर दल-विशेषका सदस्यहरूको सहकारी संस्था खोल्न सकिँदैन ।

## ८. सरोकार

सहकारी संस्थामा सदस्यको सरोकार लगानीमा प्रतिफल प्राप्ति नभएर उत्पादनमूलक, उपभोगजन्य वा स्व-रोजगारीमूलक सेवा प्राप्ति हो। संस्थामा सरोकार जति भयो त्यति नै सदस्य सहभागिता हुने भयो । संस्थाका गतिविधिहरूमा सदस्यहरू नाममात्रको सरोकार हुँदा सतही रूपमा सहभागी हुन्छन् भने वास्तविक सरोकार हुँदा सघन रूपमा ।

## ९. विषय

सहकारी संस्था गठन अनि दर्ता गर्दा किसिमको पनि विचार गर्नुपर्ने हुन्छ । सहकारी संस्थाको मूल वर्गीकरण त उत्पादक, श्रमिक र उपभोक्ता नै हो । तीन वटा आयाम प्रत्येक अन्तर्गत विषयहरू छुट्ट्याउन सकिन्छ । जस्तै- उत्पादक संस्थाहरूमा दुग्ध कृषक, फलफूल कृषक, माछापालक कृषकका व्यवसाय-विशेषमा केन्द्रित प्रकारहरू हुन सक्तछन् । उपभोक्ता संस्थाहरूमा पनि बिजुली, स्वास्थ्य सेवालगायतका किसिम छुट्टिन्छन् । त्यसैगरी औद्योगिक उत्पादन, हस्तकला, श्रम करार – श्रमिक सहकारिता पनि विभिन्न विषयमा विकसित हुन सक्छ। बचत तथा ऋणा सेवा वित्तिय संस्था अन्तगर्त पदर्छ। उत्पादक, श्रमिक वा उपभोक्ता – एकैथरी सदस्य हुने संस्थालाई विषयगत भनिन्छ । उदाहरणका लागि सदस्यहरू सबै चिया खेती गर्ने भए संस्था चियाको विषयगत हुन्छ र सेवाहरू चियामा केन्द्रित हुन्छन् । विषयगत सहकारी संस्थाहरू वस्तु-विशेषका वा कार्य-विशेषका हुन सक्छन्। कृषि सहकारी संस्था कार्य-विशेषको हो भने कफी सहकारी संस्था वस्तु-विशेषको ।

समुदायमा तीनैथरी सदस्यहरू हुन सक्छन् । समुदायमा – खास गरी ग्रामीण समुदायमा – खेतीपाती गर्ने, श्रम गर्ने र उपभोग गर्ने तीनैथरी परिवारहरू सँगै बस्दछन् । समुदायका सबै जना सबैका यावत् आवश्यकताहरू पूरा गर्ने र साझा आकाङ्क्षाहरू हासिल गर्ने गरी सहकारी ढाँचामा सङ्गठित हुँदा अझ राम्रो भयो । वास्तवमा सहकारी विचारको प्रारम्भ नै समुदाय बनाउने चिन्तनबाट भएको थियो । तीनैथरी आर्थिक प्रकृति भएका समुदायका व्यक्तिहरूको सङ्गठन विषयगत नभएर बहुउद्देश्यीय कहलाइन्छ र सदस्यहरूको आर्थिक प्रकृतिअनुसारका उत्पादन, उपभोग र स्व-रोजगारीका कार्यहरूमा केन्द्रित हुन्छ । यदाकदा बहुउद्देश्यीय सहकारी संस्थालाई सामुदायिक सहकारी संस्था पनि भन्ने चलन छ ।

## १०. पूर्व–शिक्षा

वैचारिक रूपमा पूर्ण तर व्यवहारमा प्रशस्त विचलन देखिएको आन्दोलन सहकारी पनि हो। सहकारितामा राजनीतिक तटस्थता हुनुपर्दछ, सहकारी संस्थाको शेयर किन्नु भनेको कम्पनीको शेयर किनेजस्तो होइन र सदस्यहरूले बचत बैङ्क नसम्झेर सक्रिय रूपमा सञ्चालकीय जिम्मा लिने गरी मात्र सहकारी संस्था दर्ता गर्नुपर्दछ। अतः दर्ता गर्ने अधिकारीले दरखास्तवालाहरूलाई कम्तीमा एक दिनको पूर्व-सहकारी शिक्षा प्रस्तावित संस्थाकोतर्फबाट गराउनु उपयुक्त हुन्छ।

## ११. विनियम

सहकारी संस्थाको विनियम संस्थापनको विधानमात्र होइन, अपितु सदस्यहरूको आकाङ्क्षाको विज्ञप्ति पनि हो । विनियममा सङ्गटनको प्रयोजन खुल्नुपर्दछ, सेवाहरूको रूपाङ्कन हुनुपर्दछ र सशक्तीकरणका प्रक्रियाहरू स्थापित गरीनुपर्दछ। विनियममा सहकारी दर्शन भेटिनुपर्दछ । सुशासनका मानकहरू विनियममै मिल्नुपर्दछ । विनियम सहकारी सदस्यहरूको रचनाको उपज पनि हुनुपर्दछ। सहकारी संस्थाको विनियम सदस्यहरूको आकाङ्क्षा झल्किने बडापत्र हुनुपर्दछ । प्रस्तावित प्रावधानहरू सहकारी मूल्य, मान्यता, सिद्धान्त, प्रचिलत सहकारी कानून र भरतपुर महानगरपालिकाको सहकारी ऐन बमोजिम हुनुपर्दछ। विनियमा उल्लेख गर्नुपर्ने विषयहरूको नमूना अनुसूची १३ मा दिइएको छ।

## १२. कार्यविधि

सहकारी संस्थापन कार्यविधिलाई गठन र दर्ता गरी दुइटा पाटामा हेर्न सकिन्छ । गठनको प्रक्रिया आवेदकहरूले पूरा गर्नुपर्ने हुन्छ भने दर्ता प्रक्रिया दर्ता गर्ने अधिकारीले । त्यस्तै, गठन परिकल्पना, प्रयत्न, परामर्श, परिमार्जन र पूर्व-तयारीको वस्तुतः अनौपचारिक शृङ्खला हो भने दर्ता प्रारूपको अध्ययन, प्राज्ञिक प्रतिक्रिया, प्रमाणहरूको छानबिन, प्रत्यक्ष परीक्षण र आवश्यक पत्राचारको वस्तुतः औपचारिक शृङ्खला।

### १२.१ गठन कार्यविधि

**क. आपसी सरसल्लाह**

वैचारिकस्तरमा संस्थाको उपादेयताको प्रारम्भिक लेखाजोखा नै आपसी सरसल्लाह हो । 'आपसी' भनेपछि जसका लागि संस्था चाहिएको हो उनीहरू बीचको भन्ने त प्रस्टै भयो, उनीहरूभन्दा परका कसैको अथवा उनीहरू मध्येकै

टाठाबाठामात्रको प्रभावविनाको भन्ने पनि बोध हुन्छ । पहिलो दिनदेखि नै स्वैच्छिक सदस्यताको भावनाबाट काम भएमा नै स्वामित्व सुनिश्चित हुने हो ।आपसी सरसल्लाह दुई-चार दिन – अझ दुई-चार महिना नै – चल्न सक्तछ, जस दौरान भावी सदस्यहरूले घर-घरै, साथी-साथीबीच वा समूह-समूहमा सहकारिता के हो ? किन राम्रो हो ? र आफूलाई चाहिएको हो, होइन ? भन्ने खालका आधारभूत प्रश्नहरूको उत्तर प्राप्त गर्न सक्दछन।

**ख. पूर्व–परामर्श**

आपसी सरसल्लाहका क्रममा पैदा भएका अनेक जिज्ञासाहरूको समाधानविना संस्था गठन गर्नु बुद्धिमानी होइन ।आपसी सरसल्लाहकै दौरान दर्ता गर्ने अधिकारीसँग यथाशक्य पूर्व—परामर्श गरेर वास्तविक सहकारी अभ्यास एवं सम्भावनाका सम्बन्धमा प्रस्ट हुनु वाञ्छनीय छ ।

**ग. पूर्व–सहकारी शिक्षा**

दर्ता गर्ने अधिकारीसँगको परामर्शको उत्तमोत्तम निष्कर्ष माथि १० मा भनिएजस्तो पूर्व—शिक्षाको व्यवस्था हुन सक्तछ ।

**घ. प्रथम प्रारम्भिक भेला**

प्रस्तावित संस्था गठन गर्न इच्छुक व्यक्तिहरूको प्रारम्भिक भेला बोलाउनुपर्दछ । भेलामा संस्थाको किसिमअनुसार गठन गर्न कानुनतः चाहिने न्यूनतम् सङ्ख्यामा इच्छुक सबै व्यक्तिहरू अनिवार्य रूपमा उपस्थित हुनुपर्दछ । भेलामा उपस्थित व्यक्तिहरू मध्येवाट भेलाले तोकेको व्यक्तिको संयोजकत्वमा बैठक बसी देहायको कार्यसूचीमा विचार—विमर्श गरेर निर्णय लिनुपर्दछः

घ-१. संस्था गठन गर्ने,

घ-२. संस्थाको नाम र ठेगाना राख्ने,

घ-३. उद्देश्य र कार्य तय गर्ने,

घ-४. कार्यक्षेत्र निर्धारण गर्ने,

घ-५. शेयर र प्रवेश शुल्कको रकम तोक्ने,

घ-६. तदर्थ सञ्चालक समिति गठन गर्ने,

घ-७. संस्थाको विनियम, कार्ययोजना, सम्भाव्यता अध्ययन प्रतिवेदन, आर्थिक तथा प्रशासनिक नियमावली र बचत परिचालन गर्ने संस्थाको हकमा बचत परिचालन निर्देशिको को मस्यौदा गर्ने,

घ-८. शेयर र प्रवेश शुल्कबापत उठेको रकम जिम्मा दिने,

घ-९. स्व—घोषणा गर्ने,

घ-१०. दर्ता गर्ने अधिकारीसँग पूर्व—परामर्श लिने,

घ-११. पूर्व—सहकारी कक्षा चलाउने र

घ-१२. विविध ।

पहिलो प्रारम्भिक भेलाका निर्णयहरूको नमूना अनुसूची ९ बाट लिन सकिन्छ ।

**ङ) दोस्रो प्रारम्भिक भेला**

अघिल्लो प्रारम्भिक भेलाले सुम्पेको जिम्मेवारीअनुसार विभिन्न समितिहरूले कार्य सम्पन्न गरेपछि त्यस बीचमा इच्छुक अन्य व्यक्तिहरू समेतलाई दोस्रो प्रारम्भिक भेलामा डाकी संस्थाको किसिमअनुसार गठन गर्न कानुनतः चाहिने न्यूनतम् सङ्ख्या पुगेको उपस्थितिमा देहायको कार्यसूचीमा छलफल चलाएर निर्णय गर्नुपर्दछः

ङ-१. मस्यौदा विनियम पारित गर्ने,

ङ-२. कार्ययोजना एवं सम्भाव्यता अध्ययन प्रतिवेदनको प्रारूप स्वीकृत गर्ने,

ङ-३. संस्था दर्ता गर्न अधिकार प्रत्यायोजन गर्ने,

ङ-४. संस्था दर्तापश्चात् शेयर र सदस्य प्रवेश शुल्कबापत उठेको रकम बैङ्कमा खाता खोली जम्मा गर्ने तथा

खाता सञ्चालन गर्ने,

ङ-५. स्व—घोषणा—पत्रमा सहीछाप गर्ने,

ङ-६. आर्थिक तथा प्रशासनिक नियमावली एवं बचत परिचालन गर्ने संस्थाको हकमा बचत परिचालन कार्यविधि गर्ने र

ङ-७. विविध ।

दोस्रो भेलाका निर्णय लेख्दा अनुसुची १० को नमूना हेर्न सकिन्छ ।

**च. संस्था दर्ताको दरखास्त**

माथि उल्लेख भएअनुसारको प्रक्रिया पूरा गरीसकेपछि अनुसूची १४ मा उल्लिखित सम्पूर्ण कागजातहरू संलग्न राखेर दर्ता गर्ने अधिकारी समक्ष दरखास्त दिनुपर्दछ ।

## १२.२ दर्ता कार्यविधि

**क. प्रारम्भिक छानबिन**

दर्ता गर्ने अधिकारीले सहकारी संस्था दर्ताका लागि परेको दरखास्तमा प्रारम्भिक छानबिन गराउनुपर्ने हुन्छ। प्रारम्भिक रूपमा आवश्यक कागतपत्रहरू पुगे, नपुगेको हेरी आवेदकहरूलाई नपुग कागतपत्रहरू पुर्याउन लगाउनु पर्दछ।

**ख. विस्तृत छानबिन**

दरखास्त दर्ता भएपछि संस्थाको विनियमका व्यवस्थाहरूका साथै तथ्यहरूको जाँचबुझ विस्तृत छानबिनका दौरान गरीन्छ। संस्थाको रचना विनियमबाट हुने हुनाले प्रत्येक बन्दोबस्त सहकारिताको सिद्धान्त, कानुन र वित्तीय अनुशासनका सर्वस्वीकार्य मानदण्डबमोजिम भए, नभएको ध्यानयोग्य छ ।

**ग. स्थलगत परीक्षण**

विस्तृत छानबिनको क्रममा र कहिलेकाहीं प्रारम्भिक छानबिनकै क्रममा पनि सहकारी विधिव्यवहार अनुसार कार्य हुने हो अथवा पेस भएका कागतपत्रहरू तथ्यपूर्ण हुन् भन्ने एकिन गर्न स्थलगत परीक्षण आवश्यक हुनसक्छ।

**घ. विशेषीकृत परामर्श**

संस्थाको उद्देश्य वा कार्यहरूको कुनै कुरामा द्विविधा उत्पन्न भएको खण्डमा दर्ता गर्ने अधिकारीले सम्बन्धित निकायको परामर्श लिन सक्तछन् । कतिपय अवस्थामा निकायगत सहमति नै चाहिन्छ। उदाहरणका लागि सुरक्षाकर्मी श्रमिकहरूको सहकारी संस्था दर्ता गर्ने सिलसिलामा गृह मन्त्रालयको सहमति लिनुपर्दछ। त्यस्तै, सहकारिताका सिद्धान्त, मूल्य, मान्यताको विषयमा सङ्घीय सहकारी प्रशिक्षण केन्द्रजस्तो प्राज्ञिक संस्थाको परामर्श लिन सकिन्छ ।

**ङ. दर्ता**

संस्था दर्ता गर्दा दर्ता गर्ने अधिकारीले निर्णय गरी दर्ता किताबमा चढाएर प्रमाणित गर्नुका साथै विनियमससमेत प्रमाणित गरेर निर्धारित ढाँचामा दर्ताको प्रमाण—पत्र दिनुपर्ने हुन्छ | दर्ता नम्बर देहायबमोजिम कायम गर्नु वाञ्छनीय छः

क) सहकारी प्रशिक्षण तथा डिभिजन कार्यालयबाट अभिलेख हस्तान्तरण भई आएका साबिकका संस्थाहरूको दर्ता नम्बर यथावतै राख्ने,

ख) भरतपुर महानगरपालिकाबाट दर्ता हुने संस्थाको नम्बर एकदेखि सिलसिलेबार दिने,

ग) वर्ष फेरिँदा पनि दर्ता नम्बरको क्रम नटुटाउने,

घ) जुनसुकै किसिमको संस्था भए तापनि दर्ता नम्बर एकैनास गर्ने र

ङ) दर्ता नम्बरमा नै किसिम, वर्ष वा अन्य कुराको सङ्केत भरसक नराख्ने ।

दर्ता प्रमाण—पत्रमा संस्थाको विषयगत वर्गीकरण जनाउन सकिन्छ । महिलामात्रको संस्थाको हकमा भने 'महिला' समेत लेखिदिनु राम्रो हुन्छ (जस्तै—महिला कफी, महिला हस्तकला वा महिला बहुउद्देश्यीय) । दर्ता प्रमाण—पत्र दुई

प्रति बनाएर एक प्रति अभिलेखमा राख्नुपर्दछ । त्यसै गरी विनियम, कार्ययोजना, सम्भाव्यता अध्ययन प्रतिवेदनलगायतका कागतपत्रहरू पनि एक प्रति दरखास्तवालाहरूलाई दिएर एक प्रति कार्यालयको अभिलेखमा राख्नुपर्दछ ।

**१२.३. संस्था दर्ता गर्ने आधार:** सहकारी संस्था दर्ता सम्बन्धित वडा कार्यालयको सिफारिस सहित निम्न आधारमा गरीनेछः

**१२.३.१ बसोवासको आधारः**

बसोबासको आधारमा संस्था दर्ता गर्न संयुक्त रुपमा आवेदन गर्ने अलग अलग परिवारका सहकारी ऐनले तोकेको संख्यामा प्राकृतिक व्यक्तिहरुको निम्नानुसारका कागजातहरु पेश गर्नु पर्नेछः

१) नेपाली नागरीकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी ।

२) हालसालै खिचिएको पासपोर्ट साइजको एक एक प्रति फोटो ।

३) कार्यक्षेत्रभित्र बसोवास गरेको तर प्रस्तावित संस्थाको कार्यक्षेत्र बाहिरको नागरीकता भएको आवेदकहरुको हकमा नेपाली नागरीकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपिको साथमा कार्य क्षेत्रभित्र बसोवास गरेको व्यहोरा प्रमाणित हुने देहायको मध्ये कुनै एक प्रमाणको प्रमाणित प्रतिलिपि ।

क) परिवार सहितको बसाई सराई गरी आएको भए सोको प्रमाण पत्र ।

ख) वैवाहिक सम्बन्धका आधारमा बसाई सर्नु परेको भए विवाह दर्ताको प्रमाणपत्र र नाता प्रमाणित ।

ग) घर भएको प्रमाणित गर्न जग्गाधनी पुर्जाको प्रतिलिपि र घर नक्सा इजाजतको प्रतिलिपि वा हालसालै विद्युत महसुल तिरेको बिल र तिरो तिरेको रसिद ।

घ) विगत दुई वर्ष देखि सम्बन्धित कार्य क्षेत्रमा व्यवसाय गरी बसेको प्रमाणित हुने नविकरण सहितको व्यवसाय इजाजत प्रमाणपत्र र कर तिरेको प्रमाण पत्रको प्रमाणित प्रतिलिपिहरु ।

ङ) कर्मचारीको हकमा स्थायी नियुक्ति पत्र, हाल कार्यरत कार्यालय वा निकाय खुल्ने प्रमाण र सम्बन्धित कार्य क्षेत्रमा बसोबास गरेको व्यहोरा प्रमाणित हुने वडा कार्यालयले गरेको बढीमा १ महिना भित्रको सिफारिस।

च) आमा बाबु श्रीमान् श्रीमती र छोरा छोरी बाहेक अन्यको हकमा एकाघर सगोलमा रहेको नाता समेत खुल्ने स्थानीय निकायको सिफारिस ।

४) बसोबासका आधारमा संस्था दर्ताको लागि आवेदन गर्ने व्यक्तिहरु मध्ये कम्तिमा ८० प्रतिशत आबेदकहरुको स्थायी बसोबास प्रस्तावित संस्थाको कार्यक्षेत्र भित्र हुनु पर्नेछ । यो अनुपात संस्थाले सधै कायम राख्नु पर्नेछ ।

**१२.३.२ पेशा र पेशागत सँगठनको आधार:**

(१) सहकारी ऐनले तोकेको संख्यामा एउटै पेशा वा पेशागत सँगठनका व्यक्तिहरु मिलि प्रारम्भिक सहकारी संस्था दर्ता गर्न सक्नेछन् । यस आधारमा संस्था दर्ता गर्नका लागि पेशा वा पेशागत सँगठन खुल्ने प्रमाणहरु समेत पेश गर्नु पर्नेछ । यस्ता संस्थाको कार्य क्षेत्र सदस्यहरुको प्रकृति अनुसार सम्बन्धित निकायको परिसर वा आवेदक सदस्यहरुको ठेगानाका आधारमा बढीमा महानगरका सबै वडा सम्म कायम गर्न सकिनेछ ।

२) कानून बमोजिम गठित एउटा पेशागत सँगठन अन्तर्गत एक भन्दा बढी संस्थाको दर्ता गरीने छैन । सम्बन्धित पेशागत सँगठनको आधिकारिक सहमतिमा मात्र पेशागत सँगठनको आधारमा संस्था दर्ता गर्न सकिनेछ ।

**१२.३.३ संस्थागत आधार:**

सरकारी निकायमा कार्यरत कर्मचारीहरु, नेपाल सरकारको पूर्ण, अर्ध वा आंशिक स्वामित्व भएका सरकारी संस्थान वा प्राधिकरणका कर्मचारीहरु, सार्वजनिक, सहकारी र निजी कलकारखानामा कार्यरत मजदूरहरु,

शैक्षिक संस्थामा कार्यरत शिक्षक तथा कर्मचारीहरु, अस्पतालमा कार्यरत कर्मचारीहरु मात्र सदस्य हुन सक्ने आधारमा निर्दिष्ट कार्यालयको परिसर भित्र मात्र कार्यक्षेत्र रहने गरी आफ्ना सदस्यहरु माझ बचत तथा ऋणको कारोवार, सदस्यहरुको सामूहिक हित प्रवर्द्धनका लागि सामाजिक कामहरु र सांस्कृतिक क्रियाकलापहरु सञ्चालनगर्ने उद्देश्य राखी सहकारी संस्था दर्ता गर्न सकिनेछ ।

यस आधारमा दर्ता हुने सहकारी संस्थाका आवेदक सदस्यले आवेदन गर्दा दरखास्तका साथ देहायका विवरण पेश गर्नु पर्नेछः

१. नेपाली नागरीकताको प्रमाणपत्रको प्रतिलिपि ।

२. हालसालै खिचिएको पासपोर्ट साइजको फोटो १।१ प्रति ।

३. सम्वन्धित निकायको सदस्यता वा नियुक्तिको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।

४. सम्बन्धित निकायको स्वीकृति ।

### १२.४ संस्थाको नाम

१) संस्थाको नाममा “बैंक”, “फाइनान्स”, “इन्भेष्टमेण्ट”, “डेभलपमेण्ट” तथा “वित्तीय संस्था” वा “कम्पनी” जनाउने शव्दहरु प्रयोग गर्न पाइने छैन ।

२) संस्था दर्ता गर्दा एक जिल्लाभित्र एउटा नामको एक मात्र संस्था दर्ता गर्न सकिनेछ । जिल्ला फरक परेपनि जोडिएको नगर वा गाँउमा रहेको कुनै पुरानो संस्थासँग मिल्दो नाममा संस्था दर्ता गरीने छैन ।

३) संस्थाको प्रस्तावित नामका लागि निवेदन सहित अग्रिम स्वीकृति लिनु पर्नेछ । स्वीकृति लिएको १० दिन भित्रमा प्रस्तावित नामको संस्था दर्ताका लागि सम्बन्धित कार्यालयमा निवेदन पेश गरी सक्नुपर्नेछ । तोकिए बमोजिमको समय नाघेपछि सो नाम अरुले प्रयोग गर्न सक्नेछन् ।

४) कुनै निकाय वा समूह वा व्यक्तिबाट प्रवर्द्धित भनी उल्लेख गरीएको संस्था दर्ता गरीने छैन । यस्तो शब्दको प्रयोग संस्था सञ्चालन कुनै पनि चरणमा प्रयोगमा ल्याउन पाइने छैन ।

५) तोकिएको भौगोलिक कार्यक्षेत्र भन्दा व्यापक कार्य क्षेत्र जनाउने नाम राखी संस्था दर्ता गरीने छैन ।

६) संचालनमा रहेका अन्य संस्थाहरुको नामको अगाडि वा पछाडि उपसर्ग वा प्रत्यय वा अन्य शव्द जोडी संस्था दर्ता गरीने छैन ।

७) संस्थाको नाम देवनागरी लिपीमा हुनु पर्नेछ । अनुवाद गरी अंग्रेजी र नेपालीमा फरक नाम उल्लेख गर्न पाइने छैन । प्रस्तावित संस्थाको नाम अर्थ खुल्ने गरी कम्तिमा दुइ अक्षरको हुनु पर्नेछ । नामका लागि संक्षिप्त अक्षरको प्रयोग गर्न सकिने छैन । संस्थाको नाममा सहकारी र लिमिटेड शव्दको प्रयोग अनिवार्य हुनेछ ।

## १३. पुनर्गठन

स्थापित संस्थाको कार्यकारण, कार्यक्षेत्र र कार्यसञ्चालनको ढङ्गमा तात्विक फरक परे पुनर्गठन हुन्छ । पुनर्गठन सहकारी प्रयासको बढवाका लागि साङ्गठनिक समायोजनको प्रक्रिया पनि हो। पुनःरचनाको प्रस्तावले दर्ता गर्ने अधिकारीका लागि नियामक मानदण्डहरू कायम गराउने मौका पनि प्रदान गर्दछ।

सहकारी संस्थाको पुनर्गठनका देहायका पाँचोटा मुख्य भेद पहिल्याउन सकिन्छः

क. स्थानीयकरण

ख. रूपान्तरण

ग. एकीकरण

घ. विस्तारण

ङ. पुनःसंरचना ।

### १३. क. स्थानीयकरण

कार्यक्षेत्रको व्यापक फैलोट भएको संस्थाको सदस्यता वा सेवा सञ्चालन नभएको वा नगन्ने मात्रामा भएको कार्यक्षेत्र झिकेर समुदायमा आधारित एवं सदस्य केन्द्रित रूपमा सहकारी गतिविधि सघन तुल्याउने प्रक्रिया नै स्थानीयकरण हो। सञ्चालकहरूको तहबहमा जोखिमावस्थामा चलिरहेको संस्थालाई देहायबमोजिम स्थानीयकरण गरी सुव्यवस्थित तुल्याउने गुञ्जायस हुन्छ ।

१) सदस्य वा कारोबार सञ्चालन नभएका वडाहरू कार्यक्षेत्रमा नराख्ने गरी विनियमको सम्बन्धित दफा संशोधन गरेर,

२) उल्लेखनीय मात्रामा सदस्य वा कारोबार सञ्चालन भएका वडाहरूमा कार्यक्षेत्र सीमित गरी कानूनले तोकेको मात्रामा सदस्य वा कारोबार सञ्चालन नभएका वडाहरूलाई कार्यक्षेत्रबाट झिक्ने गरी विनियमको सम्बन्धित दफा संशोधनका साथै त्यसरी कार्यक्षेत्रबाहिर पर्ने सदस्यहरूको शेयर तथा बचतको रकम फिर्ता दिने व्यवस्था मिलाएर र

### १३. ख. रूपान्तरण

रूपान्तरण वस्तुतः संस्थाको विषय परिवर्तन हो । खास गरी ग्रामीण क्षेत्रका बचत तथा ऋणका विषयगत संस्थाहरू बहुउद्देश्यीय संस्थामा परिवर्तित हुन चाहिरहेका देखिन्छन् । त्यसको उल्टो वा अन्यथा पनि विषयान्तरका प्रस्ताव आउन सक्तछन् ।

**अवस्था एक: बचत परिचालन नगर्ने संस्थाबाट नगर्ने नै संस्थामा**

साधारणतया सदस्यहरूको बचत परिचालन नगर्ने संस्थाको रूपान्तरणमा नियामक सरोकार खासै हुँदैन। उदाहरणका लागि सदस्यहरूको बचत सङ्कलन नगर्ने वडाको दुग्ध उत्पादक संस्था वडाकै कृषि संस्थामा परिवर्तित हुन चाहे विनियम संशोधनको प्रक्रिया पूरा गरे भइहाल्दछ । दर्ता गर्ने अधिकारीको जिम्मेवारी नै यस्तो हुन्छ कि सुधारको प्रत्येक मौका छोप्नुपर्ने हुन्छ ।

**अवस्था दुई: बचत तथा ऋणको विषयगत संस्थाबाट बहुउद्देश्यीय संस्थामा**

बचत परिचालन गर्ने संस्थाको हकमा भने वित्तीय अनुशासनका मानदण्डहरू कायम राख्नुपर्ने हुन्छ । भरतपुर महानगरपालिकाको कुनै वडामा सञ्चालित बचत तथा ऋण संस्थाले बहुउद्देश्यीय संस्थामा रूपान्तरित हुन चाहेको अवस्थामा देहायका सर्त-बन्देजहरू पुरा गर्नुपर्दछ ।

ख—१. बचत तथा ऋण संस्थाकै रूपमा पनि पछिल्लो वर्ष सञ्चालन घाटा वा सञ्चालनमा समस्या परेको नहुनुपर्ने,

ख—२. संस्थाले नियमित बचत (अर्थात् महिनावारी प्रतिसदस्य रु. १।— देखि १,०००।— सम्म) मात्र सङ्कलन गरेको हुनुपर्ने,

ख—३. नियमित बचतबाहेक दैनिक वा चाहेका बेला अनिर्धारित रकम सङ्कलन गरेको वा आवधिक बचत स्वीकार गरेको भए त्यस्तो बचतको रकम सदस्यहरूलाई फिर्ता दिएर दायित्व फरफारक गरीसकेको हुनुपर्ने,

ख—४. बहुउद्देश्यीय संस्थाको रूपमा विनियम स्वीकृत भएको तीन वर्षभित्र संस्थाको बचत दायित्वको रकम र सदस्यतर्फी वार्षिक खरिद वा विक्री कारोबारको रकमसमेत गरी हुने जम्मा कारोबारमा बचत दायित्वको अनुपात ३० प्रतिशतभन्दा तल झार्नुपर्ने,

ख—५. खण्ड ख—४ बमोजिम हुने गरी बचत परिचालन सेवा सीमाङ्कनका साथसाथै व्यावसायिक सेवा विस्तारको कार्ययोजना एवं विस्तृत सम्भाव्यता अध्ययन प्रतिवेदनसमेत पेस गर्नुपर्ने,

ख—६. बचत तथा ऋण सेवाका उपभोक्ताका साथै वडाका दैनिक आवश्यकताका वस्तु उपभोक्ता, प्राथमिक उत्पादक र वास्तविक श्रमिकहरू समेतलाई सदस्यता खुला गर्नुपर्ने तर महिलामात्रको संस्था भए ती वर्गका पनि महिलामात्रमा सदस्यता सीमित राख्न सकिने,

ख—७. माथि खण्ड ख—४ मा उल्लिखित सर्त विनियम संशोधन भएको ३ वर्षभित्र तथा अन्य सबै सर्तहरू पूर्व—स्वीकृति पाएको १ वर्षभित्र पूरा गर्ने गरी बचत तथा ऋणको विषयगत संस्थाबाट बहुउद्देश्यीय संस्थाको रूपमा पुनर्गठनका लागि साधारण सभाको दुई—तिहाइ बहुमतको निर्णयसहित स्वीकृति लिन दर्ता गर्ने अधिकारी समक्ष निवेदन दिनुपर्ने ।

ख—८. बमोजिम निवेदन प्राप्त भएपछि दर्ता गर्ने अधिकारीले वास्तविकताको जाँच गरेर पुनर्गठनका लागि स्वीकृति दिनुका साथै विनियम संशोधन प्रस्ताव भइआएको खण्डमा संशोधित विनियम स्वीकृत गर्ने व्यवस्था मिलाउन सकिन्छ ।

**अवस्था तीन: बहुउद्देश्यीय संस्थाबाट बचत तथा ऋणको विषयगत संस्थामा**

बहुउद्देश्यीय संस्थालाई बचत तथा ऋणको विषयगत संस्थामा पुनर्गठन गर्ने हो भने देहायका सर्त-बन्देजहरू पूरा गर्नुपर्ने हुन्छः

ख—१. बहुउद्देश्यीय संस्थाकै रूपमा पनि पछिल्लो वर्ष सञ्चालन घाटा वा सञ्चालनमा समस्या परेको नहुनुपर्ने,

ख—२. संस्थाले आफ्नो स्वामित्वमा कृषि फाराम, सङ्कलन केन्द्र, बिक्री कक्ष, प्रशोधन संयन्त्र, कार्यशाला, उपभोक्ता भन्डार, आपसी सुरक्षणलगायत बचत परिचालनबाहेकका जुनसुकै व्यवसाय चलाएको भए बन्द गर्नुपर्ने,

ख—३. खण्ड ख—२ मा उल्लेख गरीएबमोजिम बन्द भएका व्यवसायतर्फको सम्पूर्ण दायित्व फरफारक गरी सम्पत्ति नगदमा परिणत गरीएको हुनुपर्ने,

ख—४. बचत तथा ऋण संस्थामा परिणत भएको ३ वर्षभित्र संरक्षण, संरचना, सम्पत्ति, लागत, तरलतासमेतको वित्तीय अनुशासनका स्थापित मानदण्ड पूरा गर्नुपर्ने,

ख—५. संस्थामा बचत नगर्ने उत्पादक, श्रमिक वा बचत—ऋण सेवाबाहेकका उपभोक्ताहरूको सदस्यता कायम राख्न नहुने,

ख—६. सम्पत्ति शुद्धीकरण निवारण कानुनअन्तर्गत नियामक निकायबाट जारी भएको निर्देशनका थप व्यवस्थाहरू पूर्णतया पालना गर्नुपर्ने,

ख—७. प्राथमिक पुँजी कोष र जम्मा बचत दायित्वको अनुपात १:१५ सम्म हुन सक्ने र

ख—८. माथि खण्ड ख—४ मा उल्लिखित सर्त विनियम संशोधन भएको ३ वर्षभित्र र अन्य सबै सर्तहरू पूर्व—स्वीकृति पाएको १ वर्षभित्र पूरा गर्ने गरी माथि अवस्था दुईका हकमा भनिएबमोजिम स्वीकृतिका लागि निवेदन दिनुपर्ने ।

**अवस्था चार: नियमित बचत परिचालन गर्ने उत्पादक वा श्रमिक संस्थाबाट नियमित नै बचत परिचालन गर्ने वित्तिय संस्थामा**

मासिक नियमित रूपमा सीमित मात्रामा बचत परिचालन गरीरहेको वा दैनिक रूपमा अनिर्धारित खालको बचत परिचालन गरीरहेको उत्पादक वा श्रमिक संस्थालाई नियमित बचत नै परिचालन गर्ने गरी वित्तिय संस्थामा परिणत गर्दा विनियममा जो-चाहिने थपघटसमेत गरेर नियमित संशोधनको प्रक्रिया अपनाए पुग्ने हुन्छ ।

**अवस्था पाँच: नियमित वा अन्य प्रकारले बचत परिचालन गर्ने उत्पादक, श्रमिक वा बहुउद्देश्यीय संस्थाबाट वित्तिय बाहेकको अन्य संस्थामा**

वित्तिय बाहेकको कुनै पनि प्रकारको संस्थाले बचत तथा ऋणाको मूख्य कारोबार गर्न नसक्ने भएकाले रूपान्तरणको प्रक्रिया प्रारम्भ गर्नुपूर्व नै बचत तथा ऋणा मूख्य कारोबार नहुने गरी बचततर्फको दायित्व फछ्र्यौट गरीसकेको हुनुपर्दछ ।

व्यवहारमा प्रायशः माथि उल्लिखित पाँचवटै अवस्था परेका हुन्छन् । फरक अवस्था पर्दा पनि खास गरी बचत परिचालन गरीरहेको वा गर्ने हो, होइन र मासिक रूपमा सीमित मात्रामा बचत परिचालन गरीरहेको वा गर्ने हो वा दैनिक रूपमा अनिर्धारित खालको बचत परिचालन गरीरहेको वा गर्ने हो ? भन्ने विचार गरेर पाँचमध्ये जुन अवस्था मिल्दोजुल्दो हुन्छ त्यसैबमोजिम गर्न सकिन्छ ।

## १३. ग. सहकारी संस्था एकीकरण

### १३.ग.१. संस्थाको एकीकरण व्यवस्थाको उद्देश्य:

क) सबल र सक्षम संस्थाको निर्माण गर्न,

ख) संस्थालाई पूँजी भौतिक तथा मानवीय संसाधन द्वारा सक्षम र आत्मनिर्भर बनाउन,

ग) संस्थाको दिगो विकास र स्थायित्व प्रदान गर्न,

घ) सदस्यहरूलाई प्रदान गर्ने सेवामा गुणात्मकता तथा परिमाणत्मकतामा बृद्धि गर्न,

ङ) एक व्यक्ति एक सहकारी सदस्यतालाई जोड दिन,

च) सञ्चालन खर्चमा कटौती गरी उत्पादन क्षेत्रमा लगानी बढाउन,

छ) संस्थालाई आधुनिक प्रविधिबाट सम्पन्न बनाई व्यवसायीकरण गर्न,

ज) सहकारी क्षेत्रमा देखिएका विकृतिहरूमा सुधार गर्न,

**१३.ग.२. एकीकरण गर्न सकिने सहकारी संस्थाहरुः** निम्न संस्थाहरुलाई एकीकरण गर्न सकिनेछ ।

क) कार्य क्षेत्र एक अर्कासँग खप्टिएको वा जोडिएको हुनुपर्ने,

ख) एकै बिषय वा प्रकृतिका संस्था हुनुपर्ने वा फरक बिषय वा प्रकृतिका भए तापनि मूलतः एकै बिषयमा प्रतिस्पर्धा भएको हुनु पर्ने ।

ग) एकीकरण पश्चात सदस्यको प्रत्यक्ष सहभागिता एवं लोकतान्त्रिक नियन्त्रण कायम रहनुपर्ने विषयमा संस्थाहरू प्रतिबद्ध हुनुपर्ने।

**१३.ग.३. एकीकरणको व्यवस्थापनः** एकीकरणको व्यवस्थापन निम्नानुसार गर्नु पर्दछः

क) एकीकरण गरीने संस्थाहरूको आवश्यकता पहिचान गर्ने,

ख) एकीकृत हुने संस्थाहरूका शेयर सदस्य तथा सञ्चालक समिति, लेखासमिति र अन्य उप समितिका सबै सदस्य वा पदाधिकारी अथवा आवश्यकता अनुसारको उपस्थितिमा एकीकरण सम्बन्धी अन्तरक्रिया छलफल कार्यक्रमको सञ्चालन गरी सहमति जुटाउने,

ग) उपयुक्त अन्तरक्रिया छलफल पश्चात एकीकृत हुन चाहने संस्थाहरूको सञ्चालक समितिको बैठकबाट एकीकरणको निमित्त शर्त र कार्यविधि तयार पार्न संयुक्त कार्यदल निर्माण गर्ने,

घ) कार्यदलले शर्त तथा कार्यविधिमा गहन वहस र छलफल पश्चात अनुसूची—१५ बमोजिमको शर्त तथा कार्यविधि तयार पारी एकीकृत हुन चाहने संस्थाहरूमा प्रस्तुत गर्ने,

ङ) कार्यदलले प्रस्तुत गरेको शर्त र कार्यविधिलाई एकीकृत हुन चाहने संस्थाहरूको सञ्चालक समितिको बैठकबाट साधारण सभामा लैजाने गरी अन्तिम रुप दिने,

च) एकीकरण गर्ने संस्थाहरूको शर्त तथा कार्यविधि सञ्चालक समितिले पारित गरेपछि सम्बन्धित संस्थाहरूको नियमित साधारण सभाको समय भए त्यसैमा सो नभए विशेष साधारण सभा डाक्ने र शर्त तथा कार्यविधि प्रस्तुत गर्ने ।

छ) एकीकरणमा संलग्न हुने संस्थाहरुले सहकारी तथा रोजगार प्रवर्द्धन शाखा र छाता संघ सँग आवश्यक राय, सुझाव र सहमति प्राप्त गर्ने ।

**१३.ग.४. पूर्व स्वीकृति लिनु पर्नेः** (१) दफा १३.ग.२ बमोजिम योग्य दुई वा दुई भन्दा बढी संस्थाले एक आपसमा एकीकरण हुन चाहेमा एकीकरण कार्यको समय सीमा र तोकिएको प्रस्तावित कार्ययोजना सहित आ-आफ्नो सञ्चालक समितिबाट प्रस्ताव पारित गरी सो सम्बन्धी कार्य गर्न भरतपुर महानगरपालिका, सहकारी तथा रोजगार प्रवर्द्धन शाखामा निवेदन दिनु पर्नेछ ।

२) उपदफा (१) बमोजिम निवेदन प्राप्त भए पछि शाखाले माग बमोजिम संस्थाहरु एकीकरण गर्न योग्य देखिए एकीकरणको कार्य अगाडि वढाउन स्वीकृति दिनु पर्नेछ । तर पूर्व स्वीकृति नलिएको भए तापनि संस्थालाई एकीकरण गर्ने गरी स्वीकृति दिन यस उपदफाले वाधा पुर्याएको मानिने छैन ।

**१३.ग.५. सम्पत्ति तथा दायित्वको मूल्याङ्कन सम्बन्धी व्यवस्थाः** १) पूर्व स्वीकृति लिएपछि एकीकरण हुन चाहने संस्थाले आ-आफ्नो सम्पत्ति र दायित्व तथा कारोवारको पछिल्लो मूल्याङ्कन गराउनु पर्ने अवस्था भए मुल्यांकनकर्ता नियुक्ति गरी सम्पत्ति र दायित्वको मुल्यांकन गराउनु पर्नेछ ।

२) मूल्यांकनकर्ताले पेश गर्ने प्रतिवेदनमा संघ-संस्थाको देहाय बमोजिमका विषयहरुमा किटानीका साथ राय पेश गर्नु पर्ने छ र एकीकरण कार्यबाट उक्त विषयमा पर्ने प्रभावको विस्तृत विश्लेषण समेत गरेको हुनुपर्नेछः-

क) कर्जा वर्गीकरण,

ख) कर्जा नोक्सानी व्यवस्थाको पर्याप्तता,

ग) प्रचलित कानून तथा नियमनको पालना स्थिति,

घ) तरलता विवरण,

ङ) जनशक्ति व्यवस्थापन र

च) अन्य आवश्यक विषयहरु।

१३.ग.६. **एकीकरणमा राख्नु पर्ने शर्त र कार्यविधिका विषयहरूः** एकीकरणमा निम्न शर्त तथा कार्यविधिहरु राख्नु पर्छ ।

क) कुन कुन संस्थासँग एकीकरण गर्ने हो सो उल्लेख गर्ने ।

ख) एकीकृत संस्थाको नाम एकीकृत हुने संस्थाहरु मध्ये कुन संस्थाको नाम राख्ने हो वा नयाँ नाम के राख्ने हो सो को उल्लेख गर्ने र संस्थाको कार्यालय कहाँ रहने हो ठेगाना समेत उल्लेख गर्ने ।

ग) एकीकृत संस्थाको कार्य क्षेत्र कति रहने हो सो एकिन गर्ने ।

घ) कुन संस्थाको विनियम स्वीकार गर्ने हो वा नयाँ विनियम तर्जुमा गर्ने वा कुनै विनियममा संशोधन गर्ने हो उल्लेख गर्ने ।

ङ) शेयर पूँजिको रकम, विनियममा व्यवस्था भए बमोजिमका कोषमा रहेको रकमहरु एकीकृत संस्थामा के कसरी समावेश गर्ने र उपयोग गर्ने तरिका (जस्तैः एकीकृत हुने संस्थाहरुको शेयर पूँजिको रकम र संस्थाको विभिन्न कोषमा रहेको रकम तथा सदस्य संख्या सामान्यतया असमान हुन्छन् ।)

च) संस्थाको सम्पत्ति एकीकृत संस्थामा के कसरी प्रयोग गर्ने र दायित्वहरु के कसरी भुक्तानी गर्ने सो सम्बन्धी विषय।

छ) अन्य आवश्यक विषय ।

१३.ग.७. **एकीकरणको साधारण सभामा प्रस्तुत गरीने विषयहरूः** संस्था एकीकरण कार्यको लागि साधारण सभामा निम्न विषयहरु पेश गर्नु पर्नेछः

क) अनुसूची —१५ बमोजिमको ढाँचामा प्रस्तुत गरीएको शर्त तथा कार्यविधि सम्बन्धी विवरण,

ख) एकीकृत हुने अघिल्लो दिन सम्मको वासलात,

ग) आन्तरिक लेखा परीक्षण प्रतिवेदन,

घ) साधारणसभाबाट एकीकरणको स्वीकृति लिने कार्यका लागि अधिकार प्रत्यायोजन गरी प्रतिनिधि तोक्ने कार्य,

ङ) एकीकरण पछि कुनै विवाद भए विवाद समाधान गर्न एकीकृत हुन आउने संस्थाबाट वढीमा ५ जनाको विवाद समाधान समिति गठन गर्ने,

च) एकीकृत संस्थाहरूको सम्पति (स्थायी भए) नियमानुसार नामसारी सम्बन्धी विषय,

छ) संस्थाहरुको ऋण लगानी, ऋण असुली र भुक्तानी, बचत तथा ऋणको व्याजदर, सदस्यताको क्रम संख्या, शेयर प्रमाण पत्र लिने दिने, कर्मचारी व्यवस्थापन, कारोवार स्थगन जस्ता विषयहरूमा कुनै छुट्टै व्यवस्था गर्नु पर्ने भए सो समेत निर्णय गर्ने ।

१३.ग.८. **सम्झौता सम्बन्धी व्यवस्थाः** कार्यालयबाट प्रक्रिया अगाडि बढाउन स्वीकृत प्राप्त गरेका संस्थाले देहायका कुराहरु खुल्ने गरी एक आपसमा सम्झौता सम्पन्न गर्नु पर्नेछः

क) एकीकरण हुने संस्थाको नाम, ठेगाना, कार्यक्षेत्र, एकीकरण भए पछि रहने नाम, ठेगाना, र कार्यक्षेत्र,

ख) सदस्यहरुको हक हित संरक्षण गर्ने व्यवस्था,

ग) संस्थाको सम्पत्तिको मूल्याङ्कन, सम्पत्ति-दायित्वको मिलान पद्धति,

घ) एकीकरण गर्न लाग्ने अनुमानित समयावधि,

ङ) संस्थाको विनियमावली, कार्य सञ्चालनसम्बन्धी नियमावलीहरु, वचत तथा ऋण नीति-निर्देशिका संस्थाको रुपमा परिणत हुने वा एकीकरण हुने संस्थाको नाम,

च) एकीकरण भएपछिको पूँजी संरचना तथा स्वामित्व संरचना,

ज) एकीकरण भएपछिको संघ-संस्थामा आवश्यक कर्मचारी मात्र रहने गरी कर्मचारी कटौती योजना तथा जनशक्ति व्यवस्थापन योजना तथा कर्मचारी व्यवस्थापन सम्बन्धी अन्य व्यवस्था,

झ) प्रचलित सहकारी कानूनको पालनाको लागि पूरा गर्नुपर्ने विषय र स्वीकृति प्रक्रिया,

ञ) संस्थागत पुनर्संरचना, एक आपसमा सदस्यता सेवा केन्द्रहरुको मिलान तथा सञ्चालन व्यवस्था,

ट) अन्य प्रचलित कानून र सो को पालना भएको घोषणा,

ठ) कार्यालयले तोकेका अन्य आवश्यक विषयहरु ।

**१३.ग.९. एकीकरणको लागि निवेदन दिनेः**

(१) दफा १३.ग.४ बमोजिम स्वीकृति प्राप्त वा स्वीकृति प्राप्त नभएका संस्थाले प्रक्रिया पूरा गरी एक आपसमा एकीकरण हुन चाहेमा एकीकरण कार्यको समय सीमा र तोकिएको प्रस्तावित कार्ययोजना सहित विद्यमान पूँजी संरचना अनुसार आ— आफ्नो साधारण सभाबाट प्रस्ताव पारित गरी सो सम्बन्धी कार्य अगाडि बढाउन सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्नु पर्नेछ ।

(२) उप—दफा (१) बमोजिम पारित एकीकरण प्रस्तावका आधारमा दुबै सञ्चालक ससमितिको निर्णय सहित संयुक्त रुपमा कार्यालयमा अनुसूची —१६ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ ।

**१३.ग.१०. कार्यालयले अपनाउनु पर्ने कार्य प्रक्रियाः** (१) एकीकरणको लागि निवेदन पेश भए पछि कार्यालयले निम्नानुसारको कार्य प्रक्रिया अपनाउनु पर्नेछ ।

क) कार्यालयसँग एकीकरण लागि पूर्व स्वीकृति लिए, नलिएको र नलिएको अवस्थामा एकीकरण पश्चात आउन सक्ने कानूनी जटिलताको विषय यकिन गर्ने,

ख) एकीकरण हुने संस्थाहरुको साधारणसभाको दुईतिहाई वहुमतबाट नियमानुसारको प्रस्ताव पारित भए नभएको हेर्ने,

ग) एकीकरण कार्य सम्पन्न भएको सूचना पत्र प्रत्रिकामा प्रकाशित गर्न लगाउने,

घ) संस्था एकीकरण गरे पछि मुल संस्थाको दर्ता कायम राखी अन्य संस्थाको लगत कट्टा गर्ने र सो को जानकारी जिल्ला सहकारी संघ, विषयगत संघ, सहकारी विभाग लगायतका निकायमा पठाउने,

(२) संस्थाहरुको एककिरण गर्दा हाल कायम रहेको नाम चाहे अन्य नाम प्रस्ताव गरीएमा मापदण्ड बमोजिम नयां नाम दिने प्रयोजनका लागि विभागको सहमति आवश्यक नपर्ने ।

**१३.ग.११. अन्तिम स्वीकृति सम्बन्धी व्यबस्थाः** (१) एकीकरणको लागि आवश्यक प्रक्रिया अगाडि बढाउन पूर्व स्वीकृत पाएका संस्था दफा १३.ग.५ बमोजिमको प्रतिवेदन र दफा १३.ग.८ बमोजिमको सम्झौतापत्र सहित अन्तिम स्वीकृतिको निमित्त कार्यालयमा संयुक्त रुपमा देहायका थप कागजात संलग्न गरी निवेदन दिनु पर्नेछः-

क) एकीकरण हुने संस्थाहरुको पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण भएको लेखापरीक्षकको प्रतिवेदन सहितको वार्षिक प्रतिवेदन,

ख) एकीकरण गर्ने सम्बन्धमा कुनै समझदारीपत्र भए त्यस्तो समझदारीपत्र र एकीकरण समिति गठनको निर्णय,

ग) एकीकरण हुने संस्थाको चल अचल सम्पत्ति तथा दायित्वको पछिल्लो यथार्थ विवरणको

मूल्याङ्कनको लागि नियुक्त मूल्यांकनकर्ताको प्रतिवेदन,

घ) एकीकरण हुने संस्थाको नाम, ठेगाना,

ङ) एकीकरण सम्बन्धमा स्वीकृत भएको अन्तिम कार्य योजना,

च) कार्यालयले तोकेका अन्य कागजात तथा विवरण,

ङ) एकीकृत हुन आउने संस्थाहरूले अनुसूची —१६ बमोजिमको संयुक्त आवेदन

च) एकीकरणको निर्णयहरूको प्रमाणित प्रतिलिपि,

छ) एकीकरणको शर्त र कार्यविधि,

ज) एकीकरण हुने संस्थाहरुको छुट्टा छुट्टै र संयुक्त वासलात,

झ) कार्यालयको स्वीकृतिमा स्थानीय पत्र पत्रिकामा संस्था एकीकरणमा जान लागेको कुराको सार्वजनिक सूचना जारी गरेको सूचना,

ञ) उक्त सूचना प्रकाशित भएपछि एकीकरण सम्पन्न नभएसम्म कुनै आर्थिक कारोवार नगर्ने,

ट) एकीकरणका लागि कार्यालयमा पत्राचार गर्दा एकीकृत हुन चाहने संस्थाको अघिल्लो बर्षको साधारण सभाद्वारा अनुमोदित लेखा परीक्षण प्रतिवेदन तथा चालु बर्षको आन्तरिक लेखा परीक्षण प्रतिवेदन समेत सँलग्न राख्नु पर्ने,

ठ) एकीकृत संस्थाको विनियममा "एकीकृत संस्थाको नामबाट भए गरेका काम कारवाही यस विनियम बमोजिम भए गरेको मानिनेछ" भन्ने प्रावधान पनि समावेश गर्ने, यसका लागि विनियम संसोधन प्रस्ताव पारित गराउने,

ड) सम्पूर्ण कागज पत्रहरू एकीकृत हुन चाहने संस्थाका अध्यक्षहरूबाट प्रमाणित गरी पेश गर्नु पर्नेछ ।

२) उपदफा (१) बमोजिमको निवेदन उपर कार्यालयले कारवाही गर्दा थप विवरण तथा कागजात आवश्यक भएमा सो निर्णय गर्नु अघि निवेदक संस्थालाई लिखित सूचना दिई थप जानकारी वा कागजात पेश गर्न लगाउन सक्नेछ र त्यस्ता संस्थाका सञ्चालक वा अधिकार प्राप्त व्यक्तिले कार्यालयमा उपस्थित भई त्यस्तो थप जानकारी वा कागजात उपलब्ध गराउनु पर्नेछ ।

३) उपदफा (१) बमोजिमको निवेदन परेमा कार्यालयले उक्त निवेदन, सोसँग संलग्न कागजात, विवरण उपर छानबिन गरी पैंतालिस दिनभित्र संस्था एक आपसमा एकीकरण गर्न स्वीकृति दिने वा नदिने निर्णय गरी सोको जानकारी सम्बन्धित संस्थालाई दिनेछ ।

४) यस कार्यविधि बमोजिम माग गरीएको थप जानकारी वा कागजपत्र संस्था वा सोका अख्तियारवाला व्यक्तिले तोकेको समयावधिभित्र उपलब्ध नगराएमा एकीकरणको लागि निवेदकले दिएको निवेदन फिर्ता लिएको मानिनेछ र सो उपर कुनै कारवाही गरीने छैन । तर पुनः दिएको निवेदन उपर कारवाही गर्न भने यस व्यवस्थाले बाधा पुर्याएको मानिने छैन ।

५) कार्यालयले कुनै संस्था एकीकरण सम्बन्धमा आफुले गरेको निर्णय तथा सो कार्य सम्पन्न गर्ने समेतको ब्यहोरा सर्वसाधारणको जानकारीका लागि पत्रिकामा कम्तीमा दुई पटक सूचना प्रकाशन गर्नु पर्नेछ र त्यस्तो सूचनामा एकीकरण हुनु भन्दा अगाडिका संस्थाले गरेको कामहरु एकीकरण हुने संस्थाले गर्ने व्यहोरा समेत राख्नु पर्नेछ ।

**१३.ग.१२. एकीकरण सम्बन्धी अन्य व्यवस्थाः**संस्था एक आपसमा एकीकरण गर्दा आवश्यकतानुसार देहाय बमोजिमको छुट प्रदान गर्न सकिनेछः-

क) दुई वा दुई भन्दा बढी एकै प्रकृतिका सहकारी संस्थाहरु एकीकरण गर्न चाहने संस्थाहरुले साविकमा स्वीकृति पाई कारोवार गरीरहेको कार्यक्षेत्र जोडिएको भएमा उपरोक्त कार्य क्षेत्र प्रदान गर्न सकिनेछ ।

ख) एकीकरण गर्दा खण्ड (क) बमोजिम ठूलो कार्य क्षेत्र रहेको अवस्थामा संस्थाबाट माग भए बमोजिम एउटै वडामा संस्थाको कार्यालय नदोहोरिने गरी सदस्यता सेवा केन्द्र खोल्न दिइनेछ ।

ग) फरक विषयका संस्थाहरु एकीकरण हुने भएमा त्यस्ता संस्थाहरुलाई सो संस्थाले चाहेको विषय वा प्रकृति राख्न स्वीकृति प्रदान गर्न सकिनेछ ।

**१३.ग.१३. एकीकरण पश्चात ध्यान दिनु पर्ने कुराहरू:** एकीकरण प्रश्चात निम्न कुरामा ध्यान पुऱ्याउनु पर्दछ ।

क) एकीकरणमा सामेल भएका संस्थाहरु संस्थाको मूल कार्यालयभन्दा टाढा भए भने सदस्यता सेवा केन्द्र खोल्ने स्वीकृति लिई कार्यहरुलाई निरन्तरता दिने,

ख) कर्मचारीको जिम्मेवारी बाडफाड र सञ्चालक, लेखा समितिको जिम्मेवारीको बाडफाडमा विशेष ध्यान दिने,

ग) पुरानो संस्था र एकीकृत संस्थाको सेवा सुविधामा कटौती होइन अरू उन्नत सेवा सुविधा दिने,

घ) एकीकरण पछि सञ्चालक र लेखा समितिको निर्वाचन गर्नु पर्ने भए विशेष साधारण सभा वोलाइ निर्वाचन गर्नु पर्छ।

**१३.ग.१४. एकीकरणमा सहजीकरण गर्न सकिने:** देहायको अवस्था देखिएकोले संस्थाबाट एकीकरण गर्न अनुरोध भै आएमा कार्यालयले एकीकरण कार्यमा सहजीकरण गर्न सक्नेछ ।

क) एकै स्थानमा एकै विषयका धेरै संस्थाहरु सञ्चालन भएकोले,

ख) दुई वा दुई भन्दा बढी संस्थाहरु एक आपसमा एकीकरण गर्दा सहकारी आन्दोलनलाई सहयोग पुग्ने देखिएमा, ।

**१३.ग.१५. विविध:**

१) एकीकरण हुने संस्थाको सम्पत्ति तथा दायित्व प्राप्त गरेपछि सो सम्पत्ति तथा दायित्वको हिसाव किताब दुरुस्त राख्ने व्यवस्था मिलाउनु पर्नेछ ।

२) कार्यालयले संस्था एक आपसमा एकीकरण गर्न अन्तिम स्वीकृति दिएपछि एकीकरण कार्य तोकिएको समयमा कार्यान्वयन नगरेको पाइएमा एकीकरण स्वीकृति बदर गरी कारवाही गर्न सक्नेछ ।

**१३. घ. विस्तारण:**

दर्ता हुँदा कायम गरीएको भौगोलिक कार्यक्षेत्र बढाउने प्रक्रिया विस्तारण हो। अनगिन्ती सहकारी संस्थाहरूका तर्फबाट साबिकको कार्यक्षेत्र फैलाउने प्रस्ताव आउने गर्दछ। बिस्तारण भरतपुर महानगरपालिका सहकारी ऐन, २०७५ अनुसार गरीनेछ ।

## १४. प्रवर्द्धन

सहकारी नियमन–

१) वैधानिकभन्दा पनि सैद्धान्तिक,

२) प्रशासकीयभन्दा पनि शैक्षिक,

३) निर्बन्धनात्मक भन्दा पनि निदर्शनात्मक प्रक्रिया हो ।

त्यस अर्थमा नियमनको अर्को पाटो प्रवर्द्धन हो, जसअन्तर्गत–

१) सहकारी विचारको सञ्चार,

२) सहकारी सङ्गटनमा सहजीकरण,

३) सहकारी सङ्गठनको पुनःसंरचना,

४) सहकारी व्यवसायमा सहयोग र

५) सहकारीपनको पुनर्स्थापनामा लागिमेली पर्दछन् ।

प्रकारान्तरले सहकारी प्रवर्द्धनको अर्को पाटो नियमन र अझ अर्को पाटो प्रशिक्षण हो भन्न सकिन्छ। त्यही कुरो सहकारी

प्रवर्द्धन वा प्रशिक्षणका हकमा पनि लागू हुन्छ । नियमन सुगमताका दृष्टिकोणबाट पनि प्रवर्द्धन त्यत्तिकै वाञ्छनीय छ। किनभने प्रवर्द्धन कार्यबाट नै–

१) समस्याको अनुभूति मिल्दछ,
२) प्राप्तिमा साझा स्वामित्व कायम हुन्छ,
३) कार्यमूलक सञ्जालीकरण भइरहन्छ,
४) प्रयासहरू परिपूरक बन्दछन्,
५) पुनःरचनाको अवसर पाइन्छ र
६) स्व—नियमनको संस्थागतीकरण गराउन सकिन्छ ।

स्थानीय सहकारी विकास कार्यक्रममा स्थानीय आवश्यकताअनुसारका विभिन्न गतिविधि पर्न सक्दछन् । जस्तै–

१) स्थानीय सहकारी विकास नीति तर्जुमा,
२) सहकारी विचारको सञ्चार,
३) बेरोजगार श्रमिक, भूमिहीन कृषक, विपन्न महिला, गरीबी परिचय—पत्रप्राप्त वा अपाङ्गता भएका व्यक्तिलगायतका खास लक्षित समूहका सदस्यहरूलाई सङ्गठित गरेर सहकारी संस्था स्थापनाका साथै सञ्चालनमा प्रत्यक्ष सहजीकरण एवं बीउपुँजी,
४) सहकारी सदस्य शिक्षा, नेतृत्व तथा व्यवस्थापन विकासका प्रशिक्षण,
५) सहकारी संस्थाहरूको पुनःसंरचनामा परामर्श सहयोग,
६) पुराना साझा (सहकारी) संस्थाहरूको पुनःसञ्चालनमा समन्वय, परामर्श, वित्तीय टेवा,
७) सहकारी खेती, स्व—रोजगारी, उपज सङ्कलन, प्रशोधन एवं बजारीकरण आयोजनाहरूलाई स्थिर पुँजी अनुदान ।

## १५. अभिलेख

अभिलेख सहकारी नियमनको अभिन्न पक्ष हो । दर्ता गर्ने अधिकारीले अन्य कुराका अतिरिक्त देहायका कागजातहरू सुरक्षापूर्वक राख्ने व्यवस्था मिलाउनुपर्ने हुन्छः

क. सहकारी प्रशिक्षण तथा डिभिजन कार्यालय हस्तान्तरण भई प्राप्त कागजातहरू,
ख. सहकारी संस्था दर्ता किताब,
ग. प्रत्येक संस्थाको दर्ता निर्णय फाइल,
घ. सहकारी संस्था दर्ता प्रमाण—पत्रको कार्यालय प्रतिको ढड्डा,
ङ. प्रत्येक संस्थाको सञ्चालनसँग सम्बन्धित कागतपत्रहरू रहने छुट्टाछुट्टै इन्डेक्स फाइल,
च. दर्ता गर्ने अधिकारीबाट भएका परिपत्रहरूको फाइल,
छ. विषयगत निर्णय फाइलहरू,
ज. सघन अनुगमन प्रतिवेदन फाइलहरू,
झ. अनुदान प्रदान गरीएका सहकारी आयोजनाहरूको छुट्टाछुट्टै फाइलहरू,
ञ. खास लक्षित वर्गका प्रवर्द्धित सहकारी संस्थाहरूको छुट्टाछुट्टै सहजीकरण फाइलहरू,
ट. उजुरी दर्ता किताब र कारबाई फाइलहरू,
ठ. अनुसन्धानका सिलसिलामा अधिकारप्राप्त निकायहरूबाट माग भइआएका तथा पठाइएका विवरणहरूको लगत र फाइल,
ड. सम्पत्ति शुद्धीकरण निवारण कानुनअन्तर्गत जारी नियामक व्यवस्था र पालना, अनुगमन एवं कारबाई फाइलहरू,
ढ. सूचनाको हक तथा अग्रतापूर्ण खुलासाको लगत तथा फाइल र
ण. बैठकका कारबाई किताबहरू ।

अनुसूची १

## दर्ता दरखास्त

| |
|---|
| रु. १०/- को टिकट |

मितिः २०... । ...।...

श्री दर्ता गर्ने अधिकारीज्यू !
भरतपुर महानगरपालिका,
चितवन ।

विषयः सहकारी संस्थाको दर्ता ।

महोदय,

हामी देहायका व्यक्तिहरू देहायका कुरा खोली देहायको संस्था दर्ता गरी पाउन निवेदन गर्दछौं । उद्देश्यअनुरूप संस्थाले तत्काल गर्ने कार्यहरूको योजना र प्रस्तावित संस्थाको विनियम दुई प्रति यसै साथ संलग्न राखी पेस गरेका छौं ।

संस्थासम्बन्धी विवरण

क) प्रस्तावित संस्थाको नाम -

ख) ठेगाना-

ग) उद्देश्य-

घ) मुख्य कार्य-

ङ) कार्यक्षेत्र-

च) दायित्व-

छ) सदस्य सङ्ख्या-

१) महिला ... ... ... जना

२) पुरुष ... ... ... जना

छ) प्राप्त शेयर पुँजीको रकम– रु. ... ... ...

ज) प्राप्त प्रवेश शुल्कको रकम- रु. ... ... ...

| आवेदकहरूको तर्फबाट |
|---|
| हस्ताक्षर |
| नाम |
| पदः तदर्थ सञ्चालक समितिका अध्यक्ष |
| प्रस्तावित श्री .............................. |
| ............ सहकारी संस्था लि. भरतपुर |
| महानगरपालिका वार्ड नं................ |
| चितवन |

अनुसूची - २

(भरतपुर महानगरपालिका सहकारी ऐन, २०७५को दफा ५(२)ख सँग सम्बन्धित)

## सहकारी संस्था आवश्यकता र सञ्चालनको सम्भाव्यता अध्ययन प्रतिवेदनको विषयवस्तु

१. परिचय
२. संस्था गठन गर्नु पर्नाको कारण
३. सदस्यताको जनसाङ्ख्यिक आधार
४. सहभागिताको औचित्य
५. व्यावसायिक सम्भाव्यता
    ५.१ सदस्य केन्द्रीयताका आधारमा व्यावसायिक कारोबारको अनुमान
    ५.२ सदस्यहरूको संरक्षण सुनिश्चित गर्ने आधारहरू
    ५.३ कारोबारबाट हुने बचतको प्रक्षेपण
६. पूँजी आवश्यकता र स्रोत
    ६.१ आवश्यकताको अनुमान
    ६.२ स्रोत
    ६.३ पूंजी परिचालनका तर्कसम्मत आधारहरू
७. बजार विश्लेषण
    ७.१ नजिकको बजार
    ७.२ टाढाको बजार
    ७.३ प्रतिस्पर्धाको स्तर र प्रतिस्पर्धामा रहिरहने आधारहरू
८. कार्यक्षेत्रभित्र रहेका समान प्रकृतिका सहकारी संस्थाहरूको सङ्ख्या, सेवा र सदस्यताको प्रकाशमा प्रस्तावित संस्थाको औचित्य
९. पहिले स्थापना भइसकेका समान प्रकृतिका संस्थाहरूमा संलग्न हुन नसक्ने कारण
१०. महिला सशक्तीकरण र सामाजिक समावेशीकरणका आयामहरू
११. जनशक्ति व्यवस्था
१२. संस्थाको विकास र स्थायित्वका आधारहरू ।

अनुसूचि-३

......................................सहकारी संस्था लि.,

भरतपुर महानगरपालिका ......., चितवनका

## आबेदकहरुको विवरण र दस्तखत नमूना

| सि. नं. | बाजेको नाम, थर | बाबुको नाम, थर | पति/पत्नीको नाम, थर | आवेदकको नाम, थर | उमेर | ठेगाना | पेशा | सदस्यले लिन स्वीकार गरेको शेयरको विवरण | | | सम्पर्क नं. | औंठाछाप | फोटो र फोटोमा पर्ने गरी सहीछाप |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | प्रति शेयर रकम रु. | खरिद शेयर संख्या | शेयरको जम्मा रकम | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |

अनुसूची ४

## व्यावसायिक कार्ययोजनाको ढाँचा

संस्थाको नामः– ... ... ... ... ... ... ... ... ...

ठेगानाः–... ... ... ... ... ... ... ... ...

क. उद्देश्यः–

१. .............. ................ ................ ................. .............

२. .............. ................ ................ ................. .............

३. .............. ................ ................ ................. .............

ख. कार्यहरूः–

१. .............. ................ ................ ................. .............

२. .............. ................ ................ ................. .............

३. .............. ................ ................ ................. .............

४. .............. ................ ................ ................. .............

५. .............. ................ ................ ................. .............

६. .............. ................ ................ ................. .............

ग. आगामी ३ वर्षपछिको अवस्था प्रक्षेपण

१. सदस्यता विस्तार लक्ष्य

| विवरण | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | कैफियत |
|---|---|---|---|---|
| • सदस्य संख्या | | | | |
| महिला | | | | |
| पुरुष | | | | |
| जम्मा | | | | |
| • कूल सदस्यमा जम्मा दलित संख्या | | | | |

२. व्यावसायिक सेवा विस्तार लक्ष्य

| विवरण | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | कैफियत |
|---|---|---|---|---|
| • सदस्य(संघ/संस्था)संख्या | | | | |
| परिमाण | | | | |
| रकम (रु.) | | | | |
| लाभान्वित हुने सदस्य (जना) | | | | |
| • सदस्य (संघ/संस्था)लाई बस्तु/सेवा बिक्रि | | | | |
| परिमाण | | | | |
| रकम (रु.) | | | | |
| लाभान्वित हुने सदस्य (जना) | | | | |
| • संस्थाका सदस्यलाई रोजगारीको अवसर सिर्जना<br>– प्रत्यक्ष पूर्णकालीन (जना)<br>– अप्रत्यक्ष पूर्णकालीन (वर्षमा २,०८० घण्टाको १ जनाको हिसाबमा जम्मा जना) | | | | |
| • संस्थाका सदस्यलाई ऋण सेवा (वार्षिक)<br>– रकम (रु.)<br>– जना | | | | |
| • संस्थाका सदस्यलाई बचत सेवा (मौज्दात)<br>– रकम (रु.)<br>– जना | | | | |

३. सहकारी गतिविधि विस्तार लक्ष्य

| विवरण | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | कैफियत |
|---|---|---|---|---|
| • सदस्य शिक्षा (वार्षिक जना) | | | | |
| • गाउँ/टोल/उपक्षेत्रीय सदस्य बैठकहरू<br>• आयोजना (वार्षिक पटक) | | | | |
| • समुदायिक विकासका योजनाहरू सञ्चालन | | | | |

घ. पूँजीको स्रोत र उपयोग

| विवरण | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | कैफियत |
|---|---|---|---|---|
| • आवश्यकता | | | | |
| – स्थिर पूंजी तर्फ (घर, जग्गा, कारखाना, उपकरण, फर्निचर आदि) | | | | |
| – चालु पूंजी तर्फ (मौज्दात मालसामान, उधारो विक्री, नगद मौज्दात आदि) | | | | |
| – ऋण लगानीतर्फ | | | | |
| – जम्मा | | | | |
| • स्रोत | | | | |
| – शेयर पूंजी | | | | |
| – जगेडा कोष | | | | |
| – अन्य (... ... ...) | | | | |
| – सदस्यको बचत (सदस्यलाई ऋण दिन मात्र) | | | | |
| जम्मा | | | | |

कार्यान्वयन जिम्मेवारी बाँडफाँड

ङ. सञ्चालक समितिको जिम्मेवारी

.......................... .......................... .......................... .......................... ..........................

.......................... .......................... .......................... .......................... ..........................

च. गाउँ/टोल/उपक्षेत्रीय बैठकको जिम्मेवारी

.......................... .......................... .......................... .......................... ..........................

.......................... .......................... .......................... .......................... ..........................

छ. लेखा सुपरिवेक्षण समितिको जिम्मेवारी

.......................... .......................... .......................... .......................... ..........................

.......................... .......................... .......................... .......................... ..........................

ज. व्यवस्थापन कर्मचारीहरूको जिम्मेवारी

.......................... .......................... .......................... .......................... ..........................

.......................... .......................... .......................... .......................... ..........................

झ. प्रत्येक सदस्यको जिम्मेवारी

.......................... .......................... .......................... .......................... ..........................

.......................... .......................... .......................... .......................... ..........................

ञ. कार्ययोजनाबाट संस्थाका सदस्यहरूको जीवनमा पर्ने प्रभावका सूचकहरू

.......................... .......................... .......................... .......................... ..........................

.......................... .......................... .......................... .......................... ..........................

छ. कार्यान्वयन प्रगतिको समीक्षा एवं जवाफदेही स्थापना विधि

.......................... .......................... .......................... .......................... ..........................

.......................... .......................... .......................... .......................... ..........................

अनुसूची ५

**भरपाई**

